# सहकारी दर्पण

## २०७६





प्रकाशक

नेपाल सरकार

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

**सहकारी विभाग**

नयाँबानेश्वर, काठमाडौँ

# सहकारी दर्पण

## २०७६

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

**सहकारी विभाग**

नयाँबानेश्वर, काठमाडौँ

**प्रकाशक**
नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
सहकारी विभाग
नयाँबानेश्वर, काठमाडौँ

फोन : ९७७–०१–४४६५३६२; ४४६११७७
फ्याक्स : ९७७–०१–४४६५५१७
इमेलः sahakaribivag@gmail.com
वेबसाइट : www.deoc.gov.np

२०७६ असार (१,५००)

**मुद्रक**
एस. एण्ड एस अफसेट प्रेस
काठमाडौँ
सम्पर्क : ०१–४२२६१९८

# सहकारी दर्पण

वर्ष–१०, अङ्क ५, २०७६

**संरक्षक**

डा. टोकराज पाण्डे

रजिष्ट्रार

**सम्पादक मण्डल**

| | |
|---|---|
| सुरेन्द्रराज पौडेल | उप–रजिष्ट्रार |
| शशिकुमार लम्साल | उप–रजिष्ट्रार |
| कृष्ण पुडासैनी | उप–सचिव |
| हरि पौडेल | शाखा अधिकृत |
| प्रेमराज लुइटेल | शाखा अधिकृत |
| सन्देश जोशी | शाखा अधिकृत |
| देवराज लुइटेल | शाखा अधिकृत |

**सहयोगी कर्मचारी**

| | |
|---|---|
| सुमन पोखरेल | नायब सुब्बा |
| डिल्लीबहादुर खड्का | कम्प्युटर अपरेटर |

**मा. पद्माकुमारी अर्याल**
मन्त्री
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

नेपाल सरकार

**सिंहदरवार, काठमाडौं ।**

**प.सं. :** २०७५।०७६
**च.नं. :** २५८



# शुभकामना

सहकारी विभागले ***सहकारी दर्पण*** प्रकाशन गर्न लागेकोमा खुशी लागेको छ । सहकारी संस्थाका आम सदस्यहरू र सहकारी क्षेत्रका सरोकारवालाहरूका लागि सहकारी दर्पण पुस्तक धेरै अर्थमा उपयोगी हुनेछ भन्ने मलाई विश्वास छ ।

सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकासमार्फत उपलब्ध साधन र स्रोतको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै दिगो आर्थिक विकास गर्ने तथा प्राप्त उपलब्धिहरूको न्यायोचित वितरण गरी आर्थिक असमानताको अन्त्य गर्दै शोषणरहित समाजको निर्माण गर्न राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतिशील बनाउँदै समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने राज्यको आर्थिक उद्देश्य हुने कुरा हामीले संविधानमा नै निर्देशक सिद्धान्तको रुपमा आत्मसात् गरेका छौं ।

हाल संविधानको उक्त भावनालाई कार्यान्वयन गर्न सहकारी संस्थाहरू प्राथमिक उत्पादक कृषकदेखि अन्तिम उपभोक्तासम्म फैलिएका छन् । महिलावर्गको उल्लेख्य सहभागितासहित नेपालको सहकारी अभियान समृद्ध हुँदैछ । सहकारी नेतृत्वमा महिलाको अपेक्षित उपस्थिति अझै सुनिश्चित गर्नु छ । सहकारी संस्थामा भूमिहीन कृषक, अतिविपन्न र सीमान्तीकृत वर्गको सहभागिता बढाउनु पर्ने प्रयासको खाँचो एकातिर छ भने अर्कोतिर श्रम गर्ने श्रमिक वर्गको संलग्नतामा सीप र श्रममा आधारित उद्योग, व्यवसायको मालिक बनाउने गरी स्वरोजगारी सृजना गर्ने श्रमिक सहकारी संस्थाको बिस्तार एवं प्रवर्द्धन गर्न जरुरी छ ।

आगामी दिनमा पनि प्रकाशनको निरन्तरताको कामनासहित सहकारी दर्पण पत्रिका तथ्ययुक्त सङ्ग्रहणीय स्रोत सामग्री बनोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

१९ असार, २०७६

**(पद्माकुमारी अर्याल)**
**मन्त्री**



# शुभकामना

सहकारी विभागले सहकारीका समकालीन विषयहरूलाई समावेश गरी सहकारी दर्पणको पाँचौ अङ्क प्रकाशन गर्न लागेकोमा मलाई अत्यन्तै खुसी लागेको छ । नेपाली समाज सहकारिताको संस्कृतिले ओतप्रोत छ । सहकारी सहयोग र स्वावलम्वन संस्कतिको विकास गर्ने माध्यम हो भन्ने बुझाई नेपाली समाजमा छिपेर रहेको छ । नेपालको संविधानले सहकारी क्षेत्रलाई आर्थिक समृद्धि सामाजिक रूपान्तरणको महत्वपूर्ण माध्यम मानेको छ । **समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय** अभिष्टका साथ तर्जुमा भएको दीर्घकालीन सोच सहितको पन्ध्रौ योजना र क्षेत्रगत नीति कार्यक्रमले सहकारीलाई अन्तरसम्बन्धित विषयका रूपमा लिई महत्वपूर्ण भूमिकाको अपेक्षा गरेको छ । सहकारी गरिबी, विपन्नता र अशिक्षा विरुद्ध लड्ने सामाजिक आन्दोलन पनि हो । नेपालमा सहकारी अभियानले विस्तारको चरण करिव पार गरेपनि उत्पादन, बजार, यातायत, शिक्षा, स्वास्थ्य, अवास क्षेत्रमा सुधारका गुञ्जायस बांकी छन् भने सेवाको विशिष्टीकरण, व्यावसायीकरण, उत्पादनको ब्राण्डिङ, सहकारी सहकारीबीच सहकारी, निजीक्षेत्र र सहकारीबीच साझेदारी एवम् सार्वजनिक निजी र सहकारीबीच अर्थपूर्ण सहकार्यका क्षेत्रमा ध्यानदिनुपर्ने स्थिति छ । स्थानीय आर्थिक संरचनाका रूपमा सहकारीको गुणात्मक विकास गरी स्थानीय संभावनाकै उपयोगबाट गरिबी निवारण, सामाजिक समावेशिता र स्वावलम्बन संस्कृतिको विस्तार गरी सहकारीलाई नेपालको जीवन पद्धति बनाउन सहकारी अभियान प्रयत्नशील रहनुपर्ने देखिन्छ ।

**सहकारी दर्पण**को **यस अंकले** आम सर्वसाधारणलाई सहकारीका बारेमा जानकारी गराई सहकारी शिक्षा विस्तार गर्नुका साथै पाठक, अनुसन्धाता तथा जिज्ञासुहरूको ज्ञानको तिर्खा मेट्नेछ भन्ने विश्वास लिएको छु । साथै सहकारीको नियामक निकाय सहकारी विभागले आउदा दिनमा पनि सहकारी सम्बन्धी खोज, अनुसन्धान र विचारहरू समेटेका सामग्री प्रकाशन गर्ने कुरामा पनि विश्वस्त छु । **सहकारी दर्पणको** यस अंकमा आआफ्ना अमूल्य विचार तथा दृष्टिकोण पस्कने सवै विद्वान लेखकहरूप्रति आभार व्यक्त गर्दै प्रकाशन तथा सम्पादन कार्यमा संलग्न कर्मचारी साथीहरूप्रति आभार व्यक्त गर्दछु ।

**गोपीनाथ मैनाली**
सचिव
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
आषाढ २२, २०७६

# रजिष्ट्रारको कलमबाट...

सहकारीको विकास र प्रवर्द्धन गर्ने उद्देश्यले २०१० सालमा स्थापना भएको सहकारी विभाग नेपालकै जेठो मध्येको एक विभाग हो । स्थापनाको ६७ गौरवपूर्ण वर्ष बिताएको यस विभागले यो कलम चलाउँदासम्म २९ जना रजिष्ट्रारको नेतृत्व पाइसकेको छ । विगतमा देशभरी कार्यालय र कार्यक्षेत्र रहेको विभाग अहिले भने संघीयताको कार्यान्वयनसँगै फरक भूमिकामा छ ।

तीन खम्वे अर्थनीतिको एक वहाक सहकारी क्षेत्रले मुलुकको कुल ग्राहस्थ उत्पादनमा ठूलो योगदान पुर्‍याएको छ । अर्थतन्त्रको प्रमुख संवाहक मानिएको यस क्षेत्रले ठूलो जनसंख्यालाई रोजगारी, आर्थिक सुविधा लगायतका लाभ पुऱ्याएको छ । नेपाल जस्तो फरक र विशिष्टीकृत भुगोल, समाज र मूल्य मान्यता रहेको मुलुकका लागि सहकारी आर्थिक सामाजिक रूपान्तरण र गरिबी निवारणको अचुक अस्त्र हो ।

तीन तहको सरकारको कार्यक्षेत्र भित्र पर्ने सहकारीको प्रवर्द्धन गर्नु विभागको महत्वपूर्ण जिम्मेवारी बनेको हो । यद्यपि सबै प्रदेश र स्थानीय तहमा नयाँ ऐन र नियमावली बनिनसकेका कारण विभागमा विभिन्न प्रकृतिका कामहरू आउनेक्रम घटेको छैन । विभागप्रति सहकारीकर्मी र नागरिकका अपेक्षा घटेका छैनन ।

यस्तो फरक पृष्ठभूमिमा विभागले आफ्ना काममा तदारुकता र चुस्तता कायम गरेको छ ।  विभागले सेवाग्राहीमैत्री सहकारी प्रशासनको वकालत र अभ्यास दुवै गरेको छ । आन्तरिक र बाह्य दुवै सुधारमा जोड दिएको छ । कार्यालयको परिवेश र वातावरण स्वच्छ राख्ने मात्र होइन प्रशासकीय मनलाई पनि स्वच्छ र विवेकी वनाउने दिशामा उन्मुख छ ।

सहकारी मार्फत सहकार्यको भावनाको पुनर्जागरण गराई सहकारीताका मुल्य, मान्यता, सिद्वान्त र विचारलाई प्रवर्द्धन गर्ने दिशामा विभाग अग्रसर छ । सहकारी कुनै परायको अवधारणा नभई हाम्रै मुल्य, मान्यता, विचार, र दर्शनको योग हो । सहकारी सम्बद्ध प्रकाशन, प्रशारण र प्रवर्द्धनका गतिविधिलाई विभागले फक्राउने कोशीश गरेको छ । काम गर्दा केही कठिनाईहरू हुन सक्छन ती कठिनाई नियतले नभइ नियतिले गराएका हुन ।

सहकारी दर्पणको ५ औ श्रृंखलाका लागि लेख रचना उपलब्ध गराउने विद्वान लेखकज्यूहरू, प्रकाशनकालागि अहोरात्र खटिने सबै कर्मचारीहरूप्रति हार्दिक आभार व्यक्त गर्दै सहकारीको ओजलाई थप उजिल्याउने हाम्रो अभियानमा हातेमालो हुने विषयमा म विश्वस्त छु ।

धन्यवाद ।

२०७६।०३।२२

# सम्पादकीय

सहकारी विभागवाट यस क्षेत्रका विज्ञहरूको अनुभव समेटी **'सहकारी दर्पण'** प्रकाशन गर्ने क्रममा यो पाँचौ अंङ्क प्रकाशन गरिएको छ । यस अंकमा सहकारी क्षेत्रको ज्ञान र अनुभववाट खारिएका लेख-रचनाहरू र सहकारी क्षेत्रमा विकास भएका नविन अवधारणा उजागर भएको अपेक्षा गरिएको छ ।

सहकारी संस्था साझा हितको लागि सामुहिक व्यवसाय सञ्चालन गर्ने माध्यम हो । विश्वमा मानव सभ्यताले निर्माण गरेका आर्थिक-सामाजिक संरचना र सांस्कृतिक धरोहरको अभ्युदय व्यक्तिहरू बीचको आपसी सहकार्यबाट सम्भव भएको हो । सहकारी क्षेत्रका चालक शक्ति भनेका सदस्यहरू नै हुन् ।

खुला सदस्यता, शोषणरहित आर्थिक सम्बन्ध र सदस्यप्रतिको सरोकारका सामाजिक सर्तमा सहकारी व्यवसायले सदस्यलाई लाभ दिलाउँछ । सामाजिक व्यवसाय वा उद्यममा सामाजिक उद्देश्य प्राप्त गर्न खडा भएका नाफा वितरण नगर्ने उपार्जन पर्दछन् । सामाजिक व्यवसाय वा उद्यमको उदेश्य सामाजिक हुन्छ भने सहकारी व्यवसायको स्वभाव पनि सामाजिक हुन्छ ।

सहकारी क्षेत्रमा विकास भएका नविन आयाम, सहकारी ऐन, नियमावली, विभिन्न निर्देशिका, कार्यविधि र मापदण्डहरूमा भएका नयाँ व्यवस्थाहरू सहकारी दर्पणमा समावेस भएका छन् । सहकारी दर्पण सहकारी अभियन्ता, सहकारी क्षेत्रमा काम गर्ने र सहकारी प्रति चासो राख्ने सवैलाइ उपयोगि हुनेछ ।

**सम्पादक मण्डल**

यस **'सहकारी दर्पण'**मा प्रकाशित लेखमा व्यक्त गरिएका विचार लेखकका स्वतन्त्र एवं निजी हुन् । यसप्रति सम्पादक मण्डल र प्रकाशक जवाफदेही हुने छैनन् । साथै, प्रतिकृयाहरू *sahakaribivag@gmail.com* मा पठाउन अनुरोध गरिन्छ ।

# विषय सूची


| क्र.स. | शीर्षक | लेखकको नाम | पृष्ठ नं. |
|---|---|---|---|
| १ | सहकारी मार्फत दिगो समाज निर्माण | श्री गोपीनाथ मैनाली | १ |
| २ | युनिभरसिटी कोअपरेटिभ र कोअपरेटिभ यूनिभरसिटी | श्री केशव बडाल | ९ |
| ३ | सहकारी ऐन र नियमावलीमा भएका नवीन व्यवस्थाहरू | डा. टोकराज पाण्डे | १७ |
| ४ | नेपालमा तरकारी तथा फलफूलको सहकारी बजार-व्यवस्था | श्री केशवप्रसाद रेग्मी | २३ |
| ५ | नेपालको आर्थिक विकासमा सहकारी क्षेत्र : विद्यमान अवस्था, चुनौती र सम्भावना | श्री सुदर्शन प्रसाद ढकाल | ३५ |
| ६ | सहकारी संस्थामा कोष व्यवस्थापन | श्री उपेन्द्रबहादुर ढुंगाना | ५५ |
| ७ | सहकारी संस्था सञ्चालनका आधारहरू | श्री सुरेन्द्रराज पौडेल | ६९ |
| ८ | सहकारी संस्थाको पुनर्गठन : एकीकरण र विभाजन | श्री कृष्ण पुडासैनी | ७९ |
| ९ | सहकारी नियमन | श्री शशिकुमार लम्साल | ८९ |
| १० | सहकारी संघ संस्थामा कर व्यवस्था | श्री सुवासचन्द्र शिवाकोटी | १०१ |
| ११ | सहकारी संघसंस्थाको साधारणसभा: कानुनी व्यवस्था र कार्यान्वयन | श्री हरि पौडेल | १०९ |
| १२ | श्रीलंकाको सहकारी अभियान : एक परिचर्चा | श्री प्रेमराज लुइटेल | ११७ |
| १३ | सहकारी संघसंस्थाले अनुदान प्राप्त गर्ने प्रक्रिया | श्री टोपलाल अर्याल | १२५ |
| १४ | सहकारीमा सन्दर्भ ब्याजदर | श्री शोभा घिमिरे | १३५ |
| १५ | सहकारीमा स्थिरीकरण कोष | श्री देवराज लुइटेल | १४१ |

| | | | |
|---|---|---|---|
| १६ | सहकारी तथा गरिबी सूचना प्रणालीको विवेचना | श्री राजाराम पनेरु | १४५ |
| १७ | के सहकारी व्यवसाय र सामाजिक व्यवसाय एकै हो ? | श्री विष्णु प्रसाद घिमिरे | १५३ |
| १८ | सहकारी ऐन-नियमावली र नमूना परीक्षण | श्री बद्रीकुमार गुरागाई | १६१ |
| १९ | सहकारीमा कानूनी व्यवस्था र कार्यान्वयनको पाटो | श्री खिलानाथ दाहाल | १७४ |
| २० | सहकारी पत्रकारिता : हिजो, आज र भोली | श्री यादव हुमागाई | १७९ |
| २१ | नेपालमा श्रमिक सहकारीका सम्भावना | श्री कृष्णप्रसाद पाठक | १८४ |
| २२ | सहकारीको प्रवर्द्धन/नियमनमा संघ, प्रदेश र स्थानीय तहको भूमिका | श्री सूर्यकुमार श्रेष्ठ | १९० |

# सहकारी मार्फत दिगो समाज निर्माण



✍ गोपीनाथ मैनाली

**विषय प्रवेश**

गत वर्षको अन्तर्राष्ट्रिय सहकारी दिवस (जुलाई ७) विश्वका सहकारीकर्मी तथा सरोकारवालाहरूले 'सहकारी मार्फत दिगो समाज' को नारासाथ मनाए । दिवसले सहकारीले दिगो समाज निर्माणमा दिइरहेको योगदान र अब खेल्नुपर्ने भूमिकाका विषयमा व्यापक बहस एवम् विवेचना भयो । सहकारीले तेस्रो क्षेत्रका रूपमा आर्थिक, सामाजिक र सांस्कृतिक भूमिका निर्वाह गर्दै आएको छ । यस क्षेत्रले खेलिरहेको भूमिका र सम्भावनाका आधारमा अझै महत्वूर्ण भूमिका खेल्न सक्छ, त्यो पनि राज्यको जस्तो भयशक्ति र निजी क्षेत्रको जस्तो नाफामूलकतामा होइन, 'सामाजिक उर्जाको परिचालनबाट अपनत्वसहितको सामाजिक अभियान' भन्ने साझा अभिमत स्थानीयदेखि विश्व तहसम्म भएको संकेत पनि हो । हुनत: यस अघि सन् २०१२ लाई अन्तर्राष्ट्रिय सहकारी दिवस मनाउन राष्ट्रसंघले गरेको आह्वानमा सहकारीले यी क्षेत्रमा महत्वपूर्ण भूमिका खेल्न सक्छ भन्ने निष्कर्ष निकालिएको थियो :

- सहकारी मार्फत समावेशी विकास
- सहकारी मार्फत महिला सशक्तीकरण
- सहकारी मार्फत युवा स्वरोजगार
- सहकारी मार्फत व्यावसायिक क्षमता विकास
- सहकारीको व्यावसायिक ढाँचाबाट गरिबी निवारण
- बचत तथा ऋण मार्फत वित्तीय सेवा
- सहकारी र सामूहिकताबाट सामाजिक सुरक्षा
- सहकारीबाट कृषिक्षेत्रमा सशक्तीकरण ।

यस्तै राष्ट्रिय र अन्तर्राष्ट्रिय सहकारी कांग्रेस तथा सम्मेलनहरूमा सहकारी दिगो विकासको माध्यम हुनसक्छ भन्ने निष्कर्ष निकालिएको छ । यस प्रकारका प्रतिबद्धता तथा घोषणाले सहकारी अभियानको भूमिका अझै विस्तार भएको र आउदा दिनमा सहकारी अभियान अरू व्यापक र गतिशील हुनुपर्ने

---

✍ सचिव, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय ।

दायित्व थपिएको छ ।

**दिगो समाजको अवधारणा**

दिगो समाज के हो र कसरी निर्माण गर्न सकिन्छ भन्ने विषयमा समान अवधारणा छैन । दिगो विकास र दिगो समाज एकै हो भन्ने बुझाइ पनि रहनसक्छ । तर दिगो समाज दिगो विकासभन्दा बृहत विषय हो । समाजलाई सुरक्षित, सुव्यवस्थित र प्रत्येक व्यक्ति प्रत्येकप्रति जिम्मेवार एवम् जवाफदेही हुनुपर्छ भन्ने मान्यताका साथ दिगो समाजको अवधारणा आएको हो । यसलाई बृहद रूपमा लिनुपर्ने हुन्छ । दिगो समाजका सामाजिक, आर्थिक, सांस्कृतिक, वातावरण, नैतिक र आत्मिक आयाम रहन्छन् । सामान्यतः यी अवस्था भएको समाज दिगो समाज हो भन्ने सामान्य निष्कर्ष निकाल्न सकिन्छ :

- समुदायका सबै सदस्यहरूको आधारभूत आवश्यकता पूरा भै सबैमा स्वस्थ्य, सुरक्षित र सुखी अनुभूति भएको अवस्था ।
- प्राकृतिक स्रोत, साधन सुरक्षित, सम्वर्द्धित र प्रवर्द्धित भएको अवस्था ।
- अर्थतन्त्र गतिशील भै रोजगारी, लगानीका अवसर उपलव्ध भै जीवनस्तर सुधार भएको अवस्था ।
- सामाजिक सहभाव, सांस्कृतिक समावेशिता र सहभागिता भएको अवस्था ।
- सरल निर्वाह प्रणाली (उपभोग, खानपान, आनीबानी), न्यून कार्वन उत्सर्जन भएको (Carbon footprint) अवस्था ।
- सामाजिक जीवनका लागि आवश्यक चेतना, ज्ञान, सीप र स्वभाव अनुकूल भै प्रत्येक व्यक्ति अर्कोप्रति सहनशील, जिम्मेवार र इमान्दार भएको अवस्था ।

समाजमा देखिएको असमानता, असहिष्णुता र अस्थिरताका कारण दिगो समाजसम्बन्धी अवधारणा विकासको पृष्ठभूमि तयार भएको हो भने सन् १९८० को दशकबाट सैद्धान्तिक रूपमा अघि सारिएको अवधारणा हो । यसका प्रणेता लेस्टर ब्राउन हुन् । ब्राउनका अनुसार दिगो समाज त्यस्तो समाज हो जहा आफ्नो आवश्यकता आउदो पुस्ताको आवश्यकता नघटाइ पूरा गर्न सकिन्छ । उनको परिभाषा अनुसार दिगो समाज सूचकाङ्कमा तीन सूचक रहन्छन्, पहिलो मानव समृद्धि (Human Well being), दोस्रो वातावरणीय समृद्धि (Environmental well being) र तेस्रो आर्थिक समृद्धि (Economic well being) । मानव समृद्धि सूचकाङ्कमा आधारभूत आवश्यकता (पर्याप्त खानपान, खानेपानी, सरसफाइ र स्वच्छता एव्म उपयुक्त आवास), व्यक्तिगत विकास (स्वास्थ्य, शिक्षा र लैगिक विकास) र व्यवस्थितपना (सुशासन, आय

वितरण र जनसंख्या व्यवस्थापन) पर्दछ । आर्थिक समृद्धिमा भविष्यमुखी सोच (कच्चा पदार्थको किफायती प्रयोग, प्राङ्गारिक खेत तथा बचत एवम् लगानी) र आर्थिक विकास (आर्थिक वृद्धि, रोजगारी, स्रोत साधन विनियोजन दक्षता र उचित तहको सार्वजनिक ऋण) पर्दछन् । त्यस्तै वातावरणीय समृद्धिमा स्वच्छ वातावरण (स्वच्छ वायु, स्वच्छ नदीनाला), जलवायु तथा उर्जा व्यवस्थापन (नवीकरणीय उर्जा, न्यून हरितगृह ग्यास उत्सर्जन र विद्युत उपयोग), प्राकृतिक स्रोत व्यवस्थापन (नवीकरणीय पानी, वन तथा वनस्पति एवम् जैविक विविधता) पर्दछन् । यी सूचकाङ्कका आधारमा समष्टिगत मानव सुरक्षा र समृद्धि नै दिगो समाज हो भन्न सकिन्छ । यसले आदर्श र जिम्मेवार समाजको आशय राख्दछ ।

**दिगो समाज निर्माणको प्रक्रिया**

दिगो समाज निर्माण व्यवस्थित समाजको उद्देश्य हो । समस्त राज्य संरचनाको क्रियाशीलता दिगो समाज निर्माण गर्नमा केन्द्रित हुन्छ । राज्य संरचना बाहिरका पात्रहरूलाई यसै प्रक्रियामा परिचालन गर्नु पनि राज्यको दायित्व हो । किनकी दिगो समाज निर्माण निरन्तर र बहुआयामिक प्रक्रिया हो र यसले समाजको विवेकपूर्ण पुनर्निर्माण (conscious social reproduction) लाई गतिशील बनाएको हुन्छ । मानव सभ्यता यहाँसम्म यही प्रक्रियाबाट आइपुगेको हो । सामान्यतः दिगो समाज निर्माणका लागि कार्यहरूलाई यसरी वर्गीकरण गर्नसकिन्छ :

**क) सामाजिक आवश्यकता पूर्ति**

- सुरक्षित, सम्वर्द्धित र सौन्दर्ययुक्त निर्माण
- बसोबासको मानवीकरण
- सामाजिक र सांस्कृतिक विविधताको सम्मान र संरक्षण
- सरसफाइ, स्वास्थ्य र सेवा मार्फत मानव स्वास्थ्य
- जनस्वास्थ्य चेतना (Prevention & cure)
- आधारभूत आवश्यकतामा सहज पहुँच
- शिक्षा र सीपको सहज अवसर
- सर्वसाधारणको सशक्तीकरण
- सामाजिक सम्वन्ध (relational dimension)

**ख) आर्थिक गतिशीलता**

- स्थानीय अर्थतन्त्रको मजवुतीकरण
- आर्थिक सेवा तथा अवसरहरूको सहजता

- काम र मनोरञ्जनबीच सन्तुलन
- अभिलेखिक कार्य (unpaid work) प्रति सम्मान

**ग) वातावरणीय सुरक्षा र सम्वर्द्धन**

- प्राकृतिक स्रोत र पूँजीको विवेकशील उपयोग (पानी, खानी, भूमि, उर्जा आदि) ।
- खेरजाने वस्तुहरूको न्यूनीकरण (Reuse, recover, recycle)
- प्रदूषण नियन्त्रण र न्यूनीकरण ।
- जैविक विविधताको सम्मान र संरक्षण ।

**घ) नैतिक आचरण तथा आत्मिक चेतना : केही सामान्य मान्यता**

- प्रत्येकलाई उसको अंश अनुसारको व्यवहार (To each person an equal share)
- प्रत्येकलाई उसको आवश्यकता अनुसारको व्यवहार (To each person according to need)
- प्रत्येकलाई उसको प्रयास अनुसारको व्यबहार (To each person according to effort)
- प्रत्येकलाई योगदान अनुसारको व्यवहार (To each person according to contribution)
- प्रत्येकलाई उसको क्षमताको आधारमा व्यवहार (To each person according to merit)
- प्रत्येकलाई विनिमयको आधारमा व्यवहार (To each person according to market)
- सबैलाई मानवीय व्यवहार (To each person for humane behavior)

समुदायको एक सदस्य खुसी भयो भने समूहका सबै नै आनन्दको अनुभूति गर्दछन् (If one part suffers, all the part suffer with it, if one part is honored, all the part share the joy। Do not do to other what you do not want done to yourself.) मायाले काम र आत्मलाई एकत्वीभूत गर्छ । सहकारी मार्फत समूह हित र सकरात्मक सोच र मानवीय मूल्य विस्तार गर्न सकिन्छ ।

## दिगो समाजका लागि सहकारीको भूमिका

समाज व्यक्तिहरूको सामूहिक भावना र क्रियाशीलताको पुञ्ज हो । सहकारी समुदायका सदस्यहरूको आफ्नो इच्छाको संस्था, आफ्नो क्षमताको

व्यवसाय र आफ्नो भावनाको अभियान हो, जहाँ उनीहरू आफ्नो भावना, सामर्थ्य र चाहनामा आफूहरूको सामूहिक लाभका लागि स्वयं परिचालित हुन्छन् । परिचालनको क्षेत्र आर्थिक, सामाजिक, वातावरणीय र सांस्कृतिक सबै हुने भएकोले दिगो समाज निर्माणका सबै आयाममा यसले भूमिका खेल्न सक्छ । कतिपय क्षेत्रमा उदाहरणीय भूमिका देखाइसकेको पनि छ । तर यस प्रकारको भूमिका निर्वाहका लागि सार्वजनिक नीति संयन्त्रबाट प्रोत्साहन र संरक्षण भने प्राप्त हुनुपर्दछ । सहकारीले खेल्न सक्ने भूमिकालाई बुदागत रूपमा यस प्रकार उल्लेख गर्न सकिन्छ :

**क) आर्थिक भूमिका**

- स्थानीय बचत परिचालन
- स्थानीय सीप परिचालन
- समावेशी आर्थिक वृद्धि
- रोजगारी र सीप विकास
- अर्थतन्त्रको स्थानीयकरण
- आर्थिक अन्तरसम्बन्ध विकास
- शहर-गाउ, सदरमुकाम-मोफसल सम्बन्ध स्थापना
- विश्वव्यापीकरणको स्थानीयकरण
- आर्थिक संरचना र उत्पादन संगठन परिवर्तन
- आर्थिक दक्षता र स्रोत साधनको विवेकशील प्रयोग

**ख) सामाजिक भूमिका**

- सामाजिक समावेशिता
- सांस्कृतिक अन्तरघुलन
- सामाजिक पूजी निर्माण
- सामाजिक पदसोपानको न्यूनीकरण
- सहकारी संस्कृति निर्माण
- सामाजिक नेतृत्व विकास
- लैङ्गिक न्याय र सशक्तीकरण
- सामाजिक द्वन्द्व समाधान
- सबै मूल्यवान छन् भन्ने अनुभूति
- Together we better को अनुभूति

**ग) वातावरणीय विनाशको नियन्त्रण**

- मानव जीवन सुरक्षाको सुनिश्चितता

- नवीन तथा वैकल्पिक प्रविधिको विकासमार्फत स्रोत संरक्षण
- प्राकृतिक साधनहरूको अतिउपयोगको नियन्त्रण
- नवीकरणीय उर्जाको विकास
- जैविक विविधता संरक्षण
- जलाधार संरक्षण, नयाँ पानीको उपयोग
- स्वच्छ विकास संयन्त्र र रैथाने प्रविधि प्रयोग
- स्थानीय अनुकूलन कार्यक्रम

**घ) नैतिक र आत्मिक आयाम**

- ज्ञान, सीप, क्षमता र चरित्र निर्माण
- सभ्यता, संस्कृति र सामाजिकीकरण
- सकारात्मक सोच र असल संस्कृति विकास
- समाजको विवेकपूर्ण पुनर्निर्माण
- असल बुझाई, असल चाहना र असल कार्य थालनी
- नकारात्मक सामाजिक मूल्य विगठन
- नागरिक शिक्षा र अभिमुखीकरण
- साना स्वार्थको समपर्ण र साझा मूल्य स्थापना
- आत्मचेतना र स्वयं अनुशासन कायम
- संसारलाई सरल बनाउने काम नै ईश्वर हो भन्ने बोध ।

## दिगो विकास लक्ष्य र सहकारी

दिगो समाजका लागि दिगो विकास एक महत्वपूर्ण अवयव हो । यसै कुरालाई हृदयंगम गरेर दिगो विकासमा जोड दिने अन्तर्राष्ट्रिय एजेण्डा तयार भएको छ जसले ‘हामीले चाहेजस्तो विश्व’ (The future we want) को मानव चाहना पूरा गर्न सघाउछ। दिगो विकास लक्ष्य सन् २०१६ देखि २०३० सम्मका लागि विकासको राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय मार्गचित्र हो । यस डेढ दशकको अवधिमा राष्ट्रिय नीति कार्यक्रम तथा अन्तर्राष्ट्रिय सहयोगलाई यसले निर्दिष्ट गर्दछ। आगामी डेढदशकभित्र विश्वमा देखिएको भोक, रोग, अशिक्षा, असमानता, वञ्चिती, कुशासनबाट विश्वलाई मुक्त गरी समृद्ध मानव समाज निर्माणका लागि यसले बृहद मार्गदर्शक खाका दिएको छ। यस खाकामा परिवार, समुदाय, राष्ट्रिय तथा विश्वतहमा गरिने सबै विकासमूलक कार्यलाई समेटेको छ । त्यसैले यसका १७ लक्ष्य, १६९ परिणामात्मक लक्ष्य र २३२ मापनयोग्य सूचक पूरा गर्न सहकारी महत्वपूर्ण संयन्त्र बन्न सक्दछ । किनकी दिगो

विकासको स्थानीयकरण एवम् साझेदारी कार्यमा यसको महत्वपूर्ण योगदान रहन सक्दछ । विश्वका करिब सवा अर्व सहकारी सदस्यको परिचालनले दिगो विकासका लक्ष्यलाई प्रत्यक्ष सहयोग पुऱ्याउने हैसियत राख्दछन् ।

सारमा भन्दा सहकारीले यी तीन सन्दर्भमा दिगो विकास लक्ष्य पूरा गर्न महत्वपूर्ण भमिका निर्वाह गर्न सक्दछन् :

- सहकारी आफै आर्थिक संगठन हो (बचत तथा लगानीमार्फत आर्थिक सहभागिता, रोजगारी सिर्जना, आपूर्ति सम्बन्ध र सीप विकास मार्फत दिगो विकासमा परिचालित हुन सदछन्) ।
- सहकारी सामाजिक संगठन हो (सुरक्षा, सहयोग, योगदान, सामाजिक हेरचाह, न्याय र समावेशिता मार्फत सामाजिक रूपान्तरणका लागि महत्वपूर्ण काम गर्न सक्दछन्) ।
- सहकारी वातावरणीय पात्र हो (प्राकृतिक स्रोत साधन व्यवस्थापन र उपयोगमा दिगोपना प्रवर्द्धन गर्न सक्दछन्) ।

**उपसंहार**

नेपालको सन्दर्भमा कुरा गर्दा कलिलो लोकतन्त्र, असीमित जनआकांक्षा, कमजोर संस्थागत क्षमता र न्यून स्रोत परिचालनको अवस्थामा त्यो अभाव पूरा गर्न सहकारीले महत्वपूर्ण योगदान गर्न सक्दछ । गरिबी न्यूनीकरण होस् वा कृषिको उत्पादकत्व विस्तार मार्फत भोकमरी नियन्त्रण गर्न, समावेशी संस्कृति निर्माण गर्न होस वा उत्पादन र उपभोग प्रवृत्तिको सुधारमार्फत स्रोतसाधनको कार्यकुशलता प्रवर्द्धन गर्न सहकारी स्वयम परिचालनको नागरिक क्षेत्र हो । सहकारी अभियानमा प्रत्यक्ष संलग्न ६३ लाख सदस्यले दिगो समाजका लागि आवश्यक सोच, शैली, साधन, कार्य सवै क्षेत्रमा आशातित उपलव्धि दिन सक्दछ । त्यसैले सहकारी दिगो विकास र दिगो समाज निर्माणको महत्वपूर्ण अभियान हो । स्व.इन्दिरा गान्धीले भने झैं सहकारी आन्दोलनजस्तो सम्पूर्ण रूपले सामाजिक उद्देश्यको शक्तिशाली औजार अरू कुनै छैन । किनकी यसले आफ्नो र समुदायको साझा हितका लागि निस्वार्थ कार्य गर्दछ । तर त्यहा सामूहिकता, जवाफदेहिता र सशक्तीकरण, लोकतन्त्र एवम् रणनीतिक नेतृत्व प्रोत्साहित हुनुपर्दछ ।


# साधारण सभाको निर्णयबमोजिम गर्ने सम्बन्धमा सहकारी संस्थाहरूलाई सूचना

सहकारी ऐन, २०७४ को दफा ३८ मा अन्य कुराका अतिरिक्त सहकारी संस्थाको आन्तरिक कार्यविधि पारित गर्ने, वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने, पारिश्रमिकलगायतका सुविधा तोक्ने, बाह्य दायित्व स्वीकार गर्ने र सदस्यको दायित्व मिनाहा दिने कार्यहरू साधारण सभाले मात्र गर्न सक्ने व्यवस्था रहेको बेहोरा विदितै छ । तदनुसार विनियममा जे-जस्तो प्रावधान भए तापनि यथाशीघ्र देहायबमोजिम गर्नु, गराउनु हुन सम्बन्धित सहकारी संस्था, सङ्घ वा बैङ्कलाई सूचित गरिन्छ :

१. जुनसुकै आन्तरिक कार्यविधि साधारण सभाबाट पारित नभएको भए पारित गराएर मात्र लागू गर्ने;
२. वार्षिक कार्यक्रम तथा बजेट र सोमा हुने संशोधनसमेत साधारण सभाबाट स्वीकृत भएपछि मात्र कार्यान्वयनमा लग्ने;
३. सञ्चालक समिति, लेखा समिति वा अन्य समिति वा उपसमितिका पदाधिकारीहरूका साथै व्यवस्थापक वा प्रमुख कार्यकारी अधिकृतको पारिश्रमिक वा सुविधा साधारण सभाबाट तोकेर मात्र खर्च लेख्ने;
४. ऋण लिँदा वा अन्य तवरले बाह्य दायित्व सृजना गर्दा साधारण सभामा पेस गरी निर्णय भएबमोजिम गर्ने;
५. साधारण सभाको निर्णयविना सदस्यको दायित्व मिनाहा नदिने र
६. उपर्युक्तबमोजिम ऐनका प्रावधानसँग बाझिएका विनियमका प्रावधानहरू यथाशीघ्र संशोधनको व्यवस्था मिलाउने ।

अन्यथा कानुनबमोजिम कारबाई गरिने बेहोरासमेत जानकारी गराइन्छ ।

# युनिभरसिटी कोअपरेटिभ र कोअपरेटिभ यूनिभरसिटी



✍ **केशव बडाल**

युनिभरसिटी सहकारी र सहकारी युनिभरसिटी फरक विषय हो । युनिभर सिटी र युनिभरसिटिका कलेजहरूमा स्थापना भएका सहकारीलाई युनिभर सिटी सहकारी भनिन्छ । युनिभरसिटीका विद्यार्थी, प्राध्यापक र कर्मचारी मिलेर स्थापना गरिने सहकारी संस्थालाई नै युनिभरसिटी सहकारी भनिन्छ भने सहकारीको विषयमा अध्यापन गराउने विश्वविद्यालयलाई चाँही कोअरेटिभ युनिभरसिटी भनिन्छ ।

नमुना युनिभरसिटी सहकारी संस्थाहरू जापान, कोरिया, भारत लगायतका देशमा स्थापना भएका छन् । यसले युनिभरसिटीका विद्यार्थी, प्राध्यापक र कर्मचारीलाई संस्थामा आबद्ध गर्छ । यसले न्यूनतम सहकारीको ज्ञान दिन्छ । सहकारीको आधारभूत दर्शन, सिद्धान्त र मूल्य मान्यता सहितको ज्ञान दिने र जीवनयापनमा सहकारीले कसरी कार्य गर्दछ भन्ने बुझाउने कार्य गर्छ । साथै युनिभरसिटी भित्र आवश्यक पर्ने स्टेशनरी, क्म्प्युटर लगायत उपभोगय वस्तु सुलभ रूपमा उपलब्ध गराउन सहकारी मोडेलको अवलम्बन गरिएको हुन्छ । कोरियामा युनिभरसिटी सहकारी ३५ वटा छ । यस्ता युनिभरसिटी सहकारीको केन्द्रीय संघ समेत बनेको छ र त्यो अन्तराष्ट्रिय सहकारी महासंघको सदस्य समेत भएको छ ।

जापानमा पनि युनिभरसिटी सहकारी छन् । जापानका युनिभरसिटी सहकारी संघका प्रबन्ध संचालक सिचिमाइतका अनुसार नेशनल फेडरेसन अफ युनिभरसिटी कोअपरेटिभ जापान (NFUCJ) मा २१९ सदस्य संस्था छन् । यी २१९ संस्थामा १५ लाख सदस्य छन् । विद्यार्थी, कर्मचारी र प्राध्यापकहरू संस्थाका सदस्य रहेका हुन्छन् । जसमा विद्यार्थीको सख्या ९० प्रतिशत छ । १० प्रतिशत शिक्षक, कर्मचारीहरू सदस्य बनेका हुन्छन् । यस्ता युनिभरसिटीमा भर्ना हुँदा नै विद्यार्थी कर्मचारी र प्राध्यापकसँग सहाकारीको न्यूनतम सेयर रकम लिने गरिएको हुन्छ । क्षमता हुनेले वढि सेयर पनि

---

✍ अध्यक्ष, राष्ट्रिय सहकारी महासंघ लि., नेपाल ।

किन्ने गर्छन । यही श्रोतले युनिभरसिटीमा आवश्यक पर्ने स्टेशनरी, पुस्तक, प्रयोगशाला उपकरण, कम्प्युटर, प्रिन्टर र आवश्यक सामग्री खरिद गर्छन र नियमित रूपमा नियम अनुसार साधारणसभा बस्छ । बेलाबखत सामाजिक कार्यक्रममा भाग लिन्छ र यस्ता सहकारी संस्थाका विद्यार्थीहरू सहर र ग्रामीण क्षेत्रको फिल्डमा गएर समस्या समाधानमा योगदान गर्छन । यसले गर्दा युनिभरसिटीका विद्यार्थीहरू खोज अनुसन्धानमा क्षमतावान हुँन्छन् । व्यवहारीक ज्ञान र युनिभरसिटीले दिने ज्ञान बिच तालमेल गराउन र समाज उपयोगी जनशक्ति निर्माणमा यस्ता सहकारीले ठोस योगदान गर्न सक्छन् । वास्तवमा जापानका युवा विद्यार्थीमा देशभक्तिपूर्ण भावनाको बिकास गर्न आफ्नो देशमा विकासको गति अघि बढाउन र विज्ञान प्रविधिको क्षेत्रमा कस्तो र केमा बढी जोड दिनुपर्छ भनेर खोज अनुसन्धान गर्न मद्दत पुगेको छ । कृषि र गैरकृषि क्षेत्रमा अब कसरी जानुपर्छ भन्ने उपाय पत्ता लगाउने युनिभरसिटी सहकारी अत्यन्त सहयोगी भएको कुरा उनले बताए । सहकारी क्षेत्र मानवीय आवश्यकताका यावत क्षेत्रमा जाने हुँदा युनिभरसिटीले उत्पादन गर्ने सबै संकायका विद्यार्थीले सहकारीको बारे महत्वपूर्ण ज्ञान आर्जन गर्ने हुँदा, डाक्टर इन्जिनियर, वैज्ञानिक, वकिल, प्राध्यापक, कृषि र गैर कृषि विज्ञ सबैले सहकारीका आधारभूत शिक्षा यूनिभरसिटीबाटै सदस्यको हैसियतबाट सिक्ने हुँदा देशको हर क्षेत्रका जनशक्तिलाई सहकारीको ज्ञान हुनुले सामाजिक भावना, सामाजिक उत्पादन सम्बन्ध सामाजिक व्यवसायमा सकारात्मक सोच निर्माण गर्न युनिभरसिटी सहकारीले योगदान गरेको कुरा सिचीमाइतको अनुभव थियो ।

यसै गरी भारतमा युनिभरसिटी सहकारीमा २० वर्षदेखि लगातार काम गर्दै आएका डा. डुग्रेका अनुसार भारतभरीमा ९००० युनिभरसिटी सहकारी भएको बताउँछन् । यस्ता युनिभरसिटी क्याम्पस सहकारी संस्था छन् । यस्ता संस्था, केरला, कर्नाटका, गुजरात, तामिलनाडुमा बढी छन् । उत्तर भारतमा त्यति छैन । यस्ता युनिभरसिटी कोअपरेटिभ स्थापना गर्न नेशनल कोअपरेटिभ डेभलपमेन्ट कर्पोरेसन (NCDC) ले प्रोत्साहन गर्ने गरेको छ । डा. डुग्रेले बैगलोरमा युनिभरसिटी कोअपरेटिभ स्थापना गर्न जाँदा सुरूमा असहयोग भएको अनुभव सुनाएका थिए । पछि यसको आवश्यकता महसुस गरी विश्वविद्यालय र कलेजहरूमा सहकारी स्थापना भएका थिए ।

## कोअपरेटिभ युनिभरसिटी के हो ?

युनिभरसिटी सहकारीबारे हामीले माथि चर्चा गर्‍यौं, अब सहकारी युनिभर सिटीबारे केही चर्चा गर्न जरूरी छ । यो सन्दर्भमा विश्वका विभिन्न देशहरूमा के कस्तो अवस्था छ, सहकारी युनिभरसिटिको आवश्यकता बोध भएको छ कि छैन बारे यहाँ चर्चा गर्नु सान्दर्भिक हुन्छ । खास गरी १९८३ पछिको आर्थिक समायोजन कार्यक्रम, १९९० पछिको लिवरलाइजेशन, ग्लोबलाइजेशन, प्राभटाइजेसनको माहोल विश्वव्यापी रूपमा आएपछि सहकारीको महत्व, आवश्यकता, सहकारी शिक्षाको आवश्यकता बढेको छ ।

सन् २०११ को सेप्टेम्बर २६ देखि २८ सम्म तान्जानियाको मोसि कलेज अफ कोअपरेटिभ एण्ड विजनेस स्टडिज (MUCCDBS) ले अन्तर्राष्ट्रिय सहकारी अनुसन्धान महासम्मेलन आयोजना गरेको थियो । यो महासम्मेलन विकासमा पछाडि परेको अफ्रिका र अफ्रिकाको सब साहारन क्षेत्रलाई केन्द्रित गरेर आयोजना गरिएको थियो । यसले विश्व सहकारी आन्दोलन विगत, वर्तमान र भविष्य बारे सघन र गहन विमर्स गरेको थियो । यसलाई इन्टरनेशनल कोअपरेटिभ रिसर्च कन्फ्रेन्स फर अफ्रिका (ICRCA) नाम दिइएको भए पनि विश्वका लागि महत्वपूर्ण कार्यक्रम थियो ।

यहाँ २३ वटा कार्यपत्र प्रस्तुत भएका थिए । यी कार्यपत्र प्रस्तोताहरू सबै नै विश्वस्तरका अर्थशास्त्री, सहकारी विज्ञ, मानव शास्त्री, समाज शास्त्रीका लब्ध प्रतिष्ठित व्यक्तिहरू थिए । त्यो कार्यक्रम राज्य वा सहकारी संघ/महासंघले गरेको थिएन, युनिभरसिटी कलेज अफ कोअपरेटिभ आफैले गरेको थियो । यो छलफलले निम्न निष्कर्ष निकालेको थियो ।

- सहकारी शिक्षा र सहकारी युनिभरसिटीको आवश्यकता ।
- उत्पादन ब्राण्डिङ, लेवलिङ र मार्केटिङ क्षेत्रमा सहकारी
- वित्तीय पँहुच विकासमा सहकारी
- सुशासन व्यवस्थापनमा सहकारी
- वातावरण संरक्षणमा सहकारी
- सामाजिक एक्येबद्धता र अर्थतन्त्रमा योगदान

उक्त विषयमा यो क्षेत्रमा भेट्रान अर्थशास्त्री, समाजशास्त्री, अनुसन्धानकर्ताहरूले प्रस्तुत गरेका कार्यपत्रमा विद्धान व्यक्तित्वहरूको गंम्भिर सहभागिता थियो ।

यहाँ उठेका अनेकौं विषयमध्ये मार्केटिङ, ब्राण्डिङ र मूल्य निर्धारणमा

किसानको भूमिका प्रभावकारी हुनुपर्ने, हुन नसकेको कुरा उठेको थियो । केही स्थानमा सहकारी सिद्धान्तको नाममा उत्पादकले उपभोक्ताकै सहभागितामा, उपभोक्ताकै लाभ, उपभोक्ता कै नियन्त्रण, उत्पादकनै उपभोक्ता हुने जस्ता साँगुरा कुराले खास गरी वस्तु बजारलाई सीमित बनाउन खोजिएको बारे, परिमार्जन हुन पर्ने कुरा उठेको थियो । उत्पादन, प्रशोधन, ब्राण्डिङ, भण्डारण र वितरण सदस्य बिचमा मात्र होइन, स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय जगतमा लान सकिने गरी परिमार्जन गर्नुपर्ने विषय जोडदार रूपमा उठेको थियो ।

उपभोग्य वस्तु सदस्यमा मात्रै रहने सूत्रलाई आत्मसाथ गर्दै बसेमा सहकारीले आकार मात्रा र क्षमता विकास गर्न सक्दैन । सहकारी सामाजिक व्यवसाय भएकाले यसको दायरा साँघुरो पार्न नहुने बिचार प्रस्तुत भएको थियो । सहकारीलाई सिमित व्यक्ति, सिमित वस्तु, सीमित स्थान र सीमित उपभोक्तामा साघुरो पार्ने सोचमा आमूल परिवर्तन जरूरी भएको विचार प्रस्तुत भएको थियो । यो कार्यक्रम सम्पन्न भएको २ वर्ष पछि ४ सेप्टेम्बर २०१४ मा यही मोसि युनिभरसिटी कलेज अफ कोअपरेटिभ एण्ड बिजनेस स्टडि (MUCCOBS) लाई नै मोसि कोअपरेटिभ युनिभरसिटिमा परिमार्जन गरियो ।

मोसी कोअपरेटिभ युनिभरसिटी र यसले उत्पादन गरेका जनशक्तिले तान्जानिमा मात्र होइन सिंगै यो क्षेत्रको आर्थिक, सामाजिक, साँस्कृतिक विकासमा महत्वपूर्ण योगदान गरेको छ । यो युनिभरसिटीका फ्याकल्टी यस प्रकार छन् ।

- फ्याकल्टी अफ कोअपरेटिभ एण्ड कम्युनिटी डेभलपमेन्ट (PCCD)
- फ्याकल्टी अफ विजनेश एण्ड इनफर्मेसन साइन्स (FBIS)
- डाइरेकटरेट रिसर्च एण्ड पोस्ट ग्राजुएट स्टडीज (DRPS)
- डाइरेकटरेट अफ कोअपरेटिभ लाइब्रेरी एण्ड आर्चिमस (DCLA)
- डाइरेकटरेट अफ अण्डर ग्राजुएट स्टडिज (DUS)
- व्यरो अफ कन्सल्टेन्सी सर्भिस (BCS)
- डाइरेक्टरेट अफ ह्युमनरिसोर्स म्यानेजमेन्ट एण्ड एडमिनिस्ट्रेसन (DMRMA)
- डाइरेक्टरेट अफ प्लानिङ एण्ड फिनान्स (DPF)
- डिन अफ स्टुडेन्टस(DOS)

यो युनिभरसिटीले अबको विश्व समाजलाई र संयुक्त राष्ट्रसंघको दिगो

विकास लक्ष्य हासिल गर्न उपयुक्त जनशक्ति निर्माणमा योगदान गरिरहेको छ।

**यो युनिभरसिटीको भिजन :** सहकारीको उत्कृष्टतायुक्त शिक्षा र व्यवहार स्थापित हुनु ।

**ध्येय :** गुणस्तरीय शिक्षा, तालिम, अनुसन्धानमा सल्लाह दिन सक्नु, सहकारी विकासमा योगदान दिनसक्नु र सहकारी विकासमा योगदान दिन सक्ने हुनु रहेको छ। यसबाट हामी नेपालीले शिक्षा लिन जरूरी छ। यसै गरी केन्याको सहकारी युनिभरसिटीबारे पनि सामान्य चर्चा गर्न उपयुक्त हुन्छ। यो केन्याको सहकारी युनिभरसिटिको पनि उद्देश्य, लक्ष्य, समान नै छ। तान्जानियाकै जस्तै यो युनिभरसिटी संचालन गर्ने प्रकृया यस प्रकार छ। यो संचालनका लागि :

- चान्सलर
- काउन्सील
- युनिभरसिटी म्यानेजमेन्ट बोर्ड
- सिनेट
- विद्यार्थी युनियन

चान्सलर, युनिभरसिटी म्यानेजमेन्ट बोर्ड, सिनेट र विद्यार्थी यूनियनको नियुक्ति युनिभरसिटी चार्टर र ऐन बमोजिम हुन्छ। युनिभरसिटि काउनशिल शिक्षा मन्त्रालयको प्रस्तावमा क्याविनेटले पास गर्छ। यसरी सहकारी युनिभर सिटी प्रभावकारी ढंगले संचालित छ । यो युनिभरसिटी अन्तरगत ४ वटा क्याम्पस छन्। मुख्य क्याम्पस, नैरावी सी.वी.डी क्याम्पस, मेरू क्याम्पस, मोम वासा क्याम्पस छन् ।

यो पूर्ण रूपमा कृयाशील अन्य युनिभरसिटी जस्तै गरी परिचालित सहकारी युभिरसिटी हो । यसमा भाइस चान्सलर-एक , डिपुटि भाइस चान्सलर-३ जना, युनिभरसिटी सेक्रेटरी, युनिभरसिटी काउन्सील, म्यानेजमेन्ट बोर्ड, एकेडेमिक काउनशील लगायत भिन्न कमिटीहरू छन् । यसले सहकारीका दर्शन, सिद्धान्त, मूल्य मान्यतासहित सहकारी सामाजिक व्यवसायको महत्व स्थापित गर्न यो युनिभरसिटीको महत्वपूर्ण योगदान रहेको छ।

## रसियन युनिभरसिटी सहकारी

रसियन युनिभरसिटी रूसको सबैभन्दा ठूलो र पुरानो युनिभरसिटी हो । रसियन सहकारी युनिभरसिटीका अनेक शाखाहरू छन् । यसमा ४१ वटा टेक्निकल स्कूल र कलेज छन् । यो युनिभरसिटीले सहकारीसँग सँगै विविध

खाले एपलाइड साइन्सका क्षेत्रमा विशिष्टीकृत शिक्षामा पनि उत्तिकै महत्व दिएको छ । यी सबै क्षेत्रबाट प्रति वर्ष सोह्र वटा शाखाबाट मात्रै २८,००० विद्यार्थी शिक्षा आर्जनगरी कार्य क्षेत्रमा जान्छन् । एकेडेमिक शिक्षा आर्जन गर्ने र विभिन्न इन्स्टिच्यूटबाट उत्तिर्ण भएर जाने ६७ वटा इन्स्टीच्यूट र युनिभर सिटीशाखाबाट ७१००० विद्यार्थी सामेल हुन्छन् । यसमा छोटो अवधिको र लामो अवधि पार गरेर उत्तीर्ण हुने संख्या सामेल छ । यी सबैमा वार्षिक करिब १०,००० दक्ष जनशक्तिको रूपमा सकृय हुन्छन् । यसरी युनिभरसिटि सहकारी र सहकारी युनिभरसिटीको संक्षिप्त जानकारीलाई आधार मानेर हामीले हाम्रो देशमा काम गर्न ढिला भैसकेको छ ।

नेपालमा ५ वटा विकास क्षेत्रमा ५ वटा सहकारी प्रशिक्षण केन्द्र थियो र तर नयाँ संविधान आएपछि सबै क्षेत्रमा सकारात्मक कार्यसहित कार्यक्रम संचालन भए पनि सहकारी क्षेत्रका दक्ष जनशक्ति निर्माणका लागि आवश्यक कार्यक्रम अघि बढेको छैन । नेपालमा सहकारी जागरण अभियान अघि बढेको तर व्यवसायीकतामा अघि बढ्नु पर्ने अबको आवश्यकता हो । हाल प्रारम्भीक सहकारीदेखि सबै जिल्ला संघ र विषयगत जिल्ला संघ, सबै विषयगत केन्द्रीय संघ, राष्ट्रिय सहकारी बैंक र राष्ट्रिय सहकारी महासंघका सबै संचालक समिति सदस्य र लेखा समिति सदस्यसमेत जोड्दा २ लाख ४७ हजार भन्दा बढी संचालक छन् ।

यस बाहेक सहकारी क्षेत्रमा नियमित रूपमा काम गरिरहेका व्यवस्थापक र अन्य कर्मचारीहरू ६४००० छन् । यी सबै सहकारी विकासका मेरूदण्ड हुन । यो जनशक्तिलाई दक्ष, प्रविधियुक्त र सक्षम बनाउन जरूरी छ । यति मात्र होइन हरेक वर्ष युनिभरसिटी र कलेज उत्तीर्ण गरेका नयाँ युवाहरू सहकारीमा जिम्मेवारी लिएर काम गर्न इच्छुक छन् । यस्तो स्थितिमा अब हाम्रा युनिभरसिटीहरूमा सहकारी अध्ययन अध्यापनको व्यवस्था मिलाउन युनिभरसिटीमा सहकारी फ्याकल्टीको विभाग स्थापना गरेर अध्ययन अध्यापन गराउने र सबै युनिभरसिटि र कलेज क्याम्पसहरूमा सहकारी विभाग र फ्याकल्टी राखेर पढ्न पढाउन प्रेरित गर्न जरूरी छ । यसका लागि त्रिभूवन विश्वविद्यालय, भूमि व्यवस्था सहकारी तथा गरिवीनिवारण मन्त्रालय, उच्च स्तरीय शिक्षा परिषदसमेतले उपयुक्त पाठ्यक्रम तयार गरी पढ्न पढाउन थाल्नु पर्छ । यतिले मात्रै पुग्दैन सातै प्रदेशमा होस्टेलसहितको सहकारी तालिम तथा प्रशिक्षण केन्द्र स्थापना गरी नियमित रूपमा १५ दिने प्रशिक्षणदेखि

डिप्लोमासम्मको पढाउने व्यवस्था हुनुपर्छ । त्यसैगरी हाल कायम रहेको बानेश्वरको सहकारी प्रशिक्षण केन्द्रलाई स्तरोन्नति गरी अन्तर्राष्ट्रिय स्तरमा उन्नत गर्न जरूरी छ। यसबारे राष्ट्रिय सहकारी महासंघले प्रयास पनि गरेको छ। तर यो राज्यले गर्नुपर्ने महत्वपूर्ण कार्य भएकाले यसबारे अबिलम्ब काम थालिहाल्नु पर्छ । दिगो बिकास लक्ष्यका सबै लक्ष्य हासिल गर्न सहकारी क्षेत्र तयार भएको  यो समयमा राज्यले पनि यसलाई अवसरकै रूपमा लिन विनम्रतापूर्वक अनुरोध गर्दछौं। सहकारी विभागले यसबारे पहल गर्न जरूरी छ।

**सन्दर्भ सामग्री :**


- दिगो विकास लक्ष्य सहकारी र अन्तर्राष्ट्रिय अनुभव पुस्तक, लेखक- केशव बडाल
- डकुमेन्टेसन एण्ड पब्लिकेशन डिपार्टमेन्ट मोसि युनिभरसिटी कलेज अफ कोअपरेटिभ एण्ड विजनेस स्टडी (MUCCOBS) तान्जनिया, २०११
- द कोअपरेटिभ युनिभरसिटी केन्या (इन्टरनेटबाट)
- रसियन युनिभरसिटी कोअपरेटिभ (RUS) सेन्ट्रो सोयूज अफ द रसियन फेडेरेसनको डकुमेन्टबाट


***

## सम्पत्ति शुद्धीकरण निवारण निर्देशनबमोजिम गर्ने, गराउने सम्बन्धमा सहकारी संस्थाहरूलाई सहकारी विभागको सूचना

सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ को दफा ७प. को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी यस विभागबाट २०७४ साल माघ १५ गते सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी सहकारी सङ्घसंस्थालाई निर्देशन जारी गरिएको बेहोरा विदितै छ। उक्त निर्देशन विभागको वेभसाइट www.deoc.gov.np बाट समेत प्राप्त गर्न सकिन्छ। तदनुसार सहकारी संस्था, सङ्घ र बैङ्कले अविलम्ब देहायका व्यवस्था मिलाउनु हुन सूचित गरिन्छ :-

१. ऐनको दफा ७ घ. बमोजिम सदस्यहरूको जोखिम पहिचान, मूल्याङ्कन तथा व्यवस्थापन गर्ने व्यवस्था अविलम्ब मिलाउने;

२. कुनै सदस्यले एकै पटक वा पटक-पटक गरी एक दिनमा गरेको रू. १० लाख वा सोभन्दा बढी रकमको सीमा कारोबारको प्रतिवेदन १५ दिनभित्र र शङ्कास्पद कारोबारको प्रतिवेदन ३ दिनभित्र वित्तिय जानकारी इकाईमा तोकिएको ढाँचामा पठाउने;

३. ऐनको दफा ७त. को उपदफा (१) बमोजिम सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी आन्तरिक नीति र कार्यविधि तर्जुमा गरी साधारण सभाबाट पारित गराई लागू गर्ने;

४. सञ्चालक समितिले ऐनको दफा ७त. को उपदफा (३) बमोजिम व्यवस्थापन स्तरको कार्यान्वयन अधिकारी (कम्प्लायन्स अफिसर) नियुक्त गर्ने वा नियुक्त नभएसम्म प्रमुख कार्यकारी अधिकृतले नै कार्यान्वयन अधिकारीको कार्य गर्ने गरी जिम्मेवारी तोक्ने र

५. ऐन, नियमावली र विभागबाट जारी निर्देशनका माथि उल्लिखितलगायतका सबै व्यवस्थाहरू तदारूकताका साथ पालना गर्ने, गराउने व्यवस्था मिलाएर रू. ५ करोडभन्दा बढी बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाले चौमासिक रूपमा र अन्य संस्थाले वार्षिक रूपमा सम्बन्धित डिभिजन सहकारी कार्यालय, सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय, वा विभागमा तथा स्थानीय तह वा प्रदेश सरकारमा अभिलेख हस्तान्तरण भएका सहकारी संस्थाहरूको हकमा स्थानीय तह वा प्रदेशको सहकारी मन्त्रालयमा निर्देशनमा तोकिएको ढाँचामा सम्पादित कार्यहरूको प्रतिवेदन पठाउने।

अन्यथा कानुनबमोजिम कारबाई गरिने बेहोरासमेत जानकारी गराइन्छ।

# सहकारी ऐन र नियममा भएका नविन व्यवस्थाहरू



✍ डा. टोकराज पाण्डे

## विषय प्रवेश

सहकार्यको विकसित रूप नै सहकारी हो । मानिस सामाजिक प्राणी हो । त्यसैले ऊ समूहमा वस्न, रहन र काम गर्न मन पराउछ । मानिसले सहकार्यमार्फत सहकारीको अवधारणालाई अगाडि सारेको हो । आधुनिक सहकारीको अवधारणा सन् १८४४ मा बेलायतवाट आएको भए पनि सहकारीको शुरूवात पूर्वीय दर्शन, सभ्यता र समाजले गरेको हो । हाम्रा हिन्दु दर्शनका गुरूकुल, समूह, मण्डल एवं बुद्ध धर्म सम्वन्धित संघलाई सहकारीको आदि रूप मानिन्छ ।

भनिन्छ, युरोप खोजमा लाग्दा हामी भोकमा थियौ । युरोपले समृद्धि हासिल गर्दा बल्ल हामीमा आकाङ्क्षा पलाएको थियो । त्यसैले, पश्चिमाहरूले प्रचार गरे, प्रर्वद्धन गरे, हामी समृद्धिको शिखर पुग्न ढिला भयौं । यद्यपि, इतिहासको उजागर गर्ने यो समयमा हामी स्पष्ट भएका छौ । सहकारी हाम्रो आफ्नै विचार, दर्शन र अभ्यास हो । हामी प्रचार, प्रसार र प्रर्वद्धनमा मात्र पछि परेका हौं । विदेशीलाई मान्यता दिने अतिथिलाई आदर गर्ने पूर्वीय दर्शनका कारण हामीले विदेशीका विचारलाई स्वीकारेपनि सहकारितामा हाम्रो उन्नयनलाई भुल्न मिल्दैन । कानून बनाउने, संरचना खडा गर्ने काममा हामी ढिला भयौ होला तर अवधारणामा हामी अघि थियौं ।

## नेपालमा सहकारिता

नेपालमा वि.स. २०१० सालमा सहकारी विभागको स्थापना र वि.स २०१३ चैत्र २० गते पहिलो सहकारीको रूपमा बखान सहकारी दर्ता भएपछि सहकारिताको अवधारणाले औपचारिकता पाएको हो । पहिलो सहकारी सम्बन्धी कानुनको रूपमा सहकारी ऐन, २०१६ जारी भएपछि यस क्षेत्रले थप गति लिएको हो । सहकारी ऐन, २०१६ लाई सहकारी ऐन, २०४८ ले

---

✍ रजिष्ट्रार, सहकारी विभाग ।

विस्थापित गरेपछि नेपालमा सहकारी क्षेत्रले नयाँ र लोकतान्त्रिक गति लिएको हो । मुलुकमा सहकारीको सख्यासँगै यस सम्बद्ध गतिविधि २०४८ साल पछि नै विस्तार भएका हुन् ।

२०६२/६३ को दोश्रो जन आन्दोलन, मधेश आन्दोलन र परिवर्तनको नागरिक आकाङ्क्षा पछि २०७२ सालमा जनताको प्रतिनिधिले संविधानसभा मार्फत पहिलोपटक नेपालको संविधान जारी भयो । सार्वजनिक, निजी र सहकारीको तीन खम्वे अर्थनीति अंगिकार गरेको यो संविधानले मुलुकलाई संघीय शासन व्यवस्थामा रूपान्तरण गर्‍यो । संघीयता सहकार्य, सहअस्तित्व र समन्वयमा आधारित हुने उल्लेख भयो ।

उदार अर्थव्यवस्थामा जोड दिएको मुलुकको नंया संविधानको धारा २९६ को उपधारा १ को अधिकारलाई प्रयोग गरी व्यवस्थापिका संसदले सहकारी ऐन, २०७४ जारी गर्यो ।

**सहकारी ऐन, २०७४**

सहकारी मूल्य, मान्यता र सिद्धान्त अनुरूप सदस्यहरूको आर्थिक, सामाजिक तथा सांस्कृतिक उन्नयन गर्न समुदायमा आधारित सदस्य केन्द्रित, लोकतान्त्रिक, स्वायत्त र स्वशासित सङ्गठनको रूपमा सहकारी संस्थाहरूको प्रवर्द्धन नियमन गर्न, सहकारी खेती, उद्योग, वस्तु तथा सेवा व्यवसायका माध्यमबाट आत्मनिर्भर, दिगो एवं समाजवाद उन्मुख राष्ट्रिय अर्थतन्त्रको विकास गर्न सहकारी सम्बन्धी प्रचलित कानुनलाई संशोधन र एकीकरण गरी समायानुकूल बनाउने अभिप्रायले संसदले सहकारी ऐन, २०७४ बनाएको हो ।

**ऐनका नवीन विशेषताहरू**

क. सहकारिताको मर्म अनुसारको प्रस्तावनाको व्यवस्था गरी विषयलाई खुलाइएको,

ख. ऐनमा सहकारीका मूल्य मान्यता, सिद्धान्त र सहकारी चरित्रको अनुशरण गरिएको,

ग. सदस्य केन्द्रियताको अवधारणा र साधारण सदस्यको सशक्तीकरण गरिएको,

घ. संघीय संरचना अनुसारको सहकारी क्षेत्रको व्यवस्था गरिएको,

ङ. सहकारी प्रवर्धन गर्न विभिन्न कोष, कार्यक्रम लगायतका व्यवस्थाहरू मिलाइएको,

च. यस अघि जारी भएका दुवै ऐनका राम्रा अभ्यासलाई आत्मसात् गरिएको

र विगतका कमजोरीहरूको सुधार गरिएको,

छ. कार्यान्वयन योग्य नियमन संरचना, स्वरूप र प्रणालीको व्यवस्था गरिएको,

## सहकारी नियमावली, २०७५

सहकारी ऐन, २०७४ को दफा १४९ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले सहकारी नियमावली वनाएको हो । मन्त्रिपरिषदबाट मिति २०७५ चैत्र २० मा स्वीकृत भएको यो नियमावली नेपाल राजपत्रमा २०७६ वैशाख २३ मा प्रकाशन भएको थियो ।

## नियमावलीका नवीन विशेषताहरू

क. सहकारी ऐन, २०७४ मा भएका व्यवस्थालाई नियमावलीमा स्पस्ट एवं विस्तृत रूपमा प्रस्ट्याइएको छ। विषयगत वा बहुउदेश्यीय संस्था गठन, दर्ता तथा सञ्चालन, विशिष्टीकृत सहकारी संघ गठनको शर्त तथा सोको सञ्चालन, बचत तथा ऋण सहकारी दर्ताको मापदण्ड, सहकारी संस्थाको कार्यक्षेत्र, संघ सस्थाको वर्गीकरण, विषय परिवर्तन सम्बन्धी व्यवस्था, सहकारी बैंकको गठन सम्बन्धी व्यवस्थाबारे उल्लेख गरिएको छ । त्यसैगरी, नियमावलीमा कारोवार व्यवसाय, उद्योग वा परियोजना सञ्चालनका आधार, उत्पत्तिको प्रमाणपत्र जारी गर्ने प्रकृया र आधारलाई व्याख्या गरिएको छ ।

ख. विषयगत सहकारी सङ्घको सदस्यता एवं सदस्यताको समाप्ति, साधारण सभा सम्बन्धी विशेष व्यवस्था, सञ्चालक समितिको गठन, विशिष्टीकृत सहकारी सङ्घको गठनको शर्त तथा सोको सञ्चालन, सहकारी बैंकको गठन सम्बन्धी व्यवस्था, वचत तथा ऋण सहकारी सस्थाको दर्ता मापदण्ड, सहकारी सस्थाको कार्यक्षेत्र, संस्था वा संघको वर्गीकरण, बचत तथा ऋणको परिचालन, सदस्यको रकम फिर्ता, लगायतको व्यवस्था नियमावलीमा रहेको छन् ।

ग. कोष सम्बन्धी व्यवस्थामा संरक्षित पुँजी फिर्ता कोषवाट रकम वितरण गर्ने आधार नियमावलीले तय गरेको छ साथै सहकारी प्रवर्द्धन कोष र अन्य कोष सम्बन्धी व्यवस्था, संस्थाहरूको कार्य सञ्चालनको अभिलेख लगायतको व्यवस्था गरेको छ । छुट, सुविधा र सहुलियत, ऋण असुली तथा बाँकी बक्यौता बारेमा व्याख्या गरिएको छ । नियमावलीमा कर्जा

सूचना केन्द्र, कालो सूची सम्बन्धी समेत व्यवस्था गरिएको छ ।

घ. सहकारी संस्थाको एकीकरण, विभाजन, कर्जा असुली न्याधीकरणको गठन, न्याधिकरणको कार्यक्षेत्र, उजुरी निवेदन सम्बन्धी प्रकृया, उजुरी निवेदनको सुनुवाई, न्याधीकरणले अन्तरिम आदेश जारी गर्न सक्ने, मुद्धाको कारवाही किनारा गर्नुपर्ने अवधिसमेत तोकिएको छ। साथै, निवेदनवाला र प्रतिवादी दुवैले मिलापत्रको लागि निवेदन दिएमा मिलापत्र गराइदिन सक्ने र कर्जा असुली विधि लगायतको व्यवस्था गरिएको छ ।

ङ. नियमावलीमा लिक्विडेटरको नियुक्ति, उसको कम कर्तव्य र अधिकार लिक्विडेशन नियन्त्रण गर्ने रजिष्ट्रारको अधिकार, सहकारी बचत तथा सुरक्षण कोष सम्बन्धी व्यवस्था, बचत तथा कर्जा सुरक्षण कोषको सञ्चालक समिति, नेपाल राष्ट्र बैकले पचास करोड रूपैयाँभन्दा बढी बचत तथा ऋृणको कारोवार गर्ने सहकारी सस्थाको हिसावकिताव जाँच गर्न/ गराउन सक्ने व्यवस्था गरिएको छ ।

च. ऐनमा व्यवस्था भएको अन्तरसहकारी कारोवार गर्न सक्ने व्यवस्थालाई नियमावलीमा थप स्पस्ट पारिएको छ । सहकारी कार्यक्षेत्रको मापदण्ड, धेरै व्याज लिने सहकारीलाई सन्दर्भ ब्याज, विशिष्टीकृत सहकारीको अवधारणा, साझा सहकारीको सम्पत्ति समुदायलाई जिम्मा, सहकारी बैंक स्थापना, पसँजी संरचना, समस्याग्रस्त सहकारी हुनबाट जोगाउने सघन अनुगमन, कर्जा सूचना केन्द्र, कर्जा असुली न्याधीकरण, बचत तथा कर्जा सुरक्षण कोष, विशिष्टीकृत सहकारी संघ जस्ता व्यवस्था नियमावलीमा रखिएको छ ।

छ. नियमावलीमा विविध विषयलाई समेट्ने क्रममा स्थिरीकरण कोष सम्बन्धी व्यवस्था, छुट सुविधा र सहुलियत प्राप्ति, रजिस्ट्रारको काम कर्तव्य र अधिकार त्यसैगरी संस्था संचालनमा भएको विशेष व्यवस्थालाई तोकिएको छ । नयाँ नियमावली जारी भएपछि सहकारी नियमावली २०४९ खारेज भएको छ ।

**अन्त्यमा,**

सहकारी आन्दोलनको परिणाम स्वरूप विकास भएका सहकारिताका सिद्धान्तलाई कार्यान्यन गर्ने तथा सहकारी क्षेत्रलाई व्यवस्थित गर्न सहकारी ऐन तथा नियमावली आएका छन्। विगतको सहकारी ऐन तथा नियमावलीमा

भएका राम्रा पक्षलाई अनुशरण गर्ने तथा कमजोरीलाई सुधार्न भरमग्दुर प्रयास गरिएको छ । कर्जा असुली न्याधीकरणको गठनको व्यवस्था, सन्दर्भ व्याजदरको तोक्ने व्यवस्था तथा स्थिरीकरण कोष सम्बन्धी व्यवस्था यसका उदाहरण हुन ।

सहकारी विभागले आफ्ना कामको प्राथमिकीकरण गरी विभिन्न साझेदार निकायहरूसँगको सहकार्यमा वार्षिक साधारण सभा सञ्चालन कार्यविधि, सहकारीहरूको एकीकरण तथा विभाजन कार्यविधि, ऐन र नियमावलीमा भएका विभिन्न कोषहरूको व्यवस्थापन कार्यविधि, अन्तर सहकारी कारोवार कार्यविधि, सहकारी संस्थाहरूको सेवाकेन्द्र, संकलन केन्द्र तथा कारोवार केन्द्र विस्तार कार्यविधि लगायत निर्माणमा अगाडि बढिसकेको छ । सहकारी सस्थाहरूको कार्यक्षेत्र पुनः निर्धारण, सहकारी संस्थाहरको आन्तरिक नियन्त्रण प्रणाली विकास गर्ने लगायतका कार्यलाई प्राथमिकतामा राखेर आवश्यक कार्य गर्दै आइरहेको छ। यस सन्दर्भमा सरोकारवालाहरूवाट अर्थपूर्ण सहयोग भएमा सहकारिताको मर्म अनुरूप भर्खरै कार्यान्यनमा आएका सहकारी ऐन तथा नियमावली प्रभावकारी रूपमा कार्यान्वयन हुने देखिन्छ ।

***

# दोहोरो सदस्यता लिएका सहकारी संस्थाका सदस्यहरूलाई सहकारी विभागको सूचना

सहकारी ऐन, २०७४ को दफा ३२ को उपदफा (१) मा कुनै व्यक्ति एक स्थानीय तहको एकै प्रकृतिका एकभन्दा बढी संस्थाको सदस्य हुन नपाउने र ऐन प्रारम्भ हुनुअघि त्यसरी एकभन्दा बढी संस्थाको सदस्य रहेको भए तीन वर्षभित्र कुनै एक संस्थाको मात्र सदस्यता कायम राख्नुपर्ने व्यवस्था भएको बेहोरा विदितै  छ ।

सहकारी ऐन, २०७४ मिति २०७४ साल कात्तिक १ गतेदेखि जारी भएकाले कसैले एकै स्थानीय तहभित्र कार्यसञ्चालन गरिरहेका एकै प्रकृतिका एकभन्दा बढी सहकारी संस्थाहरूको सदस्यता लिनुभएको भए २०७७ साल असोज मसान्तभित्रै आफूले छनौट गरेको कुनै एकमात्र सहकारी संस्थाको सदस्यता कायम राखी अन्य सहकारी संस्था वा संस्थाहरूको सदस्यता अन्त्य गर्नु हुन अनुरोध छ । सहकारी संस्थाहरूले पनि आफ्ना सदस्यहरूलाई अवगत गराएर तदनुसार गर्ने, गराउने व्यवस्था मिलाउनु हुन सूचित गरिन्छ ।

अन्यथा कानुनबमोजिम कारबाई गरिने बेहोरासमेत जानकारी गराइन्छ ।

# नेपालमा तरकारी तथा फलफूलको सहकारी बजार-व्यवस्था



✍ केशवप्रसाद रेग्मी

## १. एकीकृत सहकारी सेवा

उत्पादोन्मुख सेवालाई बजारोन्मुख सेवासँग र बजारोन्मुख सेवालाई बचत परिचालन सेवासँग एकीकृत गरियो भने मात्र गरिबीको मारमा परेका सदस्यहरूको जीवनमा सघन र शीघ्र प्रभाव पार्न सकिन्छ। एकीकृत सहकारी सेवाको कुरो बहुउद्देश्यीय संस्थाकासाथै उत्पादक अनि श्रमिक संस्थाका हकमा समेत लागू हुन्छ। सहकारी संस्था उत्कृष्ट रूपमा चल्दाचल्दै पनि सदस्यहरूको जीवननिर्वाहको स्तरमा भनेजस्तो परिवर्तन आउन नसक्नुमा प्रायशः सहकारी सेवाको खण्डीकरण नै कारण रहेको पाइन्छ।

## २. सहकारी बजार-व्यवस्था

सिद्धान्ततः उपजको वास्तविक मूल्य पूरै कृषकले प्राप्त गर्ने अनि उपभोक्ताले वास्तविक मूल्यभन्दा एक पैसा पनि बढ्ता बुझाउन नपर्ने बिक्री-वितरणको बन्दोबस्तलाई सहकारी बजार-व्यवस्था भन्न सकिन्छ।

यहाँनेर वास्तविक मूल्य केलाई मान्ने ? भन्ने प्रश्न आउन सक्तछ। दिइएको उत्पादन क्षेत्रका कृषकको उपज जुन बजारमा उपभोक्ताले जुन प्रतिस्पर्धात्मक मूल्यमा किन्दछन् त्यो नै उपजको वास्तविक मूल्य हुन्छ। उदाहरणका लागि हाँडीखोलाको काउली हेटौँडाका उपभोक्ताले किलोको रू. १५ का दरले किनेर खान्छन् भने त्यो नै त्यहाँको काउलीको वास्तविक मूल्य भयो। किनभने हेटौडामा हाँडीखोलाका साथै पालुङ, पदमपोखरीलगायतका अनेक ठाउँबाट काउली आउँदछ र त्यहाँको बजार प्रतिस्पर्धात्मक छ। यदि हाँडीखोलामा सङ्कलन गरी हेटौँडासम्मको ढुवानी अनि त्यहाँ राख्ने टहराको भाडा आदिको खर्च प्रतिकिलो १ रूपैयाँ लाग्दछ भने उपभोक्ताले तिरेको मूल्यबाट खर्चपर्च कटाएपछिको प्रतिकिलो १४ रूपैयाँ कृषकको हात पर्नुपर्दछ।

---

✍ पूर्व रजिस्ट्रार, सहकारी विभाग।

(भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सहकारी बजार विकास कार्यक्रमद्वारा काठमाडौँमा २०७५ साल मङ्सिर २० गते आयोजित 'फलफूल तथा तरकारीको सहकारी बजार प्रणाली : एक विकल्प तथा यसका अवसर र चुनौती' विषयक गोष्ठीमा प्रस्तुत कार्यपत्र।)

किनभने सहकारी मान्यताअनुसार उपजको वास्तविक मूल्य जसले उब्जाएको हो उसैको हुन्छ ।

चीजबीज जहाँ बिक्री भयो त्यहीँकै भाउ वास्तविक भने हुँदैन । अघिको उदाहरणमा हाँडीखोलाबाट आएको काउली हेटौँडाका बेपारीले किलोको रू. १५ का दरले किनेर रू. ५ भाडा आदिको खर्च बेहोरी काठमाडौँ पुऱ्याएर उपभोक्तालाई रू. ३५ मा बेच्दा रहेछन् भने रू. ३५ नै वास्तविक मूल्य मानिन्छ; रू. १५ मानिँदैन । अब हाँडीखोलाका काउली कृषकको हक किलोको २९ रूपैयाँ (रू.३५ - रू.५ - रू.(१) मा लाग्ने भयो । त्यस्तै, काउली हेटौँडामा नै अनि १५ रूपैयाँ प्रतिकिलो नै थोक बेपारीलाई बेचियो भने पनि हाँडीखोलाका कृषकले पाउनुपर्ने पैसा १४ रूपैयाँ प्रतिकिलो हुँदैन । कारण थोक बेपारीले रू. ५ अनि खुद्रा बेपारीले अर्को रू. ५ खाएर त्यहीँको त्यहीँ काउलीको दाम प्रतिकिलो रू. २५ पारेका हुन सक्तछन् । उपभोक्ताले एक किलो काउलीलाई २५ रूपैयाँ तिरेको भएपछि वास्तविक मूल्य त्यति नै अनि त्यसमा खर्चपर्चको रू. १ कटाएर रू. २४ हाँडीखोलाका कृषकको भागमा पर्नुपर्ने हिसाब सोझै निस्किन्छ । उसो भए थोक वा खुद्रा बेपारीले सित्तैमा काम गर्नुपर्ने त ?

यो प्रश्न ध्यानयोग्य छ । पुँजी लगाएको वा जोखिम बेहोरेको भनेर अर्काको उपजमा फाइदा लिन पाइँदैन । त्यो नाफामा सहभागी (Participation in profit) नहुने सहकारी मान्यताविपरीत हुन्छ । खर्चपर्च भने तिर्नु, बुझाउनुपऱ्यो । नाफाखर्चपर्चमा पर्ने कुरै आएन । वास्तवमा विचौलियाको नाफाखोरीविरूद्ध पनि सहकारी जागृति पैदा भएको हो ।

नाफा नदिने, खर्चपर्च दिने भनेर छुट्ट्याउन मुस्किल छ । किनभने नाफाभित्र खर्चपर्च पनि परेको हुन्छ । माथि थोक तथा खुद्रा बेपारीले ५- ५ रूपियाँ खाएको कुरो गर्दा त्यहीँको त्यहीँ भन्नाको मतलब खर्चपर्चबिनाको नाफा जनियोस् भन्ने नै थियो । त्यसैमा मानौँ झारेको टहराबाट नै सबै काउली आएका उपभोक्ताले किनी नसकिने भएर कसैले साइकलमा राखी दिनभरिजस्तो घरघरै पुऱ्याएर बेच्नुपर्ने रहेछ भने पर्तामाथि ५-७ सय रूपियाँ गुजारा खर्च त दिनु नै पऱ्यो ।

नाफाखोरीबाट खर्चपर्च अनि मनासिब गुजारा खर्च वा पारितोषिकको अंस छुट्ट्याउने व्यावहारिक उपाय सेवा खरिदको विचार हो । आफ्नो उपजको ढुवानी, बिमा, भन्डार सेवा शुल्कजस्तै वितरण सेवा शुल्कखरिद गरी

सदस्यहरूले आफ्नो उपज आफूले भनेको दाममा उपभोक्तामाझ पुऱ्याएका छन् भने त्यस्तो बन्दोबस्तलाईपनि सहकारी बजार-व्यवस्था नै मान्न सकिन्छ। किनभने त्यस्तो बन्दोबस्तमा उपभोक्ताले तिरेको उपजको मूल्य वास्तविक हुन्छ, जुन बीचमा कतै बेमनासिब रूपमा अपव्यय हुन नपाई उत्पादककै हात पर्दछ । अर्थात्, सहकारी बजार-व्यवस्थामा–

- उत्पादकदेखि उपभोक्तासम्म सम्बन्ध विस्तारित भएको हुन्छ;
- उपभोक्ताले वास्तविक मूल्यभन्दा बढी दिनु नपर्ने प्रत्याभूति मिल्दछ;
- उपभोक्ताले बुझाएको पैसा मनासिब तिरनतारनपछि पूरै उत्पादककोमा पुग्दछ र
- बजारीकरण सेवाहरूको मनासिब तिरनतारन कति हो ? भन्ने तय गर्ने हैसियतमा प्राथमिक उत्पादक वा अन्तिम उपभोक्ता हुन्छन् ।

**प्रकारान्तरले देहायको कुनै सहकारी बजार-व्यवस्था हुँदैन :-**

- संस्थाले सदस्यहरूको उपज सङ्कलन गरेर थोक बेपारीहरूसँग मोलमलाइ गरी बेचिदिने जोहो;
- संस्थाहरू मिली थोक बजार-स्थलमार्फत लिलाम बढाबढ गराएर सदस्यहरूको उपजको अधिकाधिक मूल्य पारिदिने तहबह;
- प्रायशः कम मूल्य पर्ने बाली स्याहार्ने वेला सदस्यहरूको उपज खरिद गरी संस्थाहरू मिली बनाएको शीतभन्डारमा संरक्षण गरेर बढी मूल्य पर्ने बीउ राख्ने वेला बेपारीहरूलाई बेचेर सदस्यहरूलाई अतिरिक्त मूल्य दिलाउने तौरतरिका र
- सरकारी संस्थानलाई उसले तोकेको दरमा संस्थाले सदस्यहरूबाट उपज सङ्कलन गरी उपलब्ध गराउने चाँजोपाँजो ।

झट्ट हेर्दा ठूला नदेखिने कतिपय कामकुरा पनि सहकारी बजार-व्यवस्थाका **गतिला उदाहरण हुन सक्तछन्** । जस्तै–

- संस्थाले स्थानीय स्तरमा टहरा आदि सुविधासहित हाट-स्थल बनाएर त्यहाँ निश्चित बारहरूमा सदस्यहरूले अन्नपात ल्याई स्थानीय उपभोक्ताहरूलाई बिक्री गर्ने सुविधा;
- सङ्घले शहरमा बनाएको किनमेल केन्द्रमा यत्रतत्रका आफ्ना सदस्य संस्थाका सदस्यहरूले उब्जाएका चीजबीज किनी ल्याएर राख्ने अनि त्यहाँबाट सर्वसाधारण उपभोक्ताहरूले किनी लैजाने इन्तिजाम;

- सरकारले सहकारी संस्थाहरूका लागि मात्र भनी निर्माण गरिदिएको अनि किन्ने वा बेच्ने बिचौलियालाई प्रवेश निषेध गरिएको सुविधासम्पन्न हाताभित्रको शहरी सहकारी बजारर
- नाम, लेबिल र अधिकतम खुद्रा मूल्य संस्थाले तोक्ने तर छानबिन, पोकाबन्दी, तौल आदि सुपर मार्केटले निर्धारण गरेबमोजिम हुने सर्तमा संस्थाका तर्फबाट सदस्यको उत्पादन स्थानीय स्तरमा प्रारम्भिक प्रशोधन गरी उपभोक्ताले किन्ने अवस्थामा सुपर मार्केटले भनेका वेला, ठाम र परिमाणमा पुऱ्याउने प्रबन्ध ।

एवं रीतले उपभोक्ता संस्थाका तर्फबाट उत्पादन स्थलमा पुगी वास्तविक मूल्यमा पैदावार खरिद गरेर आफ्ना सदस्यहरूलाई बिक्री-वितरण गर्ने विकल्प पनि सहकारी बजार-व्यवस्था नै हो । अझ भनेजस्तो त अन्तर-सहकारी कारोबार हो । गाउँबाट उत्पादक संस्थाले पठाएका चीजबीज शहरमा उपभोक्ता संस्थाले बिक्री-वितरण गर्नेभन्दा राम्रो बन्दोबस्त अर्को के होला ? उत्पादक संस्था होस् वा उपभोक्ता संस्था, सदस्य केन्द्रीयताविना भने सहकारी बजार-व्यवस्था हुँदैन । भनाइको अर्थ, उत्पादक संस्था भए खरिद सदस्यसँग मात्र गर्नुपर्ने हुन्छ भने उपभोक्ता संस्था भए बिक्री सदस्यमा सीमित गरिएको हुनुपर्दछ ।

## ३. सहकारी बजार-व्यवस्थाको महत्ता

माथि एकीकृत सहकारी सेवाको कुरो गरियो । सहकारी सेवाहरूको एकीकरण गर्दाको प्रारम्भ-बिन्दु त्यत्तिकै ध्यानयोग्य छ । नेपाली सहकारी आन्दोलनको छ दशक बढीको इतिहासमा मूलप्रवाहको औसत संस्थाको औसत सदस्यको अवस्था पछ्याउँदै आइयो भने सन्तोषजनक पक्कै लाग्ने छैन ।

अघिल्ला तीन दशकमा सदस्यहरूलाई कृषि ऋणलगायत उत्पादन सामग्री दिने गरी सहकारी संस्थाहरू खुले । बजार-व्यवस्था सेवाको अभावमा सदस्यहरूले पैदावारको वास्तविक भाउ पाएनन् र उनीहरूको मिहेनतको फाइदा महाजनलाई मिल्यो । त्यस्तै, बचत परिचालन सेवा नहुँदा आपत्विपत्मा साहूकारकै शरणमा पर्नुपऱ्यो र बिक्रीबाट बचेखुचेको आम्दानी पनि चर्को ब्याजमा नै सकियो ।

पछिल्ला तीन दशकमा देशभरि ऋणबचत केद्रित भएर सहकारी संस्थाहरूले । उत्पादनतर्फी सेवाहरू डिलरहरूकै भरमा भए – न त बजार-

व्यवस्थापट्टिनै ध्यान गयो । उत्पादनको पर्ता बढ्यो । त्यसमाथि बेच्ने कुरा विनाभाउ भएपछि सदस्यहरूसँग साउँ, ब्याज तिर्ने उपाय भएन । ऋण लिएर ऋण तिर्नुपर्ने खण्ड पर्न थाल्यो ।

उत्पादोन्मुख सेवा, बजारोन्मुख सेवा र बचत परिचालन सेवा – एकीकृत सहकारी सेवाका तीन आयाममध्ये कुनै एउटा प्रारम्भ-बिन्दु छान्नुपर्दा बजारोन्मुख सेवा नै सिफारिसयोग्य हो । कारण दश थरी छन् । जस्तै–

- अरू सेवाबाट प्रतिशतको फरक पार्न सकिने भए बजारीकरण सेवाबाट गुनाको फरक पार्न सकिने हुन्छ;
- बजारीकरण सेवा थाल्न बाह्य पुँजी चाहिँदैन;
- सदस्यहरूले तत्काल नगदी फाइदाको अनुभूति गर्ने भएर सरोकार औ सहभागिता बेसी हुन्छ;
- खेती प्रसारले स्वयमेवः तीव्रता लिन्छ;
- बजारसँगको साक्षात्कारबाट उत्पादनोपयोगी सूचना निरन्तर प्राप्त भइरहन्छ;
- यथासमय बचत परिचालन सेवा थाल्दा सदस्यलाई दिएको ऋणको साउँ-ब्याज सदस्यसँग खरिद गरेको उपजको भुक्तानी गर्दा नै कटाउन सकिने भई असुलीको बनिबनाउ परिपाटी बस्दछ;
- खेत-बारी, गोठ-गोबरमा सीमित कृषकहरूलाई बाहिरफेरो जान, देख्न, सुन्न, भन्न, जान्न कर पर्दछ;
- भन्नासाथै निर्णय लिनुपर्ने, सूचना आदान-प्रदान गर्नुपर्ने, प्रतिस्पर्धामा टिक्ने उपायहरू सोच्नुपर्ने, सामाजिक जाँचको परिपाटी बसाल्नुपर्ने, प्रत्यायोजित अधिकारको जवाफदेहिता स्थापित गर्नुपर्ने, असफलता बेहोर्नुपर्ने, सिको-सिक्लाइ गर्दै जानुपर्ने – सहकारी सदस्यहरूको सिर्जनात्मक प्रतिभाको विकास, व्यावसायिक सक्षमताको आर्जन एवं बहुआयामिक सशक्तीकरण सुगम हुन्छ;
- कृषकहरू स्वीकार गर्ने अवस्थाबाट आफ्नो संसार बदल्ने अवस्थामा प्राप्त हुन्छन् र
- उत्तरोत्तर सहकारी कार्यका लागि चुनौतीपूर्ण कार्यसूची मिलिरहन्छ ।

## ४. मूल्य सिक्री र व्यावसायिक ढाँचा

मूल्य सिक्री(Value Chain) को विचारMichael E. Porter लेआफ्नो

प्रसिद्ध कृति Competitive Advantage: Creating and Sustaining Superior Performance(1985)मा दिनुभएको हो । उपभोक्ताका लागि मूल्य सिर्जना गर्न सम्पादन गरिने कार्यकलापहरूको सङ्ग्रहको रूपमा मूल्य सिक्रीलाई जानिन्छ ।

व्यावसायिक ढाँचा (Business Model) लाई Joan Magrettaले ' ... खासमा व्यवसायले कसरी, काम गर्दछ भन्ने व्याख्या गर्ने कथा हुन् । ' भन्नुभएको छ । Magrettaले ' ... सबै नयाँ व्यावसायिक ढाँचाहरू सामान्य मूल्य सिक्रीमा परिवर्तन हुन्, जो सबै व्यवसायमा निहित हुन्छन् । 'भनी बताउनुभएको थियो । त्यै कुरोलाई Harvard Business School Entrepreneurship Toolkit मा अझ राम्रोसँग यसरी उद्धृत गरिएको छ : ' ... उनी [Joan Magretta] ले व्यावसायिक ढाँचालाई मूल्य सिक्रीमा कुनै परिवर्तनको रूपमा हेर्दछिन् जसले प्रत्येक व्यवसायलाई अड्याउँदछ ।'

मूल्य सिक्रीमा परिवर्तनका अर्थमा नेपाली तरकारी तथा फलफूलको व्यावसायिक ढाँचा विश्लेषणका लागि उपभोक्ता मूल्य सिर्जनाका पाँचोटा चरण प्रत्येकमा तीनोटा गरी जम्मा १५ ओटा मुख्य निर्धारक पहिल्याउन सकिन्छ (चित्र) । प्रत्येक निर्धारकमा प्रतिस्पर्धात्मक अवस्थितिको अवलोकनीय अध्ययन (Empirical study) बाट समष्टिगत अवस्था थाहा पाएर तदनुसार सम्बन्धित सरोकारवालाहरूको तर्फबाट हुनुपर्ने हस्तक्षेपको रूपाङ्कन गर्नु अति वाञ्छनीय लाग्दछ । प्राक्कल्पना (Hypothesis) कै रूपमा चित्र तल चरणपिच्छे प्रतिस्पर्धात्मक फाइदालाई (+), प्रतिस्पर्धात्मक घाटालाई (–) र प्रतिस्पर्धात्मक बराबरीलाई (०) ले जनाएर हेर्दा भने नेपाली तरकारी तथा फलफूल कृषक प्रतिस्पर्धात्मक मर्का (Disadvantage) मा देखिन्छन् ।

## तरकारी तथा फलफूल व्यवसायको (प्राथमिक क्रियाकलाप) मूल्य सिक्री विश्लेषण चित्र

| उपभोक्ता मूल्य प्रस्तावना | | | | |
|---|---|---|---|---|
| उब्जाउने मेलोमेसो | | बिकाउने मेलोमेसो | | |
| उत्पादनतर्फी बन्दोबस्ती<br>• खरिद सुगमता<br>• प्राप्ति सेवा<br>• जतन सुविधा | उत्पादन कार्य<br>• गुणात्मक रचना<br>• रचनासम्मत प्रविधि<br>• प्रविधिसम्मत कार्यविधि | बजारतर्फीबन्दोबस्ती<br>• सङ्कलन सुविधा<br>• प्रेषण सेवा<br>• प्रतीक्षा समय | बजारीकरण र बिक्री<br>• उपभोक्ता सूचना<br>• पहुँचको सुनिश्चितता<br>• गुण प्रमाणीकरण | बिक्रीपछिको सेवा<br>• प्रयोगमा सहयोग<br>• प्रतिक्रियामा सरोकार<br>• प्रत्याभूतिको पालना |
| – | + | – | ० | ० |

विश्लेषण : जम्मा (+) −जम्मा (−) = ?

+ प्रतिस्पर्धात्मक फाइदा

− प्रतिस्पर्धात्मक घाटा

० प्रतिस्पर्धात्मक बराबरी ।

ललितपुर लेलेको सयपत्री फूल, मकवानपुर आमभञ्ज्याङको तिलगङ्गा सिन्केधूप, चितवन गीतानगरको अन्नपूर्ण दूध, केन्द्रीय मौरीपालन सङ्घको मह नामको मह र केन्द्रीय कृषि सङ्घको किसानको पोको मूल्य सिक्रीमा सिर्जनात्मक परिवर्तन ल्याउने उत्कृष्ट सहकारी प्रयासका केही उदाहरण हुन् ।

## ५. सहकारी व्यावसायिक ढाँचा विकास (?)

मूल्य सिक्री विकास अथवा व्यावसायिक ढाँचा विकास भन्ने चलन त छ । झट्ट सोचना र सफलतामा मेल खाइरहेको भने हुँदैन ।अब्बलमा अब्बल मानिएका व्यावसायिक ढाँचा व्यर्थका बनेका तर कसैले नपत्याएका व्यावसायिक ढाँचा व्यवहारसिद्ध भएका कथाप्रसङ्ग व्यावसायिक साहित्यमा ठावैँपिच्छे भेटिन्छन् ।

खास गरी तलका पाँचोटा कुरा त तय भए जत्तिकै – र त्यस उसले प्रवर्धनकर्ताका हकमा ध्यानयोग्य – छन् :-

- व्यावसायिक विकास नियोजित हुँदैन;
- अभ्यासबाट पनि राम्रो रचना बन्दछ;
- असफल प्रयास जहिलेसुकै नवीकरणीय हुन्छ;
- खटनपटनमा बजार बस्दैन र
- मूल्य सिक्रीको प्रत्येक खण्डमा (+) चाहिने होइन ।

परन्तु, मूल्य सिक्रीमा मौलिक परिवर्तनविना टिकाउ व्यावसायिक विकास हुन सक्तैन । आम नेपाली तरकारी तथा फलफूल कृषकहरूको जीविकोपार्जनको दिगो आधार सुनिश्चित गर्ने हो भने वर्तमान मूल्य सिक्रीमा प्रतिस्पर्धात्मक फाइदा मिल्ने खालको परिवर्धन चाहिन्छ । खोजिएको अन्तर मूल्य सिक्रीमा कहाँनेर, कसरी आउला वा आउलान् ? भन्न मुस्किल छ तर त्यसका लागि निश्चित अनुकूलता सिर्जना गर्न भने सकिन्छ । अहिले अबेर भइरहेको पनि त्यसैमा हो । जस्तै–

- व्यावसायिक समूह विकास;
- मिश्रित खेतीपातीको जगेर्ना र

- विकासोन्मुख उत्पादक-उपभोक्ता सम्बन्धनहरूलाई बढवा ।

## ६. व्यावसायिक समूह विकास

एकै ठाउँमा एकै व्यवसाय ३० जनाभन्दा बढीले गरे सानो अनि ९० जनाभन्दा बढीले गरे ठूलो व्यावसायिक समूह बन्दछ । व्यावसायिक समूहमा–

- मुख्य उत्पादन हुन्छ तर अरू उत्पादन पनि हुन्छन्;
- आम सहभागिता हुन्छ तर अपवाद पनि हुन्छ;
- मानकहरू व्यावसायिक हुन्छन् र
- बस्ती उत्पादनप्रसिद्ध हुन्छ ।

चितलाङको मुला, मुडेको आलु, बलम्बुको च्याउ, आरूङखोलाको मेवा, दशरथपुरको आँप – व्यावसायिक समूहका उदाहरण जत्ति पाइन्छन् । व्यावसायिक समूह भए–

- कुरो हुन्छ;
- तुलना गर्न थालिन्छ;
- उछिनपाछिन, सिको, सिक्लाइलाई बढवा मिल्दछ;
- घान पुग्दछ;
- प्रसार सेवामा सुगमता आउँदछ;
- प्राज्ञिक चासो बढ्दछ र
- सामाजिक जाँचको परिपाटी बसालेर बेपारिक नाम राख्न अनि नाम कमाउन सकिन्छ ।

वास्तवमा तरकारी तथा फलफूलको सहकारी बजार-व्यवस्था र मूल्य सिक्री विकासको काम कृषकहरूको व्यावसायिक समूह विकासबाटै थालिनुपर्दछ । व्यावसायिक समूह विकास गर्दा नयाँ समूह बनाउन लाग्नु भने पटक्कै हुँदैन । पहिल्याइएको उत्पादन क्षेत्रमा हाल कृषकहरू जे-जस्तो सङ्गातीमा काम गर्दै छन् स्थानीय सहकारी संस्थाको सक्रियतामा तदनुसार नै व्यावसायिक समूह बनाइनुपर्दछ । त्यस्तै, तरकारी तथा फलफूलको विषयगत सहकारी संस्था नै चाहिन्छ भन्नु पनि पर्दैन । भए तरकारी तथा फलफूलको विषयगत सहकारी संस्था नभए कृषि, बहुउद्देश्यीय, महिला, साबिकको साझा– तरकारी तथा फलफूल खेतीपट्टि लागिपरेको स्थानीय कुनै सहकारी संस्था उत्तिकै प्रोत्साहनभागी छ ।

व्यावसायिक सहकारी समूह विकास कार्यक्रमअन्तर्गत स्थानीय सहकारी

संस्थाको अगुवाइमा सहकारी शिक्षा, व्यावसायिक प्रशिक्षण, कृषक पाठशाला, रेखाङ्कन भ्रमण, व्यक्तिगत तथा सामूहिक खेती योजना, नमुना प्रदर्शन, गुणस्तरको प्राविधिकका साथै सामाजिक जाँच र सङ्कलन, छानबिन एवं पोकाबन्दीलगायतका क्रियाकलापहरू समावेश गर्न सकिन्छ । 'Cobweb cycle' जस्ता विषयको जानकारी दिलाएर व्यावसायिक समूहलाई बजारको चालसँग चल्न प्रेरित गर्नु अथवा अनुज्ञापत्र, पर्यालेबिल, बेपारिक नाम, बेपारिक चिह्न, छली निगरानीजस्ता उपाय सिकाएर उपभोक्तामाझ आफ्नो उत्पादनको संरक्षण गर्न सक्षम तुल्याउनु त्यत्तिकै वाञ्छनीय छ ।

## ७. मिश्रित खेतीपातीको जगेर्ना

व्यावसायिक सहकारी समूह विकासको अर्को पाटोमा मिश्रित खेतीपातीको प्रसार पर्दछ । मिश्रित बालीनाली लगाउने नेपाली कृषि परम्परा नै हो तर त्यो खाइखेतीमा सीमित भयो । यता व्यवसायीकरणका नाममा एकल बाली (Monoculture) को चलन चल्दो छ, जुन जैविक विविधता संरक्षणका दृष्टिकोणबाट हेर्दा सर्वथा हानिकारक देखिन्छ । एकल बालीका कारण विकसित देशहरूमा स्थानीय जात लोप भएको, स्वादमा तिख्खरपन हराउँदै गएको, बालीमा अत्यधिक रोग, कीराले सताउने गरेको, तिनबाट संरक्षण गर्न विषादी पदार्थ प्रयोग गर्दा भएभरका कीरा-फट्याङ्ग्रा मरेर वित्यास परेको, एकल बालीको घाँस खाएका गाईबस्तुमा पनि रोगसँग लड्ने क्षमता कम्ती हुने गरेको जस्ता वातावरणीय दुष्परिणामहरू क्रमशः सामुन्नेमा आइरहेका छन् । जलवायु परिवर्तनबाट खेतीकिसानी जोगाउने हो भने जैविक विविधता कायमै राख्नु वास्तवमा अनिवार्य छ ।

मिश्रित खेतीपातीको अभ्यासमा–

- अगुवा बाली (जस्तै- आँप) वा बालीनाली (जस्तै- तरकारी) हुन्छ;
- अगुवा बाली वा बालीनालीमा प्रजातिजन्य विविधता (जस्तै- विभिन्न प्रकारका तरकारी र सिमीझैँ एकै तरकारीमा पनि स्थानीय हिउँदे सिमी, ध्यू सिमी, ठूलो सिमी आदि) हुन्छ र
- अगुवा बाली वा बालीनालीलाई अड्याउने गरी सम्बन्धित बालीनाली, बोटबिरूवा, झारपात, बस्तुभाउ, व्यावसायिक कीट, पन्छीहरूको अधिकतम शृङ्खला कायम गरिन्छ (जस्तै- तरकारी बारीको मलका लागि गाईभैँसी, गाईभैँसीको घाँसका लागि कुटमेरो, बडहर, परासेचनका लागि

मौरी, मौरीका लागि आँप, लिची, आँप, लिचीमुनि भूईँकटहर, बारमा तितेपाती, असुरो आदि )।

मिश्रित खेतीपाती यथासम्भव प्राङ्गारिक हुन्छ त भन्नै परेन। प्राङ्गारिक कृषि विभिन्नताको उपाय पनि हो। युरोपमा प्राङ्गारिक उपजको झन्डै एक-तिहाइ अधिक मूल्य पर्ने तथ्य पनि उल्लेखनीय छ।

## ८. विकासोन्मुख उत्पादक-उपभोक्ता सम्बन्धनहरूलाई बढवा

सहकारी बजार-व्यवस्थाको मान्यताअनुसार तरकारी तथा फलफूलको मूल्य सिक्री विकासका लागि सहकारी सङ्घसंस्थाका तर्फबाट भइरहेका प्रयासहरू नै सबभन्दा भरपर्दा प्रारम्भ बिन्दु हुन् –यद्यपि तदनुसारका विकासोन्मुख सम्बन्धनहरू कमै देखिन्छन्।

सहकारी ऐन, २०७४ मा सहकारी बजारीकरणलाई विभिन्न किसिमले प्रोत्साहित गरिएको छ ।खास गरी ऐनको दफा २१ को उपदफा (५) मा दुई वा दुईभन्दा बढी संस्था वा सङ्घले संयुक्त वा साझेदारीमा आफ्नो उत्पादन वा सेवाको बजारीकरणका लागि ... आवश्यक कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न सक्ने व्यवस्था छ। सहकारी संस्थाहरूले एक-आपसमा अन्तर-सहकारी कारोबार गर्न सक्ने सम्बन्धमा दफा १४० मा पनि प्रस्ट पारिएको पाइन्छ। ठूलो लगानी चाहिने साझा आवश्यकताका वस्तु वा सेवाको परिपूर्ति गर्न २५ ओटा संस्थाहरू मिलेर विशिष्टीकृत सङ्घ गठन गर्न सकिने दफा ९ र त्यस्तो सङ्घको ढाँचामा सञ्चालन हुने बजार-स्थलसमेतका आयोजनालाई जग्गा प्राप्तिलगायतका सुविधा दिने दफा ७८ को उपदफा (९) का प्रावधानहरू त्यत्तिकै उल्लेखनीय छन्। ऐनका व्यवस्थाअनुसार प्रक्रियागत पक्षहरूनियमावलीमा थप प्रस्ट भइआउने अपेक्षा गर्न सकिन्छ।

विशेषतः काठमाडौँ उपत्यकालाई केन्द्रमा राखी मोफसलका जिल्लास्थित उत्पादकदेखि उपभोक्तासम्मको एकीकृत सहकारी बजार शृङ्खला विकास गर्ने सिलसिलामा हालैमा सहकारी सङ्घसंस्थाका तर्फबाट चालिएका स्वागतयोग्य कदमहरूलाई अघि बढाउनुकासाथै नयाँ प्रारम्भका लागि केही प्राथमिकताहरू दृष्टिगोचर हुन्छन्।

- **उत्पादन क्षेत्रमा नै स्थानीय हाट-बजार सञ्चालन** (प्रारम्भिक संस्था खास गरी साबिक साझा संस्था वा जिल्ला सङ्घको संयोजन अनि पालिकासँगको सहकार्यमा)

- **विभिन्न स्थानमा सहकारी ताजा तरकारी बिक्री केन्द्रहरू स्थापनामा सहयोग** (केन्द्रीय तरकारी तथा फलफूल सङ्घले चाबहिलमा प्रयास गरेजस्तो तर दुई-दुई वा तीनोटासम्म स्टलहरू एउटा उत्पादक वा अग्रव्यावसायिक उत्पादक संस्थाले नै जिम्मा लिएर आफ्नो पहिचान खुल्ने गरी चलाउने, दैनिक उत्पादन क्षेत्रबाट तहीँ प्रारम्भिक प्रशोधन गरिएको तरकारी ल्याई बेच्ने, मानकहरूको निर्धारण तथा रेखदेखमा सङ्घको भूमिका हुने, सहकार्य पालिकासँग गर्ने गरी)
- **किसानको पोको पहलको प्रवर्धन** (उपभोक्ता-मैत्री सञ्जालीकृत सूचना प्रणालीको परिवर्धन, भन्डार-औ-अर्साल्ने सुविधासहित प्रेषण केन्द्र निर्माण, ढक्कनयुक्त ढुवानीका साधनको जोहो, प्रयोगशाला, विज्ञापन आदिमा प्राविधिक एवं वित्तीय सहयोग)
- **सुविधायुक्त सहकारी किनमेल केन्द्रहरूको स्थापनामा सहयोग** (आम उपभोक्ताहरूको घुइँचो लाग्ने पायकमा सहकारी संस्थाहरूले ल्याएका आफ्ना सदस्यबाट उत्पादित मात्र खाद्यान्न, तेल-मसला, दूध-मह, चिनी-भेली, माछा-मासु आदिसँगसँगै तरकारी र फलफूल पाइने शीतभन्डार लगायतका सुविधायुक्त किनमेल केन्द्रहरू स्थापना, महासङ्घबाट वा विशिष्टीकृत सङ्घको ढाँचामा सञ्चालन, पालिकाको पनि सेयर सहभागिता)
- **उपभोक्ता संस्थाहरूको प्रवर्धन** (नगरका विभिन्न भागमा आम उपभोक्ताको जागृतिमूलक सहभागितामा सदस्य-केन्द्रित उपभोक्ता भन्डारहरूको प्रवर्धनका साथै ती र उत्पादक संस्थाहरू बीच सम्झौताका आधारमा अन्तर-सहकारी कारोबारमा सहजीकरण) ।

तरकारी तथा फलफूलको सहकारी बजार-व्यवस्थाको प्रक्रममा थप उपयोगी सुझाउ हुन्–

- प्रारम्भिक खरिद मूल्य जोड दैनिक वा साप्ताहिक मूल्य फिर्ताको व्यवस्था
- मूल्य समीकरण कोष सिर्जना
- बिक्रीमा परिमाणात्मक सीमा
- प्राङ्गारिक वा न्यूनतम विषादी पदार्थ प्रमाणीकरण
- माग-सम्बोधक खेती तालिका, बारीमै भन्डार अनि बारीदेखि नै छानबिन
- संरक्षक पुँजी फिर्ता
- उत्पादक-उपभोक्ता भेटघाट ।

त्यस्तै, देहायका **गल्तीबाट जोगिने सुझाउ** दिन सकिन्छ :-

- एकैचोटि बृहत् संरचना
- ठाउँ-ठाउँमा झार्ने-चलाउने शृङ्खला
- शीतभन्डारबाहेकको भन्डार
- नियमितताका आधारमा वा अन्यथा उपभोक्ताबीच मूल्यमा विभेद
- साजी-बासी मिश्रण
- नबिकेको तर लगाउने उपाय
- सङ्घले बेच्ने जिम्मा ।

## ९. निष्कर्ष

उपभोक्ताले उपजको वास्तविक मूल्य मात्र तिर्नुपर्ने तर मनासिब तिरनतारनपछि त्यो पूरै कृषकका हात पर्ने बिक्री-वितरणको तहबहलाई सहकारी बजार-व्यवस्था भनी प्रारम्भमा नै भनिएको थियो । प्रत्येक अग्रसरता, विधिव्यवहारलाई त्यै सरल अर्थमा जाँच्न सकियो भने सहकारी बजारीकरण जति सुगम हुनेछ त्यति नै प्रभावात्मक पनि । व्यावहारिक पनि त हुनुपुऱ्यो भनी अन्यथा गर्न थालियो भने व्यर्थ नै हुनेछ ।

***

# नेपालको आर्थिक विकासमा सहकारी क्षेत्र : विद्यमान अवस्था, चुनौती र सम्भावना



✍ सुदर्शन प्रसाद ढकाल

**पृष्ठभूमि:**

नेपालमा सहकारीको प्रादुर्भाव अनौपचारिक रूपमा राणाकालीन सययदेखि नै भएको पाइन्छ । हाम्रो समाजका केही वर्ग र सम्प्रदाय विशेषमा गुठी, धर्मभकारी, मङ्काखल, पर्म र ढिकुटीजस्ता स्वरूपमा एकका लागि सबै र सबैका लागि एक भन्ने भावनाका साथ सहकार्यका लागि स्थानीयस्तरमा अनौपचारिक संगठनहरू खडा गरिएको हुन्थ्यो । सहकारी क्षेत्रको विकासको लागि राज्यको तर्फबाट पहिलो संगठनात्मक व्यवस्थाको रूपमा २०१० सालमा योजना तथा विकास मन्त्रालय अन्तर्गत सहकारी विभागको स्थापना गरिएको थियो ।

२०१३ सालमा सरकारको कार्यकारी आदेशबाट चितवनमा सहकारी संस्थाहरूको स्थापना गरियो । चितवनको शारदानगरमा २०१३ साल चैत्र २० गते स्थापना गरिएको बखान ऋण सहकारी संस्था नै नेपालको पहिलो सहकारी संस्था हो । २०१६ सालमा जननिर्वाचित सरकारको प्रयासमा सहकारी संस्था ऐन, २०१६ आउनु सहकारीको क्षेत्रमा प्रजातान्त्रिक सरकारको उपादेयतालाई प्रष्ट पार्ने ऐतिहासिक घटना बन्न पुग्यो । सरकारी प्रयासबाट सहकारीको प्रबर्द्धन र विस्तार गर्ने नीति बमोजिम नेपालका आवधिक विकास योजनासँगै सहकारीको विकासका कार्यक्रमहरू तर्जुमा गरी सोही अनुरूप कार्यान्वयन गर्दै लगियो । २०१९ सालमा काठमाडौमा सहकारी प्रशिक्षण केन्द्रको स्थापना गरियो । सहकारी बैंक ऐन, २०१९ अन्तर्गत २०२० सालमा सहकारी बैंकको स्थापनासमेत गरिएको थियो । तर, २०२४ सालमा यो बैंकलाई कृषि विकास बैंकमा रूपान्तरण गरियो । २०२० सालमा गैह्र वित्तीय सहकारीको रूपमा साझा प्रकाशन, साझा भण्डार, साझा यातायात र साझा स्वास्थ्य सेवाको गठन गरियो । तर, यी सबै संस्थाहरूमा सरकारको प्रत्यक्ष नियन्त्रण रह्‍यो । २०४१ सालमा साझा संस्था ऐन तथा २०४३ सालमा नियमावली जारी भयो । साझा संस्था ऐन, २०४१ लागू भएपछि साझा

✍ पूर्व रजिष्ट्रार, सहकारी विभाग ।

अभियानलाई सरकारीकरण गर्ने कार्यको थालनी भएको थियो । बहुदलीय व्यवस्थाको पुनर्स्थापना पछि २०४७ सालमा सरकारले राधाकृष्ण मैनालीको अध्यक्षतामा राष्ट्रिय सहकारी महासंघ परामर्श समितिको गठन गऱ्यो । सात सदस्यीय यस समितिले सहकारी क्षेत्रलाई राज्यको नियन्त्रणभन्दा बाहिर राख्नु पर्ने गरी दिएका सुझावहरूका आधारमा नयाँ कानूनको निर्माण गरियो जसले नेपालको सहकारी अभियानलाई धेरै लामो अवधि सम्म दिशा निर्देश गऱ्यो । सहकारी ऐन, २०४८ लाई प्रतिस्थापन गरी २०७४ साल कार्तिक १ गतेका दिन सहकारी ऐन, २०७४ जारी गरिएको छ । नेपालको संबिधान र सहकारी ऐनको आधारमा अब स्थानीय तह र प्रदेशले पनि आफैले सहकारी ऐन नियम निर्माण गर्न सक्ने अवस्था सिर्जना गरिदिएको छ । सहकारीको विकास र प्रबर्द्धनमा अब संघीय सरकार मात्र हैन प्रदेश सरकार स्थानीय तहको सरकार पनि स्वतन्त्र ढंगले कार्यक्रम बनाई कार्यान्वयन गर्ने अधिकार प्राप्त गरेका छन् ।

२०४९ सालमा कार्यान्वयनमा आएको सहकारी ऐन, २०४८ ले सहकारी संस्थाहरू स्वतःस्फूर्त आउने वातावरण त दियो तर, यो ऐनले विषयगत सहकारीलाई व्यवस्थापन गर्न भने सकेन । सहकारी संस्थाहरूलाई सहकारी सिद्धान्त तथा मूल्यहरूको पालना गराउने अर्थात सुशासन कायम गराउन यो ऐन असफल रह्यो भन्न सकिन्छ । राज्यले सहकारीलाई व्यवस्थित ढंगले अघि बढाउन आवश्यक संस्थागत व्यवस्थाहरू नगर्दा पनि यो समस्या आएको हो । निजी फाइदाका लागि पनि सहकारी संस्थाहरू स्थापना गर्ने होडका कारण समग्र सहकारी क्षेत्रको विकासमा नकारात्मक प्रभाव पर्न गयो । प्रतिस्थापन भइसकेको सहकारी ऐन, २०४८ लाई छाता ऐनको रूपमा सामान्य परिमार्जनसहित संघीय सहकारी ऐनमा रूपान्तरण गर्न सकिन्थ्यो र अभियानको माग बमोजिम बचत तथा ऋण सहकारी ऐन, कृषि सहकारी ऐनको निर्माण गरेर ती क्षेत्रको कारोवारलाई व्यवस्थित गर्न सकिने ठाँउ थियो ।

२०४९ सालमा सहकारी संस्थाहरूको सबैभन्दा माथिल्लो संगठन राष्ट्रिय सहकारी संघ र केन्द्रीय विषयगत संघको रूपमा नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ एवं केन्द्रीय दुग्ध उत्पादक सहकारी संघको गठन भयो । राष्ट्रिय सहकारी संघले २०५४ सालमा अन्तर्राष्ट्रिय सहकारी महासंघको सदस्यता समेत प्राप्त गऱ्यो । २०५७ सालमा कृषि मन्त्रालयको नाम परिवर्तन भई कृषि तथा सहकारी मन्त्रालय कायम गरियो । यही वर्ष सहकारी ऐन

२०४८ को दफा २६ संशोधन गरी नेपालमा राष्ट्रिय सहकारी बैंक स्थापना गर्ने व्यवस्था भयो फलस्वरूप २०६१ सालदेखि सहकारी बैक संचालनमा आउन सकेको छ। २०६३ को चैत्रसम्ममा सहकारी संस्थाहरूको संख्या ९७२० रहेकोमा २०७४ साल अषाढसम्म आइपुग्दा सहकारी संस्थाहरूको संख्या ३४ हजार ५ सय पुगेको छ। यी सहकारीहरूमा सदस्य संख्या ६३ लाख नाघेको छ। महिला सहभागिताको दृष्टिकोणले सहकारी अभियान समृद्ध देखिन्छ। कूल सदस्य संख्यामा महिलाको सहभागिता ५१ प्रतिशतभन्दा पनि बढी छ। सहकारीको नेतृत्व तहमा २ लाख ४७ हजार ८ सय २७ जना रहेकोमा महिलाको सहभागिता ३९ प्रतिशत पुगेको छ। करिव ३ हजार सहकरी संस्थाहरूमा महिलाहरूको मात्र सहभागिता रहेको छ। सहकारी क्षेत्रको कारोवारसमेत झण्डै रू.४ खर्व पुगेको छ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३५ (२) ले नेपालको अर्थतन्त्रको विकासमा पहिलो पटक सरकार, सहकारी र निजी क्षेत्रको परिचालनलाई आधार बनाउने व्यवस्था गरेको थियो। २०७२ सालमा जारी भएको नेपालको संविधानको भाग ४ राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व अन्तर्गत धारा ५१ को खण्ड (घ) (१) मा "सार्वजनकि, निजी र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकासमार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने" भन्ने प्रावधान रहेको छ। सोही खण्डको (३) मा "सहकारी क्षेत्रलाई प्रवर्द्धन गर्दै राष्ट्रिय विकासमा अत्यधिक परिचालन गर्ने" भन्ने व्यवस्थासमेत संबिधानमा रहेको छ। नेपालको संविधानको अनुसूची ५, ६ र ८ मा संघ, प्रदेश र स्थानीय सरकारको सहकारी सम्बन्धी एकल अधिकार क्षेत्र र ७ र ९ मा साझा अधिकार सम्बन्धी व्यवस्था गरेको छ। सरकारले २०६९ साल जेष्ठ ५ गते सहकारी तथा गरिवी निवारण मन्त्रलायको स्थापनासमेत गरेकोमा देश संघीय संरचनामा गएपछि यो मन्त्रालय पुनः कृषि मन्त्रालयसँग जोडिन पुगेको छ। यतिखेर प्रदेश सरकारमा पनि भूमि व्यवस्था र कृषिसँग जोडेर सहकारी मन्त्रालयको व्यवस्था भएको छ।

## सहकारी क्षेत्रका चुनौतीहरू

**राष्ट्रिय सहकारी नीतिको कार्यान्वयन र परिमार्जन :** लामो समयसम्म देशमा सहकारी क्षेत्रको विकास, विस्तार र प्रवर्द्धनका लागि छुट्टै राष्ट्रिय सहकारी नीति बन्न सकेको थिएन। २०६९ सालमा राष्ट्रिय सहकारी नीति जारी भएको छ। राष्ट्रिय सहकारी नीति, २०६९ लाई समयबद्ध ढंगले कार्यान्वयनमा

ल्याउन सकिएको देखिदैन । यो नीतिमा अहिलेको संघीय संरचना बमोजिम समायोजन र परिमार्जन गर्ने कामलाई प्राथमिकतामा राखिनु पर्दछ । अझ अब बन्ने नीतिमा स्थानीय तह र प्रदेश सरकारको समेत परामर्श अपरिहार्य रहन्छ । राष्ट्रिय नीतिका आधारमा प्रत्येक तहको सरकारले उपयुक्त कानूनी व्यवस्था, दीर्घकालीन योजना र वार्षिक कार्यक्रमहरू तय गर्नु पर्दछ । यो जिम्मेवारी निर्वाह गर्न संघीय सरकार, प्रदेश सरकार र सबै स्थानीय तहको योगदान आवश्यक छ ।

**सहकारी ऐन, २०७४ मा परिमार्जन :** विश्व श्रम संगठन र विश्व क्रेडिट युनियनले जारी गरेका नमूना कानुनहरू र अन्तर्राष्ट्रिय सहकारी महासंघले स्वीकार गरेको सहकारी सिद्धान्तको व्याख्यालाई सहकारी ऐन बनाउँदा आधार बनाइनु पर्दछ । त्यसैगरी सहकारी अर्थ व्यवस्थाको विकासमा भारत, चीन, जापान, कोरिया, श्रीलंका जस्ता एशियाली मुलुकहरूको सफल अभ्यासलाई समेत हामीले आधार बनाउन सक्दछौँ । पुँजी परिचालन र उत्पादक पूर्ण रोजगारी सिर्जनाको माध्यमबाट सहकारी उद्योग व्यवसायले देशको आर्थिक विकासमा योगदान पुऱ्याउने ढंगले सहकारी क्षेत्रको लागि ऐन, नियम बनाउन आवश्यक छ ।

**सहकारीको राज्य संरचनाहरू :** सहकारी विभागले उपयुक्त संगठन संरचना र दक्ष जनशक्तिको अभावमा सहकारी संघ संस्थाको व्यवस्थापनलाई बलियो र प्रभावकारी बनाउन सकेको छैन । सहकारी बहुआयामिक विषय भएकोले अन्य निकायहरूलाई समेत समन्वय गरेर मात्र यो क्षेत्रको विकास हुन सक्दछ । सबै निकायहरूलाई एउटै सूत्रमा कार्यान्वयन गर्न गराउन अहिलेको संरचनामा परिवर्तनको खाँचो छ । त्यसै गरी ७५३ वटा स्थानीय तह र ७ प्रदेश तहको सरकारको सांगठनिक क्षमता अभिवृद्धिमा ध्यान दिन पनि त्यत्तिकै आवश्यक छ । यस अघि सहकारी विभाग र सहकारी प्रशिक्षण केन्द्र बाहेक ३८ जिल्लामा सहकारीका कार्यालयहरूबाट देशका सहकारीको दर्ता र नियमनको कार्य हुँदै आएकोमा यो काम अहिले यी निकायहरूको जिम्मेवारीमा पुगेको छ । विशेष गरी स्थानीय तहको सरकारले सहकारीलाई कसरी लिएको छ त्यसमा सहकारीको विकास र प्रवर्द्धन भर पर्ने हो । यसमा एकरूपता वा ठाँउ विशेषका आधारमा थप सकारात्मक र परिपुरक व्यवस्थाहरू गरी अघि बढ्ने जटिलता पनि छ ।

**सहकारी विकास बोर्डको भूमिका :** तत्कालीन साझा विकास केन्द्रलाई २०४९ सालमा राष्ट्रिय सहकारी विकास बोर्ड ऐन, २०४९ ल्याई राष्ट्रिय

सहकारी विकास बोर्डको स्वरूपमा यस वोर्डको गठन गरिएको थियो । राष्ट्रिय सहकारी विकास बोर्डलाई सहकारी क्षेत्रको विकास, बिस्तार र प्रवर्द्धन गर्ने Think Tank को रूपमा विकास गर्न खोजिएकोमा विगतको इतिहास केलाउदा यसले सहकारी क्षेत्रको विकासमा ठोस योगदान पुऱ्याउन सकेको छैन । बोर्डको संगठन संरचना र गठन विधिमा अत्यधिक राजनैतिक हस्तक्षेप एउटा कारण हो भने यसले प्राप्त गरेको भूमिका कार्यान्वयनमा ल्याउन नसक्नु अर्को विडम्बना हो । संघीय ढाँचामा राज्यको रूपान्तरण भएको यो अवस्थामा सहकारी विकास बोर्डको संगठन संरचनामा परिमार्जन तथा प्रदेश सरकार र स्थानीय तहको प्रतिनिधित्वको सुनिश्चितता आवश्यक छ । प्रदेश सरकारले आफैले पनि सहकारी विकास बोर्डको धारणा अघि बढाउन सक्ने सम्भावना पनि त्यत्तिकै छ । सहकारी क्षेत्रमा अध्ययन अनुसन्धान, नीति निर्माण, विभिन्न निकाय बीचको समन्वय, सहकारीको प्रबर्द्धन र सहकारी उद्योग व्यवसाय सम्भाव्यताको सम्भाव्यताको आधारमा पुँजीगत सहयोगको काममा यो बोर्डलाई जिम्मेवार बनाउन सकिन्छ ।

**सहकारी बीचको सहकार्यका लागि संघीय संरचना :** सहकारीको विकास, विस्तार र प्रवर्द्धनमा सहकारीको छैठौं सिद्धान्त सहकारी बीचको सहकार्यको विधिलाई व्यवहारिक प्रयोगको अवस्था सिर्जना गर्नुपर्ने हुन्छ । यस्को लागि पहिलो उपाय भनेको सहकारीहरूको तहगत संघीय संरचनाको निर्माण गर्नु हो । अहिले जिल्ला, प्रदेश र केन्द्रमा सहकारीको विषयगत संघ स्थापना हुन सक्ने प्राबधान रहेको छ । त्यसैगरी जिल्ला र प्रदेशमा सहकारी संघ गठन हुन सक्नेछ । राष्ट्रिय स्तरमा सहकारीका संघहरूको मात्र सदस्यता रहने एउटा महासंघको व्यवस्था ऐनले गरेको छ । सहकरीका विषयगत संघहरू व्यावसायिक संघहरू हुन । यस्ता विषयगत संघहरूको स्थापना व्यावसायिक सम्भाव्यताको आधारमा मात्र निर्माण हुन सक्दछ । जिल्ला र प्रदेश तहको एक-एक सहकारी संघ र राष्ट्रिय सहकारी महासंघ सहकारी संघ संस्थाहरूको एशोसियसनको भूमिकामा राखिनु उपयुक्त हो । तर, ऐनमा भएको व्यवस्था बमोजिम राष्ट्रिय सहकारी महासंघ र जिल्ला तथा प्रदेशमा स्थापना हुने सहकारी संघलाई पनि लिमिटेड शब्दको प्रयोग गर्नै पर्ने बाध्यात्मक व्यवस्था गरी यिनलाई व्यावसायिक संघ बनाउन खोजेको देखिन्छ । विषयगत संघहरू आवश्यकताका आधारमा बन्ने हो । यद्यपि, वित्तीय सहकारीहरूको संघमा आबद्धता अनिवार्य नै मानिन्छ । सहकारी ऐनले वित्तीय सहकारी संघ संस्थाहरूलाई समेत संघमा सदस्यता अनिवार्य गरेको छैन ।

**नियमन तथा अनुगमन :** सहकारीको स्वायत्तता र स्वनियमनको अभ्यासलाई बलियो बनाउने गरी सहकारी संस्थाहरूको आन्तरिक नियन्त्रण पद्दति र बाह्य अनुगमनको व्यवस्था सबल बनाउन नसकिएकोले समग्र सहकारी अभियान कलंकित बनिरहेको छ । विशेष गरी वित्तीय कारोवार गर्ने सहकारी संस्थाहरूको नियमनलाई प्रभावकारी बनाउनुको विकल्प छैन । यसका लागि चुस्त दुरूस्त अनुगमन नियमन गर्ने निकायको व्यस्था मिलाउनु पर्ने हुन्छ । वित्तीय सहकारीको बाहुल्यता रहेको मुलुकहरूमा वित्तीय सहकारीहरूको नियमनका लागि छुट्टै कानून र अनुगमन तथा नियमनका लागि सशक्त र स्वायत्त संगठनको निर्माण गरिएको हुन्छ । कतिपय देशहरूमा वित्तीय सहकारीको प्रादेशिक वा केन्द्रीय सहकारी संघलाई यो अधिकार कानून बमोजिम नै प्रत्यायोजन गरिएको पाइन्छ । सहकारी ऐनले नियमनको काम अब ७५३ वटा स्थानीय तह, ७ वटा प्रदेश सरकार र केन्द्रमा रहने सहकारी विभागलाई तोकिदिएको छ । यतिखेर स्थानीय तहहरूमा सहकारी कार्यालयहरूमा रहेको अभिलेख हस्तान्तरण गर्ने कार्य भइरहेको छ । प्रादेशिक सरकारलाई अभिलेख हस्तान्तरणको काम पनि सम्पन्न भएको छ । यसरी स्थानीय तहहरू र प्रदेश सरकारको सम्बन्धित मन्त्रालय वा विभागले नियमनको जिम्मेवारी निर्वाह गर्नु पर्ने हुन्छ । सहकारी ऐनको व्यवस्थालाई आधार बनाई यी सरकारी निकायहरूले सम्बन्धित सहकारी संघलाई परिचालन गरी नियमनको कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन सक्ने अवस्था पनि विधमान रहेको छ ।

**सहकारी अध्ययन तथा तालिम :** सहकारी क्षेत्रमा आवश्यक पर्ने जनशक्ति व्यवस्थापनका लागि काठमाडौमा रहेको सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्रले काम गर्दै आइरहेकोमा २०६१ साल पछि सुनसरी, चितवन, कास्की, बाँके र कैलालीमा रहेका सहकारी कार्यालयहरूलाई सहकारी प्रशिक्षणको कामसमेत गर्ने गरी जिम्मेवारी दिइएको थियो । ३४ हजार भन्दा बढीको संख्यामा रहेका सहकारी संस्थाहरूका पदाधिकारी र कर्मचारीहरूका लागि स्तरीय तालिम सञ्चालन गर्न र सहकारीमा उच्चस्तरको जनशक्ति उत्पादन गर्न औपचारिक शिक्षाहरूको समेत व्यवस्था अपरिहार्य भएको छ । अहिलेको अवस्थामा पहिले भएका सहकारी प्रशिक्षण केन्द्रहरूलाई प्रादेशिक आधारमा प्रदेश सरकारलाई जिम्मा लगाउनु पर्ने अवस्था छ । काठमाडौंमा रहेको प्रशिक्षण तथा अनुसन्धान केन्द्रलाई सहकारी कलेजमा रूपान्तरण गरी सहकारी विषयमा स्नातक र स्नातकोत्तर तहको जनशक्ति निर्माण उपयोग गर्न सकिन्छ ।

**सहकारीका मूल्य र सिद्धान्तहरूको प्रवर्द्धन :** सहकारीको विश्वव्यापी मान्यता प्राप्त सहकारीका मूल्य तथा सिद्धान्तहरू को प्रवर्द्धन गर्न सहकारी अभियान र राज्य दुवैको सन्तुलित भूमिका आवश्यक पर्दछ । धेरै देशहरूमा राज्यको हस्तक्षेप का कारणले वा सहकारी अभियान भित्र व्यापारी प्रवृति र चरम राजनीतिका कारण समस्याहरू सिर्जना भएका घटनाहरू भेटिन्छन् । नेपालको सहकारी क्षेत्रलाई पनि यी दुवै अतिवादबाट जोगाउने काम चुनौतिपूर्ण बनेको छ ।

**सहकारीको सम्भावना भएका आर्थिक क्षेत्रहरू :**

**किसानहरू**का लागि सहकारी ज्यादै उपयोगी हुन्छ । किसानहरू एकल रूपमा आवश्यक कृषि सामग्रीहरूको जोहो गर्न सक्षम हुदैनन । त्यस्तै उत्पादनका लागि उपयुक्त प्रविधि र सीपको उपयोग गर्न सक्दैनन् । उत्पादन गरिएको कृषि उपजहरू कच्चा पदार्थको रूपमा बिक्री गर्न विवश हुन्छन्, जसले गर्दा उत्पादनको उचित मूल्य पाउन सक्दैनन् । उत्पादन भएको सामग्रीहरू उपयुक्त प्रविधिको उपयोग गरेर केही समयका लागि भण्डारणसम्मको व्यवस्था गर्न नसक्दा कम मूल्यमै उत्पादित सामग्रीको विक्री गर्नु पर्ने वा सडेर जाने अवस्था सिर्जना हुन्छ । समस्या पर्दा सरल कर्जाको जोहो गर्न नसक्दा परम्परागत उत्पादन प्रणालीमा भर पर्नु पर्ने अवस्था हुन्छ । यसरी समग्रमा एकल किसानको जीवनस्तर उठाँउन समूहमा आउनै पर्ने हुन्छ । यसका लागि किसानहरू संगठित भई सहकारी स्थापना गरेर आफ्ना साझा समस्या समाधानका लागि सक्षम बन्ने बाटो हुन्छ । जापान र द कोरियाका ९० प्रतिशत भन्दा बढी किसानहरू सहकारीमा आबद्ध छन् । न्यूजिल्याण्डको फोन्टेरा डेरी सहकारीमा १० हजार बढी किसानहरू आबद्ध छन् । भारतको अमुल सहकारीमा ३६ लाख कृषकहरू आबद्ध रहेका छन् । भारतकै इफ्कोमा ३६ हजार सहकारी संघ संस्थाहरूमा जोडिएका ५ करोड भन्दा बढी कृषकहरूको अप्रत्यक्ष संलग्नता रहेको छ । अमेरिकाको ल्याण्ड ओ लेकले ३ लाख किसानहरूलाई संगठित गरेको छ । सहकारीमा आबद्ध भएपछि कृषकहरूले आधुनिक प्रविधि र उपकरण, सीप, प्राविधिक सेवा, सरल कर्जा, बिमाजस्ता सबै सहयोग प्राप्त गर्दछन् ।

**उपभोक्ताहरू** हरेक दिन आफूले दैनिक उपभोग गर्नु पर्ने चिजहरूको खरिद गर्दा ठगिइरहेका हुन्छन । मूल्य, तौल र गुणस्तरको विषय जहिले पनि उपभोक्ताहरूको टाउको दुखाइ हुन्छ । त्यसैले उपभोक्ताहरू संगठित

भई सहकारी पसलहरूको स्थापना गर्दछन् । यस्ता सहकारी पसलहरूलाई सहयोग र समन्वय गर्न सहकारी पसलहरूको सदस्यता रहेको उपभोक्ता संघको निर्माण गरेर थोकमा सामानहरू उपलब्ध गराउने काम गर्ने गरिन्छ । यीबाहेक आफै उत्पादन, प्रशोधन तथा प्याकेजिङसम्मको काम गरेर मूल्य कम गर्दै लैजाने र गुणस्तरमा समेत शुद्धता कायम गर्न सहकारीमार्फत उपभोक्ताहरू सफल हुन्छन् । यो बाहेक कालो बजारीको समस्या आउन नदिने र उपभोक्ताहरूलाई संकटको वेलामा समेत उचित वितरण प्रणालीको अवलम्बन गरेर ढुक्क बनाउन सहकारी पद्धतिको व्यवसायहरूको आवश्यकता पर्दछ ।

दैनिक उपभोगका बस्तुहरू बिक्री गर्ने सहकारीबाहेक सदस्यहरूलाई सेवा पुऱ्याउन स्वास्थ्य सेवा, शिशु स्याहार केन्द्र, ट्राभलको व्यवस्थापनजस्ता अन्य क्षेत्रहरूमा सहकारी पद्धतिको उपयोग प्रभावकारी रहेको छ। उदाहरणका लागि २ करोड ८० लाख सदस्यहरू भएको विश्वकै सबैभन्दा ठूलो जापानको उपभोक्ता सहकारीलाई लिन सकिन्छ । जापानभर यसको ३३४ वटा सदस्य सहकारी रहेको छ । यसले जापानको ३७ प्रतिशत घरपरिवारलाई उपभोक्ता सामान बिक्री गरेर सेवा दिइ रहेको छ। ९० प्रतिशत सदस्यहरू महिलाहरू छन् । सामानहरू घर घरमै डेलिभरी हुने व्यवस्था गरिएको छ । यस्तै स्वीट् जरलैण्डमा रहेको Migros विश्वकै ४० औ ठूलो खुद्रा बिक्रेता हो। Migros सहकारी मोडलमा विकसित भएको छ । यसका २० लाख शेयर सदस्यहरू रहेका छन् ।

विभिन्न सामानका निजी खुद्रा पसलका **बिक्रेताहरू** संगठित भएर सहकारीमार्फत साझा रूपमा सामग्रीहरू खरिद गर्ने साथै संयुक्त रूपमा बजारको बिस्तार गरी वितरण प्रणालीलाई चुस्त बनाई उपभोक्ता र स्वंय आफैलाई पनि लाभ पुऱ्याउन सहकारी प्रभावकारी माध्यम हुन्छ। उदाहरणका लागि औषधि बिक्रेताहरूले सहकारीको स्थापना गरी साझा रूपमा औषधि खरिद गरी सदस्यहरूको पसलमा आपूर्ति गर्ने व्यवस्था मिलाइयो भने व्यक्तिगत भन्दा सामूहिक खरिदमा बढी सहूलियत दरमा औषधिहरू प्राप्त हुने प्रवल सम्भावना हुन्छ । यसबाट क्रेताहरूलाई समेत लाभ मिल्दछ । अमेरिकाको Ace Hardware खरिद सहकारीको एउटा उदाहरण हो । यसको वार्षिक बिक्री ५ अर्ब अमेरिकी डलर पुगेको छ। ५ हजार ठाँउहरूमा यसका बिक्री केन्द्रहरू रहेको र ६० देशमा यसको सेवा पुगेको छ (सन् २०१५) ।

**श्रमिकहरू** स्वंयले एक आपसमा संगठित भई सहकारी पद्धतिबाट कुनै

उद्योग व्यवसाय स्थापना गरे भने उक्त उद्योग व्यवसायको व्यवस्थापनमा स्वंय श्रमिकहरूको सहभागिता हुन्छ, जसले गर्दा उनीहरूले श्रमिकको पक्षमा निर्णयहरू गर्दछन् । यस्का साथै श्रमिकहरू आफै स्वामी भएको उद्योग व्यवसायबाट राम्रो पारिश्रमिक तथा अन्य सुविधाहरू पाउने सम्भावना हुन्छ । सामाजिक सुरक्षाको लागि भरपर्दो व्यवस्थाहरू गर्न पनि श्रमिक सहकारीलाई सजिलो हुन्छ । उद्योग व्यवसायको मुनाफासमेत आफै बीच बाँडिने भएकोले काममा उत्प्रेरणा सिर्जना भई क्षमतामा अभिबृद्धिसमेतको बढी सम्भावना रहन्छ । यसरी श्रमिक सहकारीले स्वयं श्रमिकहरूलाई बढी फाइदा पुग्नुका साथै राज्यलाई समेत उत्पादक पूर्ण रोजगारीको सिर्जना गर्न र श्रम सम्बन्धलाई सन्तुलित राख्न मद्दत मिल्दछ । भारतको १४ वटा राज्यका १५ लाख श्रमिकहरू संगठित भएको सेवा (Self-Employed Women's Associations) सहकारी श्रमिक सहकारीको राम्रो उदाहरण हो । यो बहुउद्देश्यीय सहकारी हो । बैंक, बिमादेखि स्वरोजगारमूलक हरेक खालको व्यवसायमा यो सहकारी संलग्न रहेको छ ।

**उत्पादकहरू** एकजुट भई सहकारीमार्फत साझा व्यवसाय स्थापना गरे भने उत्पादित वस्तुहरूमा मूल्य अभिवृद्धि भई बढी लाभान्वित बन्न पुग्दछन् । उदाहरणका लागि घरेलु उद्योगबाट उत्पादित सामग्रीहरूको बजारीकरणमा सहकारी पद्धतिबाट उत्पादकहरू वीच रहेका अस्वस्थ प्रतिस्पर्धाको क्षतिबाट जोगाउनुका साथै उपयुक्त बजार खोज्न र नयाँ प्रविधिको प्रयोग गर्न पनि सहज बन्दछ । यस अन्तर्गत प्रशोधन र मूल्य अभिवृद्धिसहितको घरेलु तथा औधोगिक उत्पादनहरू पर्दछ । डेरी, जडिबुटी, औषधी, कपडा, पेय पदार्थ, दैनिक उपभोगका सामानहरू, कालिगढी सामग्रीहरू आदि ।

नियमित रूपमा **बचत गर्ने** वा **कर्जा लिई** उद्योग ब्यवसाय गर्नु पर्ने व्यक्तिहरू पनि एक आपसमा संगठित भई बचत तथा ऋणको कारोवार गर्ने सहकारी स्थापना गरे भने बचतमा उचित प्रतिफल तथा ऋणमा उचित ब्याजदरको लाभ लिन सदस्यहरू सक्षम हुन्छन् । वित्तीय सहकारीको उदाहरणहरू प्रशस्त रहेको छ ।

समग्रमा वित्तीय कारोवार (बचत गर्ने र ऋण लिने), उपभोग गरिने दैनिक सामग्रीहरूको आपूर्ति, कृषि उत्पादनदेखि बजारीकरणसम्मको काम र स-साना तथा मझौला उद्योगधन्दा तथा श्रमिकहरूको स्वामित्व रहने उद्योग व्यवसायहरूको स्थापनामा सहकारी पद्धतिको विकल्प देखिएको छैन । त्यसबाहेक स्थानीय श्रम, सीप र पुँजीको एकीकृत रूपमा परिचालनका लागि

राज्य र निजी क्षेत्रभन्दा सहकारी पद्धति बढी प्रभावकारी र दिगो हुने यथार्थ पनि विश्व सहकारी अभियानले पुष्टी गरिसकेको कुरो हो ।

**तत्कालीन समस्याहरू :**

पहिलो समस्या **नीतिगत र कानूनी** व्यवस्था को हो । सहकारीको अधिकार क्षेत्र स्थानीय तह र प्रदेशमा पुगेको छ । ७५३ वटा स्थानीय तह र ७ वटा प्रदेशहरूले स्वायत्त रूपमा आफ्नो क्षेत्रभित्र सहकारीको विकास र प्रवर्द्धनमा आवश्यक नीतिगत व्यवस्थाहरू गर्ने अधिकार राख्दछन् । सहकारीको प्रचलित सिद्धान्त र मूल्य एवं राम्रा अभ्यासहरूका आधारमा सहकारी सम्बन्धी नीतिगत व्यवस्था र कानूनी ढाँचा अहिलेको आवश्यकता हो । ७६१ वटा नीति र कानूनहरूबीच आवश्यक तालमेल आजको चुनौति हो ।

दोश्रो समस्या भनेको **सुपरीवेक्षण र नियमन** हो । अहिले सहकारीका फाइलहरू स्थानीय तह र प्रदेशमा हस्तान्तरण गरिएको छ । स्थानीय तह र प्रदेश मन्त्रालयमा जनशक्तिको अभाव एउटा समस्या रहेको छ भने अर्कोतर्फ सुपरीवेक्षण र नियमनको काम ती सरकारहरूको प्राथमिकतामा पर्न सकेको छैन । व्यवस्थापकीय पक्षहरू कमजोर रहेको कारणबाट अहिले भएका सहकारीहरूको अनुगमन र नियमन अवश्य नै प्रभावित बनेको छ ।

तेश्रो समस्या भनेको विधमान सहकारी ऐन, २०७४ ले समाधान गर्न नसकेको **विभेदकारी व्यवस्था** हो । यो ऐनले सहकारीमार्फत हुने बचत तथा ऋणको कारोवारलाई मान्यता दिएको छ । तर, सहकारीको अन्य क्षेत्रहरूका बारेमा अन्य निकायहरूको नीतिमा निर्भर बनाई दिएको छ । सहकारी ऐन, २०७४ कै आधारमा सहकारी मार्फत विद्यालय, संयुक्त आवाश, औद्योगिक प्रतिष्ठान, घरेलु उद्योग, पर्यटन व्यवसाय, उर्जा, बिमा, स्वास्थ्यजस्ता क्षेत्रहरूमा लगानी गर्न सहकारी मोडललाई कुनै अन्य निकायले प्रोत्साहन गर्ने नीतिगत व्यवस्था नै हुन सकेको छैन । सहकारी दर्ता गरेर पनि ती निकायहरूको सहमति नलिई कुनै अन्य व्यवसाय गर्न सम्भव नै छैन । उद्योग विभागले कलकारखाना दर्ता नगरिदिने वा घरेलुले स-साना घरेलु उद्योगधन्दा सहकारी मोडलमा सञ्चालन गर्न नदिने हो भने सहकारीको विकास कसरी सम्भव छ ? कम्पनी ऐन सरह सहकारी ऐनलाई महत्व दिने व्यवस्था नहुँदा विभेद भएको छ । यो विभेद हटाउन आवश्यक छ ।

चौथो समस्या भनेको वित्तीय सहकारीमा **बचत रकमको असुरक्षा** हो । विश्वभरि आम बचत कर्ताको बचत रकमको सुरक्षाको व्यवस्था गरिएको

हुन्छ । अमेरिकामा क्रेडिट युनियन वा सहकारी बैंकमा राखिएको बचतमध्ये २ लाख ५० हजार अमेरिकी डलरको सुरक्षा प्रबन्ध गरिएको छ । यूरोपेली मुलुकहरूमा यो एक लाख युरोको छ । क्यानडामा सबै बचतको सुरक्षण गरिएको हुन्छ । भारतमा पनि १९६७ देखि बचत सुरक्षणको प्रयोग भएको छ । हामीले यो व्यवस्था नगर्दा सहकारीमा राखिएको बचत रकमहरू उच्च जोखिममा रहेको छ । यसरी वित्तीय सहकारीलाई अगि बढाउन हुदैन । यो बाहेक केन्द्रीय तरलता कोषको अभावमा राम्रै सहकारीहरू पनि दिवालिया बन्ने अवस्था आउने छ ।

पाँचौ समस्या **साझेदारीसँग** सम्बन्धित छ । सहकारीलाई सरकारको सहयोग आवश्यक पर्दछ । कतिपय अवस्थामा लगानीमा साझेदारी आवश्यक हुन्छ भने कहिले सहूलियत कर्जा वा अनुदान । सहकारीको महत्वपूर्ण सिद्धान्तहरू स्वायत्तता र स्वतन्त्रता र सहकारीमा सदस्यहरूको प्रजातान्त्रिक नियन्त्रणको रक्षा गर्दै सरकारको लगानी र सहयोग परिचालन गर्न आवश्यक छ । यसका लागि भारतमा जस्तो सोँच राखेर स्थापना गरिएको सहकारी विकास बोर्डको भूमिकामाथि पूनरावलोकन आवश्यक छ ।

छैठौ समस्या **सहकारी शिक्षा** र सहकारीको **व्यवस्थापन तालिम** हो । विद्यालय तथा विश्वविद्यालयका विभिन्न तहहरूमा सहकारी शिक्षाको व्यवस्था र सहकारी व्यवस्थापन तालिमलाई व्यापकता दिन अति नै आवश्यक छ । सहकारी शिक्षाको अभाव र तालिमको अपर्याप्तताले गर्दा सहकारी क्षेत्रको समग्र व्यवस्थापनमा प्रतिकूलता थपिएको छ ।

## नेपालको सहकारी क्षेत्रको विकासका प्राथमिकताका क्षेत्रहरू :

### सहकारी शिक्षा र तालिमको क्षेत्र :

सहकारीको मूल्य र सिद्धान्तहरूको अनुसरण नगरी सहकारी सञ्चालन गर्न हुदैन । नेपालका बहुसंख्यक सहकारीहरू सहकारीका मूल्य र सिद्धान्तहरूको अनुसरणमा कमजोर छन् । यो अवस्था सिर्जना हुनुमा ज्ञानको कमी नै हो । सहकारी शिक्षा र व्यवस्थापन तालिमलाई व्यापक र प्रभावकारी बनाउन स्थानीय तह, प्रदेश सरकार र संघीय सरकारले ध्यान दिन आवश्यक छ । सहकारीका सदस्यहरूलाई अनौपचारिक सहकारी शिक्षा र पदाधिकारीहरूलाई सहकारी व्यवस्थापन सम्बन्धी तालीम लिने दिने व्यवस्थालाई अनिवार्य बनाउन आवश्यक छ । सहकारी शिक्षालाई माध्यमिक तथा उच्च-माध्यमिक

एवं व्यवस्थापन विषयको उच्च शिक्षाको पाठ्यक्रममा समावेश गराई सहकारीको लागि आवश्यक पर्ने दक्ष जनशक्तिको व्यवस्था गर्न ढिलो भएको छ । व्यावसायिक शिक्षाहरूमा सहकारी शिक्षा तथा सार्वजनिक क्षेत्रका तालीम प्रशिक्षणहरूमा सहकारी विषय अनिवार्य गर्न सकिन्छ ।

राष्ट्रिय सहकारी प्रशिक्षण प्रतिष्ठानको गठन गरी सहकारी सम्बन्धी अध्ययन, अनुसन्धान तथा प्रशिक्षणको कार्यलाई बढी प्रभावकारी बनाउन सकिन्छ । यसै प्रतिष्ठान अन्तर्गत सहकारी प्रशिक्षण केन्द्रहरूलाई व्यवस्थित र विस्तार गर्न सकिन्छ । यसका साथै सहकारी सम्बन्धी जनचेतना बढाउन सञ्चार माध्यमहरूको प्रभावकारी उपयोग र सहकार्यमा विशेष जोड दिन पनि आवश्यक छ । त्यसैगरी शिक्षण संस्थाहरूमा सहकारी सम्बन्धी रचनात्मक क्रियाकलापहरू सञ्चालन गरी विद्यार्थी जीवनमा नै सहकारी पद्धतिको अभ्यास गर्न उत्प्रेरित गर्न सकिन्छ । सहकारीको अनौपचारिक शिक्षा प्रबर्द्धन गर्न प्रबर्द्धनात्मक सामग्रीहरूको प्रकाशन र प्रभावकारी प्रसारणको व्यवस्था मिलाउन सकिन्छ । अहिले सहकारी सम्बन्धी प्रशिक्षण दिने एक मात्र निकाय काठमाडौमा रहेको सहकारी प्रशिक्षण केन्द्र हो जो २०१९ सालदेखि सञ्चालनमा रहेको छ । यस अघि ५ विकास क्षेत्रमा रहेको सहकारी प्रशिक्षण केन्द्रहरू अहिले सञ्चालनमा छैनन् । यस्तो अवस्थामा सहकारी प्रशिक्षणको कार्य प्रभावित भएको छ ।

**कृषि र अन्य आर्थिक क्षेत्र :**

सहकारी पद्धतिबाट उद्योग व्यवसाय स्थापना र सञ्चालन गर्न कुनै अवरोध नहुने गरी सम्बन्धित विषयहरूको क्षेत्रगत नीति तथा कानूनहरूमा परिमार्जन आवश्यक छ । यस्तो व्यवस्थाले समूहगत रूपमा सहकारी स्थापना गरी सबै आर्थिक क्षेत्रमा सहकारी उद्योग व्यवसाय सञ्चालन गर्ने फराकिलो आधार तयार हुनेछ । श्रमिकहरूको स्वामित्व रहने सहकारी उद्योग व्यवसाय मार्फत देश भित्रै रोजगारीको अवसर सिर्जना गर्नेगरी श्रमिक सहकारी उद्योग व्यवसायको स्थापनालाई प्रश्रय दिन उत्तिकै जरूरी छ । यसबाट सीपमूलक जनशक्तिहरू एक आपसमा मिली सामूहिक उद्योग व्यवसाय गर्न सक्ने वातावरण तयार हुनेछ । यो उपाय युवा लक्षित स्वरोजगारमूलक कार्यक्रमका लागि पनि उपयोगी हुन सक्दछ । कृषि उत्पादन, भण्डारण, प्रशोधन तथा बजारीकरण र कृषि सामग्रीको आपूर्ति व्यवस्थापनमा कृषि सहकारी संघ संस्थाहरूको संलग्नतालाई प्रोत्साहन गरी उत्पादक कृषक र उपभोक्ताहरू बीचको विचौलियाहरूको शोषणको अन्त्य नगरेसम्म किसानहरूको हित हुन

सक्दैन । कृषि क्षेत्रको विकासका लागि सहकारीको विकल्प देखिदैन ।

कृषि, शिक्षा, स्वास्थ्य, उर्जा, बीमा, पर्यटन, सञ्चारजस्ता उत्पादन तथा सेवाका उद्योग व्यवसायमा सहकारी संघ, संस्थाको लगानी र व्यवस्थापनलाई उत्प्रेरित गर्न सम्बन्धित सरकारी निकायहरूले नेतृत्वदायी भूमिका खेल्न पनि त्यत्तिकै आवश्यक छ। सहकारीलाई अर्थतन्त्रको एउटा सवल स्तम्भको रूपमा स्थापित गर्न उत्पादन तथा सेवामूलक सहकारीहरूलाई उपयुक्त वित्तीय तथा गैर वित्तीय सुविधा उपलब्ध गराइ प्रबर्द्धनात्मक काम सञ्चालन गर्न सबै तहका सरकारको ध्यान जानुपर्दछ । राष्ट्रिय योजना आयोग, कृषि, स्वास्थ्य, उद्योग, शिक्षा, पर्यटन, उर्जा, सिँचाई, स्थानीय विकास, शहरी विकास, युवा, श्रम तथा रोजगार जस्ता केन्द्रीय र सो अन्तर्गतका निकायहरूमा सहकारी पबर्द्धनका लागि जिम्मेवार महाशाखा/शाखा वा सम्पर्क विन्दुको व्यवस्था गरी विषयगत रूपमा सहकारीको विकास, विस्तार र प्रवर्द्धनमा सम्बन्धित निकायहरूलाई जिम्मेवार बनाउने तर्फ ठोस पहल पनि आवश्यक छ ।

कृषिमा आधारित उत्पादन, भण्डारण, प्रशोधन, बजारिकरण तथा कृषि सामग्री आपूर्तिको लागि कृषकहरूको सहभागितामा स्थापना गरिएको सहकारी उद्योग व्यवसायलाई सहुलियतपूर्ण ऋण तथा अनुदान सहयोग उपलब्ध गराउने व्यवस्थालाई उच्च प्राथमिकतामा राखिनु पर्दछ । त्यसैगरी कृषि सामग्रीहरूको उत्पादन, आयात तथा निर्यात र वितरणका कार्यहरूमा सहकारीका संघ संस्थाहरूलाई पहिलो प्राथमिकता दिई आवश्यक सहयोग उपलब्ध गराउने र भूमिहीन तथा साना किसानहरूलाई सहकारी खेती गर्न उपयोगमा नआएका सार्वजनिक जग्गा लिजमा वा भोगाधिकार गर्ने गरी उपलब्ध गराउने व्यवस्था मिलाउन सकिन्छ। जग्गा चक्लाबन्दी गरी सहकारी पद्धतिबाट सामूहिक खेती गर्ने वा सहकारीमा आवद्ध भई “एक गाउँ एक उत्पादन” को लक्ष्य अनुसार एकै प्रकृतिको उत्पादनको अभियानमा लागेका कृषकहरूको सहकारीहरूलाई राज्यबाट विशेष सुविधाहरू उपलब्ध गराइ युवाहरूलाई कृषि व्यवसायमा आकर्षित गर्न सकिन्छ । कृषि क्षेत्रको उत्पादकत्व बढाउन उन्नत प्रविधिको प्रयोग गर्ने तथा प्राङ्गारिक खेतीलाई प्रोत्साहित गर्न कृषकहरू सहभागी सहकारीलाई विशेष सुविधाहरू उपलब्ध गराउने सुनिश्चितताको पनि त्यत्तिकै खाँचो छ । स्वरोजगारमूलक विशेष कार्यक्रमहरू अन्तर्गत उपलब्ध गराइने सहूलियतपूर्ण कर्जा तथा अनुदान सहयोग कार्यक्रमहरूमा कृषि तथा ग्रामीण क्षेत्रका उत्पादन, वितरण तथा सेवामूलक सहकारीलाई प्राथमिकता दिइने स्पष्ट नीति सरकारको हुनु पर्दछ । सहकारी संघ संस्थाहरूको उत्पादनलाई

उचित बजार उपलब्ध गराउने कार्यमा सघाउ पुऱ्याउन विभिन्न स्थानहरूमा सरकार र सहकारी बीचको सहकार्यमा सहकारी बजार केन्द्रहरूको विकास र विस्तार गरिदै लगेमा विचौलियाहरूको अन्त्य वा मनामानीमा नियन्त्रण गर्न सकिन्छ ।

**लक्षित समूहहरूमा सहकारी :**

सहकारी समावेशी विकासको लागि प्रभावकारी माध्यम हो । गरिवी निवारणको लागि समावेशी विकासको अवधारणालाई राज्यले प्रश्रय दिनै पर्दछ। लक्षित समूहलाई सहकारीमा आबद्ध गराउने, उनीहरूलाई सीपमूलक तालिम दिने, सामूहिक लगानीको लागि व्यवस्थापन तालिम दिने, साथै सरल पुँजी तथा वीमाको कार्यक्रमबाट लगानीको सुरक्षाको व्यवस्था गरिदिने र उत्पादन गरिएको सामानको बजार व्यवस्थामा सरकारले सहकारी अभियानसँग हातेमालो गरेर टेवा पुऱ्याउने जस्ता कार्यक्रमलाई प्याकेजमा सञ्चालन गर्न सकिन्छ । त्यसैगरी सहकारी संघ संस्थाहरूको नेतृत्वमा लैंगिक समानता र समावेशिताको अवधारणा विकास गर्न सकारात्मक विभेदका विशेष व्यवस्थाहरूका साथै नेतृत्व क्षमता विकासका लागि सशक्तीकरणका कार्यक्रमहरू सञ्चालन गर्न सकिन्छ । अनौपचारिक समूहहरूलाई सहकारीमा रूपान्तरण गरी क्षमता अभिबृद्धिका कार्यक्रमहरू सहित संस्था दर्ताको प्रकृयालाई स्थानीय तहले सहजीकरण गर्ने र समुदायका सदस्यहरूलाई सहकारीको माध्यमबाट एकजुट भई उद्योग व्यवसाय सञ्चालन गर्न उत्प्रेरित गर्ने खालका कार्यक्रमहरू सञ्चालन गरी आर्थिक विकासमा सबैलाई परिचालन गर्ने प्रयास आवश्यक छ ।

गरिब घरपरिवार पहिचानसहित त्यस्ता व्यक्तिहरूलाई सहकारीमा संगठित गरी बचत परिचालन, बिना धितो कर्जा, जोखिम व्यवस्थापन, सीपमूलक तालिम, कृषि उत्पादन तथा लघु उद्यम स्थापनामा सहयोग उपलब्ध गराउँदा गरिब समुदायमा सहकारीको पहुँच निश्चय पनि अभिवृद्धि हुन्छ । सहकारीमा आबद्ध विपन्न महिला, सीमान्तकृत, गरिब समुदाय, अपाङ्ग, भूमिहीन तथा पिछडिएको समुदाय र श्रमिकहरूलाई स्वरोजगारमूलक उद्योग तथा व्यवसाय स्थापना गर्न आवश्यक पर्ने व्यावसायिक तथा सीपमूलक तालीमहरू प्रदान गर्ने व्यवस्था मिलाउन सकिन्छ । महिला उद्यमशीलता र नेतृत्वको विकास गर्न महिलाहरूले सञ्चालन गरेका सहकारीहरू बीच सहकार्यका लागि सामूहिक लगानीका उद्योग व्यवसाय सञ्चालन गर्न प्रोत्साहन गर्ने नीति

स्थानीय तहले बनाउनु पर्दछ । सहकारी मार्फत महिलाहरूद्वारा स्थापना गरिने साना तथा घरेलु उद्योगहरूलाई पुँजीगत अनुदान सहयोग उपलब्ध गराउने, सीमान्तकृत एवं न्यून आय भएका वर्गलाई सहकारीमा आबद्ध गराई उपलब्ध सीप, पुँजी तथा श्रमलाई अत्यधिक परिचालन गरी जीविकामुखी/निर्वाहमुखी क्रियाकलापबाट व्यावसायिकता तर्फ उन्मुख तुल्याउने जस्ता कार्यक्रमहरू सञ्चालन गर्न पनि प्राथमिकता दिनु पर्दछ ।

ग्रामीण क्षेत्रका कृषि सहकारीहरूलाई विषयगत आवश्यकताको आधारमा निर्दिष्ट कार्यविधि वमोजिम सहुलियत ब्याजदरमा ऋण सुविधा, कर्जाको ब्याजमा अनुदान, बाली तथा पशु बीमा गर्दा लाग्ने प्रिमियम रकममा अनुदान तथा मेशिन औजारको खरिद लगायतको पुँजीगत खर्चमा अनुदान दिने व्यवस्था मिलाउन पर्याप्त बजेट विनियोजन हुनु पर्दछ । पिछडिएका वर्ग, भूमिहीन लगायत श्रोत र साधनविहीन र अनौपचारिक क्षेत्रमा काम गर्ने श्रमिकहरूलाई आय आर्जनको क्रियाकलापमा संलग्न गराउन सहकारीमा आबद्ध गराई पुँजी माथिको पहुँचका लागि सहुलियतपूर्ण ऋण तथा पुँजीगत अनुदान उपलब्ध गराउने व्यवस्था आवश्यक छ । परम्परागत पेसालाई व्यावसायिक बनाउन लक्षित समुदायलाई सहकारीमा संगठित गरी आधुनिक सीपमूलक तालीमको व्यवस्था गरी पुँजीमा पहुँच पुर्‍याउन सहुलियतपूर्ण ऋण तथा अनुदान सहयोग उपलब्ध गराउन सकिन्छ । विपन्न समुदायका व्यक्तिहरूको सहभागिता र बाहुल्यता रहेका सहकारी संस्थाहरू परिचालन गरी गरिबी निवारणका क्रियाकलाप संचालन गर्न सरकारका सम्बद्ध निकायहरू र विकास साझेदार हरूलाई अभिप्रेरित र आकर्षित गर्न सकिन्छ । गरिव घरपरिवार पहिचान पत्रका आधारमा गरिबहरू मात्र सदस्य भई सञ्चालनमा ल्याइएका वा अन्य सहकारीमा आवद्ध परिचय प्राप्त गरिब सदस्यहरूलाई प्रदान गरिने बिना धितो कर्जाको सुरक्षण, बचतको सुरक्षण, बालि तथा पशुधन बिमा, कृषि तथा लघु व्यवसायका लागि पुँजीगत अनुदान, सीपमूलक तालीम जस्ता आय अभिवृद्धि तथा जोखिम व्यवस्थापनका कार्यमा निर्दिष्ट कार्यविधि बमोजिम सहयोग गर्ने खालका कार्यक्रमको प्रभावकारिता सुनिश्चित छ ।

**प्रतिस्पर्धी क्षमताको विकास :**

निजी क्षेत्र सरह सबै आर्थिक क्षेत्रमा सहकारीलाई प्रवेश दिइनु पर्दछ । अहिलेको विभेदकारी व्यवस्थाहरूबाट सहकारी अर्थतन्त्रको विकास सम्भव छैन । सहकारीका सदस्यहरूको निर्णय माथिको स्वामित्वलाई प्रतिकूल प्रभाव

नपार्ने तहमा बाह्य पुँजी परिचालनको लागि प्रोत्साहन गर्ने खालको सहकारी नीति आवश्यक छ । जसको सम्भावना विधमान नीतिभित्र देखिदैन । सहकारी उद्योग व्यवसायलाई वित्तीय सहयोग उपलब्ध गराउनुका साथै आवश्यक पूर्वाधारको पहुँच अभिवृद्धि गरिने प्रयाससमेत राज्यको हुनु पर्दछ । सहकारी उद्योग व्यवसायलाई केवल नाफामूलक नभै सदस्य र समुदायको सेवाप्रति केन्द्रित बनाउन र सहकारीको व्यवस्थापनलाई सिद्धान्तनिष्ट बनाउन उपयुक्त कर प्रणालीको विकास पनि आवश्यक छ ।

रोजगारी सिर्जना, उत्पादनमा वृद्धि, स्थानीय सम्भाव्यताको उपयोग, सेवा प्रवाहमा गुणस्तरीयता एवं उत्पादनको मूल्य अभिवृद्धिमा योगदान पुऱ्याउने सहकारी उद्योगहरूको स्थापना र क्षमता अभिवृद्धिको कार्यमा सहयोगका कार्यक्रमहरू सञ्चालन नगरी यो क्षेत्रले राज्यले चाहेको तहमा योगदान पुऱ्याउन सक्दैन । सहकारी उद्योग तथा व्यवसायलाई आकर्षित र प्रतिस्पर्धी तुल्याउन उत्पादनको आधार तथा परिमाण, भौगोलिक विकटता, सेवा प्रवाह एवं रोजगारी सिर्जनाजस्ता आधारमा विशेष सुविधाहरू उपलब्ध गराउनु पर्दछ । ग्रामीण क्षेत्र तथा कम विकसित नगरपालिका र लक्षित समूहका महिला, अपाङ्ग, मजदुर, श्रमिक र पिछडिएका तथा गरिब व्यक्तिहरू मात्र आवद्ध सहकारी संस्थाहरूको संस्थागत विकासमा सहयोग पुऱ्याउने गरी एकीकृत नीति निर्माण प्रभावकारी हुन सक्दछ ।

**व्यावसायिकता र सुशासन :**

सहकारी संघ संस्थाहरूको आन्तरिक नियन्त्रण पद्धति र लेखापरीक्षणलाई प्रभावकारी बनाउनुका साथै स्व-नियमनमा आधारित अनुगमन प्रणाली अनिवार्य हुन्छ । स-साना सहकारीहरूलाई एक आपसमा गाभी आर्थिक रूपले सक्षम सहकारीको निर्माणतर्फ उपयुक्त नीति अनुसरण गर्ने बेला भएको छ । ठूला सहकारीमा कर्पोरेट कल्चरलाई अनिवार्य गर्दै लाने प्रयास पनि निमनकारीले निकायले गर्नुपर्छ । सहकारीमार्फत हुने वित्तीय कारोवारलाई सुरक्षित र भरपर्दो बनाउन सबै सहकारीको नियमित अनुगमन र सोको आधारमा नियमन हुने प्रभावकारी व्यवस्था अनिवार्य नै हो । व्यवस्थापनमा सहकारी पद्धति विपरीतका कार्यहरू र सहकारीको श्रोत साधनको दुरूपयोग गर्ने प्रवृत्ति अन्त्य गर्न सहकारी ऐनमा भएका प्रावधानहरू कार्यान्वयनमा ल्याउन आवश्यक छ । सहकारीको संघीय संरचनालाई व्यावसायिक र सदस्य संघ संस्थाहरूप्रति बढी जिम्मेवार बनाउन प्रभावकारी कानूनी व्यवस्था आवश्यक छ । सहकारीहरू

बीच स्वस्थ प्रतिस्पर्धाको विकास गर्न संस्थाहरूलाई विषयगत संघहरूमा आबद्ध गराई सहकारीहरू वीचको सहकार्यको संस्कृतिलाई प्रबर्द्धन गर्न सकिन्छ। सहकारीको मूल्य र सिद्धान्तहरूको प्रबर्द्धन गर्न तथा सहकारी संघ संस्थाहरूको क्षमता अभिवृद्धिमा सहयोग पुऱ्याउन गैर नाफामूलक सहकारी संस्थाहरूको गठनलाई प्रोत्साहन गर्ने कानूनी व्यवस्था पनि आवश्यक छ।

सहकारी संघ संस्थाहरूका सदस्यहरूको बचत रकमको सुरक्षण गर्ने गरी संघ संस्थाहरूको योगदानमा आधारित बचत सुरक्षण कोषको व्यवस्था अनिवार्य गर्नु पर्दछ । लगानीको सुरक्षाका लागि लगानीका मापदण्डहरू निर्धारण गरी सो कार्यको अनुगमन नियमनका साथै कर्जा सूचना प्रणालीको प्रभावकारी व्यवस्था मिलाउन ढिलाई गरिनु हुदैन। सहकारी संघ संस्थाहरूको नियमित रूपमा अनुगमन र नियमन गर्न सहकारीहरूको छाता संगठनलाई जवाफदेही बनाउने गरी कानूनी व्यवस्था आवश्यक छ।

सहकारी संस्थाहरूमा स्वस्थ प्रतिस्पर्धाको विकास गर्न र लागत प्रभावकारिता कायम गर्न "**एक सदस्य एक सहकारी**"को नीति अंगिकार गरिने विषय कडाइका साथ कार्यान्वयनमा ल्याइनु पर्दछ। ठूलो बचत संकलन गर्ने सहकारीहरूको लागि ब्राण्डिङ अनिवार्य गर्न सकिन्छ । निश्चित सीमाभन्दा बढीको वित्तीय कारोवार गर्ने सहकारी संघ संस्थाहरूको कारोवारको मासिक तथा वार्षिक प्रतिवेदन लिई अनुगमन कार्यलाई थप प्रभावकारी बनाउने र यस्ता प्रतिवेदनहरू संकलन तथा विश्लेषणको कार्यलाई व्यवस्थित गर्न सूचना प्रविधिको उपयोगको विकल्प देखिदैन। यसका लागि हाल प्रयोगमा ल्याइएको कोपोमिसको प्रयोगलाई सहज र सरल बनाउदै यसलाई अनिवार्य गरिनु पर्दछ।

क्षमताको विश्लेषण गरी सम्बन्धित विषयका केन्द्रीय सहकारी संघहरूलाई आफ्ना सदस्य संघ संस्थाहरूको स्वंय अनुगमन गरी नियमनको कार्यमा स्थानीय तह र प्रदेश सरकारलाई सघाउने प्रणालीको विकास गरिनु आवश्यक छ।

सहकारीमा व्यावसायिकता र सहकार्यको संस्कृतिलाई प्रवर्द्धन गर्न उपयुक्त कानूनी व्यवस्था, आचारसंहिताको निर्माण, समितिका सदस्यहरूको निर्वाचन तथा नियुक्ति प्रक्रियाको अनुगमन र नियमनमा विशेष जोड दिइनु पर्दछ। शहरी क्षेत्रमा वित्तीय सहकारीको सघनतालाई नियन्त्रण गर्ने उपयुक्त व्यवस्थाहरू गरी सहकारी वित्तीय सेवाहरूलाई ग्रामीण तथा वित्तीय सेवा नपुगेका क्षेत्रहरूमा विस्तार गर्न उपयुक्त नीति आवश्यक छ।

**साझेदारी :**

सरकार, निजीक्षेत्र र सहकारी बीचको सहकार्य र साझेदारीमा उत्पादन तथा सेवामूलक उद्योग व्यवसायहरूको स्थापना गर्न प्रोत्साहन गरिनु पर्दछ । सहकारीको विकास, विस्तार र प्रवर्द्धनमा सम्बन्धित सरकारी, गैर सरकारी तथा सहयोगी निकायहरूको सहयोगलाई समन्वयात्मक ढंगले परिचालन गर्ने पद्धतिको विकास गर्न स्थानीय तह र प्रदेश सरकारको प्रभावकारी भूमिकाको खाँचो छ । जनशक्ति विकास, अध्ययन अनुसन्धान तथा अनुशरण, लक्षित समुदाय र क्षेत्रमा सहकारी उद्योग व्यवसायको विकास सम्बन्धी एकीकृत कार्यक्रम एवं सहकारी उद्योग व्यवसायलाई टेवा पुग्ने पूर्वाधार विकासका लागि द्विपक्षीय तथा बहुपक्षीय वैदेशिक सहयोग परिचालन गरी सहकारी क्षेत्रको सन्तुलित र अपेक्षित विकासमा योगदान पुग्छ । सहकारी क्षेत्रको विकासका लागि न्यून हुने पुँजी परिपूर्ति गर्न सहुलियतपूर्ण ऋण तथा अनुदान सहयोगका लागि वैदेशिक एवं आन्तरिक श्रोत परिचालनका अवसरको उपयोग गर्ने नीति सरकारको हुनु पर्दछ । राष्ट्रिय सहकारी अभियानलाई विश्व सहकारी अभियानसँग जोडी राम्रा अभ्यासहरूको अनुसरण एवं आपसी सहयोगहरू प्रबर्द्धन गर्न मित्र राष्ट्रहरूसँग द्वीपक्षिय, क्षेत्रीय र अन्तर्राष्ट्रियस्तरमा सम्बन्ध र सहकार्यको लागि रचनात्मक प्रयासले पनि सहकारी अर्थतन्त्रलाई बल मिल्ने छ ।

**रणनीतिक योजना :**

सहकारी क्षेत्रको विकास, विस्तार र प्रबर्द्धनका लागि प्रत्येक तहको सरकारले आवधिक रणनीतिक योजना निर्माण गर्नुपर्छ । सहकारी बहुआयामिक विषय भएकोले सरकारका हरेक तह र निकायहरूले सहकारी मोडलबाट के कसरी देशको अर्थतन्त्रमा योगदान दिन सकिन्छ ? र यसका लागि कस्तो नीति र कार्यक्रमहरू अवलम्बन गर्नु पर्छ ? एकीकृत योजनाभित्र यसरी क्षेत्रगत विषयहरू समावेश नगरी सहकारीको विकास कल्पना नै गर्न सकिदैन । सहकारीको एकीकृत नीति र योजना बनाउने कार्यमा विशेषज्ञ निकायको भूमिका आवश्यक पर्न सक्दछ । विभिन्न तहका सरकार र विषयगत निकायहरू बीच समन्वय र सहकार्य गर्ने एउटा केन्द्रिय संरचना पनि आवश्यक हुन्छ । यो भूमिकामा अहिलेको राष्ट्रिय सहकारी विकास बोर्डको भूमिकामाथि पुनरावलोकन आवश्यक छ ।

सहकारीको अभियानलाई नेतृत्व दिने सहकारीको महासंघ, विभिन्न

तहका विषयगत तथा जिल्ला वा प्रदेश संघहरूको भूमिकाको प्रभावकारिता पनि योजनाको अङ्ग बन्नु पर्छ । खासगरी सहकारीको स्वतन्त्र विकासमा यी संघहरूको अहंम् भूमिका हुन्छ । सहकारी क्षेत्रको विकास, बिस्तार र प्रबर्द्धनको कार्यमा सहकारी संघ संस्थाहरूको भूमिकालाई महत्व दिई राज्यको भूमिका सहजकर्ता र नियमनकारी निकायको रूपमा सीमित गर्दै लग्न उत्तिकै आवश्यक छ ।

**निष्कर्ष :**

सहकारीको क्षमता अभिवृद्धि र नीति निर्माण तहमा सकारात्मक प्रभाव पार्ने गरी आगामी दशक सिंगो सहकारी अभियान कसरी अघि बढ्ने भन्ने बारेमा एलायन्सले सन् २०१३ मा जारी गरेको Blueprint for A Co-operative Decade को कार्यान्वयन नेपालको सहकारीको लागि पनि महत्वपूर्ण विषय हो। एलायन्सले जारी गरेको यो योजनाले मुख्यत ५ वटा विषयलाई समेटेको छ। पहिलो, जन सहभागितामा वृद्धि र सहभागिताको गुणस्तरसँग सम्बन्धित रहेको छ। दोस्रो, सहकारी क्षेत्रको दीगो विकास र वृद्धिको विषयलाई समेटिएको छ। तेस्रो, सहकारीको चरित्र, मूल्यहरू र सिद्धान्तहरूको बारेमा समुदायमा स्पष्ट धारणाको विकास गर्ने गरी सहकारीको पहिचान स्थापितको प्रयास रहेको छ। चौथो, सहकारी पद्धतिको व्यवसायको विकासका लागि हरेक देशमा सहकारी मैत्री कानूनी व्यवस्था बनाउने वातावरणको निर्माणमा सहकारी अभियानको योगदान र पैरवीको माग गरिएको छ । पाचौं योजना अन्तर्गत पूँजीलाई राखिएको छ, जसले सदस्यहरूको प्रजातान्त्रिक नियन्त्रणको अधिकारलाई सुनिश्चितता कायम गरेर पुँजीको संरचना बलियो बनाउने विविध उपायको अवलम्बन गर्न सकिने बारेमा योजनाबद्ध काम गर्न सुझाइएको छ ।

सहकारी आफैमा जादुको छडी हैन । यसलाई सरकारको नीति र कार्यक्रमले साथ दिनुपर्दछ । स्थानीय सरकारको लागि त यो सामाजिक र आर्थिक विकासको आधारशिला नै हो । स्थानीय सरकारको सहयोग र निगरानीले मात्र सामुदायिक व्यवसायले आधार बनाउन सक्दछ। त्यस्तै प्रदेश तहको सरकारले सहकारी अभियानसँगको सहकार्यमा स्थानीय तहभित्रका सहकारीहरूलाई फेरि संगठित गरी समन्वयात्मक रूपमा प्रदेशको आर्थिक विकासका सम्भावनातर्फ डोऱ्याउन पर्दछ । बहुप्रदेशमा उत्पादन र सेवाको साटासाट गर्न र बढी भएको निर्यात गर्न संघीय सरकारले पहल लिने हो । यसरी सहकारी सञ्जाल बनाएर छरिएर रहेको श्रम, सीप, पुँजी र प्रविधिको

एकीकृत परिचालन गरी गरिवी निवारण, पूर्ण उत्पादक रोजगारीको सिर्जना र दिगो विकास मार्फत राष्ट्रलाई समृद्ध बनाउन योगदान पुग्दछ ।

**सन्दर्भ सामग्री**

ढकाल, सुदर्शन प्रसाद, **आर्थिक तथा सामाजिक विकासका लागि सहकारी अर्थव्यवस्था**, हेरिटेज पब्लिसर्स एण्ड डिस्ट्रिब्यूटर्स प्रा.लि, २०७० वैशाख ।

ढकाल, सुदर्शन प्रसाद, सहकारीको सिद्धान्त र व्यवहार, प्रकाशकः लेखक स्वंय, २०७२ ।

राष्ट्रिय सहकारी नीति, २०६९ ।

इन्टरनेशनल कोअपरेटिभ एलायन्सको वेबपेज ।

सहकारी संस्थाहरूको वेबपेजहरू ।

सहकारी ऐन, २०७४ ।

नेपालको संविधान

Blueprint of Co-operative Decade, Vision 2020 ICA

Guidance Notes to the Co-operative Principles, International Co-operative Alliance, 2015

***

# सहकारी संस्थामा कोष व्यवस्थापन



✍ उपेन्द्रबहादुर ढुंगाना

## १.परिचय

व्यवसाय सञ्चालनको लागि वित्तीय श्रोतको अधिक महत्व रहन्छ । सहकारी संस्था सञ्चालनका लागि कुन कुन श्रोतबाट रकम प्राप्त हुन्छ ? प्राप्त रकमहरूलाई संस्थाले के कस्ता कार्यहरूमा परिचालन गर्दछ?रकम परिचालनबाट संस्थाले वार्षिक रूपमा गरेको आम्दानीलाई कसरी रकुन प्रयोजनका लागि खर्च गर्नुपर्दछ भन्ने सम्बन्धमा गरिएको व्यवस्थालाई सहकारी कोष व्यवस्थापन भनिन्छ । प्रस्तूत लेखमा सहकारी ऐन, २०७४ र सहकारी नियमावली, २०७५ मा भएको सहकारी संस्था ( सहकारी संस्था,सहकारी संघ तथा सहकारी बैंकसमेत) का कोषहरूको आवश्यकता, त्यसको महत्व र उपयोगको विधि सन्दर्भमा चर्चा गरिन्छ ।

## २. सहकारीमा कोष व्यवस्थापनः

सहकारी नाफालाई गौण तथा सहज, सस्तो र गुणस्तरीय सेवालाई प्राथमिकता दिने व्यवसाय हो । नाफा व्यापारीहरू (Investors)ले खोज्दछन्, सहकारी सदस्यहरूको नियन्त्रणमा सदस्य हितमा काम गर्ने आर्थिक सामाजिक स्वरूपको व्यवसाय भएकाले सदस्यहरूले व्यवसाय धान्न पुग्नेगरी सेवाको मूल्य स्वयं निर्धारण गर्दछन् । सेवा बिक्रीबाट प्राप्त आयलाई कानून अनुसारको संस्थागत दायित्वहरू चुक्ता गरी बाँकी रहने रकम उवार(Surplus),जसलाई शुद्ध बचत पनि भनिन्छ, लाई विद्यमान कानून तथा संस्थाको विनियम अनुसार सदस्यहरूलाई प्रतिफल वितरण गर्न तथा संस्थाको संरक्षण र विकासका लागि विभिन्न कोषहरूमा बाँडफाँड गरी कोषहरूको उद्देश्य अनुसार खर्च गर्दछन् ।

सहकारी ऐन, २०७४ को दफा (६७) अनुसार सहकारी संस्थाहरूले संस्थामा प्राप्त हुने देहायअनुसारको रकम एक कोषखडा गरी जम्मा गर्नुपर्दछ ।

(क) आफ्ना सदस्यहरूलाई शेयर बिक्रीबाट प्राप्त गरेको रकम,

---

✍ प्राचार्य, सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्र ।

(ख) सदस्यहरूबाट बचतको रूपमा प्राप्त गरेको रकम,
(ग) संस्थाले व्यक्ति वा निकायहरूबाट ऋणको रूपमा प्राप्त गरेको रकम,
(घ) नेपाल सरकारबाट अनुदानको रूपमा प्राप्त रकम,
(ङ) विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघसंस्थाहरूबाट प्राप्त गरेको अनुदान वा सहायताको रकम,
(च) व्यावसायिक कार्यबाट आर्जन गरेको  रकम,
(छ) सदस्यता प्रवेश शुल्कबापत प्राप्त गरेको रकम

**कोष परिचालन**

संस्थामा प्राप्त माथि उल्लिखित रकम  आफ्नो कार्यालय सञ्चालन, व्यवस्थापन तथा व्यवसाय सञ्चालन सम्बन्धी कार्य लागि खर्च गर्दछन्। संस्थाले गरेको कारोबारको लेखा दोहोरो लेखा प्रणालीमा आधारित र कारोबारको यथार्थ स्थिति स्पष्ट देखिनेगरी तोकिएको लेखामानबमोजिम राख्नुपर्दछ ।संस्थाले आफ्नो व्यवसाय सञ्चालन गर्दा गरेको  कूल आम्दानीबाट खर्चगरी खुद बचत कायम रह्यो भने उक्त बचतलाई देहायका कोषहरूमा बाँडफाँड गरी ती कोषको उदेश्य अनुसारको कार्यमा खर्चगर्नु पर्दछ ।

| **सि.नं** | **कोषको नाम** | **प्रयोजन** |
|---|---|---|
| १ | जगेडा कोष | संस्थागत विकास तथा उन्नयन |
| २ | सहकारी प्रवर्धन कोष | सहकारी क्षेत्रको विकास तथा प्रवर्द्धन |
| ३. | संरक्षित पुँजी फिर्ता कोष | सदस्य कारोबारको अनुपातमा प्रतिफल वितरण । |
| ४. | शेयर लाभांश कोष | सदस्य शेयरको क्षतिपूर्ति उपलब्ध गराउन । |
| ५. | सहकारी शिक्षा कोष | सहकारी शिक्षा मार्फत सहकारीको प्रवर्द्धन गर्न । |
| ६. | कर्मचारी बोनस कोष | कर्मचारीलाई काममा अभिप्रेरित गर्न । |
| ७. | घाटापूर्ति कोष | व्यवसायिक कारोबारबाट हुने घाटाको पूर्ति गर्न । |
| ८. | स्थिरीकरण कोष | संस्थालाई वित्तीय संकटबाट बचाउन । |

| | | |
|---|---|---|
| ९. | सहकारी विकास कोष | समुदायमा सहकारीको विकास गर्न । |
| १०. | सामुदायिक विकास कोष | सहकारीले समुदायप्रतिको सामाजिक दायित्व पूरा गर्न । |
| ११. | अन्य जोखिम कोष | तत्काल आइपर्ने जोखिमको भरथेग गर्न । |

यी कोषहरूको उदेश्य र प्रयोगबारे सङ्क्षेपमा चर्चा गरिन्छ ।

**(१) जगेडा कोष** :

सदस्यहरूले संस्थाको व्यवसायिक कार्यबाट आर्जित उबारमध्ये एक भाग अविभाज्य रहने किसिमको जगेडा कोष खडागरी आफ्नो संस्थाको विकासगर्न छुट्याउँदछन् । अविभाज्यको मतलव यो कोषको रकम सदस्यहरूलाई वितरण गरिदैन । सदस्यले सदस्यता त्याग गरेपनि निजको यसमा कुनै हक लाग्दैन ।जगेडा कोषमा रकम जति बढी हुन्छ संस्था वित्तीय रूपमा त्यतिनै सबल छ भन्ने बुझिन्छ । यो लागतरहित कोष हो, यसमा रहेको रकमको उपयोग गर्दा संस्थाले कसैलाई ब्याज,हर्जाना, सेवा शुल्क,वा अन्य कुनै किसिमको क्षतिपूर्ति तिर्नुबुझाउनु पर्दैन । त्यसैले जगेडा कोषको उपयोगबाट सदस्यह;ले पाउने सेवा स्वाभाविक रूपमा सस्तो हुनेनै भयो । मानौँ कुनै बचत तथा ऋण सहकारी संस्थाको जगेडा कोषमा भएको रकमसदस्यहरूलाई ऋण लगानी योग्य रकमको २० प्रतिशत छ भने उसले सदस्यहरूलाई लगानी गर्ने ऋणको ब्याजदर सोही अनुपातमा कम गरे तापनि संस्था नोक्सानमा जाँदैन । संस्थालाई वित्तीयरूपमा मजबुत बनाउन बढीभन्दा बढी रकम यो कोषमा छुट्याउनु सर्वथा राम्रो मानिन्छ ।

**जगेडा कोषमा देहायबमोजिमका रकमहरू राखिन्छ ।**

- बार्षिक रूपमा वर्षको खुद वचत (शुद्ध नाफा) रकमको घटीमा २५ प्रतिशत रकम,
- संस्थाको स्थिर सम्पत्ति बिक्रीबाट प्राप्त रकम (सम्पत्ति सामानको लिलाम वा बिक्री गर्दा कायम गरेको मूल्य भन्दा बढी रकम प्राप्त भएको रकम),
- कुनै संस्था, संघ वा निकायले प्रदान गरेको पुँजीगत अनुदान रकम ( चल अचल सम्पत्ति खरिद वा निर्माण गर्न प्राप्त भएकापुँजीगत अनुदान ),
- वितरण गरी बाँकी हुन आएको शेयर लाभांश कोष, संरक्षित पुँजी

फिर्ताकोष र कर्मचारी बोनस कोषको रकम ।

- सदस्यहरूको निर्णयले आम्दानी नमानी जगेडा कोषमा राख्ने भनी निर्णय गरेका रकमहरू, जस्तै सदस्य सेवा शुल्क ।

जगेडा कोषको रकम निम्न कार्यको लागि उपयोग गर्न सकिन्छ ।

- संस्थाको पूजी निर्माण र व्यवसायमा प्रयोग,
- संस्थाको आन्तरिक क्षमताको विकास र विस्तार,
- संस्थाको भौतिक पूर्वाधार सृजना र विकास,
- संस्थागत व्यवसायिक इकाईको स्थापना तथा विकास,

**(२) सहकारी प्रवर्धन कोष :**

सहकारी संस्थाले खुद बचत रकममध्ये जगेडा कोषमा छुट्याई बांकी रहेको रकमलाई सय प्रतिशत मानी यो कोषमा ०.५ प्रतिशत रकम वार्षिक रूपमा छुट्याउनु पर्दछ । यो कोष सहकारी हेर्ने संघीय मन्त्रालयमा रहने व्यवस्था सहकारी ऐनले गरेको छ । कोष स्थापनाको मुख्य उदेश्य सहकारी व्यवसायको प्रवर्द्धनात्मक कार्यका लागि दिगो रूपमा रकमको व्यवस्था गर्नु हो । सहकारी संस्थाहरूको योगदानको अतिरिक्तनेपाल सरकारको योगदान रहने गरी मन्त्रालयले समेत कोषमा जम्मा भएको रकमको अनुपातमा वार्षिक बजेटमा समावेश गरी आवश्यक रकम उपलब्ध गराउने व्यवस्था गरिएको छ। कोषको सञ्चालन व्यवस्थाका लागि सहकारी हेर्ने संघीय मन्त्रालयका मन्त्रीको संयोजकत्वमा राष्ट्रिय सहकारी विकास बोर्डको सह अध्यक्ष, मन्त्रालयका सचिव,अर्थमन्त्रालयका सह सचिव, सहकारी महासंघका अध्यक्ष, केन्द्रीय बचत तथा ऋण सहकारी संघका अध्यक्ष र रजिष्टार भएको एक समिति रहनेछ । समितिले आफ्नो कार्य शुरूगरेपछि सहकारी संघसंस्थाहरूबाट उक्तरकम प्राप्त गरी सहकारीसंघहरूमार्फत परिचालन गर्नेछ । कोषको रकम मध्ये ७५ प्रतिशत सहकारी व्यवसायको पूर्वाधारमा र वाँकी रकम व्यवसाय प्रवर्धन, शिक्षा, तालिम, बजार प्रवर्धन, संघसंस्थाको अनुगमन लगायतका कार्यमा खर्च गर्नुपर्ने व्यवस्था ऐनमा गरिएको छ । कोष सञ्चालन समितिले संघहरूलाई रकम उपलब्ध गराउँदा देहायको अनुपातमा उपलव्ध गराउनुपर्ने व्यवस्था सहकारी नियमावली २०७५ ले गरेको छ ।

- राष्ट्रिय सहकारी महासङ्घलाई जम्मा स्रोतको तीस प्रतिशत सम्म,

- केन्द्रीय विषयगत सहकारी सङ्घहरूलाई जम्मा स्रोतको पच्चीस प्रतिशत सम्म,
- प्रदेश सहकारी सङ्घहरूलाई जम्मा स्रोतको दस प्रतिशत सम्म,
- देश विषयगत सङ्घहरूलाई जम्मा स्रोतको दश प्रतिशतसम्म
- जिल्ला सहकारी सङ्घहरूलाई जम्मा स्रोतको पन्ध्र प्रतिशत सम्म
- जिल्ला विषयगत सहकारी सङ्घहरूलाई जम्मा स्रोतको दस प्रतिशत सम्म
- केन्द्रीय विषयगत सहकारी सङ्घहरूबीच बाँडफाँड गर्दा सङ्घको सदस्य सङ्ख्या, वार्षिक कारोबार र कोषमा गरेको योगदान समेतलाई आधार लिइनेछ ।
- कोष बाट रकम उपलब्ध गराउँदा बहुउद्देश्यीय सङ्घलाई समेत उपलब्ध गराउनु पर्नेछ ।

प्राप्त रकमको उपयोग महासंघले संघहरू मार्फत र अन्य संघहरूले प्रारम्भिक संस्थाहरूलाई प्रवर्धानात्मक कार्यका लागि रकम उपलव्ध गराउनु पर्नेछ । यसबाट सहकारी क्षेत्रको समानुपातिक विकासमा योगदान पुग्ने देखिन्छ ।

## ३. संरक्षित पुँजी फिर्ता कोष

US Department of Agricultureका अनुसारसहकारी भनेको सेवा उपयोगकर्ताहरू मिली उनीहरूकै स्वामित्व र नियन्त्रणमा सञ्चालन गरिने व्यवसाय हो र यसबाट हुने लाभ सेवा उपयोगका अनुपातका आधारमा आफूहरू बीच बाँडफँड गर्दछन् । (A cooperative is a user-owned, user-controlled business that distributes benefits on the basis of use).यसको मतलव सदस्यहरूले संस्थामा गरेको कारोवारको अनुपातमा प्रतिफल प्राप्त गर्नुपर्दछ भन्ने नै हो ।

सहकारी संस्थाको व्यवसायिक कृयाकलापमा संलग्नसदस्यलेनै संस्थाको सेवा खरिद वा उपयोग गरी आम्दानी बढाउन र व्यवसायलाई फष्टाउन सहयोग पुर्‍याइरहेका हुन्छन् ।संस्थाको कारोवार फष्टाउन सहयोग पुर्‍याउने यी सदस्यहरू वास्तविक रूपमा संस्थाको संरक्षक हुन् र त्यस्ता सदस्यहरूसंस्थाले आर्जन गरेको बचत (Surplus) रकमबाट बढीभन्दा बढी प्रतिफल पाउन योग्य हुन्छन् । यसमा शेयर पुँजीकोको जस्तो सीमित लाभांश

नभई कारोवारको अनुपातमा असीमित प्रतिफल (लाभांश) दिनुपर्दछ भन्ने नियम रोचडेलीहरूले लगाएका थिए । त्यसैले सदस्यहरूलाई संस्थासँग गरेको कारोबारको अनुपातमा उनीहरूलाई लाभान्वित गराउन यो कोषको सृजना रोचडेलीहरूलेनै गरेका हुन् । रोचडेलीहरूले प्रारम्भमा सञ्चालनमा ल्याएको सहकारी उपभोक्ता भण्डारबाट हुने आयलाई शेयरको अनुपातमा असीमित लाभांश दिने नियम बनाएका थिए । यसको परिणति सदस्यहरूले लाभांश प्राप्त भै हाल्दछ भनी भण्डारबाट सामान खरिद नगरिदिंदा भण्डार बन्दहुने अवस्थामा पुग्यो र सदस्यहरूको चिन्तनले उनीहरूले शेयरवापतको सीमित व्याज र कारोवारको असीमित लाभांश प्रदान गर्दा सदस्यहरू संस्थाबाट सामान किन्न प्रोत्साहित हुन्छन् भन्ने तथ्य पत्ता लगाए । जुन पुँजीलाई श्रमको अधिनमा राख्ने सहकारी दर्शनको महत्वपूर्ण औजारसमेत थियो । यो कोषको शुरूआत भएबाट उनीहरूको उपभोक्ता भण्डारमा सदस्यहरूले सामान खरिद बढाए र संस्था असफल हुनबाट बच्यो । यसरी उपभोक्ता भण्डारको सफलताले युरोपभर सहकारीको विविधीकरण एबं विस्तारमा सहयोग पुग्यो ।

सहकारी ऐन २०७४ को दफा ६९ अनुसार सहकारी संस्थाले वार्षिक शुद्ध बचतरकमबाट  जगेडा कोषमा छुट्याई बांकी रहन आएको रकमलाई सय प्रतिशत मानि यो कोषमा  कम्तिमा २५ प्रतिशत रकम छुट्याई सदस्यहरूलाई उनिहरूले गरेको वार्षिक कारोवारको  गणना गरी लाभांश वितरण गर्नुपर्दछ ।सदस्यले लाभांश प्राप्त गर्दा कारोवारको अनुपातमा संस्थाभित्र समता कायम हुनेगरी वा बढी कारोवार गर्नेले वढी र कम कारोवार गर्नेले कम प्राप्त गर्दछन् । कारोवार नगर्नेले प्राप्त गर्दैनन् । कुनै आर्थिक वर्षमा वितरण गरी बाँकी रहेको रकम सोही आर्थिक वर्षको अन्त्यमा जगेडा कोषमा सार्नु पर्नेछ ।

संरक्षित पुँजी फिर्ता कोषबाट सदस्यलाई रकम, वतरण गर्दा सदस्यको वार्षिक कारोबारको आधारमा गरिने भएकाले कारोवार के हो भन्ने बुझ्न जरूरी छ ।

(क) उत्पादक संस्थामा सदस्यले संस्थालाई बिक्री गरेको उपजको खरिद मूल्य,

(ख) वित्तीय संस्थामा सदस्यले जम्मा गरेको बचत र लिएको ऋण रकममा तिरेको ब्याज,

(ग) उपभोक्ता सम्बन्धी संस्थामा सदस्यले संस्थासँग खरिद गरेको वस्तु वा सेवाको मूल्य,

(घ) श्रमिक सम्बन्धी संस्थामा सदस्यले संस्थाबाट प्राप्त गरेको ज्याला,

(ङ) बहुउद्देश्यीय संस्थामा खण्ड (क), (ख), (ग) र (घ) मा उल्लिखित आधार ।

- उत्पादक संस्थाले सदस्यलाई आवश्यक सामग्री बिक्रीगरेकोमा त्यस्तो कारोबारलाई समेत गणना गर्न सकिनेछ ।
- ऋणको भाखा नघाएको सदस्यलाई त्यस्तो ऋणमा तिरेको ब्याजको आधारमा संरक्षित पुँजीफिर्ता दिइने छैन।
- कोषको रकम वितरण गर्न बचत रकमको लागि चालीस प्रतिशत र ऋणमा तिरेको ब्याज रकमको लागि साठी प्रतिशत भार दिई गणना गरिनेछ ।

**संरक्षित पुँजी फिर्ताकोषको रकम वितरण तरिका :**

**सूत्र**

**सदस्यले संरक्षित कोषबाट पाउने लाभांश =**

$$\frac{\text{संरक्षित पुँजी कोषको फिर्ता रकम}}{\text{संस्थाको जम्मा कारोवार रकम}} \times \text{सदस्यको कूल कारोवार}$$

**कारोबारको गणना**

**उत्पादक सहकारीमा**

- **सदस्यको कारोबार :** सदस्यले वर्षभरिमा संस्थालाई बेचेको सामान बापत प्राप्त गरेको मूल्यं+संस्थाबाट सामान खरिद गर्दा तिरेको मूल्य ।
- **संस्थाको कारोवार :** संस्थाले वर्षभरिमा सदस्यहरूसंग खरिद गरेको + सदस्यलाई बिक्री गरेको सामानको कूल मूल्य संस्थाको कूल कारोवार हो ।

सहकारी नियमावली, २०७५ ले उत्पादक संस्थाले सदस्यहरूलाई कुनै सामान बिक्री गरेको भए सोबाट समेत संस्थाको आयमा सदस्य खरिदको योगदान हुने भएकाले कारोबारमा गणना गर्न सकिने भन्ने व्यवस्था गरेको छ। जस्तै दुग्ध उत्पादक सहकारी संस्थामा सदस्यहरूले पशु आहार, औषधी मुलो, घाँसको बिउ आदि खरिद गरेका हुन सक्दछन् । संस्थाले सदस्यको कारोबार गणना गर्दा संस्थाको सदस्य तर्फको बिक्री मूल्य गणना नगर्ने भन्ने नीति

बनाउने हो भने संस्थाको कारोबारमा पनि सदस्य तर्फको बिक्रीलाई गणना गर्नुहुँदैन ।

**उपभोक्ता सहकारीमा कारोवारः**

- सदस्यले वर्षभरिमा संस्थाबाट कति रकमको सामान खरिद गर्‍यो त्यो सदस्यको कारोवार हो,
- संस्थाले आफ्ना सदस्यहरूलाई वर्ष भरिमा कति रकमको सामान बिक्री गर्‍यो त्यो संस्थाको कूल कारोवार हो ।

**श्रमिक सहकारीमा**

- सदस्यले बर्षभरिमा संस्थाबाट प्राप्त गरेको कूल ज्याला रकम सदस्यको कारोवार हो ।
- संस्थाले वर्षभरिमा सदस्यहरूलाई भुक्तानी गरेको ज्याला रकम संस्थाको कारोवार हो ।

**वित्तिय कारोवार गर्ने सहकारीमा**

- **सदस्यको कारोवार :** वर्षभरिमा सदस्यले बचतमा पाएको जम्मा व्याज रकम र ऋणमा तिरेको ब्याज रकम ।
- **संस्थाको कारोवार :** संस्थाले वर्षभरिमा सदस्यहरूको वचतमा तिरेको जम्मा ब्याज रकम र ऋणमा लिएको जम्मा ब्याज रकम ।

सहकारी नियमावली २०७५ को नियम २५ को उपनियम (ख) मा वित्तीय संस्थामा सदस्यले जम्मा गरेको बचत र लिएको ऋण रकममा तिरेको ब्याजलाई आधार मान्नु पर्दछ भन्ने उल्लेख गरिएको छ। ऋणतर्फको कारोबार गणना गर्दा संस्थाले प्राप्त गरेको ब्याजलाई आधार नमान्ने हो भने समयमा ब्याज नबुझाउने सदस्य समेत लाभान्वित हुन जान्छन् । त्यसो हुँदा ऋणतफ ब्याजको आधार बचत तर्फ पनि सदस्यले संस्थाबाट पाएको ब्याज रकमलाई नै आधार मान्नु पर्दछ । नियमावलीको मनसाय पनि यही हो ।

सहकारी नियमावलीमा भएको व्यवस्था अनुसार संरक्षित पुँजी फिर्ता कोषमा रहेको रकमलाई ऋण तर्फको कारोवारका लागि ६० प्रतिशत र वचत तर्फको कारोवारका लागि ४० प्रतिशत छुट्टयाई अलग अलग हिसाब गर्नुपर्दछ ।

**(क) बचत कारोवार तर्फको:**

$$\frac{\text{संरक्षित पूजीकोष रकम (४०\%)}}{\text{संस्थाको सदस्य तर्फको कूल ब्याज रकम}} \times \text{सदस्यले बचतमा प्राप्त गरेको कूल ब्याज रकम}$$

**(ख) ऋण कारोवार तर्फको :**

$$\frac{\text{संरक्षित पूजी फिर्ता कोष रकम (६०\%)}}{\text{संस्थाको सदस्य तर्फको कूल ब्याज आम्दानी}} \times \text{सदस्यले संस्थालाई भुक्तानी गरेको ऋणको कुल ब्याज रकम}$$

**(४) अन्य कोषहरू**

सहकारी संस्थाको कुनै वर्षको खुद बचतको रकमबाट कम्तीमा पच्चीस प्रतिशत रकम  जगेडा कोषमा जम्मा गरी बाँकी रहेको रकमलाई शत प्रतिशत मानी सोबाट कम्तीमा पच्चीस प्रतिशत रकम संरक्षित पुँजी फिर्ता कोष र शून्य दशमलव पाँच प्रतिशतले हुन आउने रकम सहकारी प्रवर्द्धन कोषमा छुट्टयाएर बाँकी रहेको रकमलाई शतप्रतिशत मानी देहायबमोजिमका कोषहरूमा कम्तीमा पाँच प्रतिशत रकमको दरले छुट्याई वितरण गर्नुपर्नेछ :

(क) सहकारी शिक्षा कोष,

(ख) शेयर लाभांश कोष,

(ग) कर्मचारी बोनस कोष,

(घ) सहकारी विकास कोष,

(ङ) घाटापूर्ति कोष,

(च) सामुदायिक विकास कोष,

(छ) साधारण सभाले स्वीकृत गरेको स्थिरीकरण कोष

(ज)अन्य जोखिम व्यवस्थापन कोष ।

**(क).शेयर लाभांश कोष** :

सहकारीको सिद्धान्त अनुसार सदस्यताको शर्त स्वरूप चुक्ता गरेको पुँजीमा सदस्यहरूले कुनै क्षतिपूर्ति पाउने भए सामान्यतया सीमित मात्रामा पाउँदछन् । शेयर खरिद लाभांशको लागि भन्दा सदस्यता वा अपनत्वको लागि हो भन्ने बुझिन्छ। संस्थाले जारी गरेकोकम्तिमा एक अंश शेयर खरिद गरेपछि मात्र सदस्य बन्न सकिन्छ । सदस्यहरूले संस्थाको पूंजी निर्माणको लागि अरू बढी शेयर पनि खरिद गरेका हुन्छन्। शेयर रकम संस्थाको व्यवसायिक लगानीको महत्वपूर्ण श्रोत हो । अझ उत्पादन, उपभोक्ता तथा श्रमिक र

बहुउदेश्यीय सहकारी संस्थाले सञ्चालन गर्ने व्यवसायकोलागि संस्थागत पुँजी अपर्याप्त हुँदा शेयर रकमनै जुटाउनु पर्दछ । तसर्थ सदस्यले शेयरमा गरेको लगानीको प्रतिफल दिन यो कोष खडा गरिएको हो ।सहकारी ऐन २०४८ ले शेयरको क्षतिपूर्ति बापत पन्ध्र प्रतिशत लाभांशको सीमा तोकिएकोमा सहकारी ऐन २०७४ ले बार्षिक अठार प्रतिशतसम्म उपलब्ध गराउन सकिने व्यवस्था गरेको छ । यो कोषमा रहेको रकमबाट बार्षिक अठार प्रतिशत भन्दा बढी पाउने अवस्था भए तापनि सदस्यलाई उपलब्ध नगराई जगेडा कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरेको छ । सदस्यले शेयर लाभांश प्राप्त गर्दा लगानीको अनुपातमा सदस्यहरूबीच समता कायम हुनेगरी निम्न अनुसार वितरण गर्नु पर्दछ ।

शेयर लाभांश रकम= $\frac{\text{शेयर लाभांश कोषको रकम}}{\text{जम्मा शेयर पूंजी}}$ ×सदस्यको शेयर पूजी

- कुनै सदस्यको शेयर रकम १ वर्ष भन्दा कम रहेको देखिएमा जति अवधिको छ त्यतिनै अवधिको हिसाव गरी दिनुपर्दछ ।

**(ख) सहकारी शिक्षा कोषः**

सहकारी संस्थाका सदस्य, कर्मचारी, पदाधिकारीहरूलाई शिक्षा, तालिम, सूचना सम्बन्धी कार्यक्रम गरी सदस्य सशक्तीकरण, क्षमता विकास लगायतका कार्यगर्नुसहकारीको पाँचौ सिद्धान्त हो । यस सिद्धान्त अनुसार कार्य गर्नका लागि संस्थाले गरेको आर्जनबाट केही रकम विनियोजन गरी खर्च गर्नेगरी यो कोषको स्थापना गरिएको हो । संस्थाले यो कोषको रकम वार्षिक कार्यक्रम बनाई सदस्यको स्वीकृतिमा खर्च गर्नुपर्दछ । हिजो आज कोषको रकम खर्च नगर्ने तर सोझै खर्च देखाई खर्च गर्ने पवृत्ति बढेको छ। यसबाट संस्थाको आयमा कमी आई जगेडा लगायतका कोषहरूमा सोझो असर पर्दछ । यो कोष वर्षेनी सञ्चित गर्दै पर्याप्त भएपछि कार्यक्रम गर्न सकिन्छ ।

**(ग) कर्मचारी वोनस कोष** :

कर्मचारीहरूको पनि संस्थाको आय आर्जनमा महत्वपूर्ण भूमिका रहेको हुन्छ। संस्थाका कर्मचारीहरूलाई काम प्रति अभिप्रेरित नगर्ने हो भने संस्थाको व्यवसाय फष्टाउन सक्दैन । त्यसैले कर्मचारीहरूलाई कमाएको समयमा केही रकम छुट्याई बोनस वितरण गर्नेगरी यो कोषको स्थापना गरिएको हो । यो

कोषको रकमबाट बर्षेनी कर्मचारीहरूलाई बढीमा ३ महिना वरावरको बोनस वितरण गर्नुपर्दछ र त्यसरी वितरण गरेपछि वाँकी हुन आउने रकम जगेडा कोषमा सार्नुपर्दछ ।

**(घ) स्थिरीकरण कोषः**

बचत तथा ऋृण विषयगत संस्थालाई सम्भावित जोखिमबाट तत्काल संरक्षण गर्न बचत तथा ऋृणको कारोवार गर्ने संस्थाहरू मिली यो कोष खडा गर्नसक्ने व्यवस्था सहकारी ऐन तथा नियमावलीमा उल्लेख गरिएको छ । यो कोष बचत तथा ऋृण विषयगत केन्द्रीय संघमा रहन्छ । कोषमासहकारी संस्थाहरूको ऐच्छिक सहभागिता रहन्छ ।

**कोषको रकम देहायबमोजिमको उदेश्यमा उपयोग गर्न सकिनेछ ।**

- सहभागी संस्थाको तरलता कायम राख्न र समस्याग्रस्त सहकारीको बचाउका लागि सापटी दिन,
- सहभागी संस्था समस्याग्रस्त भै व्यवस्थापन समिति गठन गर्नुपर्दाको खर्च व्यहोर्न तथा सो को सञ्चालन गर्नेगरी महासंघले जिम्मा लिएमा सो संस्थाको दायित्व भुक्तानी लगायत पुनः सञ्चालमा उपयोग गर्न,
- स्थिरीकरण कोष सञ्चालक समितिको खर्च व्यहोर्न,
- कोषमा सहकारी संस्थाको अतिरिक्त राष्ट्रिय सहकारी महासंघ, राष्ट्रिय सहकारी विकास बोर्ड, राष्ट्रिय सहकारी बैंक, अन्तरराष्ट्रिय सहकारी संघ, नेपाल सरकारका निकायहरूको योगदान रहनसक्ने छ ।
- कोष सञ्चालनका लागि सहकारी हेर्ने संघीय मन्त्रालय, अर्थ मन्त्रालय,राष्टिय सहकारी महासंघ, राष्टि«य सहकारी विकास बोर्ड,नेपाल बचत तथा ऋृण केन्द्रीय सहकारी संघ., राष्ट्रिय सहकारी बैंक, नेपाल राष्ट्र बैंक, सहकारी विभागको प्रतिनिधि भएको एक सञ्चालक समिति रहनेछ ।

**(ङ) घाटा पूर्ति कोष** :

संस्थाको व्यवसायिककारोवारवाट हुने सम्भावित घाटाको भरथेगका लागियो कोषको व्यवस्था गरिएको हो । यस कोषको रकम सञ्चित गर्दैलान सकिन्छ । यसलाई संस्थागत पुँजीको रूपमा गणना गर्ने व्यवस्था नियमावलीले गरेको छ ।

**(च) सहकारी विकास कोषः**

सहकारीप्रति सकारात्मक भावनाको विकास गराउन र सहकारीहरू प्रतिस्पर्धी होइनन् आपसी सहयोगी निकायहरू हुन् भन्ने मान्यताका साथ समुदायमा स्थापना भएका तर रूग्ण अवस्थामा रहेका सहकारीहरूलाई वित्तिय भौतिक रूपमा सहयोग पुर्‍याई सहकारी आन्दोलनलाई टेवा पुर्‍याउनयो कोषको मुख्य उदेश्य हो । संस्थाले बार्षिक कार्यक्रममा समावेश गरी सदस्यहरूको स्वीकृतिमा यसको उपयोग गर्नुपर्दछ । यो कोष बर्षेनि सञ्चित गर्दै लान सकिन्छ ।

## ५. सामुदायिक विकास कोष

सहकारीसंस्थाहरूले सहकारीको सातौ सिद्धान्त परिपालना गर्नेक्रममा सामुदायिक चासोको विषयहरूलाई यथाशक्य सम्बोधन गर्नुपर्दछ । त्यसैले समुदायमा गर्नुपर्ने कार्यहरू गर्नका लागि रकमको जोहो होस भनी यो कोषको स्थापना गरिएको हो । समुदायमा गर्ने कार्यहरू सदस्य तथा गैह्र सदस्य दुवैको हितमा होस भन्ने कुरामा सहकारी संस्थाले ध्यान पुऱ्याउनु पर्दछ । समुदायमा गरिने कार्यहरू खासगरी वृक्षा रोपण, स्वास्थ्य शिविरहरू, पाटीपौवा, धर्मशाला, विद्यालय भवन निर्माण आदि जस्ता कार्यहरू गर्ने प्रचलन बढी देखिन्छ । यसबाट समुदायले सहकारी संस्थाप्रति सकारात्मक दृष्टिकोण राख्दछन् र संस्थामा सदस्य संख्या बढ्नसमेत योगदान पुग्दछ ।

**(ज) अन्य जोखिम कोषः**

संस्थालाई मानवीय त्रुटीबाट वा प्राकृतिक विपत्तिको अवस्थाबाट हुने क्षति वा नोक्सानीको परिपूर्तिका लागि यो कोषको व्यवस्था गरिएको हो । यो कोषको रकम पनि वर्षेनी सञ्चित गर्दै लानुपर्दछ ।

यसरी माथि उल्लेख भएबमोजिम सहकारी संस्थाहरूले आर्जन गरेको खुद वचत रकम संस्थाका सदस्यहरूलाई पुँजी लगानी बापतको क्षतिपूर्तिको रूपमा –शेयर लाभांश, संस्थासँग कारोवार गरेको आधारमा प्रतिफल दिन–संरक्षित पुँजीफिर्ताकोष, लाभांश र कर्मचारीहरूलाई बोनस उपलब्ध गराउनका लागि –कर्मचारी बोनसकोषमा बाँडफाँड गरिन्छ । संस्थाले साधारण सभाबाट वार्षिक लेखा परीक्षण तथा लाभांश एवं बोनस वितरण योजना पारित गरेपछि अनिवार्य रूपमा यी कोषको रकम वितरण गर्नपर्दछ । सदस्यको मञ्जुरी बिना रकम वितरण नगर्ने कार्य गर्नु हुँदैन । यदि सदस्यको मञ्जुरी भएमा यी

कोषको रकमलाई वितरण नगरी संस्थागत पुँजी बढाउने कार्य (जगेडा कोषमा राख्न) गर्न सकिन्छ। गत आर्थिक वर्षको लाभांश वितरण कार्य चालु आर्थिक वर्षको अन्तमा सम्पन्न गरी खर्च नभएका रकमहरूलाई जगेडा कोषमा सारेर यी कोषहरूलाई शुन्यमा लैजानु पर्दछ। वितरण नगरी सञ्चित गरेमा यसको उपयोग अन्य वा भावी सदस्यले गर्ने र आय आर्जनमा संलग्न सदस्य मर्कामा पर्दछन् ।

यी बाहेक सहकारी शिक्षा कोष, सहकारी विकास कोष, सामुदायिक विकास कोषका रकमहरू साधारण सभाको स्वीकृति अनुसार सञ्चालक समितिले कार्यक्रम बनाई खर्च गर्दै जानु पर्दछ र खर्च नभएका रकमहरू तत् कोषमा सञ्चित गर्दै लैजानु पर्दछ। सहकारी प्रवर्द्धन कोष र स्थिरीकरण कोषको रकम कोष सञ्चालन समितिले माग गरेपछि खर्च लेखि हस्तान्तरण गर्नुपर्दछ । घाटा पूर्ति कोष, अन्य जोखिम व्यवस्थापन कोषका रकमहरू तत् उद्देश्य अनुसार परिपूर्ति गर्नेगरी सञ्चित गर्दै लैजानु पर्दछ। सहकारी संस्थाहरूमा यी कोषको व्यवस्थापन गर्नु भनेको संस्थाले सदस्यले प्राप्त गर्ने प्रतिफलमा कमी नआओस् भन्ने र किफायति रूपमा आर्जन गरेको रकमबाटै तत् कार्यमा खर्चगर्ने परिपाटि बसाउनका लागि हो । अन्यथा सोझै खर्चलेख्ने परिपाटीले संस्थाको वार्षिक आयमा कमी आई सदस्यले प्रतिफल नपाउने वा कम पाउने तथा संस्थाको अविभाज्य कोषमा पनि रकम विभाजन कम हुने वा हुँदै नहुने अवस्था आउँदछ। अन्तमा सहकारीले किफायति खर्चगरी बचत गर्न सिकाउने भएकाले कोषमा रहेको रकमको यथोचित सदुपयोग गर्न र देखासिकी रूपमा खर्चको दिगो बन्दोबस्त नगरी सोझै खर्च लेख्ने परिपाटीलाई निरूत्साहित गर्नुपर्दछ।

**सन्दर्भ सामग्रीहरू**

सहकारी ऐन, २०७४

नियमावली, २०७५

सहकारिता, प्रकाशक श्री सहकारी विभाग, २०७४ ।

***

# बचत तथा ऋणको मुख्य कारोबार गरेका बहुउद्देश्यीय तथा अन्य विषयगत सहकारी सङ्घसंस्थाहरूलाई सूचना

सहकारी ऐन, २०७४ को दफा ५० को उपदफा (२) मा बचत तथा ऋणको मुख्य कारोबार गर्ने गरी दर्ता भएको संस्थाबाहेक अन्य विषयगत वा बहुउद्देश्यीय संस्थाले बचत तथा ऋणको मुख्य कारोबार गर्न नपाउने र त्यस्ता विषयगत वा बहुउद्देश्यीय संस्थाले ऐन प्रारम्भ हुनुअघि बचत तथा ऋणको मुख्य कारोबार गर्दै आएको भए तीन वर्षभित्रमा बचत तथा ऋणको मुख्य कारोबार नहुने गरी दर्ता हुँदाका बखतमा उल्लेख गरिएको मुख्य कारोबार गर्नुपर्ने व्यवस्था रहेको बेहोरा विदितै छ ।

कुनै सहकारी संस्थाले ऐनको दफा २ को खण्ड (ज) मा दिइएको मुख्य कारोबारको परिभाषाअनुसार आर्थिक वर्ष २०७४।७५ को लेखापरीक्षण प्रतिवेदनका आधारमा उक्त आर्थिक वर्षसम्ममा परिचालित बचतको दायित्वको रकम र उक्त आर्थिक वर्षको सदस्यतर्फको खरिद वा बिक्री कारोबारको रकम जोडी हुने जम्मा रकममा बचत दायित्वको रकम तीस प्रतिशतभन्दा बढी रहेको भए २०७७ साल असोज मसान्तसम्ममा बचत दायित्वको रकम आर्थिक वर्ष २०७६/७७ को सदस्यतर्फको खरिद वा बिक्री कारोबारसमेत गर्दा हुने रकमको तीस प्रतिशत कायम गराउन यथाशीघ्र कार्ययोजना बनाएर कार्यान्वयन गर्ने व्यवस्था मिलाउनु हुन सूचित गरिन्छ । स्थानीय तह वा प्रदेश सरकारमा अभिलेख हस्तान्तरण भइसकेका सहकारी संस्थाहरूले कार्ययोजनाको प्रति सम्बन्धित स्थानीय तह वा प्रदेशको सहकारी मन्त्रालयमा र विभागको नियमन क्षेत्राधिकारभित्र परेका सहकारी संस्थाहरूले सहकारी विभागमा  पेस गर्नुपर्नेछ ।

# सहकारी संस्था सञ्चालनका आधारहरू



✍ सुरेन्द्रराज पौडेल

## विषय प्रवेश

सामान्य बोलीचालीको भाषामा मिलिजुली रहने, बस्ने, कार्य गर्ने जस्ता कृयाकलापलाई सहकारिता भनिन्छ । शब्दकोषमा हेर्दा सहकारिता एउटा भावना हो जहाँ धेरै व्यक्ति मिलेर एउटै प्रयोजनको लागि काम गरिएको हुन्छ । अझ अगाडि गएर बुझ्दा सहकारितामा व्यवसायीक विधि र सिपको प्रयोग हुने भएकाले People in business for themselves भनिएको हो, जहाँ स्वावलम्बन र सामुहिक जवाफदेहिता पनि संगसंगै रहेको हुन्छ । सायद यही भएर होला सहकारिकतामा श्रमको मूल्य पुँजीको भन्दा बढी रहेको मानिन्छ । सहकारितालाई अगाडि बढाउने एजेन्सीको रूपमा प्राकृतिक व्यक्ति वा संस्थाहरू रहेका हुन्छन् । सहकारीमा व्यक्तिको ज्ञान (knowledge) को साथमा विवेक (wisdom) पनि संगसगै लगानी भएको हुन्छ ।

नेपालमा सहकारी संस्था सञ्चालनका निश्चित आधारहरू सहकारी संबन्धी ऐन, नियमावली तथा विभिन्न कार्यविधी एवं निर्देशिकाहरूले निर्दिष्ट गरेका छन् । एउटा सहकारी संस्थाको प्रमुखलाई सुम्पिएका जिम्मेवारी कानूनले तोकेको कारणले मात्र सृजना भएका होइनन् ति त सबै शेयर सदस्यहरू समक्ष छातीमा हात राखेर उसले खाएको सपथको परिणति पनि हुन् । तसर्थ कुनै पनि सहकारी संस्थाको प्रमुखको रूपमा रहेको कुनै व्यक्ति चाहे ऊ सञ्चालक समितिको अध्यक्ष होस् वा व्यवस्थापक वा अन्य कुनै कार्यकारी भूमिकामा रहेको किन नहोस् उसले संस्था सञ्चालन गर्दा तल उल्लेखित केही सामान्य कार्यहरू नियमित रूपमा संपादन गरेमा त्यी कार्यनै संस्था सञ्चालनका मानकहरू हुनेछन् र यी मानकहरू नै भोलीको दिनमा सहकारी संस्कृतिको रूपमा अगाडि बढ्ने छन् ।

## सहकारीको मर्म

संक्षिप्त रूपमा भन्दा (क) सदस्य केन्द्रित लोकतान्त्रिक कार्य प्रणाली, (ख)

✍ उप रजिष्ट्रार, सहकारी विभाग ।

समुदायमा छरिएर रहेका ३ पी (3 P) अर्थात पुँजी, प्रतिभा र प्रविधि लाई त्यही समुदायको उन्नययनको लागि प्रयोग गर्ने र (ग) स्वयत्तता र स्वशासन सहकारीका मर्म हुन् । अतिरिक्त रूपमा समानता, समता, ऐक्यवद्धता, इमान्दारिता, खुलापन, सामाजिक एवं स्व-उत्तरदायित्व समेतलाई सहकारीका मूल्यको रूपमा मान्ने गरिएको छ। "एक सबैको लागि र सबैको लागि एक" भन्ने युक्ति यो क्षेत्रमा बढी मात्रामा प्रचलित छ।

**सञ्चालन र व्यवस्थापनका आधारहरू**

सस्थालाई कुशल रूपमा सञ्चालन गर्नु भनेको एउटा व्यवस्थापकीय कला हो र संस्थागत अनुशासनमा यसको सफलता निर्भर गर्दछ । तल उल्लेखित केही बुँदाहरूले सहकारी संस्था सञ्चालनका आधार प्रदान गर्दछन। यी आधारको श्रोत भने सहकारी संबन्धी ऐन, नियमावली, कार्यविधि एवं संस्थाले आत्मानुशासनको लागि जारी गरेका विनियमावलीहरू हुन् ।

- तोकिएको निकायमा दर्ता नगरी संस्था नचलाउने,
- संस्थालाई सहकारी ऐन, २०७४ को दफा १८ ले तोकेबमोजिमको कार्यक्षेत्र हुने गरी सञ्चालन गर्ने,
- सहकारी संस्थाको विषयगत दक्षताको आधारमा तोकिए बमोजिमका अन्य निकायको समेत स्वीकृति लिएर विषयगत सेवाको कारोवार गर्ने,
- आफ्नो सस्थाले उत्पादन गरेको वस्तु र सेवाको ब्राण्डप्रति सदैव चनाखो रहने,
- संस्था सञ्चालन गर्दा सहकारीको मूल्य, मान्यता र सिद्धान्तलाई पालना गर्ने गराउने कुरामा सदैव कृयाशील रहने,
- सदस्य र संस्थाले सञ्चालन गरेको व्यवसायको हित प्रवर्द्धन र वजारि करणमा सदैव लागिरहने,
- सदस्यलाई समय सापेक्ष शिक्षा,तालीम प्रदान गर्ने तथा संस्थामा सुशासन प्रवर्द्धन गर्ने कुरामा सदैव क्रियाशील रहने,
- संस्थाले गर्ने उत्पादन तथा सेवाको मापदण्ड निर्धारण गर्ने, संपूर्ण गुणस्तर व्यवस्थापन (total quality management) मा ध्यान दिने, आर्थिक स्थायित्व र जोखिम व्यवस्थापन संबन्धी काममा विशेष सजगता अपनाउने,
- आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने । विभिन्न विनियम तथा संस्था

सञ्चालन संबन्धी आन्तरिक कार्यविधीहरू बनाई साधारण सभा र सञ्चालक समितिबाट पारित गरी सहकारी विभागको स्वीकृति लिई लागू गर्ने र गराउने,

- संस्थाको व्यवसायिक प्रवर्द्धन र विकासको क्षेत्रमा निरन्तर लागिरहने,
- आफ्नो संस्थालाई अब उत्पादक वा उपभोक्ता वा वित्तीय वा श्रमिक वा बहुउद्धेशीय संस्था मध्ये कुनै एक क्षेत्रमा काम गर्ने गरी संस्थाको विषय क्षेत्र परिवर्तन गर्ने,
- सो ऐनको दफा ३० बमोजिमका व्यक्ति र संस्थालाई सदस्य बनाउने,
- संस्थाको प्रारम्भिक साधारण सभा संस्था दर्ता भएको मितिले ३ महिनाभित्र र वार्षिक साधारण सभा आ.ब. समाप्त भएको मितिले ६ महिनाभित्र संपन्न गर्ने । विशेष साधारण सभाको हकमा ऐनको दफा ३९(३) बमोजिम गर्ने,
- संस्थाको गोपनीयता कायम राख्न सदैव तत्पर रहने,
- आफू संलग्न सहकारी संस्थाको कारोवार र व्यवसायसँग प्रतिष्पर्धा हुने गरी समान प्रकृतिको कारोवार वा व्यवसाय नगर्ने,
- आर्थिक हिनामिना गरी संबन्धित सहकारी संस्थालाई हानी नोक्सानी नपुऱ्याउने र संस्थाको अहित हुने कुनै काम नगर्नुको साथै निजी स्वार्थ समावेश भएको कुनै पनि निर्णय प्रकृयामा सहभागी नहुने,
- प्रत्येक चौमासिकमा संस्थाको आन्तरिक लेखा परिक्षण गराउने,
- सदस्य केन्द्रित भई बचत तथा ऋणको कारोवार गर्ने गराउने । आफ्ना सदस्यहरूसँग मात्र बचत तथा ऋणको कारोवार गर्ने,
- बचत-बचतविचको ब्याज दरमा ३ प्रतिसतभन्दा बढी अन्तर नहुने, बचत र ऋण लगानीको ब्याजदरमा ६ प्रतिसत भन्दा बढी अन्तर हुन नपाउने, कूल शेयर पुँजीको २० प्रतिसत भन्दा बढी नहुने गरी एकै शेयर सदस्यलाई शेयर बिक्री नगर्ने तथा प्राथमिक पुँजी कोषको १५ गुणा भन्दा बढी हुने गरी बचत सङ्कलन नगर्ने नगराउने तर्फ सदैव चनाखो रहनु पर्ने,
- कानूनमा व्यवस्था भए बमोजिम राख्नुपर्ने जगेडा कोष, संरक्षित पुँजी फिर्ता कोष, सहकारी प्रवर्द्धन कोष, शेयर लाभांश कोष, घाटा पूर्ति कोष, कर्मचारी बोनस कोष, सहकारी शिक्षा कोष,महिला वाल तथा अन्य जोखिम व्यवस्थापन कोषको व्यवस्था गर्ने र ऐनले तोके बमोजिम

मुनाफा तथा बचतबाट निश्चित प्रतिसत रकम उपरोक्त कोषमा जम्मा गर्ने,

- विभिन्न कोषमा नियमानुसार छुट्टाएको रकममध्ये प्रयोग नभएको रकम जगेडा कोषमा सार्ने,
- ऋण लगानीको २ बर्षसम्म पनि उठ्न नसकेको रकम write-off गरी वासलातको तल्लो खण्डमा memorandum account (स्मरण खाता) को रूपमा जनाई राख्ने,
- सबै शेयर सदस्यहरूको फोटो सहितको शेयर दर्ता किताव तथा सदस्यता दर्ता किताब, नगदी वही, ऋण लेनदेन दर्ता किताब, मालसामान मौज्दात किताब, आम्दानी खर्च, संपत्ति र दायित्व संबन्धी अलग अलग खाता र सहायक खाताहरू, हिसाब परिक्षण सूची, आय व्यय र स्थिति विवरण पत्र लगायतका खाता राखी सहकारी विभागले तोके बमोजिम अभिलेखिकरण तथा लेखापालन गर्ने,
- नगद सुरक्षाको भरपर्दो व्यवस्था र जिम्मेवारी किटान गर्ने,
- एउटा प्रारम्भिक संस्थाले अर्को संस्थामा खाता खोल्ने, बचत सङ्कलन गर्ने, शेयर खरिद बिक्री गर्ने जस्ता कार्य नगर्ने,
- संस्थाको अल्पकालीन, मध्यकालीन तथा दिर्घकालीन रणनीतिक योजना बनाई साधारण सभाबाट पास गराई लागू गर्ने
- संस्था दर्ता गर्दाका बखतका  सदस्य बाहेक अन्य सदस्यलाई सदस्य प्राप्त गरेको ३ महिना व्यतित नभैकन ऋण लगानी नगर्ने,
- शेयर पुँजीको बढीमा १८ प्रतिसत सम्म मात्र लाभांश वितरण गर्ने,
- सबै सदस्यहरूले नियमित बचत गर्ने,आवस्कतानुसार आवधिक बचत गर्ने व्यवस्था समेत मिलाउने,
- सबै सदस्यले बुझ्ने र देख्ने गरी नागरिक बडापत्र राख्ने र सकभर विद्युतीय बडापत्र राख्न प्रयासरत रहने,
- विभिन्न समिति तथा उप-समितिहरूका निर्णयहरूको अलग अलग माइन्यूट गरी सुरक्षित रूपमा राख्ने र राख्न लगाउने,
- ऐनले तोकेका महत्वपूर्ण विवरणहरू जस्तै कारोवारको चौमासिक तथा वार्षिक प्रतिवेदन तथा लेखा परिक्षण प्रतिवेदन,वार्षिक योजना तथा कार्यक्रम, खुद बचत संबन्धी नीति तथा योजना, साधारण सभाको बैठक संबन्धी जानकारी, शेयर सदस्य संख्या तथा शेयर पुँजी सञ्चालक

वा शेयर सदस्यले लिएको ऋण र तिर्न बाँकी रकम तथा अन्य तोकिए बमोजिमका विवरणहरू समयमै सहकारी विभाग पठाउने,

- संस्थाले प्रदान गरेको सेवा र सन्तुष्टीको स्तर निर्धारण गरी सदस्यहरूको आर्थिक, सामाजिक, सास्कृतिक र वातावरणीय पक्षमा पारेको प्रभावको सामाजिक परिक्षण गर्ने गराउने,
- संस्थाको सदस्य बाहेक अरू कसैलाई सामाजिक बाहेक अन्य कार्यका लागि आर्थिक सहयोग नगर्ने,
- संस्थाको सञ्चालक वा लेखा सुपरिवेक्षण समितिको संयोजक वा सदस्य वा कर्मचारीलाई आफ्नै संस्थाको कुनै प्रकारको ठेक्का नदिने,
- नियमानुसार धितो लिलाम गर्ने। कुनै कारणले लिएको ऋण धितोले नखाम्ने भएमा थप धितो सुरक्षण राख्न लगाउने लगायतका कार्य गरी ऋण असुलीमा प्राथमिकता दिने,
- बिमा समितिको शर्त बन्देजको अधिनमा रही शेयर सदस्यका कृषि, पशुपालन लगायतका उद्यम र सेवामा सुरक्षण प्रदान गर्ने,
- नेपाल सरकारले स्वीकृत गरी प्रचलनमा ल्याएको सहकारी र गरिबी निवारण संबन्धी व्यवस्थापन सूचना प्रणाली (Co-operative and Poverty Related Management Information System -COPOMIS) मा आफ्नो संस्थालाई आबद्ध गराई सबै कारोबारको अभिलेखिकरण तथा लेखापालन सोही सफ्टवेयरमा गराइ पारदर्शिता तथा एकिकृत सूचना प्रणाली तयार गर्न सहयोग पु¥याउने आदि ।

## लेखा परीक्षण

सहकारी संस्थाहरूको लेखा परिक्षणका लागि सहकारी ऐन, नियमावली एवं सहकारी विभागले जारी गरेको सहकारी संस्थाको लेखापरिक्षण निर्देशिका, २०७५ अनुसार कानून बमोजिम स्वीकृत प्राप्त लेखा परिक्षकबाट तोकिए बमोजमको accounting standards अबलम्बन गरेको हुनु पर्दछ। सस्थाले आगामी आ.व. को कारोवारको लेखा परिक्षणका गराउदा तल उल्लेखित प्रक्रिया (चक्र) अवलम्बन गरेको हुनु पर्ने देखिन्छ ।

- सञ्चालक समितिले आगामी आर्थिक वर्षको लागि लेखा परिक्षकको नियुक्ति र निजको पारिश्रमिक तोक्नका लागि साधारण सभा समक्ष प्रस्ताव प्रस्तुत गर्ने,

- साधारण सभाले आगामी आ.व.को लागि लेखा परिक्षकको नियुक्ति गरी निजको पारिश्रमिक तोक्ने,
- साधारण सभाले नियुक्त गरेको लेखा परिक्षकबाट सञ्चालक समितिले लेखा परिक्षण गराउने,
- लेखा परिक्षकको प्रतिवेदन सञ्चालक समितिले छलफल तथा अनुमोदनका लागि साधारण सभा समक्ष प्रस्तुत गर्ने,
- साधारण सभाले लेखा परिक्षण प्रतिवेदन माथि छलफल गरी अनुमोदन गर्ने वा आफ्नो कैफियत सहित सञ्चालक समितिमा फिर्ता पठाउने,
- लेखा परिक्षण प्रतिवेदन अनुमोदन सहित समितिमा फिर्ता प्राप्त भएमा माइन्युट सहितको प्रतिवेदन तोकिएको समयभित्र नियमक निकाय समक्ष पेश गर्ने । तर साधारण सभाले सो प्रतिवेदन माथि कैफियत जनाई फिर्ता पठाएमा कैफियत माथि केन्द्रित भई पुनः परिक्षण गराई संस्थाले आफ्नो वार्षिक प्रतिवेदनको साथमा लेखा परिक्षण प्रतिवेदन समेत प्रकाशित गर्ने ।

लेखा परिक्षणको सन्दर्भमा संस्थाले विचार पुऱ्याउनु पर्ने मुख्य विषयमा संस्था संग स्वार्थ गासिएको वा ऐनको दफा ७७ बमोजिमको अवस्था विद्यमान भएको व्यक्ति, फर्म र कम्पनि लाई लेखा परिक्षक नियुक्त गर्नु हुदैन भने एउटै व्यक्ति, फर्म वा कम्पनिलाई लगातार ३ आर्थिक बर्ष भन्दा बढी हुने गरी लेखा परिक्षक नियुक्त गर्न समेत मिल्दैन ।

## सम्पत्ति शुद्धिकरण

सहकारी संस्थाहरूमा हुने वित्तीय कारोवारमा स्वच्छता एवं पारदर्शिता कायम गरी सहकारी वित्तीय प्रणालीलाई संरक्षण गर्ने हेतुले सहकारी विभागले तालुक मन्त्रालयको स्वीकृतिमा संपत्ति शद्धिकरण (Money laundering) निवारण ऐन, २०६४ को दफा ७प को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी संपत्ति शुद्धिकरण निवारण संबन्धी सहकारी संघसंस्थालाई जारी गरिएको निर्देशन, २०७४ जारी गरेको छ । सो निर्देशिका अनुसार बचत तथा ऋणको कारोवार गर्ने सहकारी संस्थाहरूले संपत्ति शुद्धिकरणको संबन्धमा देहाय बमोजिमका काम गर्नु पर्दछ ।

- सहकारी संस्थाले आफ्नो संस्थाका सदस्य र सदस्य हुन इच्छुक व्यक्तिको पहिचान तथा सम्पुष्टी गर्ने र नयाँ व्यक्तिलाई विस्तृत रूपमा पहिचान

नगरी सदस्यता नदिने,

- संस्थाले नियमित रूपमा जोखिम पहिचान, मूल्याङ्कन तथा व्यवस्थापन गरिरहने र जोखिम वर्गिकरण गर्दा उच्च, मध्यम र न्युन स्तरमा गरी नियमित अनुगमन गर्ने र अनुगमन गर्दा उच्च जोखिममा वर्गिकृत कारोवारलाई प्राथमिकता दिने,
- विश्वासनीय आधार भएको अवस्थामा बाहेक एकैपल्ट वा पटक-पटक गरी वार्षिक ३० लाखभन्दा बढिको बचत जम्मा, कर्जा भुक्तानी, रेमिट्यान्स वा रकम स्थानतरण, शेयर खरिद लगायतको कारोवार भएको देखिएमा असामान्य कारोवार मानी जोखिम मूल्याङ्कन गर्ने । त्यसैगरी १० लाखभन्दा बढी (सीमा कारोवार) को उपरोक्त कारोवार गर्दा सम्बन्धीत सदस्य वा व्यक्तिबाट श्रोत खुलाएर मात्र लिने गर्ने,
- सञ्चालक समितिले कुन कुन सञ्चालकको के कस्तो भूमिका हुने हो सो निर्धारण गरी आ-आफ्नो भूमिका निर्वाह गर्ने गर्नु पर्दछ र संपत्ति शुद्धिकरणको काम कुनै सञ्चालक वा सदस्यलाई नतोकिएको भएमा प्रमुख कार्यकारी अधिकृत वा व्यवस्थापकको हुने,
- संपत्ति शुद्धिकरणको संबन्धमा सञ्चालक समितिले आन्तरिक नीति तथा कार्यविधी निर्माण गरी साधारण सभाबाट पारित गराई लागू गर्ने,
- संपत्ति शुद्धिकरण संबन्धी ऐन, नियमावली तथा निर्देशन मुताविकको दायित्व पूरा गर्नका लागि व्यवस्थापक स्तरको कार्यान्वयन अधिकारी (Compliance officer) नियुक्त गर्ने र सो अधिकारीले सम्पर्क बिन्दु (focal point) को रूपमा समेत काम गर्नेछ,
- संस्थाले शङ्कास्पद कारोवारको ३ दिनभित्र र सीमा कारोवारको १५ दिनभित्र तोकिएको ढाँचामा वित्तीय जानकारी एकाईमा अनिवार्यरूपले पठाउने व्यवस्था मिलाउने,
- संस्थाको सञ्चालक समितिले कम्तिमा ६ महिनामा १ पटक ऐन, नियमावली तथा निर्देशन बमोजिम भए गरेका काम कारवाईको समिक्षा गर्नु पर्ने,
- संस्थाले आफुले संपादन गरेको कार्यहरूको चौमासिक प्रतिवेदन सो अबधी समाप्त भएको ७ दिनभित्र नियमक निकायमा तोकिएको ढाँचामा पठाउने,
- रू ५ करोड वा सो भन्दा बढी जायजेथा भएको संस्था १ बर्ष भित्र र

अन्य संस्था ३ बर्ष भित्र मन्त्रालयले स्विकृत गरेको एकिकृत व्यवस्थापन सूचना प्रणालीमा आवद्धता भइसक्ने,

- संपत्ति शुद्धिकरण संबन्धी अभिलेख, प्रतिवेदन तथा विवरण सहितका कागजातहरू ५ वर्षसम्म सुरक्षित राख्ने व्यवस्था मिलाउने ।

यसप्रकार सहकारी संस्थाले विभागबाट जारी गरिएको निर्देशनको पालना र कार्यान्वन सहज रूपमा हुने प्रणालीको विकास अनिवार्य रूपमा गराउनु पर्दछ । संस्थाले आन्तरिक कार्यविधी बनाउदा सपत्ति शुद्धिकरण, आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी तथा सम्वद्ध अपराध निवारण प्रणालीको प्रभावकारी कार्यान्वयनको लागि संस्थागत संरचना तथा प्रभावकारितासंबन्धी व्यवस्था र रणनीतिको तर्जुमा गरेको हुनु पर्दछ । संपत्ति शुद्धिकरण संबन्धी ऐन, नियमावली र निर्देशनको पालना नगर्ने अर्थात उलङ्घन गर्ने व्यक्ति वा सस्थालाई कसूरको मात्रानुसार स्पष्टिकरण देखि ५ करोड रूपौयाँसम्म जरिवाना र संस्थाको दर्ता खारेजीसम्मको सजाय हुने कानूनी व्यवस्था रहेको छ ।

**निरीक्षण तथा अनुगमन**

नियामक निकायको एउटा प्रमुख कार्य निरीक्षण र अनुगमन हो । निरीक्षण र अनुगमन नियामक निकायको नियमित र स्वाभाविक कार्य भएकाले संस्थाहरू पनि तयारी अवस्थामा रहेका हुन्छन् र हुनु पर्दछ । निरीक्षण र अनुगमनले उत्तरदायित्व र जवाफदेहितालाई अभिबृद्धि गर्ने भएकाले यसले सुशासनलाई प्रवर्द्धन गर्दछ । सहकारी संस्थाहरूले निम्न बुँदाहरूलाई ख्याल गर्नुपर्ने देखिन्छ । जस्तै-

- नियामक निकाय (विभाग, प्रदेश सरकार, स्थानीय तह, नेपाल राष्ट्र बैंक) बाट हुन सक्ने निरीक्षण र अनुगमन (मन्त्रालयले ऐनको दफा ९६ र ९८ बमोजिम गर्ने छानविन, निरीक्षण र अनुगमन समेत) को लागि संस्था तयारी अवस्थामा रहनु पर्ने (यसमा संघले कानुन बमोजिम मातहतका निकायमा गर्ने निरीक्षण तथा अनुगमन समेतलाई राख्न सकिन्छ),
- संस्थाका अभिलेखहरू अद्यावधिक गरी राख्ने र नियामक निकायले मागेको बखत तत्काल उपलब्ध गराउने,
- नियामक निकायबाट गरिएको निरीक्षण तथा अनुगमन पश्चात प्राप्त निर्देशनको अक्षरस पालना गर्ने,
- निरीक्षण तथा अनुगमनबाट औल्याइएका कैफियतहरूलाई साधारण

सभामा प्रस्तावकै रूपमा लगेर छलफल गर्ने,

- तोकिएको समयाबधिभित्र सुधार गर्नुपर्ने विषयहरूमा सुधार गरी सक्ने,
- सहकारी संस्थाहरूले सुरक्षण, वित्तीय संरचना, संपत्तिको स्तर, तरलता, लगानीका क्षेत्रहरू लगायतमा सहकारी विभागले तोकेका मानकहरूको पूर्ण पालना गर्नु पर्दछ ।

## पुछारमा

समाजबाद उन्मुख आत्मनिर्भर राष्ट्रिय अर्थतन्त्रको विकासमा सहकारीको योगदान महत्वपूर्ण हुने तथ्य स्थापित भएको छ । त्रिखुट्टे अर्थनीतिको एउटा दह्रो खुट्टाको रूपमा सहकारीलाई स्थापित गरी सार्वभौमसत्ता संपन्न नेपाली जनताको भरोसाको केन्द्रको रूपमा सहकारी अभियानलाई अगाडि बढाउनु आजको आवस्यकता हो । जबसम्म स्थानीय पुँजी, प्रतिभा र प्रविधीको समुचित प्रयोग गरी सहकारीतालाई अभियानको रूपमा अगाडि बढाउन सकिन्न तबसम्म स्ववालम्बी अर्थव्यवस्था निर्माण  गर्ने कुरा कोरा कल्पनामात्र हुनेछ ।

## सन्दर्भ सामग्री


१. सहकारी ऐन ,२०७४

२. सहकारी नियमावली, २०७५

३. संपत्ति शुद्धिकरण निवारण संबन्धी सहकारी संघसंस्थालाई जारी गरिएको निर्देशन, २०७४

४. सहकारी संस्थाको लेखापरिक्षण निर्देशिका, २०७५

५. सहकारिता - सहकारी विभागको प्रकाशन


***

# सहकारी संस्थाले अङ्कित मूल्यमा मात्र सेयर विक्री गर्नुपर्ने विषयको सहकारी विभागको सूचना

सहकारी ऐन, २०७४ को दफा ६३ को उपदफा (४) मा सहकारी संस्थाको सेयरको अङ्कित मूल्य प्रतिसेयर एक सय रूपैयाँ हुनुपर्ने व्यवस्था रहेको विदितै छ । तदनुसार सहकारी संस्थाले विनियमबमोजिम योग्यता पुगेका सेवा उपयोगकर्ता इच्छुक व्यक्तिलाई एक सेयरमात्र खरिद गरेको खण्डमा पनि स्वैच्छिक तथा खुला सदस्यताको सिद्धान्तबमोजिम कुनै भेदभाव नगरी समान अधिकारसहित सदस्यता प्रदान गर्नुपर्दछ ।

यदाकदा सहकारी संस्थाहरूले साबिकका सदस्यहरूले खरिद गरेको सेयरबाट नाफासमेत थपिएको भन्नेजस्तो भ्रामक तर्क गरी नयाँ सदस्यलाई सेयर प्रिमियमबापत भनी एक सेयरको एक सय रूपैयाँभन्दा बढी लिने गरेको बुझिएकाले यो सूचना जारी गरिएको छ ।

अत: नयाँ वा पुराना जुनसुकै सदस्यलाई सहकारी संस्थाको सेयर विक्री गर्दा अङ्कित मूल्य – अर्थात् प्रतिसेयर एक सय रूपैयाँका दरले हुने रकममात्र – लिनु हुन तथा सेयर प्रिमियम वा त्यस्तै अन्य कुनै नाममा रकम नलिनु हुन जानकारी गराइन्छ । अन्यथा कानुनबमोजिम कडा कारबाई गरिनेछ ।

# सहकारी संस्थाको पुनर्गठनः एकीकरण र विभाजन



✍ कृष्ण पुडासैनी

## परिचय

सहकारी संस्थाको कार्यक्षेत्र र कार्यसञ्चालनको अवस्थामा तात्विक परिवर्तन गर्दा संस्थाको पुनर्गठन हुन्छ । पुनर्गठन सहकारी संस्थाको कार्यप्रणालीलाई प्रभावकारी तुल्याउने कार्य हो । पुनर्गठनको कार्यले सहकारी प्रयासलाई उचो पार्दछ । अर्को अर्थमा सहकारी संस्थाको साङ्गठनिक समायोजन पुनर्गठन हो ।

## पुनर्गठनका स्वरूप

सहकारी संस्था पुनर्गठनका रूप विभिन्न छन् । देहायका कार्यहरूले संस्था पुनर्गठन गर्ने गरिन्छ :-

क) विभाजन (स्थानीयकरण) : यस सम्बन्धमा तल छुट्टै व्याख्या गरिएको छ ।

ख) रूपान्तरण : सहकारी संस्थाको विषय परिवर्तन गर्ने कार्य नै रूपान्तरण हो ।

ग) एकीकरण : यस सम्बन्धमा तल छुट्टै व्याख्या गरिएको छ ।

घ) कार्यक्षेत्र विस्तार : दर्ता भएको अवस्थाको भौगोलिक कार्यक्षेत्र बढाउने कार्य नै कार्यक्षेत्र विस्तार हो ।

ङ) पुनःसंरचना : संस्थाको आन्तरिक साङ्गठनिक गतिशीलता कायम गर्न सदस्य सहभागिताका मञ्चहरूको सिर्जना, स्वनियमका प्रक्रिया तथा संयन्त्रको स्थापना एवं सुदृढीकरण, सहकारी सिद्धान्तको प्रचलन लगायत संस्थागत सुदृढीकरणका कार्यहरू नै पुनःसंरचना हो ।

उपरोक्त स्वरूपमध्ये एकीकरण र विभाजनको कार्य ज्यादै सम्वेदनशील र महत्वपूर्ण हुन्छ । सहकारी ऐन, २०७४ र नियमावली, २०७५ ले एकीकरण र विभाजनको व्यवस्था गरेको छ । यस लेखमा सहकारी संस्थाको एकीकरण र विभाजनको चर्चा गरिएको छ ।

---

✍ उपसचिव, सहकारी विभाग ।

## सङ्गठनात्मक संस्कृति र सहकारी संस्थाको एकीकरण

सङ्गठनका साहित्य अध्ययन गर्ने हो भने सङ्ठनात्मक कार्य प्रणालीमा साङ्गठनिक संस्कृतिले ठूलो प्रभाव पारिरहेको हुन्छ । सङ्गठनात्मक संस्कृति भन्नाले सङ्गठनमाआवद्ध सदस्यका सामूहिक मूल्य, विश्वास, व्यवहार र सिद्धान्तहरू हुन् । यो सङ्गठनको इतिहास, बजार, प्रविधि, योजना तथा रणनीति, कार्यरत मानवस्रोत, व्यवस्थापकीय शैली र समग्र राष्ट्रिय संस्कृति जस्ता तत्वहरूको उपज हो। भिन्न-भिन्न संस्कार र परिस्थितिमा हुर्केका सहकारी संस्थाहरू र विविध मूल्य, विश्वासमा आधारित व्यवहारमाअभ्यस्त सदस्यहरूलाई एकाकार गरी एउटै संस्थामा परिणत गर्ने कार्य ज्यादै जटिल हुनजान्छ । एउटा सहकारी संस्थाले अधिकार केन्द्रीत हिसाबले संस्था चलाइरहेको हुनसक्छ भने अर्काले अधिकारको बढी सहभागितात्मक ढङ्गले चलन गरेको हुनसक्छ । सङ्गठनात्मक कार्य शैली, विधि, नीतिहरू फरक-फरक अभ्यासमा हुन्छन् । तसर्थ, सहकारी संस्थाको एकीकरण सङ्गठनात्मक मात्र होइन, यो त सदस्यहरूबीच ग्रहणशीलता ल्याउने गरी गरिने एकता हो । सङ्गठनको कागजी एकीकरणले मात्र वास्तविक समाधान दिन सक्दैन उल्टो धेरै जटिलताहरू निम्तीन सक्छ ।

Charls Handy ले सङ्गठनात्मक संस्कृति बारे तल भनेको भनाइ सहकारी संस्था एकीकरणको सन्दर्भमा मननीय छ :

सङ्गठनात्मक संरचनालाई सङ्गठनात्मक संस्कृतिमा जोड्नु पर्दछ ।[१]

सहकारी संस्थाहरूलाई एक बनाउने प्रक्रिया नै एकीकरण हो । सहकारी ऐन, २०७४ को दफा ८७ (१) अनुसार दुई वा दुईभन्दा बढी सहकारी संस्थाहरू एक आपसमा गाभी एकीकरण गर्न सकिने व्यवस्था रहेको छ । दुई सहकारी संस्थाहरूको एकै साङ्गठनिक एकाइ बनाउनु नै एकीकरण हो (a merger is a consolidation of two cooperatives into one entity)।[२] सहकारी संस्थामा साङ्गठनिक गतिशीलता, व्यावसायिक क्षमता अभिबृद्धि, र समग्र संस्थागत प्रभावकारिता हासिल गर्न एकीकरण आवश्यक पर्दछ । खासगरी शहरी क्षेत्रमा अनावश्यक संख्याका संस्थाहरू जसका कारणले हुने दोहोरो सदस्यता, फजुल सञ्चालन खर्चले असङ्गति देखा परेकै छ । यस्ता नमिलेका विषयलाई समाधान गर्न मिल्दाजुल्दा संस्थाहरूलाई मिलाएर मजबुत

1 Charles Handy,Understaniding Organizations (1976)

2 Trends of U.S. Agricultural Cooperatives (1913-2016) (cooperatives.cfaes.ohio-state.edu/sites/coop/files/imce/Research) पृष्ठ १९ मा उद्धृत

सहकारी संस्था निर्माण गर्न एकीकरण जरूरी छ ।

## एकीकरणका सर्तहरू

सहकारी संस्थाहरूको एकीकरण कार्य जहिलेसुकै सफल हुन्छ भन्ने हुँदैन । यसको आवश्यकता जतिबेला पनि रहन्छ भन्ने अवस्था रहन्न । कुनै सहकारी संस्थाले ठूलो कारोबार गरेको छ र अर्कोले सानो कारोबार गरेको छ भन्दैमा संस्था वा कार्यक्षेत्र ठूलो पार्ने मनसुवाले सहकारी संस्थाको एकीकरण गर्नु वाञ्छनीय हुँदैन । यस्तो मनसायको एकीकरणले सदस्य सहभागिता र लोकतान्त्रिक नियन्त्रण कमजोर हुन पुग्दछ । खासगरी देहायका अवस्थामा मात्र एकीकरणको आवश्यकता पर्दछ र त्यो प्रभावकारी सिद्ध हुन्छ भनिएको छ :-[३]

- कार्यक्षेत्र एक-अर्काको भित्रै पर्दछ,
- साझा बन्धन एकैनास छ,
- संस्थाहरू एकै विषय वा प्रकृतिका छन्,
- फरक विषय वा प्रकृतिका संस्था भए पनि खासमा एकै व्यवसायमा प्रतिष्पर्धा भइरहेको छ र
- कम्तीमा एक-तिहाइ सदस्यतामा दोहोरो परेको देखिन्छ ।

सहकारी संस्था एकीकरण गर्न सहकारी नियमावली, २०७५ को नियम ३९ (१)ले निम्नानुसारका एकीकरणका सर्तहरू पूरा भएको हुनुपर्ने गरी तोकेको छ :-

क) कार्यक्षेत्र एक-अर्कासँग खप्टिएको वा जोडिएको हुनुपर्ने,

ख) एकै विषय वा प्रकृतिका संस्था हुनुपर्ने वा फरक विषय वा प्रकृतिका भए तापनि मूलत: एकै विषयमा प्रतिष्पर्धा भएको हुनुपर्ने,

ग) सदस्यको प्रत्यक्ष सहभागिता एवं लोकतान्त्रिक नियन्त्रण कायम रहनुपर्ने ।

उक्त नियम ३९ को उपनियम (२) मा एकीकरण गर्दा मौजुदा संस्थाको कार्यक्षेत्रको आधारमा स्थानीय तहको वडा, स्थानीय तह, जिल्ला वा प्रदेशको क्षेत्रभित्र पर्ने गरी गर्नु पर्नेछ भन्ने अर्को प्रावधान समावेश गरेको छ । नियमावलीको यो व्यवस्थाले सहकारी संस्थालाई समुदायमा आधारित बनाउन खोजेको प्रतीत हुन्छ । साथै सहकारी संस्थाको एकीकरण पश्चातको कार्यक्षेत्र

३ सहकारी संस्था दर्ता दिग्दर्शन (काठमाडौ, सहकारी विभाग, २०७४) पृष्ठ ४७

प्रदेश तहसम्म सीमित पारेको छ । यसमा सहकारी ऐनको दफा १८ (१) को खण्ड (ख) (१) मा भएको व्यवस्था अनुरूप सदस्यहरूबीच स्वाबलम्बनको पारस्परिक अभ्यासको लागि आपसी साझा बन्धनको आधारलाई सम्झेको देखिन्छ ।

नियमावलीको उपरोक्त खण्ड (क) अनुसार कार्यक्षेत्र एकापसमा खप्टिएको हुनुपर्ने व्यवस्थाले सदस्यहरूको चिनजान, साझा बन्धन (Common bond) कमजोर नहुने, दोहोरो सदस्यता परेको हुनजाने हुँदा एकीकरण कार्य सहज बन्न जाने हेतु देखिएको छ । कार्यक्षेत्र जोडिएको भन्ने समेत व्यवस्थाको हकमा खण्ड (ग) को व्यवस्था अबलम्बन गर्नु पर्दछ । साथै सदस्यमाझ साझा बन्धन कायमै राख्न र अनावश्यक कार्यक्षेत्रको फैलावट हुनसक्नेतर्फ नियामक निकायले थप विचार गर्नु पर्दछ ।

नियमावलीको उपरोक्त खण्ड (ख) अनुसार सहकारी संस्था एकै विषय वा प्रकृतिका वा फरक विषय भएतापनि मूलतः एकै विषयमा प्रतिष्पर्धा भएको हुनुपर्ने भन्ने सर्त व्यवस्थाले सदस्यको आवश्यकता र चरित्र मिल्न गई संस्था गाभिई एकीकरण हुन सहज हुनजाने मनसाय देखिन्छ । मुख्यतः सदस्य धेरै दोहोरो परेको अवस्थामा एकीकरणको कार्य सहज र सफल हुन जान्छ ।

नियमावलीको उपरोक्त खण्ड (ग) अनुसार सदस्यको सहभागितालाई सुगम तुल्याउने गरी मात्र संस्था एकीकरणको कार्य गर्नुपर्ने देखाएको छ । संस्थाको कार्यक्षेत्र ठूलो पार्ने र कारोबार बढाउन मात्र एकीकरण हुनु हुँदैन बरू लोकतान्त्रिक नियन्त्रणका सदस्य-मैत्री सङ्गठनात्मक प्रक्रियालाई जीवन्त राख्नु पर्ने गरी बन्देज लगाएको छ । यसका लागि सदस्य सहभागिताका विस्तारित मञ्चहरू (Extended forums for participation) को सिर्जना गरिएको हुनुपर्ने अवस्थालाई दर्शाएको छ ।

उक्त नियमको उपनियम (३) मा मन्त्रालयको पूर्व-स्वीकृति बिना पुराना साझा (सहकारी) संस्थाहरूलाई अर्को संस्थामा एकीकरण गर्न नपाइने गरि सुरक्षित गरिएको छ । यसमा नेपाल सरकारकोसमेत स्रोत परेको, कतिपय साझा संस्थाहरू निष्क्रिय रहेका र त्यस्ता संस्थाका जायजेथा धेरै भएका कारण नेपाल सरकारको पूर्व-स्वीकृतिको प्रावधान राखिएको बुझ्न सकिन्छ । महिलामात्र सदस्य रहने संस्था महिलामात्र सदस्य रहने संस्थामा एकीकरण गर्न प्राथमिकता दिनुपर्ने भन्ने अर्को व्यवस्थाले लैङ्गिक विभेद हुँदा हुँदै महिलामात्रको प्रयासमा गठन भएका महिलामात्र सदस्य रहने संस्था अर्को

संस्थामा एकीकरण गर्दा सहकारीता मार्फत महिला सशक्तिकरणको अभियानमा असन्तुलन पैदा नहोस् भन्ने अर्थ स्पष्ट हुन्छ । साथ साथै विशेष रूपमा पिछडिएका समुदायको पहलकदमीमा स्थापित सहकारी संस्थाको साङ्गठनिक गतिशीलतामा असर पर्ने गरी अर्को संस्थामा गाभी एकीकरण गरिने छैन भन्ने व्यवस्थाले दलीत समुदाय, अपाङ्गता भएका व्यक्तिहरू र सीमान्तकृत अन्य समुदायको सशक्तिकरणमा नियमावलीले जोड दिएको छ ।

नियमावलीको नियम ७ (१) र (२) को मा तोकिएको मापदण्ड महानगरपालिका वा उपमहानगरपालिकाको हकमा प्रत्येक पाँच हजार जनसङ्ख्यामा एउटा संस्था, नगरपालिकाको हकमा प्रत्येक दुई हजार जनसङ्ख्यामा एउटा संस्था र गाउँपालिकाको हकमा प्रत्येक पाँच सय जनसङ्ख्यामा एउटा संस्था भन्दा बढी भएका बचत तथा ऋणको मुख्य कारोबार गर्ने संस्थाहरूले तीन वषभित्र नियम ३९ बमोजिम एकीकरण भइसक्नु पर्ने गरी एकीकरणको अर्को व्यवस्था गरिएको छ ।

एकीकरण गर्ने संस्थामा सरकारी, वित्तीय निकाय वा दातृ निकायको ऋण, अनुदान वा अन्य सहयोग रकम वा सम्पत्ति रहेछ भने सम्बन्धित निकायको पूर्व-सहमति लिनु पर्ने सर्त नियम ४१ ले तोकेको छ ।

## सङ्घहरूको एकीकरण

सहकारी नियमावलीले सङ्घहरूको समेत एकीकरण गर्न सकिने व्यवस्था गरेको छ । कतिपय सङ्घहरू निष्क्रियजस्तै र प्रयोजनहीन पनि देखिएको परिप्रेक्ष्यमा यो व्यवस्थाले सङ्घहरूको संख्या घटाउने र सशक्त बनाउने देखिएको छ । विषयगत कार्य मिल्ने गरी सङ्घहरूको एकीकरण गर्नुपर्ने व्यवस्था अनुसार हाल कायम रहेका जुनार, तरकारी तथा फलफूल, विउविजन विषयका सहकारी केन्द्रीय सङ्घहरू कृषि सहकारी केन्द्रीय सङ्घसँग एकीकरण त्यस्तै दुध र पशुपन्छी विषयका केन्द्रीय सङ्घको एकीकरण गर्न सकिने देखियो । साथै सुपारी विषयको केन्द्रीय सहकारी सङ्घलाई प्रादेशिक तहमा सीमाङ्कन गर्न सकिन्छ ।

नियमावलीले ऐनको दफा ४ र दफा ८ बमोजिम न्यूनतम् संख्या र जिल्ला समावेश नभएका जिल्ला वा केन्द्रीय विषयगत वा बहुउदेश्यीय सहकारी सङ्घहरू नियमावली प्रारम्भ भएको मितिले दुई वर्षभित्र सम्बन्धित सङ्घमा एकीकरण गर्नु पर्नेछ भन्ने व्यवस्था गरेको छ । यस अनुसार कम्तीमा

एघार वटा सहकारी संस्थाहरू वा 'क' वर्गका दुर्गम जिल्लाका हकमा छ वटा सहकारी संस्थाहरू जिल्ला विषयगत सहकारी सङ्घमा नपुगेको भएमा र कम्तीमा सात वटा जिल्लाका एकाउन्न वटा विषयगत सहकारी संस्थाहरू वा विषयगत जिल्ला सहकारी सङ्घहरू वा विषयगत प्रदेश सहकारी सङ्घहरू नपुगेको केन्द्रीय सङ्घ भएमा त्यस्ता सङ्घले विषय मिल्ने सङ्घसँग दुई वर्षभित्र एकीकरण गरिसकेको हुनु पर्ने अनिवार्यता गरेको छ ।

सहकारी बैङ्कहरूको एकीकरण गर्दा रजिष्ट्रारले नेपाल राष्ट्र बैङ्क पूर्व-स्वीकृति आवश्यक पर्ने प्रावधान नियमावलीमा छ । हालसम्म नेपालमा एकमात्र राष्ट्रिय सहकारी बैङ्क रहेको अवस्था छ ।

## एकीकरण गर्ने विधि

सहकारी ऐन, २०७४ को दफा ८७ (२) मा एकीकरण गर्दा सम्बन्धित सहकारी संस्थाको कूल कायम रहेका सदस्य संख्याको बहुमतबाट निर्णय हुनु पर्ने व्यवस्था गरिएको छ । यसअनुसार कुनै सहकारी संस्था अर्को सहकारी संस्थासँग एकीकरण हुन चाहेमा आफ्ना कूल सदस्यहरूमध्ये ५१ प्रतिशतले निर्णय गरेको हुनु पर्‍यो । अर्थात् यस्तो निर्णय साधारण सभामा ५१ प्रतिशत मात्र सदस्य उपस्थित भएकोमा सर्वसम्मत र सो भन्दा बढी उपस्थित भएकोमा ५१ प्रतिशत सदस्य पर्ने गरी निर्णय गरेको हुनु पर्ने अनिवार्यता ऐनको प्रावधानले गरेको देखिन्छ । एकीकरण गर्ने निर्णय गर्दा सम्बन्धित सहकारी संस्थाले एकीकरण के, कसरी गर्ने, सदस्य सहभागिता, संस्थागत चल-अचल सम्पत्ति, पदाधिकारी, कर्मचारीका व्यवस्था आदि विषयका सर्त र कार्यविधि समेत खुलाउनु पर्ने देखिन्छ ।

माथी उल्लेख भएअनुसारका सर्त, बन्देजको पालना गरी एकीकरण गर्न इच्छुक सहकारी सङ्घसंस्थाहरूले एकीकरण गर्नु पूर्व के, कसो गर्नु पर्ने हो, एकीकरणका अन्य सर्त, आधार र एकीकरणका प्रक्रियागत चरणहरू के, कति हुन्छन् भन्ने कार्यगत विधि खुलेको कार्यविधि आवश्यकता देखिएको छ । नियमावलीले मन्त्रालयले यस्तो कार्यविधि निर्माण गरी एकीकरणको कार्यलाई सहज बनाउन सकिने व्यवस्था गरेको छ । कार्यविधि तर्जुमाका लागि विभागमा आगामी वर्षको कार्यक्रम तथा बजेट स्वीकृत भई सकेको छ ।

सहकारी संस्था एकीकरणको अभियानलाई कार्यविधिको अभावमा अवरोध नहोस भन्ने असल नियतले विभागबाट केही संस्थाहरूको एकीकरण गर्ने कार्य

भएका छन् । यसमा नियमावलीका व्यवस्था र अन्य आवश्यक कार्यप्रक्रियागत चरण सम्पन्न भएपश्चात सम्बन्धित नियामक निकायको कारणसहितको सिफारिशमा मन्त्रालयको नीतिगत निर्णयअनुसार एकीकरण गर्ने गरिएको छ । साथै स्थानीय तह र प्रदेश सरकारले आफ्नो सहकारी ऐन, नियमावलीको व्यवस्था र स्वीकृत कार्यविधिबमोजिम आ-आफ्नो नियमन क्षेत्राधिकारभित्रका सहकारी संस्थाहरूको एकीकरण गर्न सक्ने नै भए ।

## के एकीकरण जुनसुकै बेला उपलब्धीमूलक हुन्छ ?

सहकारी संस्थाहरूको एकीकरण जहिले पनि फलदायी हुन्छ भन्न सकिन्न । एकीकरणपश्चात बन्ने संस्थामा सदस्य संख्या नै अत्यधिक हुन गई सदस्य बैठकहरू बस्न नसक्ने, बसेकामा पनि सदस्यको पहुँचयोग्य नभई 'दुर्गम' हुनजाने भएमा त्यसले सदस्य सहभागिता र लोकतान्त्रिक नियन्त्रण कायम गर्न सकिदैन । एकीकृत संस्थाको कार्यक्षेत्र बृद्धि हुन गई सदस्यमाझ साझा बन्धन ज्यादै कमजोर रहने अवस्था भएमा त्यसले सहकारी व्यावसायिक औचित्य र सहकारीपन कायम गर्न सक्दैन । सदस्यमाझ व्यापक छलफल र सहमति बिना एकीकरणका लागि एकीकरण मात्रको मनसायले गरिएको एकीकरणले सकारात्मक परिणामको सट्टा थप समस्या ल्याउन सक्दछ ।

## सहकारी संस्थाको विभाजन

कुनै एक सहकारी संस्थालाई दुई वा दुई भन्दा बढी सहकारी संस्थाको सिर्जना गर्ने कार्य नै विभाजन हो । धेरै कार्यक्षेत्र भएको सहकारी संस्थाको सेवा सञ्चालन नभएको कार्यक्षेत्र झिकेर अर्को संस्था स्थापना गर्ने कार्य विभाजन हो । सहकारी ऐन, २०७४ को दफा ८७ (१) मा एक सहकारी संस्थालाई भौगोलिक कार्यक्षेत्रको आधारमा दुई वा दुईभन्दा बढी सहकारी संस्थामा विभाजन गर्न सकिने व्यवस्था गरिएको छ ।

विभाजनलाई सहकारी संस्थाको स्थानीयकरण पनि भन्न सकिन्छ । विभाजन सहकारी संस्थाको स्थानीयकरण गर्ने प्रक्रिया हो । सहकारी संस्थाको विभाजन गर्दा ठूलो कार्यक्षेत्र ओगटेको तर सबै कार्यक्षेत्रभित्र सदस्यता विस्तार हुन नसकेको संस्थाको ज्यादै कम सदस्य रहेका क्षेत्रलाई कार्यक्षेत्रबाट हटाई अर्को संस्था खडा गरिन्छ । विभाजनको कार्यले सहकारी संस्थालाई समुदायमा आधारित बनाउनुका साथै सदस्य सहभागितालाई सहज र सुगम तुल्याउँछ ।

खासमा सहकारी संस्थाको विभाजन भनेको सहकारी क्रियाकलापलाई समुदाय केन्द्रीत, सदस्य केन्द्रीत र सदस्यको लोकतान्त्रिक नियन्त्रणलाई प्रभावकारी बनाउने कार्य हो ।

**विभाजनका सर्तहरू**

सहकारी संस्थाको विभाजन कहिले गर्ने भन्ने अवस्था साविक संस्थाको भौगोलिक कार्यक्षेत्रको फैलावट र त्यसभित्र सदस्य सेवा तथा सदस्यता विस्तारको अवस्था हेर्नु पर्ने हुन्छ । स्वीकृत भौगोलिक क्षेत्र ठूलो रहेको तर केही क्षेत्रमा सदस्यता र कारोबार सञ्चालन नभएको अवस्थामा त्यस्तो क्षेत्र कार्यक्षेत्रबाट हटाउन सकिन्छ । कार्यक्षेत्रभित्र सदस्यता बराबर नै भएपनि सदस्य सहभागिता र कारोबारका सेवा प्राप्तीमा अपायक परिरहेको अवस्थामा सहभागिता र कारोबार सेवा सञ्चालनका पायकका क्षेत्र मिलाई विभाजनमार्फत दुई वा दुईभन्दा बढी संस्था बनाउन सकिन्छ ।

सहकारी नियमावली, २०७५ को नियम ४० मा सहकारी संस्थाको विभाजनसम्बन्धी निम्नानुसार सर्त तोकिएको छ :-

क) बचत तथा ऋणको मुख्य कारोबार भएको सहकारी संस्थाको हकमा सो को कार्यक्षेत्र स्थानीय तहको एक वडाभन्दा बढी भएको ।

यस सर्त व्यवस्थाअनुसार बचत तथा ऋणको मुख्य कारोबार गर्ने संस्थाको कार्यक्षेत्र सम्बन्धित स्थानीय तहको एकभन्दा बढी वडामा फैलिएको तर सदस्य सेवाको सघनता केही वडामा मात्र सीमित रहेकोमा सदस्य संख्या नगण्य मात्रामा भएका वडालाई कार्यक्षेत्रबाट झिकेर साविक संस्थाको कार्यक्षेत्र सिमाङ्कन गरी नियमावलीको नियम ७ (१) मा तोकिएबमोजिम जनसंख्याकोआधारमा अर्को संस्था खडा गर्न सकिन्छ ।

ख) विभाजनको प्रक्रियाबाट स्थानीयकरण गर्दा सदस्यहरूको सक्रिय सहभागिता तथा लोकतान्त्रिक नियन्त्रण कायम रहने अवस्था भएको ।

ठूलो कार्यक्षेत्र र हजारौँ सदस्य संख्याबीच सहकारी संस्थाका गतिविधि तथा साङ्गठनिक प्रक्रिया र व्यावसायिक सेवामा सदस्य केन्द्रीयता तथा सहभागिता कमजोर हुनजाने तर्फ विचार गर्दै यो प्रावधान राखिएको सहजै बुझ्न सकिन्छ । यस व्यवस्थाले सहकारी संस्थालाई समुदाय केन्द्रीत बनाउन खोजेको देखिन्छ ।

नियमावलीले सहकारी संस्थाको विद्यमान कारोबारको प्रकृतिअनुसार

नियमावलीको नियम ११ बमोजिमको उत्पादक, उपभोक्ता, वित्तीय, श्रमिक वा बहुउदेश्यीय कुनै एक विषय मिल्ने गरी विभाजनपश्चात फरक-फरक भौगोलिक कार्यक्षेत्र तोकी संस्था पुनर्गठन गर्न सकिने व्यवस्था गरेको छ। कुनै संस्था विभाजनबाट स्थानीयकरण गर्दा अधिकारप्राप्त नियामक अधिकारीले सम्बन्धित सङ्घको राय लिन सकिने गरी नियमावलीले थप व्यवस्था गरेको छ ।

विभाजन गर्ने संस्थामा सरकारी, वित्तीय निकाय वा दातृ निकायको ऋण, अनुदान वा अन्य सहयोग रकम वा सम्पत्ति रहेछ भने सम्बन्धित निकायको पूर्व-सहमति लिनु पर्ने सर्त नियम ४१ ले तोकेको छ ।

## विभाजन गर्ने विधि

सहकारी ऐन, २०७४ को दफा ८७ (२) मा विभाजन गर्दा सम्बन्धित सहकारी संस्थाको कूल कायम रहेका सदस्य संख्याको बहुमतबाट निर्णय हुनु पर्ने व्यवस्था गरिएको छ । यसअनुसार कुनै सहकारी संस्था विभाजन गर्नु परेमा आफ्ना कूल सदस्यहरूमध्ये ५१ प्रतिशतले निर्णय गरेको हुनु पर्‍यो । अर्थात् यस्तो निर्णय साधारण सभामा ५१ प्रतिशत मात्र सदस्य उपस्थित भएकोमा सर्वसम्मत र सो भन्दा बढी उपस्थित भएकोमा ५१ प्रतिशत सदस्य पर्ने गरी निर्णय गरेको हुनु पर्ने अनिवार्यता ऐनको प्रावधानले गरेको देखिन्छ। विभाजन गर्ने निर्णय गर्दा विनियम संसोधन गर्ने निर्णयका अलाबा सम्बन्धित सहकारी संस्थाले विभाजन के, कसरी गर्ने, सदस्य सहभागिता, संस्थागत चल-अचल सम्पत्ति, कार्यक्षेत्र निर्धारण, पदाधिकारी, कर्मचारीका व्यवस्था आदि विषयका सर्त र कार्यविधि समेत खुलाउनु पर्ने देखिन्छ।

विभाजनका अन्य सर्त, आधार र प्रक्रियासमेत तोक्न एकीकरणको कार्यविधिसँगै विभाजनकोसमेत कार्यविधि मन्त्रालयले छिट्टै निर्धारण गर्न सहकारी विभागमा आगामी वर्षको कार्यक्रममा स्वीकृत भएको छ। नियमावली जारी भए पश्चात हालसम्म विभागबाट विभाजनको निर्णय गरिसकिएको छैन ।

## निष्कर्ष

सहकारी संस्था एकीकरण र विभाजनको कार्यले सहकारी संस्थालाई सदस्य-केन्द्रीत बनाउँदै समुदायमा आधारित संस्था बनाउने हो । एकीकरणले

अनावश्यक संस्था र फुर्माइस खर्चलाई कम गराउँदै समुदायमा सहकारी प्रभाव देखाउने संस्थामा परिणत गर्दछ भने विभाजनले पनि सदस्य पहुँचलाई सजिलो पार्दै सहकारी गतिविधिलाई समुदायतर्फ फर्काउने हो । दुबैमा सदस्यको लोकतान्त्रिक नियन्त्रण र छिमेकीका आधारमा सदस्यबीच कायम साझा बन्धन (कमन बण्ड) लाई पातलो हुन दिनु हुँदैन ।

**सन्दर्भ सामग्री :**


१. Charles Handy, Understaniding Organizations (1976)

२. सहकारी संस्था दर्ता दिग्दर्शन (काठमाडौ, सहकारी विभाग, २०७४)

३. सहकारी ऐन, २०७४ र नियमावली, २०७५

४.Trends of U.S. Agricultural Cooperatives (1913-2016)


***

# सहकारी नियमन



✍ **शशिकुमार लम्साल**

सहकारीका सिद्धान्त, मूल्य मान्यता, प्रचालित कानुन अनुसार सहकारीहरू संचालन गर्ने गराउने महत्वपूर्ण औजार सहकारी नियमन हो । सहकारी संस्थाहरू संचालनको बिधि प्रक्रिया, आन्तरिक नियन्त्रण, सदस्यको क्रियाशीलता, सुशासन लगायतका बिषयमा आन्तरिक वा बाह्य रूपमा गरिने अनुगमन निरिक्षण सुपरिवेक्षणलाई नै सहकारी नियमन भनिन्छ । सहकारीमा नियमनको माध्यमबाट सदस्यको बचतको सुरक्षा, लगानीको सुरक्षा, कानुनी दुरुस्तता, सदस्यको सक्रिय सहभागीता, मुनाफा र जोखिमको उचित बाँडफाँड, सहकारीको दिगोपना, सहकारीका आधारभूत सिद्धान्त,मूल्य मान्यताको रक्षा गर्दै सहकारी संघ संस्थालाई मार्गनिर्देश गर्ने कार्य गरिन्छ । यसलाई बृहत आधारमा र कानुनी आधारमा दुई प्रकारले हेर्न सकिन्छ ।

बृहत अर्थमा सहकारीलाई नियमित, व्यबस्थित रूपमा संचालन गर्नको लागि गरिने क्रियाकलाप, स्थापित संरचना वा पद्धतिलाई बुझिन्छ । यस परिभाषाले दण्डात्मक शक्ति सहित र दण्डात्मक शक्ति रहितको सहकारीलाई ब्यबस्थित बनाउन गरिएका सबै किसिमको प्रयासलाई समेट्दछ । यस आधारमा हेर्दा नियामक निकायबाट हुने नियमन, राष्ट्रिय सहकारी महासंघ, केन्द्रीय संघ, जिल्ला सहकारी संघ, बिषयगत जिल्ला सहकारी संघबाट सदस्य संस्थाहरूलाई हुने अनुगमन/ निरिक्षण, लेखा सुपरिबेक्षण समिति, सदस्यलगायतबाट हुने हिसाब जाँच अनुगमन/ निरिक्षण सबैलाई समेट्दछ । हाल करिब ३४७०० को हाराहारीमा रहेका सहकारी संस्था, जिल्ला स्तरिय र केन्द्रीय संघहरू , करिब ६५ लाख सदस्यको आबद्धता, करिब ३५० अर्बको बचत परिचालन, करिब ६५ हजारको प्रत्यक्ष रोजगारी , करिब १० लाखको अप्रत्यक्ष रोजगारी , सामाजिक एकिकरण तथा महिला सशक्तिकरण, कार्य संस्कृतिको विकास, बचत गर्ने बानीको विकास, संस्कृतिको संरक्षणमा गरेको योगदान लगायतका सहकारीको हालसम्मको उपलब्धीमा माथि उल्लेखित

---

✍ उप रजिष्ट्रार, सहकारी विभाग ।

सबै पक्षको उत्तिकै योगदान रहेको छ । जसको श्रेय सहकारी क्षेत्रले पाउनै पर्दछ । तर यस उपलब्धीको दिगोपना, समय अनुरूपको थप योगदान तथा यस क्षेत्रमा सुधारयोग्य क्षेत्रको खोजी गर्नुपर्ने अबस्थाको सृजना भएको छ ।

## नियमनको कसीमा सहकारी

समुदायमा छरिएर रहेको श्रम पूजि प्रविधिलाई एकतृत गरि समुदायले समुदायको प्रत्यक्ष नियन्त्रण ब्यबस्थापनमा समुदायको हितको लागि संचालन गरिने समुदाय केन्द्रीत ब्यबसाय नै सहकारी हो । सहकारिता , साझा बन्धन , सदस्य केन्द्रीयता ,न्यून जोखिम, सिमित मुनाफा, सदस्यहरूको प्रजातान्त्रिक नियन्त्रण, योगदानको आधारमा प्रतिफल लगायतका सहकारीका मौलिक बिषेषताहरू साथै आफ्नै सिद्धान्त र मूल्य मान्यताहरू छन् । नेपालको सन्दर्भमा नेपालको संबिधान, आबधिक योजना, सहकारी नीति, सहकारी ऐन नियमावली, सरकारको चालु आबको नीति तथा कार्यक्रमहरूले सहकारीको नियमन तथा प्रबर्द्धनका लागि बिभिन्न ब्यबस्थाहरू गरी सहकारी क्षेत्रमार्फत केही अपेक्षाहरू समेत गरेको छ । सहकारी प्रति राज्यले गरेको अपेक्षाका अतिरिक्त सहकारी भित्रका आफ्नै अपेक्षाहरू पनि छन ।

सहकारीको सैद्धान्तिक पक्ष केलाउने हो भने सहकारीहरू स्वायत्तताको आधारमा स्वस्फूर्त रूपमा संचालित हुनुपर्ने हो । यसलाई स्वनियमनमा स्वचालित रूपमा सञ्चालित हुन सक्ने गरी सहकारी संस्थाहरू सक्षम भई सकेको । अवस्था छैन सहकारी क्षेत्रलाई समालोचना तथा विश्लेषण गर्नेहरूको विपक्षी धारले नियम पक्ष अन्यन्त कमजोर रहेको भन्ने बुझाई देखिन्छ खास गरी नेपालको परिप्रेक्षमा कुरा गर्ने हो भने समुदायले आबश्यकताको आधारमा खोल्ले भन्दा पनि कसैले कसैका लागि खोलिदिएको ब्यबसाय जस्तो भएको आभास हुन्छ । सदस्यहरूको संस्थागत क्रियाशीलताको पक्ष अत्यन्त फितलो देखिन्छ । संस्था र सदस्यबीचको सम्बन्ध प्रगाढ देखिदैन । जसले गर्दा सदस्यबाट नियन्त्रित ब्यबस्थित हुनुपर्नेमा सो हुन सकेको छैन । सबै सहकारी संस्थाको आफ्नै स्वीकृत विनियम भएको भएता पनि बिनियम अन्तर्गत रहेर बनाउनु पर्ने आन्तरिक नीतिहरू अधिकांश संस्थाहरूले बनाएको र पालना गरेको अबस्था देखिदैन । जसले आन्तरिक नियणन्त्रको पक्ष समेत फितलो देखिन्छ । सदस्यहरू नै पूर्ण रूपमा सदस्य हुन सकेका छैनन् । अधिकांश सदस्यहरूले एकै प्रकृतिको सहकारीको धेरैतिर सदस्यता लिएको अबस्था

छ । जसले गर्दा बास्तविक नियमनकर्ता सदस्यहरूको संस्थाप्रतिको विभाजित दायित्व रहेको देखिन्छ । कुनै एक सहकारीको पूर्ण रूपमा सदस्य हुन सकेको अबस्था देखिदैन । कित कुनै सदस्य बढि ब्याजदरको खोजीमा बचतको लागि मात्र सदस्य भएको छ, कि त सहजरूपमा ब्याज लिनको लागि मात्र सदस्य भएको छ, कित बढि मुनाफा प्राप्तिको लागि शेयर सदस्य मात्र भएको अबस्था देखिन्छ । संस्थाप्रतिको निगरानीमा पटक्कै ध्यान नदिएको अबस्था छ । सहकारीका अन्य सरोकारवाला पक्षको भूमिका समेत सन्तोषजनक देखिदैन । नेपालको सहकारीको नीतिगत पक्ष केलाउने हो भने पनि अत्यन्त अस्थिर जस्तो देखिन्छ ।

पंचायत कालीन अबस्थामा राज्य नियन्त्रित रूपमा संचालन गर्न खोजियो, सहकारी ऐन २०४८ मार्फत राज्य नियन्त्रितको सटामा सदस्य नियन्त्रित रूपमा संचालन गर्ने प्रयास गरियो भने हाल सहकारी ऐन २०७४ पछि दण्ड सजायको माध्यमबाट नियन्त्रित गर्ने खोजेको आभास हुन्छ । हालसम्मको नीतिगत पक्ष केलाउने हो भने कुनै प्रयोगशाला हो कि भन्ने भान हुने अबस्था छ । नियामक निकायहरूको हालसम्मको कार्यप्रकृतिको बिश्लेषण गर्ने हो भने पनि त्यस्तै अनुभूति हुन्छ। कुनै समय सहकारीले प्रचलित ऐन नियमले निषेध गरेका काम कारबाही बाहेक सबै कार्य सहकारीले गर्न पाउनुपर्ने मान्यताका साथ अत्यन्त बिस्तारबादी धार र कुनै समय सहकारी भनेको गरिब गुरुवाको मात्रै हो, यसको कार्यक्षेत्र र कारोबार अत्यन्त सिमित हुनुपर्छ भन्ने मान्यताका साथ अन्यन्त संकुचनकारी धार हाबी हुँदा सहकारी क्षेत्रलाई व्यबस्थित गर्दै मागप्रशस्त गर्नु पर्ने नियामक निकाय कार्यदिशाका बिषयमा स्पष्ट हुन नसक्दा एकातर्फ आफुभित्रको बाद प्रतिबादमा अल्मलियो भने अर्कोतर्फ सहकारी संस्थाहरूको समेत बिश्वास आर्जन गर्न सकेको अबस्था रहेन ।

सहकारी अभियानको कुरा गर्ने हो भने नियामकको भन्दा कम छैन । संघहरू प्रारभिक संस्था प्रति बढि दायित्व सृजना गराउने व्यवसायिकताको विकासमा भन्दा भाष्ण र उद्घाटनमा जोड दिने तथा प्रबद्धनात्मक भूमिकामा भन्दा नियामक भूमिकाको खोजीमा भौतारिएको अबस्था छ । एकातर्फ संचालकहरू बढि मुनाफामुखी हुँदा संस्था सदस्यको नियन्त्रण भन्दा बाहिर पुगेको, सिमित जोखिम उठाउनुपर्ने संस्थाको लगानी सिमित क्षेत्र बिशेषमा मात्र केन्द्रीत हुन पुगेको, संस्थाको बासलात राम्रो हुँदै जाँदा ऋणी सदस्यको अबस्था दयनीय रहेको, बचतकर्ताको बचतको स्रोत अपारदर्शी रहेको भन्ने

गुनासै गुनासा छन् ।  समग्रमा सहकारीको बिशिष्तिकृत संरचना तथा स्वचालित रूपमा देशको आर्थिक सामाजिक सांस्कृतिक बिकासको महत्वपूर्ण आधारस्तभको रूपमा हुनुपर्नेमा सो हुन सकेको छैन भन्ने तर्फ छ जसमा पूर्णरूपमा असहमत हुन सकिने अवस्था भने छैन ।

हाल एकातर्फ  ६५ लाख सदस्यको बचतको सुरक्षाको लागि राज्य निर्मम रूपमा प्रस्तुत भई सम्पूर्ण सहकारी संस्थाको प्रभावकारी रूपमा अनुगमन गरि तत्काल लाखौं सदस्यहरूको निक्षेपको सूरक्षाको पूर्ण प्रत्याभूति गरिदिनु पर्छ भन्ने माग छ । भने अर्कोतर्फ सरकार निर्मम रूपमा प्रस्तुत हुँदा दण्ड सजाय जरिवानामा त अत्यधिक प्रगति हासिल गर्न सकिएला तर अर्थतन्त्रको स्थायित्व तथा गतिशीलता, सहकारीको गुणात्मक बिकास र रोजगारी, उद्यमशीलताको बिकास जस्ता बिषयहरूमा समेत  ध्यान दिई संयमित रूपमा अगाडि बढ् नुपर्छ भन्ने मत पनि प्रबल छ ।

**कानुनमा आधारित नियमन**

जन प्रतिनिधिहरूले बनाएको कानुनलाई कार्यान्वयन गर्ने अधिकार प्राप्त ब्यक्ति वा निकायले कानुनी अधिकारको सिमाभित्र रहेर कानुनी शक्तिको आधारमा नियमित ब्यबस्थित गर्ने कार्यलाई समेट्दछ । यसमा खास गरी कानुनी शक्तिको प्रयोग गरी नियमानुसार गर्नुपर्ने कार्य नगरे नगराएमा दण्ड जरिवानाको माध्यमबाट सहि बाटोमा हिडाउने प्रयास गरिन्छ । यस अर्थमा राज्यले आफ्नो भय शक्तिको प्रयोग गरी ऐन नियममा भएका ब्यबस्थाहरूको परिपालना गराउने प्रयास गर्दछ । कानुनी रूपमा दण्ड सजाय जरिवाना गर्न सक्ने अधिकार प्राप्त ब्यक्ति वा निकायबाट हुने अनुगमन सुपरिबेक्षण, नियन्त्रण गरी लक्ष्य उन्मुख बनाउने कार्य नै नियमन हो ।

नियामक निकायको दृष्टिकोणबाट हेर्दा हाल संघीय संरचना अनुसार केन्द्रदेखि स्थानीय तहको प्रत्यक्ष क्षेत्राधिकारभित्र रहेका सहकारी संस्थाहरूको दिगो विकास, सदस्यहरूको निक्षेपको सुरक्षा, राज्यको प्राथमिकता प्राप्त क्षेत्र लक्षीत लगानी , सहकारी उद्योग ब्यबसायको विकास, आन्तरिक नियन्त्रण प्रणालीको सबलीकरण लगायतका बिषयहरूमा सरकार उदासीन भएर बस्न सक्ने अबस्था देखिदैन । नेपालमा सहकारीको अभ्यास शुरु भएको लामो समय भई सकेको, सरकार तथा सहकारी संघ संस्थाले बिगत लामो समय देखि प्रशिक्षण र प्रबद्धनको कार्य गर्दै आएको, राष्टिय अन्तराष्टिय स्तरको अबलोकन

भ्रमण तालिम सेमिनार आदिमा प्रतिनिधित्व भै रहेको, सूचना प्रबिधिको प्रयोग र उपयोगको अबस्था उत्साहजनक रहेको, समस्याग्रस्त सहकारीको अध्ययन गर्दा ऐन कानुन नजानेर भन्दा पनि ऐन कानुन नमानेर समस्या आएको देखिएकोले पनि आगामी दिनमा नियामक निकायले प्रबद्धनात्मक कार्यका साथै नियामक शक्तिको प्रयोग गर्नुपर्ने समय भइ सकेको छ ।

सहकारीमा नेपालको संविधान (२०७२) अनुसार नियमन गर्ने अधिकार संघको क्षेत्राधिकार भित्र पर्दछ । संबिधानमा संघको अधिकार सूचीभित्र अनुसूची ५मा सहकारी नियमन सम्बन्धी अधिकार प्रदान गरिएको छ। प्रदेशको एकल अधिकार सूची अनुसूची ६मा सहकारी संस्था, संघ र प्रदेशको साझा आधिकार सूची अनुसूची ७ मा सहकारी, स्थानीय तहको एकल अधिकार सूची अनुसूची-८ मा सहकारी संस्था , संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची  अनुसूची-९ मा सहकारी उल्लेख गरिएको छ । यस अनुसार सहकारी सम्बन्धी कार्य ३ वटै तहबाट हुने देखिन्छ । संबिधानमा उल्लेखित उक्त कार्यहरूलाई कार्य बिस्तितृकरण अनुसार निर्माण गरिएको स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार पालिकाको काम कर्तब्य र अधिकारमा (ख) मा सहकारी संस्थाको नियमन सम्बन्धी अधिकारलाई समाबेश गरिएको छ। यस आधारमा तीन तह कै सरकारमा अनुगन सम्बन्धी अधिकार रहेको देखिन्छ । ब्यबहारमा समेत तीन तहकै सरकारले आफ्नो नियमन क्षेत्राधिकार भित्र नियमन अधिकार प्रयोग गरेको देखिन्छ । सबै प्रदेश सरकार र स्थानीय सरकारले आ आफ्नो छुटाछुटै ऐन नियम जारी गरी कार्य संचालन गर्नु पर्ने अबस्थामा ती ऐन नियम बीच एकरूपता कायम गर्ने र सरकारहरूबीच समन्वय कायम गर्ने मनसायले संघीय कानुनसँग नबाझिने गरी कानुन बनाउनुपर्ने ब्यबस्था गरिएको छ ।

## सहकारी नियमन सम्बन्धी  कानुनी ब्यबस्था

- सहकारी नियमावली २०७५ को नियम ७१ मा नेपाल राष्ट बैंकले सहकारी बैंकका अतिरिक्त पचास करोड रूपैंया भन्दा बढीको बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाको निरिक्षण वा हिसाबकिताब जाँच गर्न, गराउन सक्ने तथा प्राप्त प्रतिबेदनका सिफारिशहरूको कार्यान्वयनको ब्यबस्था रजिष्टारले मिलाउनुपर्ने ।
- नियमावलीको नियम ७२ मा निरीक्षण तथा अनुगमन सम्बन्धी बिशेष

ब्यबस्था गरी मन्त्रालय, नेपाल राष्ट बैंक, विभाग,प्रदेश सरकार र स्थानीय तहको संयुक्त टोली बनाई सघन अनुगमन गर्न सकिने ब्यबस्था रहेको ।

- स्थानीय तहको नियमन क्षेत्राधिकारभित्रका पाँच करोड रूपैयाँभन्दा बढी बचत दायित्व भएका सहकारी संस्थाको स्थानीय तह र प्रदेश सरकारको सहकारी नियामक निकायको तर्फबाट अनुगमन गरिने ।
- स्थानीय तह वा प्रदेश सरकारको नियमन क्षेत्राधिकारभित्रका पच्चीस करोड रूपैंयाभन्दा बढी बचत दायित्व भएका सहकारी संस्थाको स्थानीय तह वा प्रदेश सरकारको सहकारी नियामक निकाय र विभागको तर्फबाट अनुगमन गरिने ।
- पचास करोड रूपैंया भन्दा बढी बचत दायित्व भएका जुनसुकै सहकारी संस्थाको विभागबाट सघन अनुगमन गर्न सकिने ।
- बचत तथा ऋणको मूख्य कारोबार गर्ने सहकारी संस्थाले पाँच करोड रूपैंया वा सो भन्दा बढी रकमको बचत दायित्व भए नियमावी प्रारम्भ भएको एक बर्षभित्र र सो भन्दा घटी रकमको वचत दायित्व भए तीन बर्षभित्र कोपोमिसमा आबद्ध भई सक्नुपर्ने ।
- सुरक्षण, बित्तीय संरचना, सम्पत्तिको स्तर, तरलता, लगानीका क्षेत्र लगायतमा विभागले तोकेका मानकहरूको पालन गर्नुपर्ने । मानकहरूको पालनाको अबस्थाको नियमित अनुगन गरी पालन नभएको पाइएमा तत्काल विभागले निर्देशन दिन सक्ने ।
- आबश्यकता अनुसार नेपाल राष्ट बैंकको परामर्श लिई मन्त्रालयले निरीक्षण तथा अनुगमन सम्बन्धी अन्य ब्यबस्था मन्त्रालयबाट स्वीकृत कार्यबिधि बमोजिम हुने ।

**नियमित तथा सघन अनुगमनका क्रममा देखिएका मुख्य मुख्य कैफियतहरू**

१. सहकारीको उद्देश्य अनुरूपको कार्य नगरेको,
२. कार्यक्षेत्र भन्दा बाहिर कारोबार गरेको,
३. गैर सदस्य कारोबार गरेको,
४. गैर बैंकिड सम्पत्तिमा सिमा भन्दा अधिक लगानी गरेको,
५. ऋण लगानी गर्दा ब्यबसायिक योजना समेतको आधारमा लगानी गर्नुपर्नेमा धितोलाई मात्र अध्यधिक प्राथमिकता दिएको, धितोमा ऋण लगानी गर्दा आबश्यक कागजात पुरा नगरेको,

६. लगानी पश्चातको अनुगमन गर्ने नगरेको,
७. ऋणी सदस्यले समयमै नियमित रूपमा साँवा ब्याज बुझाउने नगरेको,
८. महँगो ब्याजदर, अधिक सेवा शुल्क र हर्जना लिने गरेको,
९. शेयर, बचत, तरलता, ऋण लगानी लगायतका अनुपात नमिलेको,
१०. नियमित रूपमा साधारणसभा, संचालक समिति , लेखा सुपरिबेक्षण समितिको बैठक बस्ने नगरेको तथा लेखा सुपरिवेक्षण समिति निक्रिय प्राय रहने गरेको,
११. सम्पत्ति शुद्धिकरण निवारण ऐन २०६४ बमोजिम गर्नुपर्ने कार्यहरू जस्तै सदस्यको पूर्ण विवरण नभरेको, बचतकर्ताको आम्दानीको स्रोतको खुलासा नगराएको, सदस्यहरूको सम्पत्ति शुद्धिकरणको जोखिमको दृटिकोणले सदस्यको बर्गीकरण नगरेको, नियमित रूपमा सिमा कारोबार र संकास्पद कारोबारको प्रतिबेदन नदिएको,
१२. अनाबश्यक रूपमा बिज्ञापन, अस्वाभाविक ब्याज, बिभिन्न अफरहरू दिने गरेको,
१३. बचतमा दिने ब्याज र ऋणमा लिने ब्याज बिचको अन्तर अध्यधिक रहेको,
१४. लगानीमा विविधिकरण नगरेको, सिमित ब्यक्तिलाई ऋण चुक्ता नगरी ऋण माथि ऋण दिने गरेको, ऋणको बर्गीकरण गरी प्रयाप्त प्रोभिजनको ब्यबस्था नगरेको,
१५. सदस्यबीचमा विभेद गरेको लगायतका बिभिन्न कैफियतहरू देखिने गरेको ।

**नियमनलाई प्रभावकारी बनाउन अपनाउनुपर्ने उपायहरू**

नियामक निकायका पदाधिकारी सम्बन्धित सहकारी संघ संस्थामा गएर गर्ने On Site Monitoring र संबन्धित सहकारी संघ संस्थाका कागजात नियामक निकायमा पेश गर्न लगाई सोको आधारमा नियमन गर्ने Off Site Monitoring तथा आबश्यकता अनुसार दुबै प्रकारका नियमनको संयोजन गरी मिश्रित बिधि अपनाई नियमन गर्ने गरिन्छ । नियमनलाई प्रभावकारी बनाउन नीतिगत स्पष्ट कानुन बनाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने, नियामक निकायको क्षमता अभिबृद्धि गर्ने, संस्थाको आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने, नियमन सफ्टवयर (COPOMIS) को प्रभावकारीरूपमा

प्रयोग गर्ने, लेखामानदण्ड लागू गरी लेखापरिक्षणलाई प्रभावकारी बनाउने, सहकारी संघहरूको भूमिका प्रभावकारी बनाउने लगायतका बिषयमा बिशेष ध्यान दिनु पर्दछ। यसका अलावा नतिजामूलक रूपमा नियमनलाई प्रभावकारी बनाउने मुख्य उपाय भने पुरस्कार र दण्ड सजाय नै हो।

**पुरस्कार**

- संस्थाको ब्राण्डिङ गर्ने, प्रमाणपत्र वितरण गर्ने,
- सम्मान, नगद पुरस्कार
- अनुदान , सहुलियतपूर्ण ऋण
- असल अभ्यास र योगदानको सार्वजनिकीकरण
- कर छुट, अन्य छुट
- सेवा सुविधामा प्राथमिकता आदि।

**दण्ड सजाय**

| सहकारी ऐन, २०७४ को दफा १२२ अनुसार कसुर गरेको मानिने | सहकारी ऐन, २०७४ को दफा १२२ अनुसार कसुर गरेमा दफा १२४ बमोजिम हुने सजाय |
|---|---|
| क) दर्ता नगरी वा खारेज भएको संस्था चलाएमा, सहकारी शब्दको दुरूपयोग गरेमा, | एक वर्ष कैद र एकलाख रूपैयाँसम्म जरिवाना |
| ख) बचत दुरूपयोग गरेमा | विगो वरावरको रकम जरिवाना गरी तीन वर्ष सम्म कैद |
| ग) बचत नीति भन्दा बाहिर गई जमानत वा सुरक्षण नराखी ऋण दिएमा | एक वर्षसम्म कैद र एकलाख रूपैयासम्म जरिवाना |
| घ) संस्थाको सम्पत्ति बचत वा शेयर हिनामिना गरेमा | बिगो भराई बिगो बमोजिम जरिवाना गरी, विगो हेरी एक देखि दश वर्ष सम्म कैद हुने, |
| ङ) ऋण असुल हुन नसक्नेगरी ऋण दिएमा | बिगो भराई विगो बमोजिम जरिवाना गरी, बिगो हेरी एक देखि दश वर्ष सम्म कैद हुने, |

| | |
|---|---|
| च) शेयर वा बचत रकम आफू खुसी परिचालन गरेमा | बिगो भराई बिगो बमोजिम जरिवाना गरी, विगो हेरी एक देखि दश वर्ष सम्म कैद हुने, |
| छ) झुट्टा वा गलत विवरण पेश गरी कर्जा दिएमा | बिगो भराई बिगो बमोजिम जरिवाना गरी, बिगो हेरी एक देखि दश वर्ष सम्म कैद हुने, |
| ज) ऐन विपरित लगानी गरेमा वा लगानी गर्ने उद्देश्यले रकम उठाएमा | बिगो भराई बिगो बमोजिम जरिवाना गरी बिगो हेरी एक देखि दश वर्ष सम्म कैद हुने |
| झ) कृत्रिम व्यवसाय खडा गरी ऋण लिएमा दिएमा | बिगो भराई बिगो बमोजिम जरिवाना गरी, बिगो हेरी एक देखि दश वर्ष सम्म कैद हुने |
| ञ) धितोको अस्वाभाविक रूपमा बढी मूल्यांकन गरी ऋण लिएमा वा दिएमा | बिगो भराई बिगो बमोजिम जरिवाना गरी, बिगो हेरी एक देखि दश वर्ष सम्म कैद हुने |
| ट) परियोजनाको लागत बढाई ऋण लिएमा वा दिएमा | बिगो भराई बिगो बमोजिम जरिवाना गरी, बिगो हेरी एक देखि दश वर्ष सम्म कैद हुने |
| ठ) व्यक्ति वा संस्थालाई एक पटक दिइएको सुरक्षण फुकुवा नभई पुन: ऋण लिएमा वा दिएमा | दुई वर्षसम्म कैद र दुई लाख रूपैयाँसम्म जरिवाना |
| ड) संस्थाबाट लिएको ऋण जुन प्रयोजनमा लिएको हो त्यसमा नलगाई अन्यत्र लगानी गरेमा | एक वर्षसम्म कैद र एक लाख रूपैयाँसम्म जरिवाना |

**सहकारी विभागको नियमन सम्बन्धी भावी रणनीति**

- सहकारी तथा गरिबी निवारण सम्बन्धी ब्यबस्थापन सूचना प्रणाली (COPOMIS) कोपोमिसलाई प्रभावकारी रूपमा कार्यान्वयन गराउन विभाग, प्रदेश र पालिकाका साथै राष्टिय सहकारी महासंघ, केन्द्रीय संघ,जिल्ला संघ, बिषयगत संघ, सहकारी बैंक, मार्फत सहकारी ऐन नियम, सम्पति शुद्धिकरण निवारण ऐन, नियम तथा कोपोमिस सम्बन्धी

तालिमहरू संचालन गर्ने तथा आम सञ्चारका माध्यमबाट प्रचार प्रसार गर्ने ।

- नियमक निकायबाट गरिने अनुगमनमा सम्पति शुद्धिकरण र कोपोमिसमा प्रविष्टीको बिषयलाई प्राथमिकताका राख्ने ।
- नेपाल राष्ट बैंक, प्रदेश र स्थानीय तहको समन्वयमा संयुक्त अनुगमन गर्ने ।
- सघन अनुगमन भएका संस्थाको हकमा यस अघि अनुगमनबाट देखिएका कैफियतहरूको विभागमा पेश गरेको कार्यान्वयन कार्ययोजना अनुरूप सुधार गरे, नगरेको विषयमा पुनः अनुगमन गरी सोको आधारमा दण्ड सजाय र पुरस्कारको व्यवस्था गर्ने गराउने
- (COPOMIS) मार्फत प्रत्येक सहकारी संघ संस्थालाई live data base मा आधारित PEARLS indicator base सुधारको उपाय सुझाउने । PEARLS indicator, सदस्यको गुनासो, उजुरी, पत्र पत्रिका लगायत संचार माध्यमबाट प्राप्त सूचना तथा अन्य नियमन निकायबाट लेखी आएमा सो समेतको आधारमा नियमित तथा सघन अनुगमन गर्ने गराउने वा संयुक्त रूपमा अनुगमन गर्ने ।
- कोपोमिस कार्यान्वयन एकाईमा नियमित रूपमा बिज्ञ सेवाको ब्यबस्था मिलाई नियमित अध्याबधिक गर्ने ,कोपोमिस मार्फत प्राप्त विवरणको आधारमा विभागमा रहेको बित्तीय बिश्लेषण एकाईले बिश्लेषण गर्ने, अनुगमन तथा मापदण्ड शाखाले अनुगमन योजना बनाई अनुगमन गर्ने संस्थाको छनौट गर्ने र कार्यतालिका बनाई अनुगमन गर्ने तथा अनुगमन पश्चात प्राप्त प्रतिबेदनको आधारमा प्रशासन तथा प्रवर्द्धन शाखा बाट आबश्यक कारबाहीको प्रकृया अगाडि बढाउने गरी विभागलाई चलायमान बनाउने । यसका साथै प्रदेश र स्थानीय तहमा पनि सोही अनुरूप नियमन गर्ने गरी समन्वय गर्ने ।

## सहकारी नियमनका चुनौति

- सहकारी संस्थाको सदस्यहरूको क्रियाशीलता बढाई स्वनियमनलाई प्रभावकारी बनाउनु,
- नियामक निकायहरूको क्षमता अभिबृद्धि गर्नु,
- सहकारीका सम्पूर्ण विवरणलाई सूचना प्रणाली कोपोमिसमा आबद्ध गर्नु,

- एकीकरणको माध्यमबाट सहकारीको संख्या घटाउनु,
- स्वचालित रूपमा नियमन हुन व्यवस्था कायम गरी सहकारीमा सुशासन कायम गर्नु
- सदस्यको बचतको सुरक्षा गर्नु, प्राथमिकताप्राप्त क्षेत्रमा लगानी प्रवाहित गर्नु
- नियामक निकायहरू बीचको समन्वय र सहकार्यको अभिबृद्धि गर्नु ।

## निष्कर्ष

नियामक निकायबाट गरिने नियमन भन्दा स्वनियमन बढि प्रभावकारी हुन्छ । सहकारीको सैद्धान्तिक आधार पनि स्वनियमन नै हो । सहकारीको आन्तरिक नियन्त्रण प्रणाली पनि स्वनियममा चल्न सक्ने गरी निर्माण गरिएको छ । तर यसलाई सहकारी संस्थाले व्यबहारमा उतार्न सकेको अवस्था छैन । सम्पूर्ण सहकारी संघ संस्थालाई सूचना व्यवस्थापन प्रणालीमा आबद्ध गराई सूचना प्रविधिको माध्यमबाट नियमन, प्रवर्द्धन र प्रशिक्षणको स्वचालित विधि स्थापित गरी सकेको अवस्था पनि छैन । अबको बाटो भनेको नियामक निकाय र सहकारी आन्दोलनको साझा दस्तावेजको रूपमा रहेको सहकारी ऐन नियमको पूर्ण परिपालना नै हो । तसर्थ नेपालको सहकारी क्षेत्रको लामो अनुभव, विभिन्न निकायको स्पष्ट भूमिका, नीतिगत तथा संरचनागत व्यवस्थाका अलावा पुरस्कार र दण्ड सजायको व्यवस्थाको साथ जारी गरिएको सहकारी ऐन, २०७४ र नियमावली, २०७५ लाई प्रदेश तथा स्थानीय तहसँगको समन्वयमा प्रभावकारी रूपमा कार्यान्वयन गराउन सकेमा सहकारी नियमनलाई थप प्रभावकारी बनाउन सकिन्छ ।

## सन्दर्भ सामग्री


- नेपालको संविधान (२०७२)
- सहकारी ऐन, २०७४ र सहकारी नियमावली, २०७५
- सहकारी विभागमा पेश भएका प्रतिवेदनहरू ।


***

# सहकारिता : के ? किन ? कसलाई ?

**के ?**

सहकारी संस्था-

अर्कालाई सेवा दिएर आफूले पैसा कमाउने व्यवसाय होइन;

दर्ता गरेर कसैको सहयोग माग्ने प्रयास होइन र

शुभचिन्तकहरू सदस्य बनिदिएर गर्न खोज्नेहरूलाई मद्दत दिने उपकारको प्रतीक पनि होइन।

सहकारी संस्था त-

सदस्यहरूले आफैंलाई आवश्यक सेवाको बन्दोबस्त गर्ने व्यवसाय हो;

सेवा लिने व्यक्तिलाई जहिलेसुकै सदस्यता दिने खुला सङ्गठन हो र

स्वावलम्बनको पारस्परिक अभ्यास गर्ने संरचना हो।

**किन ?**

आफ्नो आर्थिक, सामाजिक, साँस्कृतिक उन्नति आफैं गर्न;

सहभागितामूलक प्रक्रियाबाट आफ्नो व्यक्तित्व विकास एवं कृतित्व विस्तार गर्न र

शोषणविहीन आर्थिक सम्बन्धनहरू स्थापना गरी प्रकृति-मैत्री जीवन शैलीको संस्कृति बसाल्न।

**कसलाई ?**

आफैं उत्पादन गर्ने प्राथमिक उत्पादकहरूलाई;

वस्तु वा सेवाका आम उपभोक्ताहरूलाई र

स्वरोजगारीको उद्योगधन्दा चलाउने वास्तविक श्रमजीवीहरूलाई।

# सहकारी संघसंस्थामा कर व्यवस्था



✍ **सुवासचन्द्र शिवाकोटी**

## १. विषय प्रवेश

समाज जिवन्त रहनका लागि आर्थिक क्रियाकलापको भूमिका रहिरहेको हुन्छ। व्यक्ति व्यक्तिका व्यवहार र गतिविधिले यसलाई चलायमान वनाइरहेका हुन्छन् । सरकार यस दिशामा एक पथप्रदर्शक र व्यवस्थापकको रूपमा रहेको हुन्छ । नेपालको आर्थिक विकासका लागि सरकारले अवलम्वन गरेको तीनखम्वे आर्थिक नीतिले सरकारी क्षेत्र र निजी क्षेत्रसँगै सहकारी क्षेत्रलाई पनि उत्तिकै महत्वका साथ अघि बढाइरहेको अवस्था छ। व्यक्तिले समुदायमा आधारित भै आपसमा मिलेर व्यवसाय गरिरहेको हुन्छन् । यसका लागि एक आपसमा खास व्यवस्थापकीय शैलीको अवलम्वन गरी सहयोग गरिरहेका हुन्छन् । सहकारीता सोही अनुरूपको सामूहिक हितका लागि आफैद्वारा आफ्नै आर्थिक, सामाजिक एवं संस्कृती उन्नति गर्न गरिने एक प्रकारको व्यबसाय हो। यस हिसावले सहकारीको यसमा आवद्द सदस्यहरू विच आफ्नो व्यावसायिक चरित्रका कारण प्रत्यक्ष आर्थिक सम्वन्ध हुन्छ ।

सहकारीताले आर्थिक पक्षका साथै समुदायमा वा आवद्द सदस्य विचमा रहने सामाजिक पक्षलाई पनि उत्तिकै समेटेको हुन्छ । तर व्यवसाय, यसको सफल अभ्यास र सदस्यहरूको जिविकोपार्जनमा सहयोगी हुने गरी आर्थिक लाभ प्रदान गर्न नसक्दा सम्म यसको सामाजिक पक्ष प्रभावी भने हुन सक्दैन ।

"एकका लागि सवै र सवैका लागि एक" भन्नु नै यसको आदर्श भएको सन्दर्भमा सहकारीले व्यक्ति, परिवार, समाज र समग्र राष्ट्रको आर्थिक हित तथा सामाजिक समुन्नतिको कुरा गर्ने भएकोले स्वेच्छिक तथा खुला सदस्यता, आपसी लोकतान्त्रिक नियन्त्रण, सदस्यहरूको आर्थिक सहभागिता, स्वायत्तता एवं आत्मनिर्भरता,सदस्यहरू सूसुचित गराउनु एवं चेतना अभिवृद्दि गराउदै लैजानु, समुदायको सरोकारहरूमा चासो दिनु जस्ता आफ्ना आदर्शलाई स्थापित गराउन संलग्न व्यक्ति (सदस्य), सहकारी संस्था र यसको नियमन

---

✍ उप महालेखा नियन्त्रक, महालेखा नियन्त्रकको कार्यालय ।

गर्ने सरकारी क्षेत्र सवैको आआफ्नो जिम्मेवारी र भूमिका रहेको हुन्छ । यसर्थ सहकारिताको आर्थिक सम्वन्ध र राज्यको नियामक भूमिकाले यसको प्रभावकारिताका लागि खास अर्थ राख्दछ जसमा कर प्रणाली पनि एक हो ।

## २. सहकारिताको आर्थिक सम्वन्ध

व्यावसायिक क्रियाकलापमा मूलतः तिन कुराहरूः (क) कसले स्वामित्व ग्रहण गर्छ, (ख) व्यवसायलाई कसले नियन्त्रण गर्छ, र (ग) कसले यसको उपयोग वा प्रयोग गर्छ भन्ने सवाल रहन्छ । सामन्यतयाः ठूला व्यवसायमा र निजी व्यावसायिक क्रियाकलापमा यी कुराहरूको सम्वन्ध, नियन्त्रण र उपयोगका पक्षपोषीहरू भिन्न भिन्न हुन्छन् । तर सहकारी एवं सहकारिताको सवालमा स्वामित्व नियन्त्रण र लाभको उपयोगकर्ता सवै नै सहकारीका सदस्यहरू हुन्छन् । यस कारण सहकारिताको आर्थिक सम्वन्धले उपरोक्त तिनवटै सवाललाई जोडेको हुन्छ वा हुनुपर्छ । साथै, यसले व्यक्ति,परिवार, समाज र राष्ट्रलाई जोड्ने भएकोले सो सेतुमा विधिसम्मत गतिविधि र नियन्त्रण प्रवन्धको आवश्यकता हुन्छ । सोही आवश्यकताको सम्वोधनका लागि यस्ता संस्थाहरूको दर्ता एवं संचालन प्रवन्धको व्यवस्था र निगरानीको व्यवस्था गरिएको हुन्छ । यो एक समग्र राष्ट्रको हितको सवालसँग पनि सम्वन्धित भएको हुँदा करप्रणाली पनि यसको अभिन्न अंग भएको हुन्छ । यसकारण सहकारिताको आर्थिक सम्वन्ध व्यक्तिको आयआर्जन, परिवारको जिविकोपार्जन, समाजको अन्तरनिर्भर आर्थिक क्रियाकलाप र राज्यको आर्थिक सवलतामा योगदान सम्म रहेको हुन्छ ।

## ३. सहकारीको प्रवर्दनका लागि रहेका संस्थागत तथा नीतिगत प्रवन्ध

वि सं २०१० सालमा योजना विकास तथा कृषि मन्त्रालय अन्तर्गत सहकारी बिभागको स्थापन भएसँगै शुरू भएको सहकारीको प्रवर्द्दन र विकासका लागि संस्थागत प्रयास शुरू भएको अहिले ६६ वर्ष भैसकेको छ । हालसम्म आइपुग्दा निम्न प्रवन्धहरू रहेको देखिन्छः

- नेपालको संविधानले आर्थिक उद्देश्य अन्तर्गत “सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत” आर्थिक साधन श्रोतको परिचालन गर्ने, आत्मनिर्भरता उन्मूख अर्थतन्त्रको विकास गर्ने व्यवस्था भएको।साथै, सोही अनुसार राज्यको नीति उल्लेख भएको

- राष्ट्रिय सहकारी नीति, २०६९ को व्यवस्था भएको
- सहकारी ऐन, २०७४ र सहकारी नियमावली, २०७५ रहेको
- सहकारी तथा गरिवी निवारण मन्त्रालय र सो अन्तर्गत सहकारी विभाग रहेको
- स्थानीय तहहरूले सहकारी संस्थाहरूको व्यवस्थापन एवं नियमन गर्ने व्यवस्था रहेको
- चालु चोधौं योजना र अवको पन्ध्रौं योजनामा सहकारी क्षेत्रको भूमिका र परिचालनका लागि आवश्यक नीतिगत व्यवस्था रहेको
- सहकारी संघसंस्थाहरूको सञ्जालको व्यवस्था गरी सहकारीतालाई विकेन्द्रीत र व्यापक गराउने काम भैरहेको
- कर प्रणालीले सहकारी क्षेत्रलाई आर्थिक विकासको संवाहक मानी सहजिकरण र प्रवर्द्दन गर्ने अभिप्रायका साथ कर व्यवस्था गरेको

यी र यस्ता प्रवन्धहरूले नेपालमा सहकारीको प्रवन्धका लागि आधार सिर्जना गरेका छन । यीनै कुराहरूमा आधारित भै छन । राज्यका अन्य कार्यवधिजन्य कुराहरू र प्रोत्साहनजन्य कार्यक्रमिक स्वरूपहरू अघी बढिरहेका र सहकारी संघसंस्थाहरूले घोषित उद्देश्य पुरा गर्ने दिशामा आफूलाई विस्तारित गर्दै लगेका देखिन्छन ।

## ४. सहकारी संघसंस्थामा कर व्यवस्था

सहकारीहरू आफैमा सदस्यहरूको नियन्त्रणमा रहने स्वतन्त्र र स्वायत्त सगठन हुन । यिनले विभिन्न कारोवार, पुंजी सृजना र परिचालन तथा लेनदेनका निर्णयहरू गर्दछन । आन्तरिक श्रोत परिचालनलाई अधिक महत्व दिई आर्थिक रूपले आत्मनिर्भर रहने प्रयत्न गरिरहेका हुन्छन । सहकारीताको मर्म यहीनेर रहन्छ । यो स्वतन्त्रता एवं स्वायत्तताको मर्ममा कुनैपनि अर्थमा कमजोरी आउन दिनु हुदैन । तर, यसको प्रयोग एवं उपयोग सकारात्मकताका लागि हुनुपर्छ । जवाफदेही नेतृत्व र परिपक्व निर्णय प्रक्रियाले यसलाई गन्तव्यमा डोर्‍याउँछ । आफ्नो काममा जवाफदेहिता ल्याउन र निर्णय प्रक्रियाका साथै कार्यान्वयनलाई परिपक्व वनाउदै लैजान सहभागितामूलक पद्दतिको अभ्यास, आर्थिक नियमको पालना, नियमन तथा निगरानीको व्यवस्था गर्नुपर्छ । सहकारी दर्ता गर्नु, यसका लागि नियामक निकाय सहित नियन्त्रणको प्रवन्धका लागि ऐनको व्यवस्था गर्नु, साधनश्रोतको पुन:र्वितरणका लागि उपयुक्त कर अभ्यास

गर्न करसँग सम्वन्धित कानूनी व्यवस्था गर्नु जस्ता कार्यहरू सहकारीलाई व्यवस्थित गराउने अभिप्रायले आएका हुन्छन । यही पृष्ठभूमिमा नेपालको कर व्यवस्था सम्वन्धी प्रावधानले पनि सहकारीताको प्रवर्दनका लागि योगदान गर्ने सोच राखेको छ ।

सहकारी संस्था आफैमा एक प्रकारको व्यावसायमा आधारित हुने हुँदा यसका गतिविधिहरू प्रत्यक्ष आर्थिक क्रियाकलापसँग सम्वन्धित रहेका हुन्छन् । यसले सहकारी ऐनले दिएको अधिकारको सीमामा रही व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र अन्य व्यावसाय संचालन गर्न सक्ने भएकोले राज्यको प्रचलित कानून अनुसार करप्रणालीमा आवद्द हुनुपर्ने हुन्छ । सहकारीतालाई प्रवर्द्दन गर्नका लागि सहकारी ऐनको परिच्छेद १३ मा सहकारी संस्थाहरूलाई छुट, सुविधा र सहुलियतको व्यवस्था गरिएको छ । सहकारी संस्था दर्ता भएपछि व्यक्तिसरह आर्थिक कारोवार गर्न पाउने भएकोले आयकर ऐन अनुसार यसका गतिविधिहरू करको दायरामा पर्दछन । सो ऐनमा भएको कम्पनीको परिभाषामा सहकारी संस्थाहरू पनि समेटिएको छ ।

आयकर आयबर्ष अनुसार लगाइने गर्दछ । यसका लागि संस्थाले सो बर्षभरी गरेको कारोवारको आधारमा कर गणना हुन्छ । तर, संस्थाले आफ्नो नियमित कारोवारको क्रममा गरेका भुक्तानीमा कर कट्टी गर्नुपर्ने लगायतका अन्य करहरूको निरूपण सोही कारोवारको समयमा नै गर्नुपर्दछ । जस्तैः पारिश्रमिक भूक्तानी गर्दा कट्टी गर्नुपर्ने कर, सामन खरिदविक्री गर्दाको मूल्य अभिवृद्दि कर जस्ता करहरू नियमानुसार कट्टी गर्ने र समयमा नै दाखिला गर्ने गराउने गर्नुपर्दछ । संस्थाका लागि सम्वन्धित आर्थिक बर्षका लागि करयोग्य आयमा तोकिएको दरहरू लगाइ गणना हुन्छ । यसमा कर मिलान गर्न पाउने रकम कटाउन पाइने हुन्छ । कर प्रयोजनका लागि व्यवसायवाट भएको आयको गणना गर्दा सो आय वर्षमा भएको मुनाफा र लाभहरूको हिसाव निकालिन्छ । जसको लागि आयकर ऐनको अनुसूची १ मा भएको दरलाई आधार मानिन्छ । आय गणना गर्दा छुट पाउने रकम र अन्तिम रूपमा कर कट्टी हुने भुक्तानीहरूलाई समावेश गर्नुपर्दैन । संस्थाले कर प्रयोजनका लागि कट्टी गर्न पाउने रकम के कस्ता हुन्छन् र कस्तो अवस्थामा कट्टि गर्न पाइन्छ भनी जानकारी राख्नुपर्दछ । आयकर ऐनले सामन्य रूपमा कट्टी गर्न पाउने रकमको स्पष्टसँग निर्क्यौल गरेको छ, यसमा ध्यान दिनुपर्छ । यस बाहेक व्याज कट्टी गर्न पाउने रकम, मर्मत तथा सुधार खर्च वापतको रकम,

प्रदुषण नियन्त्रण खर्च, अनुसन्धान एवं विकास खर्च, ह्रासकट्टी खर्च, व्यसाय वा लगानीवाट भएको नोक्सानी जस्ता रकमहरू तोकिएको अवस्था र सीमामा रही कट्टी गर्नपाइने व्यवस्था रहेको हुन्छ। कट्टी गर्न नपाउने खर्चहरूको वारेमा आयकर ऐनको दफा २१ मा स्पष्ट व्यवस्था भएकोले सोको प्रतिकुल हुने गरी खर्च कट्टी गर्नु हुदैन । संस्थाले सम्वन्धित आय बर्षमा व्यसाय सञ्चालन र लगानीबाट भएको मुनाफा वा लाभहरू सो बर्षमा प्राप्त गरेको आय हुने भएकोले त्यस्ता सवै रकम समावेश गर्नुपर्छ।

सहकारी संघसंस्थाहरू आफैमा स्वतन्त्र एवं स्वायत्त रूपमा सदस्य केन्द्रीत भै आर्थिक साधन परिचालन गरी आर्थिक कारोवारसँग सम्वन्धित गतिविधिहरू संचालन गर्ने संस्था भएको हुँदा यो भावलाई प्रवर्द्धन गर्न आयकर ऐनले “सहकारी ऐन, २०७४ बमोजिम दर्ता भई सञ्चालन भएको कृषि वा वन पैदावारमा आधारित रेशम खेती तथा रेशम उत्पादन, फलफूल खेती, उत्पादन तथा फलफूल प्रशोधन, पशुपालन, डेरी उद्योग, कुखुरापालन, मत्स्यपालन, चिया खेती तथा प्रशोधन, कफी खेती तथा प्रशोधन, जडिवुटी खेती तथा प्रशोधन, तरकारीका बीउ बिजन उत्पादन, मौरीपालन, मह उत्पादन, रबर खेती, कवुलियति वन, एग्रोफरेष्ट्री आदि व्यावसायिक वन सम्बन्ध व्यवसायहरू जस्ता कृषि तथा वनजन्य उद्योगहरू, तरकारी भण्डारका लागि स्थापित शीत भण्डार, कृषि सम्बन्धी वीउ विजन, पशु आहारा, दाना, कीटनाशक औषधि, मल तथा कृषि औजार (यान्त्रिक शक्तिबाट चल्ने बाहेक) को कारोवार गर्ने सहकारी संस्था तथा गाँउपालिकाको क्षेत्रमा सञ्चालित बित्तिय कारोवार गर्ने सहकारी संस्था वा संघको आयमा कर लाग्ने छैन । यस्तो संस्था वा संघले वितरण गरेको लाभांशमा समेत कर लाग्ने छैन । “भनी व्यवस्था गरेको छ । (दफा ११ को उपदफा २) यो व्यवस्थाले सहकारी संघसंस्थाहरूलाई उनीहरूको मर्म अनुसार चल्न प्रोत्साहन गर्दछ। सो भन्दा वाहेक अन्य कारोवार र क्षेत्रहरूको हकमा अन्य आर्थिक कारोवार जस्तै गरी कर निर्धारण गर्न र करको दायरामा रहनु नै पर्ने हुन्छ। संस्थाहरूले आफ्नो कारोवारको प्रकृति र कार्यक्षेत्रका आधारमा आयकर ऐनको अनुसूची १ मा भएको करका दरहरूको सीमामा रही कर दायित्व बहन गर्नुपर्ने हुन्छ । सहकारी सस्थाहरूमा गत आर्थिक वर्षसम्म नगरक्षेत्रमा २० प्रतिशत कर लाग्ने गरेको थियो।केही नेपाल ऐन सशोधन गरी नगरक्षेत्रमा बचत तथा ऋणको कारेबार गर्ने सहकारीलाई साविक २० प्रतिशत करमा छुटको व्यवस्था

भयो।यो व्यवस्था बचत तथा ऋणको कारोबार गर्नेले मात्र पाउने देखिएकोमा आ।ब २०७६।७७ को आर्थिक विधेयकले आयकर ऐन, २०५८ का दफा ११ को उपदफा (२) मा रहेको “बचत तथा ऋण सहकरी” भन्ने शब्दहरूको सट्टा “वित्तीय कारोबार गर्ने सहकारी“ भन्ने शब्दहरू राखिएको छ । यो व्यवस्था आव ०७६।७७ बाट मात्र हुने हुँदा आव २०७५।७६ मा बचत तथा ऋणको कारोबार गर्ने सहकारी सस्थाले मात्र यो सुविधा प्राप्त गर्न सक्छन । आब २०७६/७७ देखि भने सवै वित्तिय कारोवार गर्ने सहकारीहरूले यो सुविधा प्राप्त गर्दछन । यसै गरी आर्थिक ऐन, २०७६ ले गरेको व्यवस्था अनुसार सहकारी ऐन, २०७४ बमोजिम दर्ता भएको सहकारी संस्थाले कर छुट हुने कारोवार बाहेकको कारोवार गरेमा २०% का दरले कर लाग्ने, तर नगरपालिका क्षेत्रभित्र संचालन भएकोवित्तिय कारोवार गर्ने सहकारी संस्थालाई लाग्ने कर दरको ७५% र उपमहानगरपालिका र महानगरपालिका क्षेत्रभित्र संचालन भएकोवित्तिय कारोवार गर्ने सहकारी संस्थालाईलाग्ने करको दरमा ५०% छुट हुनेभनी व्यवस्था गरेको हुँदा यो सुविधा आगामी बर्षदेखि संस्थाहरूले उपयोग गर्न सक्दछन ।

सहकारी संघसंस्थाले मूल्य अभिवृद्दि करमा दर्ता हुनुपर्ने वा नपर्ने स्पष्ट प्रावधान छैन। समान्यतया सहकारी गतिविधिहरू संचालन तथा व्यवस्थापन गर्न मूल्य अभिवृद्दि करमा दर्ता हुनुपर्ने देखिदैन । तर, मूल्य अभिबृद्दि कर आकर्षित हुने खालको व्यावसाय वा कारोवार गरेमा वा गर्नुपरेमा सो प्रयोजनका लागि भने सोही प्रकृतिका अन्य व्यावसाय वा कारोवारको जस्तै गरी मूल्य अभिबृद्दि करमा दर्ता भै कारोवार गर्नुपर्ने हुन्छ ।

अग्रिम करकट्टी गरिएको रकम, पारिश्रमिक कर, मूल्य अभिवृद्दि कर जस्ता करहरू संस्थाले तोकिएको ढाँचामा विवरण तयार गरी यथासमयमा कर दाखिला गर्नुपर्छ। आयकर सम्वन्धित आय वर्षमा भएको आयमा लाग्ने भएको हुँदा तीन किस्तामा (पुस महिनाको अन्त्य सम्म अनुमानित करको ४०% चैत्र महिनाको अन्त्य सम्म अनुमानित करको ७०%, असार महिनाको अन्त्य सम्म अनुमानित करको १००% रकम मध्ये तिर्न वाँकी कर रकम) दाखिला गर्नुपर्ने व्यवस्था छ। तर कारोवारको आधारमा कर तिर्नुपर्नेको हकमा भने दुइ किस्तामा (पुस महिनाको अन्त्यसम्म पुस २० गते सम्मको कारोवारमा तोकिएको दर अनुसार लाग्ने कर, असार महिनाको अन्त्य सम्ममा असार २० गते सम्मको यथार्थ कारोवारको आधारमा असार महिनाको अन्त्यसम्म हुने कारोवारको

अनुमान गरी तोकिएको दर अनुसार लाग्ने करको गणना गरी त्यस्तो कर रकमवाट पुस मसान्तभित्र दिखला गरेको कर घटाई हुन आउने रकम) कारोवारको आधारमा कर दाखिला गर्नुपर्ने हुन्छ । संस्थाले आयबर्ष समाप्त भएको तीन महिनाभित्र आयविवरण बुझाइसक्नुपर्छ । निश्चित अवधिसम्मको तिर्नुपर्ने सम्पूर्ण कर तिरी करचुक्ता गरी सोको प्रमाणपत्र लिनुपर्ने हुन्छ । यदी करछुट पाउने भएमा त्यस्तो छुटको पनि प्रमाणपत्र लिनुपर्छ ।

कारोवारसँग सम्वन्धित अभिलेख व्यवसायको प्राण हो । यो कुरालाई सहकारी ऐन लगायत करसँग सम्वन्धित सवै ऐन नियमले गम्भीरताका साथ आत्मसात गरेको हुँदा आफ्नो व्यवसायको सवै प्रकारका कारोवारहरू तोकिए अनुसार व्यवस्थित तरिकाले राख्न र कर प्रयोजनका लागि सम्वन्धित निकायले मागे अनुसार सूचना तथा जानकारी उपलव्ध गराउनु संस्थाको कर्तव्य हुन्छ।यसैले कारोवार र यसलाई पुष्ट्याइ गर्ने कागजातको अभिलेख राख्न र यसको सुरक्षा गर्न सदैव सजग रहनुपर्छ ।

## ५. निष्कर्ष

सार्वजनिक वित्तको मूलभूत अभिप्राय मध्येको एक आयको पुनर्वितरण गर्नु हो । कर प्रणालीले यसैलाई सम्वोधन गर्दछ। सहकारीताको माध्यमवाट र सामाजिक सम्वन्धहरूलाई सुधार गर्दै लगी व्यक्ति, परिवार, समुदाय अनि राष्ट्रको आर्थिक गतिविधिमा टेवा दिन खोजिएको हुन्छ।यसले स्वावलम्वी र आत्मनिर्भर अर्थतन्त्रलाई मजबुद वनाउन खोजेको हुन्छ । छरिएका साधनश्रोतको परिचालन गर्ने, सदुपयोग बढाउने, जिविकोपार्जनमा प्रत्यक्ष रूपमा आवद्द गर्ने र सामाजिक सम्वन्ध तथा व्यवहारलाई मजबुद गराउने दिशामा उन्मुख गराउने गरी सहकारी संस्थालाई सवल गराउदै लैजानु आवश्यक हुन्छ । कर व्यवस्थाका माध्यमबाट यीनै कुरामा प्रोत्साहन गर्न खोजिएको हुन्छ । सहकारी संघसंस्थाले गर्ने आर्थिक गतिविधि स्वायत्त प्रकृतिवाट अघी बढ्नुपर्ने भएको हुँदा विधमान कर व्यवस्थाले यो मर्मलाई आत्मसात गरेको देखिन्छ । आर्थिक कारोवारहरू अनुशासित, नियन्त्रित र विधीसम्मत हुन आवश्यक पर्ने हुँदा त्यस्ता पक्षहरू नियमन हुन सक्ने गरी सो सीमामा रही कर सम्वन्धी व्यवस्थाहरू रहने गर्दछ । यस्ता व्यवस्थाले लक्षित क्षेत्रमा सहकारीहरूलाई केन्द्रीत गर्न, सदस्य केन्द्रीत आर्थिक गतिविधिहरू सञ्चालन गर्न र ससाना रूपमा छरिएर रहेका आर्थिक साधनहरूको परिचालनमा प्रोत्साहन गर्न सहयोग

पुग्दछ । आफ्ना गतिविधिहरू तथा कारोवारहरूको व्यवस्थित अभिलेखिकरण र पारदर्शी कार्यअभ्यासले यस्ता कुराहरूलाई पूर्णता प्रदान गर्दै जान्छ ।

**सन्दर्भ सामग्रीहरू:**


१. Dogarawa A= B=, -2005, The Role of Cooperative Societies in Economic Development, Ahmadu Bello University, Zaria-Nigeria

२. आयकर ऐन, २०५८(आर्थिक ऐन, २०७६ ले गरेको व्यवस्था समेत)

३. आर्थिक ऐन, २०७६

४. आर्थिक वर्ष २०७६।७७ को बजेट वक्तव्य


५. मूल्यअभिबृद्दि कर ऐन, २०५२ (आर्थिक ऐन, २०७६ ले गरेको व्यवस्था समेत)

६. सहकारी ऐन, २०७४

७. सहकारी नियमावली, २०७५


***

# सहकारी संघसंस्थाको साधारण सभा : कानूनी व्यवस्था र कार्यान्वयन



✍ हरि पौडेल

**पृष्ठभूमि :**

सहकारी संघसंस्थाको सार्वभौम र महत्वपूर्ण अङ्ग हो साधारण सभा । साधारण सभामा हुने सदस्यहरूको उपस्थितिले संस्थाको गतिशीलता मापन गर्न सकिन्छ । सबै सदस्यहरूको उपस्थितिमा साधारण सभा सम्पन्न गर्दा बढी प्रभावकारी हुन्छ । कानूनी व्यवस्थामा एकाउन्न प्रतिशत सदस्यको उपस्थिति अनिवार्य छ । दुई हजारभन्दा बढी सदस्य हुने संस्थाले क्षेत्रगतरूपमा साधारण सभा सम्पन्न गर्न सकिने कानूनी व्यवस्था रहेको भएतापनि सहकारी ऐन, २०७४ र नियमावली २०७५ ले संस्थाको विनियममा हुने भनी व्यवस्था गर्दा दुई हजार भन्दा बढी सदस्य हुने र क्षेत्रगतरूपमा साधारण सभा गर्न चाहने संस्थालाई जटिलता उत्पन्न भएको छ । साधारण सभामा हुने नगन्य उपस्थिति र खाना खाजामा नै भुल्ने प्रवृत्तिले पछिल्ला दिनमा साधारण सभाको गरिमा घटदै गएको देखिन्छ । यस लेखमा साधारण सभा सम्वन्धी कानूनी व्यवस्था, साधारण सभा सञ्चालन विधि, साधारण सभा सम्वन्धि समस्या र साधारण सभामा सदस्यहरूको भूमिका लगायतका विषयमा लेखाजोखा गर्ने कोशिस गरिएको छ ।

**कानूनी व्यवस्था :**

**सहकारी ऐन २०७४ को दफा ३६, ३७, ३८, ३९ र ४० मा भएको व्यवस्था :**

**दफा ३६ : साधारण सभा** (१) सहकारी संस्थाको सर्वोच्च अङ्गको रूपमा साधारण सभा हुनेछ ।

(२) सहकारी संस्थाका सबै सदस्यहरू साधारण सभाका सदस्य हुनेछन् ।

(३) सहकारी संस्थाको साधारण सभा देहाय बमोजिम हुनेछ :-

(क) प्रारम्भिक साधारण सभा,

---

✍ शाखा अधिकृत, सहकारी विभाग ।

(ख) वार्षिक साधारण सभा,

(ग) विशेष साधारण सभा ।

**दफा ३७ :** प्रारम्भिक साधारण सभाको काम, कर्तव्य र अधिकार : प्रारम्भिक साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) प्रारम्भिक साधारण सभा हुने अघिल्लो दिनसम्मको काम कारबाही र आर्थिक कारोबारको जानकारी लिने,

(ख) चालू आर्थिक वर्षको लागि वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

(ग) प्रतिवेदन तथा वित्तीय विवरण अनुमोदन गर्ने,

(घ) विनियममा उल्लेख भए बमोजिम समिति वा लेखा सुपरीवेक्षण समितिको निर्वाचन गर्ने,

(ङ) आन्तरिक कार्याविधि पारित गर्ने,

(च) लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने,

(छ) विनियममा तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने ।

**दफा ३८ :** वार्षिक साधारण सभाको काम, कर्तव्य र अधिकार वार्षिक साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) वार्षिक कार्यक्रम तथा बजेट स्वीकृति गर्ने,

(ख) वार्षिक लेखा परीक्षण प्रतिवेदन अनुमोदन गर्ने,

(ग) समिति वा लेखा सुपरिवेक्षण समितिको निर्वाचन तथा विघटन गर्ने,

(घ) सञ्चालक वा लेखा सुपरीवेक्षण समितिको संयोजक वा सदस्यलाई पदबाट हटाउने,

(ङ) समिति वा लेखा सुपरीवेक्षण समितिको वार्षिक प्रतिवेदन पारित गर्ने,

(च) विनियम तथा आन्तरिक कार्यविधि पारित गर्ने,

(छ) लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने,

(ज) संस्था एकीकरण वा विघटन सम्बन्धी निर्णय गर्ने,

(झ) पारिश्रमिक लगायतका सुविधा तोक्ने,

(ञ) बाह्य दायित्व स्वीकार गर्ने,

(ट) सदस्यको दायित्व मिनाहा दिने,

(ठ) समितिलाई आवश्यक निर्देशन दिने,

(ड) विनियममा तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने ।

**दफा ३९ : साधारण सभाको बैठक** (१) समितिले सहकारी संस्था दर्ता भएको मितिले तीन महिनाभित्र प्रारम्भिक साधारण सभा बोलाउनु पर्नेछ ।

(२) समितिले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले छ महिनाभित्र वार्षिक साधारण सभा बोलाउनु पर्नेछ ।

(३) समितिले देहायको अवस्थामा विशेष साधारण सभा बोलाउनु पर्नेछ :-

(क) दफा ४९ को उपदफा (१) को खण्ड (छ) बमोजिम लेखा सुपरीवेक्षण समितिको सिफारिसमा,

(ख) कुनै सञ्चालकले विशेष साधारण सभा बोलाउन पेश गरेको प्रस्ताव समितिद्वारा पारित भएमा,

(ग) समितिले कुनै खास कामको लागि विशेष साधारण सभा बोलाउने निर्णय गरेमा,

(घ) विशेष साधारण सभा बोलाउनु पर्ने कारण खुलाई पन्ध्र प्रतिशत सदस्यले समिति समक्ष निवेदन दिएमा,

(ङ) दफा ४० को उपदफा (१) बमोजिम रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले निर्देशन दिएमा,

(च) दफा ४२ को उपदफा (२) बमोजिमको रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले आदेश दिएमा ।

**दफा ४०. विशेष साधारण सभा बोलाउन निर्देशन दिन सक्ने** : (१) कुनै सहकारी संस्थाको निरीक्षण वा सुपरिवेक्षण गर्दा वा कसैको उजुरी परी छानबिन गर्दा देहायको अवस्था देखिन आएमा रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले त्यस्तो सहकारी संस्थाको समितिलाई साधारण सभा बोलाउन निर्देशन दिन सक्नेछ :-

(क) सहकारीको मूल्य, मान्यता तथा सिद्धान्त विपरीत कार्य गरेमा,

(ख) यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम, विनियम तथा आन्तरिक कार्यविधि विपरीत कार्य गरेमा,

(ग) सहकारी बैङ्कको हकमा नेपाल राष्ट्र बैङ्कको निरीक्षण तथा सुपरीवेक्षणका क्रममा गम्भीर कैफियत देखिएमा,

(घ) रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीको निर्देशनको बारम्बार उल्लङ्घन गरेमा,

(ङ) दफा ४२ को उपदफा (२) बमोजिम रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले आदेश दिएमा ।

(२) उपदफा (१) बमोजिम साधारण सभा बोलाउन निर्देशन प्राप्त भएमा समितिले सो निर्देशन प्राप्त भएको मितिले पैंतीस दिनभित्र साधारण

सभाको बैठक बोलाउनु पर्नेछ र साधारण सभाको बैठकमा उजुरी वा निरीक्षणका क्रममा देखिएका विषयमा छलफल गरी सो को प्रतिवेदन रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारी समक्ष पेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) वा (२) मा उल्लिखित अवधिभित्र समितिले साधारण सभा नबोलाएमा संस्था, जिल्ला विषयगत सहकारी सङ्घ र जिल्ला सहकारी सङ्घको हकमा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारी र प्रदेश विषयगत सहकारी सङ्घ, प्रदेश सहकारी सङ्घ, विशिष्टीकृत सहकारी सङ्घ, केन्द्रीय विषयगत सहकारी सङ्घ, राष्ट्रिय सहकारी महासंघ र सहकारी बैङ्कको हकमा रजिष्ट्रारले त्यस्तो साधारण सभा बोलाउन सक्नेछ ।

(४) सहकारी संस्थाको साधारण सभाको लागि गणपुरक सङ्ख्या तत्काल कायम रहेको सदस्य सङ्ख्याको कम्तीमा एकाउन्न प्रतिशत हुनेछ ।

तर पहिलो पटक डाकिएको साधारण सभामा गणपुरक सङ्ख्या नपुगेमा त्यसको सात दिनभित्र दोस्रो पटक साधारण सभा बोलाउनु पर्ने र यसरी दोस्रो पटक बोलाइएको साधारण सभामा सञ्चालक समितिको बहुमतसहित एक तिहाइ साधारण सदस्यहरूको उपस्थिति भएमा साधारण सभाको गणपुरक सङ्ख्या पुगेको मानिनेछ ।

(५) दुई हजार वा सोभन्दा बढी सदस्य भएको संस्थाले साधारण सभा गर्दा समान कार्यसूचीमा तोकिए बमोजिम सदस्य सङ्ख्याको आधारमा स्थानीय तह वा त्यसका वडामा सञ्चालक सदस्यहरूलाई पठाई साधारण सभा गर्न र त्यस्तो सभाको निर्णय प्रमाणित गर्न प्रतिनिधिहरू छनौट गर्न सक्ने र त्यस्ता प्रतिनिधिहरूको उपस्थितिको सभाले अन्तिम निर्णय प्रमाणित गर्नेछ ।

**सहकारी नियमावली २०७५ मा भएको व्यवस्था :**

**नियम १८. साधारण सभा सम्बन्धी विशेष व्यवस्था** : (१) ऐनको दफा ४० को उपदफा (५) मा उल्लिखित सदस्य सङ्ख्या भएको संस्थाको साधारण सभा एकै स्थानमा गर्न असुविधा हुने देखी समितिले साधारण सभाको लागि तय भएका समान कार्यसूचीउपर छलफल गर्न साधारण सभा बोलाउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम बोलाइएको साधारण सभामा सञ्चालक तथा

लेखा सुपरीवेक्षण समितिका सदस्यको उपस्थितिमा उपनियम (५) बमोजिमको इकाइमा रहेका बहुमत सदस्यहरूको उपस्थितिमा त्यस्तो साधारण सभाको लागि तय भएका समान कार्यसूचीउपर छलफल गरी कम्तीमा बहुमत सदस्यको निर्णय बमोजिम साधारण सभाको अन्तिम निर्णय प्रमाणीत गर्न विनियममा उल्लेख भए बमोजिमको सङ्ख्यामा प्रतिनिधि छनौट गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम छनौट भएका प्रतिनिधिहरूले साधारण सभाको अन्तिम निर्णय प्रमाणित गर्न सक्नेछन् ।

(४) उपनियम (३) बमोजिम साधारण सभाको अन्तिम निर्णय प्रमाणित गर्ने सम्बन्धमा छनौट भएका प्रतिनिधिहरूका बीच मतक्यता हुन नसकेमा उपस्थित प्रतिनिधिहरूको बहुमतबाट भएको निर्णय बमोजिम हुनेछ ।

(५) उपनियम (१) बमोजिम हुने साधारण सभाको बैठक देहाय बमोजिम गराउनु पर्नेछ :

(क) संस्थाको कार्यक्षेत्रलाई विभिन्न इकाईमा सदस्य संख्याको आधारमा विभाजन गर्ने,

(ख) सम्बन्धित इकाईमा रहेका सदस्य सङ्ख्याको आधारमा प्रतिनिधि सङ्ख्या यकिन गर्ने,

(ग) यकिन भएको सङ्ख्याको आधारमा प्रतिनिधि चयन गर्ने, र

(घ) साधारण सभाको समान कार्य सूचीमा इकाईमा रहेका सदस्यहरू बीच छलफल गर्ने र इकाईमा रहेका सदस्यहरूको धारणाको प्रतिनिधित्व चयन भएका प्रतिनिधिले गर्ने ।

(६) उपनियम (१) बमोजिम हुने साधारण सभाको बैठकमा सहभागिता सम्बन्धी अन्य व्यवस्था विनियममा भएको व्यवस्था बमोजिम हुनेछ ।

**साधारण सभा सञ्चालनका कठिनाइ :**

सहकारी ऐन २०७४ को दफा ४०(४) ले सहकारी संस्थाको साधारण सभाको लागि गणपुरक संख्या तत्काल कायम रहेको सदस्य संख्याको कम्तीमा एकाउन्न प्रतिशत हुनु पर्ने व्यवस्था गरेको छ । तर सोही दफाको उपदफा ५ ले दुई हजार वा सो भन्दा बढी सदस्य भएको संस्थाले साधारण सभा गर्दा समान कार्यसूचीमा तोकिए बमोजिम सदस्य संख्याको आधारमा स्थानीय तह वा त्यसका वडामा सञ्चालक सदस्यहरूलाई पठाई साधारण सभा गर्न

र त्यसको निर्णय प्रमाणित गर्न प्रतिनिधिहरू छनौट गर्न सक्ने र त्यस्ता प्रतिनिधिहरूको उपस्थितिको सभाले अन्तिम निर्णय गर्नेछ भनेको छ ।

ऐनमा उल्लेखित तोकिए बमोजिम भन्ने बिषयहरू नियमावलीमा तोकिनुपर्ने हो तर नियमावलीको नियम १८(६) ले साधारण सभाको बैठकमा सहभागिता सम्बन्धी अन्य व्यवस्था विनियममा भएको व्यवस्था बमोजिम हुनेछ भनी उल्लेख गरेको छ । यो ऐन र नियमावली आउनु अगाडि सो सम्बन्धमा सहकारी संघसंस्था दर्ता, संचालन, लेखा परीक्षण, अनुगमन तथा नियमन सम्बन्धी व्यवस्था, २०६८ मा भएको एक हजार भन्दा बढी शेयर सदस्य भएका संस्थाको हकमा प्रत्येक दश जनावाट एक जना र एक जिल्ला भन्दा बढी जिल्लाहरू कार्यक्षेत्र हुने संघसंस्था र सहकारी बैंकको हकमा प्रत्येक जिल्लावाट कम्तिमा सम्बन्धित जिल्लाको कूल सदस्य संख्याको दश प्रतिशत प्रतिनिधि सहभागि हुने गरी साधारण सभा गर्न सकिनेछ भन्ने व्यवस्था बमोजिम गर्ने गरेकोमा हालको ऐन नियमावलीले सो सम्बन्धमा स्पष्ट व्यवस्था नगरी संस्थाको विनियममा तोके बमोजिम हुनेछ भनेकोले साधारण सभापूर्व नै विनियम संशोधन गरी प्रतिनिधि सम्बन्धी व्यवस्था गरेर मात्र क्षेत्रगतरूपमा साधारण सभा गर्नुपर्ने देखिन्छ । दुई हजार भन्दा बढी सदस्य हुने संस्थाहरूले पनि एक पटक एकाउन्न प्रतिशत सदस्यहरूको उपस्थितिमा साधारण सभा गर्ने, सो साधारण सभाले विनियम संशोधन गर्न प्रस्ताव पारित गर्ने  र सम्बन्धित नियामक निकायवाट विनियम संशोधनको स्वीकृति लिए पछि मात्र क्षेत्रगतरूपमा साधारण सभा सम्पन्न गर्न सकिने देखिन्छ । अन्यथा दुई हजार भन्दा बढी सदस्य हुने र क्षेत्रगत रूपमा साधारण सभा गर्ने संस्थाहरूको साधारण सभा अवैध हुने देखिन्छ ।

त्यसैगरी साधारण सभाको अन्तिम निर्णय प्रमाणित गर्ने सम्बन्धमा छनौट भएका प्रतिनिधिहरूले गर्ने भन्ने व्यवस्था उल्लेख गरिएको छ र प्रतिनिधिहरूको छनौट विनियममा उल्लेख भए बमोजिमको संख्यामा हुने व्यवस्था रहेकोले पनि विनियम संशोधन गरी सो सम्बन्धी स्पष्ट व्यवस्था नगरेसम्म क्षेत्रगतरूपमा साधारण सभा गर्न सकिने देखिदैन ।

यस कठिनाईलाई सम्बोधन गर्न नियामक निकायले साधारण सभा सञ्चानल सम्बन्धी कार्यविधि निर्माण गरी लागू गर्ने र आगामी दिनमा विनियम संशोधन गर्दै विनियममा व्यवस्था गरी सहजतापूर्वक क्षेत्रगतरूपमा गरिने साधारण सभा सम्पन्न गर्न सक्ने देखिन्छ ।

साधारण सभाको अन्तिम निर्णय प्रमाणित गर्न हालका लागि सहकारी विभागले गरेको नीतिगत निर्णयलाई नै आधार मानी संस्थामा रहेका संचालक समितिको जम्मा सदस्य संख्या भन्दा एक बढी हुने गरी नै प्रतिनिधि छनौटको व्यवस्था मिलाउने । संस्थाका जम्मा सदस्यहरूलाई प्रतिनिधि छनौट गर्नु पर्ने सदस्यको आधारमा विभाजन गर्ने र सोही आधारमा प्रतिनिधि छनौट गरी साधारण सभाको अन्तिम निर्णय प्रमाणित गर्ने व्यवस्था मिलाउनु उपयुक्त हुन्छ ।

**साधारण सभा सञ्चालनमा रहेको समस्याहरू :**

- संचालक समितिले सबै सदस्यको उपस्थितिभन्दा आफू वरिपरिका व्यक्तिहरूको मात्र उपस्थिति रूचाउनु ।
- सदस्यहरू साधारण सभाको गरिमाप्रति सचेत नहुनु ।
- साधारण सभालाई औपचारिकतामा मात्र सीमित गरिनु ।
- साधारण सभालाई भेटघाट र भोजभतेरको रूपमा प्रयोग गरिनु ।
- साधारण सभामा उपस्थित हुने प्रमुख अतिथि, अतिथिहरूको बाक्लो उपस्थितिले सम्बोधनमै बढी समय बित्नु ।
- साधारण सभा भनेको उद्घाटन सत्र हो, बन्द सत्र र सञ्चालक समिति तथा लेखा समितिका सदस्यले मात्र गर्ने हो भन्ने बुझाइ रहनु ।
- संस्थामा भएका निर्णय, खर्चपर्च लगायतका विषयमा सदस्यले विरोध गर्लान भन्ने डर हुनु ।
- साधारण सभाको मञ्च र सदस्य बीचको दुरी बढदै जानु ।
- साधारण सभामा सदस्यहरूको भूमिका ओझेलमा पर्दै जानु ।
- सदस्य केन्द्रित बहस छलफलको प्रधानता नदेखिनु ।

**साधारण सभालाई सहभागितामूलक बनाउन ध्यान दिनुपर्ने विषयहरू :**

- साधारण सभा सम्बन्धी सूचना सवै सदस्यले पाउने सुनिश्चित गर्ने ।
- सकेसम्म सबै सदस्यहरूको उपस्थितिमा साधारण सभा सम्पन्न गर्ने ।
- संस्थाका सबै नीतिगत तथा महत्वपूर्ण विषयहरूमा व्यापक छलफल गर्ने ।
- सबै सदस्यहरूले आफ्ना विचार राख्न सक्ने गरी वातावरण मिलाउने ।
- सदस्यहरूका भनाइ र विचारहरूलाई सञ्चालक समितिले सम्बोधन गर्ने ।

- सदस्यहरूलाई अनुचित प्रभाव नपार्ने ।
- सदस्यमैत्री वातावरण तयार गर्ने ।
- नियामक निकायबाट प्राप्त निर्देशनहरू सबैलाई जानकारी गराउने ।
- कानूनले तोकेकै समयसीमा भित्र नियामक निकायमा प्रतिवेदन पठाउने ।

**निष्कर्ष :**

साधारण सभाको गतिशीलता हेरी संस्थाको प्रभावकारिता मापन गर्न सकिन्छ। साधारण सभामा हुने सदस्यहरूको उपस्थितिले संस्था र सदस्यहरूको सम्बन्ध आंकलन गर्न सकिन्छ । संचालक समितिका काम र जिम्मेवारीहरूको सिंहावलोकन गरिने थलो भएकोले साधारण सभा जति बढी सहभागितामूलक र समावेशी भयो संस्था त्यतीनै सदस्य केन्द्रित बन्नसक्छ । साधारण सभाले नै आगामी दिनका नीति, योजना तथा बजेट पारित गर्ने हुँदा आगामी दिनको आधार तयार गर्न पनि साधारण सभालाई अझ बढी प्रभावकारी बनाउनु पर्दछ ।

**सन्दर्भ सामग्री :**

सहकारी ऐन, २०७४
सहकारी नियमावली, २०७५
सहकारी संघसंस्था दर्ता, संचालन, लेखा परीक्षण, अनुगमन तथा
नियमन सम्वन्धी मापदण्ड, २०६८
विभिन्न लेख रचना

***

# श्रीलंकाको सहकारी अभियान : एक परिचर्चा



✍ प्रेमराज लुइटेल

## प्रवेश

नेपाल र छिमेकी दक्षिण एशियाली राष्ट्र श्रीलंका बीच ऐतिहासिक सम्बन्ध रहिआएको छ । भाषिक तथा सांस्कृतिक दृष्टिले पनि संस्कृत भाषाको प्रभावबाट विकसित भएका नेपाली र सिंहाली भाषामा धेरै शब्दहरू समान रूपमा प्रयुक्त हुदै आइरहेको पाइन्छ । हाम्रोजस्तै तराई र पहाड रहेको श्रीलंकाको रहनसहन, जनजीवन, संस्कार लगायतका विविध विषयहरूमा विद्यमान समानताहरूले तुलनात्मक अध्ययन र अनुसन्धानको आवश्यकता बोध गराउँछ । छिमेकी देशहरूको सहकारी अभियान र गतिविधिको बारेमा जानकारी बटुल्दै उनीहरूका सफल तथा उत्कृष्ट अभ्यास ग्रहण गर्ने र देखिएका नकरात्मक नतिजाहरूमा पूर्वसचेतना अवलम्बन गर्न सहयोग पुग्ने महशुस गरेर यो आलेख संकेतात्मक स्वरूपमा प्रस्तुत गरिएको छ ।

## शब्दचित्रमा श्रीलंका

दक्षिण एशियाको एक प्राचीन मुलुक श्रीलंका हिन्द महासागरको एक टापु देश हो । श्रीलंकाको पुरानो नाम सिलोन हो भने हालको आधिकारिक नाम प्रजातान्त्रिक समाजवादी गणतन्त्र श्रीलंका (Democratic Socialist Republic of Sri Lanka) हो । ६५६१० वर्ग कि.मी. क्षेत्रफल रहेको श्रीलंकाको जनसंख्या करिब २ करोड १५ लाख रहेको पाइन्छ । झन्डै ६५% सिहाली जातिको बाहुल्यता रहेको यस देशमा तमिल १५ %, मुस्लिम ९.२% र अन्य जातजातिहरू बसोबास गर्छन । धार्मिक दृष्टिले ७०.१९% बौद्ध धर्मालम्बी, १२.६१ % हिन्दु, ९.७% इस्लाम र ७.४५% इशाइहरू रहेका छन् । गौतम बुद्धको जन्म देशका नेपालीहरू प्रति त्यहाँका नागरिकहरूमा उच्च सम्मान र श्रद्धाभाव रहेको पाइन्छ ।

बौद्ध धर्मका प्रचारक सम्राट अशोकका छोरा आरात महिन्द्र (Arahat Mahindra) इ.पू. २४७ मा राजा देवनामपिया टिस्सा (Devanampiya Tissa) को समयमा त्यहाँ अन्य छ जना भिक्षु गुरूहरूसहित गएर श्रीलंकामा

---

✍ शाखा अधिकृत, सहकारी विभाग ।

बौद्ध धर्मको प्रचार प्रसार गराएको पाइन्छ । त्यस पूर्व त्यहाँ प्राकृत धर्म, बौद्ध धर्म, हिन्दु धर्मसहित प्रकृतिपूजन परम्परा रहेको विश्वाश गरिन्छ ।

त्यहाँका प्राचीन पराक्रमी राजाअनुराधापुरा राज्यका संस्थापक राजा पाण्डुकाव्यले (Pandu Kabhaya) इ.पू. मा दक्षिण एशियाका तत्कालीन टुक्रे राज्यहरूमा एक प्रभावकारी र शक्तिशाली राज्यको रूपमा स्थापित गरेर अनुराधापुरालाई नै राजधानी गराएका थिए । बाह्रौ शताब्दीसम्म त्यहाँको राजधानी अनुराधापुरा नै थियो । लम्बकर्ण राजवंश परम्पराका महासेन (Mahasen), दत्तुसेन (Dhatusen) जस्ता राजाहरूले सिंचाइका लागि निकै ठूला ठूला प्राकृतिक पोखरीहरू (Tank) निर्माण गरी कृषिकार्यमा सफलता दिलाएको देखिन्छ । अन्य प्राचीन पराक्रमी राजाहरूमा विजयबाहु प्रथम (Vijayabahu I) , पराक्रम बाहु (Parakrama Bahu) निशंक मल्ल (Nissanka Malla), शक्तिशाली किल्लासहितको महल सिगिरि (Sigiriya) का निर्माता कश्यप (Kasyapa) आदि रहेको पाइन्छ । पूर्वीय भौतिकवादी दर्शनको एक प्रणेता र तमाम हिन्दु धर्मालम्बीले खलनायक ठान्ने रावणको समयमा त्यो राज्यले पूर्वी एशियाका म्यानमार, थाइल्यान्ड, सिंगापुर, मलेशिया, कम्बोडियाआदि देशहरूमा प्रभाव पुऱ्याएर हिन्दु धर्मको व्यापक बिस्तार गरेको भए पनि श्रीलंकामा रावणको उच्च सम्मान वा प्रचार प्रसार गरेको देखिदैन । पहिला पोर्चुगल त्यस पछि डच (नेदरल्यान्ड)को औपनिवेशिक आहात भोगेको श्रीलंकाले बेलायतको लामो उपनिवेशिक उत्पीडन बेर्होदै सन् १९४८ मा भारतसँगैसँगै बेलायतको औपनिवेशिक शासनबाट मुक्ति पाएको हो ।

श्रीलंकामा ९ वटा प्रदेशहरू रहेका छन् । प्रदेशका नामहरू भौगोलिक क्षेत्रको आधारमा नामाकरण गरिएको देखिन्छ । ९ प्रदेशका नामहरू Eastern Province, Western Province, Southern Province, Northern Province, Northen Central Province, Northern Western Province, Sabaragamuwa Province, Uva Province र Central Province हुन् । त्यहाँको प्रशासनिक विभाजनमा केन्द, प्रदेश, जिल्ला, नगरपालिका, वार्ड र ग्राम निलाधारी रहेका छन् । त्यहाँ २५ जिल्ला, ३३५ वटा नगरपालिका र १४०२२ वटा ग्राम निलाधारी (Grama niladhari division) रहेका छन् । २५ जिल्लाामा केन्द्र सरकारको District Secretary (जिल्ला सचिव, नेपालमा प्रमुख जिल्ला अधिकारीजस्तै ) रहने र त्यसकै मातहतमा २५६ वटा Divisional Secretary Division मा पनि Sri

LankaAdministrative Service बाट नै कर्मचारीहरू खटिने गर्दछन् ।

सहकारी प्रवर्द्धन र नियमनमा Sri Lanka Administrative Service र प्रदेश तथा जिल्लामा Development Service का कर्मचारीहरू सेवारत रहेको देखिन्छ । केन्द्रमा सहकारी विकास विभाग र प्रत्येक प्रदेशमा सहकारी विभागको व्यवस्था गरिएको छ ।

## सहकारी अभियान

ब्रिटिस औपनिवेशको रूपमा रहेको श्रीलंकाको सहकारी अभियान पनि दक्षिण एशियाली अन्य औपनिवेशिक मुलुकमा जस्तै त्यति बेलाको आर्थिक आवश्यकता र ग्रामीण कृषिमा ऋण उपलब्ध गराउने अभिप्रायले भएको देखिन्छ । श्रीलंकामा सन् १९०६ मा सहकारी अभियानको प्रारम्भ भएको पाइन्छ । सन् १९०६ मा प्रारम्भ भए पनि सहकारी संस्था ऐन, १९११ (Cooperative Societies ordinance No 7 of 1911) मा आएपछि कानुनी रूपमा सहकारी अभ्यासको थालनी भएको पाइन्छ । श्रीलंकाको पहिलो सहकारी संस्था धुम्बारा मितियावाता सहकारी संस्था (Dhumbara Mitiyawatha Cooperative Society) हो । नेपालको सहकारी अभियानमा जस्तै श्रीलंकामा पनि शुरूका चरणमा सहकारी संस्थाका रजिष्ट्रार (Register of co–operative societies) को रूपमा सन् १९११-१९३० सम्म कृषि निर्देशकले जिम्मेवारी वहन गरेको पाइन्छ ।

श्रीलंकामा छुट्टै विभागको रूपमा सहकारी विभाग सन् १९३० को अक्टुवर १ का दिन स्थापना भयो र त्यसको पहिलो रजिष्ट्रार W.K.H Cambel भए । सन् १९४५ मा सहकारी विकास विभागको (Department of Co-operatives Development) रूपमा पुनः नामकरणमा भई हालसम्म पनि सोही नाम कायम रहेको छ ।

श्रीलंकाको संविधानमा सन् १९८९ मा भएको तेह्रौ संशोधनले सहकारीलाई प्रदेशको अधिकार क्षेत्रका रूपमा स्थापित गरेको छ । हाल श्रीलंकामा केन्द्रमा सहकारी विकास विभाग (Department of Co-operatives Development) र सबै प्रदेशमा सहकारी विभाग स्थापना गरी ९ वटा प्रदेश रजिष्ट्रारको समेत व्यवस्था गरिएको छ ।

प्रत्येक जिल्लामा सहकारी विकास कार्यालय र सो अर्न्तगत उल्लेख्य संख्यामा सरकारी कर्मचारीहरू कार्यरत रहेका छन् । प्रत्येक प्रदेशमा रहेका सहकारी विभागसहितका संरचनाहरूको बीचमा समन्वय गर्ने र

केन्द्रीय सरकारको गतिविधिहरूका लागि सहयोग पुऱ्याउने काम सहकारी विकास विभागले (Department of Co-operatives Development) गर्दछ । त्यसले नीति निर्माणमा सहयोग, सहकारीको विकासका लागि विविध गतिविधिहरूको सञ्चालन, राष्ट्रिय स्तरका कार्यक्रमहरूको कार्यान्वयन,सहकारी सम्बन्धी तथ्याङ्कहरूको संकलन र प्रकाशन गर्ने गर्दछ । सहकारी विकास विभागको प्रत्यक्ष नियमन क्षेत्रमा त्यहाको राष्ट्रिय सहकारी परिषद (महासंघ) सहितका १० वटा केन्द्रीय संघहरू र ३० वटा राष्ट्रियस्तरका (Island wide Institutional Cooprative Societies) संस्थाहरू रहेका छन् ।

## सहकारी संस्थाहरू

करिव २ करोड १६ लाख जनसंख्या भएकोश्रीलंकामा ८२ लाख जनताहरू सहकारीमा आवद्ध भएका छन् । सहकारी संस्थाहरूले ४०६२४ जनालाई प्रत्यक्ष रोजगारी प्रदान गरिरहेका छन् । ग्रामीण क्षेत्रमा Rural Banking र उपभोक्ताको क्षेत्रमाश्रीलंकाको सहकारी अभियान बढी सफल ठानिन्छ । त्यहाँ बचत तथा ऋण, ग्रामीण बैंक, उपभोक्ता, उद्योग, नरिवल, अन्य कृषि उद्योग, मत्स्यपालन क्षेत्र, कपडा बुनाइ, हाउजिङ,श्रमिक सहकारी, स्कुल सहकारी, युवा, सहकारी ,स्व-रोजगार, सहकारी अस्पताल आदि क्षेत्रमा सहकारी क्रियाशील रहेका छन् । त्यहाँको सहकारी संस्थाको क्षेत्रगत विवरण निम्नानुसार रहेको देखिन्छ ।

### श्रीलंकाका सहकारी संस्थाहरू

| Types of cooperative Societies | No of cooperative |
|---|---|
| Multi purpose (MPCS) | 310 |
| Consumer co-operative | 55 |
| Tea,Rubber,Coconut and Palmyra | 143 |
| Other Agricultural | 272 |
| Milk Production and Other animal production | 358 |
| Fisheries | 1220 |
| Texiles and other production | 598 |
| Hospital co-operatives | 07 |
| Housing co-operatives | 44 |
| Staes Housing co-operatives | 487 |
| Labour co-operatives | 40 |

| | |
|---|---|
| School co-operatives | 1145 |
| Women co-operatives | 148 |
| Youth Service co-operatives | 35 |
| Welfare co-operatives | 86 |
| Sanasa co-operatives societies | 8464 |
| Self employment co-operatives | 22 |
| other co-operatives | 1042 |
| total no of co-operatives | 14,476 |

**राष्ट्रिय सहकारी परिषद र अन्य केन्द्रीय संघहरू**

नेपालको राष्ट्रिय सहकारी महासंघजस्तै श्रीलंकाको सहकारी अभियानको शीर्षस्थ निकायको रूपमा राष्ट्रिय सहकारी परिषद् (National co-operative council of srilanka Ltd., NCC) रहेको छ । परिषद्को विधायिकी निकाय ३३५ सदस्य रहेको साधारण सभा (General board) हो । यसले वार्षिक कार्यक्रम निर्माण गर्ने लगायतका कार्यहरू गर्दछ । सञ्चालन समितिमा अध्यक्षसहित १३ जना सञ्चालकहरू रहन्छन् । १३ जना मध्ये प्रत्येक प्रदेशबाट १-१ जनाको दरले ९ जना र ३ जना अन्य सदस्यसहित अध्यक्ष रहने व्यवस्था रहेको पाइन्छ । १० वटा केन्द्रीय संघ र २७ वटा जिल्ला संघहरू पनि सोही परिषद्को मातहतमा रहन्छन् ।

राष्ट्रिय सहकारी परिषद् (NCC) आत्मनिर्भर सहकारी संघको रूपमा रहेको पाइन्छ । परामर्श सेवा, तालिम केन्द्रहरूको सञ्चालन लगायत अन्य सेवा कार्यहरू मार्फत स्वआर्जन गरेर आफ्नो आर्थिक व्यवस्थापन गरेको पाइन्छ । । अन्य केन्द्रीय संघहरूले पनि सहकारी अभियानमा उल्लेख्य योगदान गरिरहेका छन् । त्यहाँ राष्ट्रिय सहकारी परिषद सहितका १० वटा केन्द्रीय संघहरू र ३० वटा राष्ट्रियस्तरका (Island wide / Institutional Cooprative Societies) संस्थाहरू रहेका छन् । केन्द्रीय संघहरूको विवरण निम्नानुसार रहेको पाइन्छ ।

**National Level Co-operative Societies of Sri Lanka**

1. National Co-operative Council of Sri Lanka Ltd.
2. Sri Lanka Co-operative Marketing Federation Ltd.
3. Sri Lanka Consumer Co-operative Societies Federation Ltd.
4. Sri Lanka Co-operative Rural Bank Federation Ltd.
5. Sri Lanka Federation of Thrift and credit Co-operative

Societies Ltd.

6. Sri Lanka Coconut Production Co-operative Societies Union Ltd.
7. Sri Lanka National Federation of Fisheeries Co-operative Societies Ltd
8. Sri Lanka cooperative Industries Federation Ltd.
9. Sri Lanka Co-operative Textile Industries Union Ltd .
10. Sri Lanka National Youth Services Co-operative Federation Ltd.

**सहकारीको समकालीन अवस्था**

सहकारी आन्दोलन विश्वका मुख्य दुई वटा साम्यवादी र पुँजीवादी दर्शनहरूको पुरातन दृष्टिकोण र दिशासँग हुबहु मेल नखाए पनि आज दुवै दर्शनका पक्षपातीहरूले समकालीन सन्दर्भमा विभिन्न तर्क र अभ्यास गर्दै आफ्नो परिवेश अनुसार ग्रहण गर्ने गरेको पाइन्छ । समाजवादी अवधारणा स्वीकार गर्नेहरूका लागि सहकारी एउटा महत्वपूर्ण माध्यम नै हो भनेर व्याख्या गर्ने गरेको पनि देखिन्छ । राज्यको दार्शनिक अवधारणगत दृष्टिले हेर्दा श्रीलंकाको आधिकारिक नाम नै समाजवादी गणतन्त्र रहेको पाइन्छ भने हाम्रो संविधानको परिकल्पना तथा साझा गन्तव्य पनि समाजवाद नै भनेका छौँ , लेखेका छौँ । यस परिपेक्ष्यमा दुवै मुलुकले सहकारी क्षेत्रलाई पनि आफ्नै सहयात्री ठानेको पाइन्छ ।

श्रीलंकाको सहकारी क्षेत्रका कुनै समस्या नै छैन भन्ने अभिप्राय यस आलेखको होइन । बचत तथा ऋणको क्षेत्रमा होस् वा अत्यन्त सफल ठानिने उपभोक्ता सहकारी होस् केही समस्याहरू बाहिरै देखिने गरी आउने गरेका छन् । यसको सानो उदाहरणका रूपमा नेपालका केही सार्वजनिक संस्थानहरूले लामो समयसम्म लेखापरीक्षण सम्पन्न गर्न नसकेजस्तै श्रीलंकाको सहकारी अभियानको शीर्षस्थ निकाय राष्ट्रिय सहकारी परिषद् (हाम्रो महासंघ जस्तै ) को सन् २०११ को डिसेम्बरदेखि र अत्यन्त सफल मानिने उपभोक्ता सहकारी संघको सन् २०१० डिसेम्बरपछि अन्तिम लेखापरीक्षण सम्पन्न हुन नसकेको व्यहोरा त्यहाँको आधिकारिक नियमन निकाय सहकारी विकास विभागको वेबसाइटमा देखिन्छ ।

लामो यात्रा र गन्तव्यमा अघि बढ्दा कुनै समस्या र अप्ठ्यारा परि स्थिति नै नआऊन् भन्ने कल्पना गर्‍यौँ भने हामी वास्तविक जीवनवादी नै

बन्न सक्दैनौं । यस सन्दर्भमा श्रीलंकाको सहकारी क्षेत्रका लामो इतिहास र विधिध अभ्यासहरू गर्दै आफूलाई विश्व सहकारी अभियानमा एउता अब्बल अभियन्ताको रूपमा स्थापित गरिसकेको सत्यततालाई सबैले स्वीकार्न पर्दछ । श्रीलंकाको सहकारी क्षेत्रको समकालीन सकरात्मक अवस्थालाई बुँदागत रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ ।

**सकारात्मक संकेतहरू**

*सहकारी क्षेत्रका लामो इतिहास र अभ्यास भएको देश* (उपभोक्ता सहकारी र ग्रामीण लघुवित्तमा उल्लेख्य सफलता प्राप्त गरेको ।)

*सरकारी संरचनाको व्यवस्था* (केन्द्रमा सहकारी विकास विभाग, नौ वटै प्रदेशमा सहकारी विभाग र जिल्लास्तरमा कार्यालय र पर्याप्त सङ्ख्यामा सरकारी कर्मचारीको व्यवस्था गरिएको । )

*सरकारी अस्पताल र सहकारी विद्यालयको अभ्यास*

*सहकारी संस्थाहरूको सुहाउँदो आकार* ( ८२ लाख सदस्य भएकोमा जम्मा १४,४७६ वटा मात्र सहकारी रहेका र यो संङ्ख्या पनि बढी मानी विभिन्न उपायहरू अवलम्बन गरिएको । )

*छरितो तथा आत्मनिर्भर राष्ट्रिय सहकारी परिषद र विषयगत केन्द्रीय संघहरू ।* (परिषदसहित जम्मा दस टा मात्र केन्द्रीय संघहरू रहेका )

*चिया सहकारीमार्फत निर्यात प्रवर्द्धन*

*कानुनी अधिकार (अर्धन्यायिक अधिकार) सहितको सहकारी विभागको व्यवस्था :* (नेपालका जिल्ला प्रशासन कार्यालय , वन कार्यालय, उद्योग विभाग आदिलाई अर्धन्यायिक अधिकार भए जस्तै त्यहाँको सहकारी विभाग तथा कार्यालयहरूमा कानुनी अधिकार दिई त्यसको अभ्यास भइरहेको । )

*लेखा परीक्षणको व्ययवस्था* (संस्थाहरूको लेखा परीक्षण गर्न रजिष्ट्रार,वा रजिष्ट्रारले तोकेको कर्मचारी वा रजिष्ट्रारले स्वीकृति दिएको परीक्षकहरू रहने व्यवस्था ।)

*वातावरणमैत्री सहकारी अभियान* (वातावरण र विकासको बीचमा उचित तालमेल मिलाउन छुट्टै विभागको व्यवस्था गरिएको र त्यस्ता मार्गदर्शनलाई आत्मसात् गर्ने सहकारी संस्थाहरू भएको )

*समस्याग्रस्त सहकारीको समस्या* समाधानका लागि सरकारी हस्तक्षेपमूलक प्रयासहरू ।

*नयाँ सहकारी नीतिको मस्यौदा छलफलमा रहेको ।*

## उपसंहार

हाम्रो देशसँग भौगोलिक, भाषिक,सामाजिक, सांस्कृतिक सानिध्यता रहेको श्रीलंकाको सहकारी अभियानबाट हामीले थुप्रै राम्रा अनुभव र असल अभ्यासहरू प्राप्त गर्न सकिन्छ । त्यसका लागि थप सामग्रीहरू संकलन गरी बृहत् अध्ययन, अनुसन्धान र विश्लेषण गर्न आवश्यक पर्दछ । सहकारी अभियानमा नेपालमा भन्दा धेरै नागरिकहरू आवद्ध भए पनि सहकारी संस्थाहरूको संख्या भने झन्डै आधा भन्दा कम रहेको र त्यही संख्यालाई पनि व्यवस्थित गर्न उनीहरूले विभिन्न पहल गरिरहेको सन्दर्भमा हामीले नेपालको सहकारी अभियानलाई अनुकरणीय आन्दोलनको रूपमा अगाडि बढाउन श्रीलंका र अन्य सफल मुलुकहरूबाट सिक्दै अगाडि बढ्नु पर्दछ । हामीले हाम्रै भूमिमा विकास गरेका अग्रणी प्रयत्नहरूमा गर्व गर्दै सहकारी क्षेत्रलाई सबैले देख्ने, बुझ्ने र महशुस गर्न सक्ने आन्दोलनको रूपमा स्थापित गरी आम नागरिकको बलियो विश्वास आर्जन गर्न सक्ने बनाउन सरोकारवाला सबैको सकरात्मक, रचनात्मक र सक्रिय सहभागिता आवश्यक देखिन्छ ।

## सन्दर्भ सूची

ढकाल,सुदर्शन प्रसाद, २०७२, **सहकारीको सिद्धान्त र व्यवहार**,काठमाडौं : स्वयम् ।

**सहकारिता**,२०७३, काठमाडौं : सहकारी विभाग (पुर्नमुद्रण २०७५) ।

**नेपालमा सहकारी संघ/संस्था सम्बन्धी तथ्याङ्क २०७३,**काठमाडौं : सहकारी विभाग (२०७४ जेठ) ।

**सहकारी दर्पण** पत्रिकाका विभिन्न अङ्कहरू,काठमाडौं : सहकारी विभाग ।

**सहकारी पुञ्ज** पत्रिकाका विभिन्न अङ्कहरू,काठमाडौं : सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्र ।

**सहकारी सन्देश** पत्रिकाका विभिन्न अङ्कहरू,ललितपुर : राष्ट्रिय सहकारी महासंघ ।

**सहकारी संवाद** पत्रिकाका विभिन्न अङ्कहरू,ललितपुर : सहकारी विकास बोर्ड ।

**वेबसाइटहरू**

www.coopfed.asia,
www.coop.gov.lk
www.gov.lk

**सहयोगी व्यक्तिहरू**

Mr. D.S.K. Pathirana
Mrs. Priyanwada Dampalassa
Mr. Ruchira Wijekoon

***

# सहकारी संघसस्थाले अनुदान प्राप्त गर्ने प्रक्रिया



✍ टोपलाल अर्याल

**भूमिकाः**

सदस्यका साझा आर्थिक, सामाजिक तथा सांस्कृतिक हितका विषयमा सदस्यहरूवीच आपसमा मिलेर गरिने सहकार्य नै सहकारी हो । सहकारिताको विकास बेलायतबाट भएको मानिन्छ । वि.स. २०१३ साल चैत्र २० गते बखान सहकारी संस्थाको स्थापनासँगै नेपालमा सहकारिताको विकास भएको हो । कृषकहरूको साहुकारमाथिको निर्भरता कम गर्न नेपालमा सहकारीको अवधारणा आएको मानिन्छ। सातौं योजनाको अवधिमा बैंकहरू सहकारीमार्फत ऋण लगानी गर्न अनिच्छुक भएका कारण सदस्य बचत योजना थालियो । वि.स.२०४८ सालको उदार सहकारी कानूनसँगै सहकारी स्थापना गर्ने क्रम बढेको हो । सहकारी स्थापनाको प्रमुख उद्देश्य दुर्गमस्थानसम्म वित्तीय पहुँच तथा विपन्नजनको बहुआयामिक सशक्तीकरण गर्नु हो। सहकारी खेती, उद्योग, वस्तु तथा सेवा व्यवसायका माध्यमबाट आत्मनिर्भर, दिगो एवं समाजवाद उन्मुख राष्ट्रिय अर्थतन्त्रको विकास गर्न सहकारी अभियानको शुरूवात भएको हो ।

नेपालको विद्यमान संविधानको धारा ५०(३) मा सहकारीलाई अर्थतन्त्रमा तीन खम्बामध्ये एक महत्वपूर्ण खम्बाका रूपमा अंगीकार गरिएको, धारा ५१(१) मा सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकासमार्फत राष्ट्रिय अर्थतन्त्र सदृढ गर्ने नीति लिएको तथा धारा ५१(३) मा सहकारी क्षेत्रलाई प्रवर्धन गर्दै राष्ट्रिय विकासमा अत्यधिक परिचालन गर्ने नीति लिएको छ । सहकारी संघसंस्थाको प्रवर्धन तथा विकास गर्न आवश्यक नीतिगत तथा संस्थागत प्रबन्ध गरिएको छ । सहकारी संघसंस्थालाई अनुदान सुविधा प्रदान गर्न सहकारी संस्थालाई अनुदान सुविधा प्रदान गर्ने निर्देशिका, २०७३ को व्यवस्था छ । पन्ध्रौ योजना (आ.व २०७६/७७–२०८०/८१) मा सहकारी क्षेत्रले सहकारी संस्थामा सुशासन कायम गर्दै स्थानीय स्रोत-साधन, श्रम,

---

✍ शाखा अधिकृत, सहकारी विभाग ।

सीप र पुँजीलाई व्यापक रूपमा परिचालन गरी रोजगारी तथा आय वृद्धि गरी गरिबी निवारणमा सहयोग पुऱ्याउनेछ । साथै, यस क्षेत्रले मानवीय आवश्यकताका वस्तु तथा सेवाको उत्पादन, प्रशोधन र विविधिकरण गर्दै सदस्यहरूको सामाजिक आर्थिक र सांस्कृतिक रूपान्तरण तथा समावेशी आर्थिक वृद्धि हासिल गर्नेछ भन्ने कुरा उल्लेख छ ।

त्यसै गरी आ.व. २०७६/७७ को वार्षिक नीति तथा कार्यक्रममा सहकारी क्षेत्रलाई अर्थतन्त्रको महत्वपूर्ण स्तम्भको रूपमा विकास गरिने, सहकारीलाई उद्यमशीलता विकास र कृषिको आधुनिकीकरणमा परिचालन गरिने, सहकारी संस्थाको नेतृत्वमा कृषि उत्पादन, प्रशोधन तथा बजारीकरणका कार्यक्रम संचालन गरिनेछ भन्ने व्यवस्था र आ.व. २०७६/७७ को बजेटमा सहकारी क्षेत्रलाई अर्थतन्त्रको महत्वपूर्ण स्तम्भको रूपमा विकास गरी सबै सामाजिक तथा आर्थिक क्षेत्रमा सहकारिताको भाव विकास गरिनेछ । सहकारी संस्थाको नेतृत्वमा कृषिको आधुनिकीकरण, यान्त्रीकरण, बजारीकरण र लक्षित गरिबी निवारण कार्यक्रमसमेत सञ्चालन गरिनेछ । सहकारीको माध्यमबाट कृषि प्रविधि, कृषि प्रसार र कर्जामा सहज पहुँच सुनिश्चित गरिनेछ । सहकारीको क्षेत्रगत दायरा फराकिलो पार्दै उद्योग, पर्यटन, उर्जा, आवास, शिक्षा तथा स्वास्थ्य क्षेत्रमा सहकारीको उपस्थिति बढाउँदै लगिनेछ। कृषि तथा जडिबुटीजन्य पदार्थको प्रशोधन गर्ने लगायत साना र मझौला उद्यममा सहकारीमार्फत गरीब परिवारलाई संलग्न गराइनेछ । दुग्ध प्रशोधन, उपभोक्ता सुपथ मुल्य पसल, आवास विकास र नविकरणीय उर्जा विकासमा सहकारी ढाँचालाई प्रोत्साहन गरिनेछ भन्ने लगायतका व्यवस्था गरेको छ ।

## विगतका प्रयास

सहकारीमार्फत उच्च मूल्यका कृषि उपज प्रशोधन उद्योग स्थापनाको लागि अनुदान दिने उद्देश्यले २०६६ सालमा उच्च मूल्यका कृषि उपज प्रशोधन उद्योग स्थापनाका लागि अनुदान वितरण सम्वन्धी कार्यविधि २०६६ जारी भएको थियो । सहकारी संघ संस्थाहरूलाई कृषि फर्मको स्थापना, कृषि उत्पादनमा आधारित प्रशोधन उद्योगहरूको स्थापना, कृषि उत्पादन भण्डारणका लागि शीतघर निर्माण आदि गर्न अनुदान उपलब्ध गराईने गरी अनुदान एवं भन्सार महशूलमा छुटसुविधा सिफारिश सम्बन्धी कार्यविधि, २०६८ जारी भएको तथा समय सापेक्ष अनुदान सुविधालाई प्रभावकारी बनाउन मिति २०७३।

९।२७ गते मन्त्रिपरिषदबाट सहकारी संस्थाहरूलाई अनुदान सुविधा प्रदान गर्ने निर्देशिका, २०७३ जारी भई कार्यान्वयनमा आएको छ ।

**सहकारी संस्थाहरूलाई अनुदान सुविधा प्रदान गर्ने निर्देशिका, २०७३ का विशेषताहरू**

- मन्त्रालय वा सहकारी विभागले बीउपुँजी, पुँजीगत र कार्यक्रम सञ्चालन अनुदान उपलव्ध गराउने व्यवस्था,
- सहकारी क्षेत्रको स्रोतसमेत उपयोग गर्दै ठूला उद्योग, कारखाना तथा परियोजनाहरू सञ्चालनका लागि पुँजीगत अनुदान उपलब्ध गराउन सकिने व्यवस्था,
- बीउपुँजी अनुदानमार्फत लक्षित वर्गलाई स्वरोजगार बनाउने प्रावधान,
- पिछडिएका दुर्गम क्षेत्रमा सरकारको उपस्थिति बढी हुनेगरी अनुदान उपलव्ध गराउने व्यवस्था,
- सहकारी संघहरूको संस्थागत सुदृढीकरण, क्षमता विकास र प्रवर्धनात्मक क्रियाकलापलाई कार्यक्रम अनुदानको व्यवस्था,
- सहकारी शिक्षा, सूचना तथा सन्देश प्रचार प्रसार गर्ने श्रमजीवी पत्रकारका सहकारी संस्थाका लागि कार्यक्रम अनुदानको व्यवस्था,
- विभागमा प्रस्ताव मुल्याङ्कन तथा मन्त्रालयमा स्वीकृतिका लागि मूल्याङ्कन तथा निर्देशन समितिको व्यवस्था,
- प्रस्ताव मूल्याङ्कनका स्पष्ट आधारहरू पहिचान गरिएको,
- आयोजना छनौटमा सहकारी सङ्घहरूको सहभागिता रहने प्रावधान,

**अनुदानको किसिमः**

निर्देशिकाको दफा ३ अनुसार आयोजना संचालन गर्न नेपाल सरकारले देहाय बमोजिम अनुदान दिन सक्ने-

(क) बीउपुँजी अनुदान,

(ख) पुँजीगत अनुदान र

(ग) कार्यक्रम खर्च अनुदान ।

**बीउपुँजी प्रदान गर्न सकिने आयोजना र अनुदान रकमको सीमा**

**(क) अनुदान रकमको सीमाः**

निर्देशिकाको दफा ४ अनुसार बीउपुँजी उपलब्ध गराउँदा संस्थाको प्रत्यक्ष

रोजगार पाउने सदस्य संख्याका आधारमा प्रति सदस्य तीस हजार रूपैयाँ वा कुल सात लाख पचास हजार रूपैयाँमा जुन घटी हुन्छ सो रकमको माथिल्लो सीमा तर महिलामात्र सम्मिलित सहकारी संस्थाको हकमा प्रति सदस्य पैतालिस हजार रूपैयाँ वा कुल नौ लाख रूपैयाँमा जुन घटी हुन्छ सो रकमको माथिल्लो सीमा कायम गरी अनुदान उपलब्ध गराउने कानूनी व्यवस्था रहेको छ । एक पटक बीउपुँजी उपलब्ध गराइएको संस्थालाई आयोजना विस्तार गरी थप रोजगारी दिलाउने अवस्थामा दुई वर्षपछि सोही बमोजिमको सीमामा नबढाई बीउपुँजी उपलब्ध गराउन सकिनेछ । उपलव्ध गराइएको बीउपुँजी संस्थाले आफ्नो जगेडा कोषमा राखी आयोजनाको उद्देश्य बमोजिम स्थिर वा कार्यशील पुँजीका साथै सञ्चालन खर्च व्यहोर्ने गरी उपयोग गर्न सक्नेछ ।

## पुँजीगत अनुदान प्रदान गर्न सकिने आयोजना र सीमा

### (क) आयोजनाः

श्रमिक, भूमिहीन कृषक, सीमान्तीकृत समुदाय सम्मिलित सहकारी संस्थाहरूले आफ्ना सदस्यहरूलाई सामूहिक वा व्यक्तिगत रूपमा वस्तु वा सेवा उत्पादन गरी स्वरोजगारीका अवसर दिलाउने आयोजनाहरू, कृषक सहकारी संस्थाहरूले दीर्घकालीन रूपमा भूमिको व्यवस्था गरी सदस्यलाई संलग्न गराई सञ्चालन गर्ने सहकारी खेतीका आयोजनाहरू, कृषक सहकारी संस्थाले आफ्ना सदस्यहरूको उपज सङ्कलन, सञ्चय, प्रशोधन तथा बजारीकरणका आयोजनाहरू, आम उपभोक्ताका सहकारी संस्थाहरूले आफ्ना सदस्यहरूलाई अत्यावश्यक दैनिक उपभोग्य वस्तुहरू बिक्री वितरण गर्ने आयोजनाहरू, सहकारी सङ्घ वा संस्थाहरू आपसमा सङ्गठित भई सञ्चालन गर्ने शीतघर, स्रोत केन्द्र, थोक बजार, यातायात, स्वास्थ्य सेवा, जलविद्युत, भारी उपकरण, कृषि औजार कारखानालगायतका साझा उपयोगका आयोजनाहरूलाई अनुदान उपलब्ध गराउन सकिन्छ ।

### (ख) अनुदान रकमको सीमाः

अनुसूची १ मा उल्लिखित दुर्गम क्षेत्रका लागि कुल स्थीर पुँजी आवश्यकताको असी प्रतिशतसम्म, अन्य क्षेत्रको हकमा कुल स्थीर पूँजी आवश्यकताको साठी प्रतिशतसम्म, तर महिलाहरू मात्र भएको संस्थाद्वारा सञ्चालित आयोजनाको हकमा अनुसूची १ मा उल्लिखित दुर्गम क्षेत्रमा

पन्चानब्बे प्रतिशत र अन्यत्र पचहत्तर प्रतिशतसम्म बृहत्स्तरका आयोजनाहरू बहुवर्षीय रूपमा स्वीकृत गर्न सकिने, बहुवर्षीय आयोजनाहरूको अवधि र प्रदान गरिने अनुदानको भुक्तानी र तत्सम्बन्धी अन्य सर्तहरू आयोजनाको प्रकृति हेरी निर्देशक समितिले तोकिदिए बमोजिम हुने प्रदान गरिएको पूँजीगत अनुदान संस्थाको जगेडा कोषमा राखी आयोजनाको पुँजीगत खर्चमा मात्र उपयोग गर्नुपर्ने प्रावधान छ ।

**कार्यक्रम अनुदान दिन सकिने आयोजना**

राष्ट्रिय, केन्द्रीय वा जिल्ला तहका सहकारी संघहरूलाई वार्षिक बजेट र कार्यक्रममा समावेश गरी कार्यक्रम सञ्चालन अनुदान उपलब्ध गराइने, अनुदान रकमको सीमा निर्धारण गर्दा आयोजनाबाट सहकारिताको विकासमा पुग्ने योगदान, आयोजनाको औचित्य, लाभान्वित सदस्यको संख्या र सम्बन्धित सङ्घको आन्तरिक क्षमतामा पुग्ने योगदानमा ध्यान दिनुपर्ने व्यवस्था छ । सम्बन्धित सङ्घले प्राप्त अनुदानलाई अनुदान खातामा राखी आयोजनाको उद्देश्यमा मात्र उपयोग गर्नुपर्ने

**अनुदान प्राप्त गर्ने सदस्य केन्द्रित व्यवसाय सञ्चालन गर्नुपर्नेः**

अनुदान प्राप्त गर्ने संस्थाले यथाशक्य देहायबमोजिम सदस्य केन्द्रित भई व्यवसाय सञ्चालन  गर्नुपर्नेछः

(क) उत्पादनमूलक संस्थाले सदस्यहरूको मात्र उपज खरिद गर्नुपर्ने,

(ख) उपभोक्ता संस्थाले वस्तु वा सेवा बिक्री सदस्यहरूलाई गर्नुपर्ने,

(ग) रोजगारीमूलक संस्थाले सदस्यहरूलाई मात्र रोजगारी दिनुपर्ने ।

**अनुदान प्राप्त गर्न नसक्ने  अवस्थाः**

देहायको अवस्थामा संस्थाले अनुदान प्राप्त गर्न नसक्ने-

(क) वार्षिक साधारण सभा समयमै सम्पन्न नगरेको,

(ख) नियमित निर्वाचन नगरेको,

(ग) नियमित रूपमा वार्षिक लेखा परीक्षण नगराएको,

(घ) यसअघि प्राप्त गरेको अनुदानको सदुपयोग नगरेको,

(ङ) कार्यक्षेत्रभन्दा बाहिर गई कारोबार सञ्चालन गरेको,

(च) संस्था सञ्चालनमा आएको कम्तिमा २ आर्थिक वर्ष पूरा नभएको,

(छ) कर चुक्ता प्रमाणपत्र नभएको

(ज) लेखा समितिको वार्षिक प्रतिवेदन पेस नभएको ।

तर बीउपुँजी अनुदानको हकमा प्रारम्भिक साधारण सभा सम्पन्न गरेपछि उपलब्ध गराउन सकिनेछ। बचत तथा ऋणको मुख्य कारोबार गर्ने संस्थाले बीउपूँजी अनुदान र पुँजीगत अनुदान प्राप्त गर्न सक्नेछैन ।

## सूचना प्रकाशन, दरखास्त र छानबिन

### सूचना प्रकाशन गर्नेः

प्रत्येक आर्थिक वर्षको साउन मसान्तभित्र विभागले निर्देशन समितिबाट तयार भए बमोजिम वित्तीय अनुदानका लागि आयोजना प्रस्ताव पेस गर्न कुनै एक राष्ट्रिय दैनिक पत्रिकामा कम्तीमा पैँतीस दिनको समय दिई सूचना प्रकाशन गर्नुपर्ने, सूचना विभागको 'वेबसाइट' मा समेत प्रकाशन गर्नुपर्नेछ व्यवस्था छ ।

### दरखास्त पेस गर्नुपर्ने :

सूचना प्रकाशित भएपछि अनुदान प्राप्त गर्न इच्छुक संस्थाले दिइएको म्यादभित्र देहायका कागजातसहित नियामक निकायमा तोकिएको ढाँचामा (अनुसूची ३ को विवरणसहित) नियामक निकायमा दरखास्त दिनुपर्नेछ ।

(क) संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ख) संस्थाको विनियमको प्रतिलिपि,

(ग) पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन,

(घ) पछिल्लो आर्थिक वर्षको कर चुक्ताको प्रमाणपत्र

(ङ) आयोजनाको प्रस्ताव,

(च) साधारण सभाबाट आयोजना प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि,

(छ) सञ्चालक समितिका पदाधिकारी र सदस्यहरूको नाम, ठेगाना र सम्पर्क टेलिफोन नम्बर खुलेको विवरण,

(ज) पचास लाख रूपैयाँभन्दा माथिको कुल लागत भएको आयोजना भए सम्भाव्यता अध्ययन प्रतिवेदन,

(झ) जग्गा प्राप्तिको भरपर्दो व्यवस्था खुल्ने कागजात,

(ञ) आयोजनाका लागि संस्थाको तर्फबाट परिचालन गरिने पुँजीको स्रोत

खुलेको कागजात ।

**प्रारम्भिक छानबिन गर्ने** :

नियामक निकायले प्राप्त दरखास्त उपर प्रारम्भिक छानबिन गर्नेछ-

(क) छानबिन गर्दा नियामक निकायले तोकिएको (अनुसूची ४) जाँचसूचीको आधारमा आफ्नो नियामक निकायमा उपलब्ध अभिलेख भिडाउनुका साथै स्थलगत निरीक्षणसमेत गर्न सक्नेछ

(ख) जाँचसूचीमा उल्लिखित बुँदामध्ये कुनैमा असफल भएको पाइएमा नियामक निकायले त्यस्तो दरखास्त स्वीकृत नहुने व्यहोराको जानकारी आवेदक संस्थालाई गराउनु पर्नेछ ।

(ग) निर्देशिका बमोजिम भएको पाइएमा नियामक निकायले जाँच सूचीसहित अनुदान उपलब्ध गराउन विभागमा सिफारिस गर्नुपर्ने ।

**प्रस्ताव छनौट गर्ने** : नियामक निकायबाट सिफारिससाथ प्राप्त र सोझै प्राप्त भएका सबै प्रस्तावहरूको मूल्याङ्कन गरी सिफारिस गर्न विभागमा देहाय बमोजिमको प्रस्ताव मूल्याङ्कन समिति रहनेछ :-

| | |
|---|---|
| (क) प्रमुख, योजना शाखा, सहकारी विभाग | - संयोजक |
| (ख) प्रतिनिधि, मन्त्रालय | - सदस्य |
| (ग) प्रतिनिधि, कृषि तथा पशुपन्छी विकास मन्त्रालय | - सदस्य |
| (घ) आर्थिक प्रशासन प्रमुख, सहकारी विभाग | - सदस्य |
| (ङ) प्रतिनिधि, राष्ट्रिय सहकारी विकास वोर्ड | - सदस्य |
| (च) प्रतिनिधि, राष्ट्रिय सहकारी सङ्घ | - सदस्य |
| (छ) विभागको रजिष्ट्रारले तोकेको दुई जना विषय विज्ञ | -सदस्य |
| (ज) सहकारी विभाग, सहकारी प्रवर्द्धन शाखा हेर्ने शाखा अधिकृत सदस्य | - सदस्य-सचिव |

मूल्याङ्कन समितिले बजेटको सीमाभित्र रही प्रत्येक प्रस्तावलाई निर्देशिकाको अनुसूची ५ बमोजिमको आधारमा मूल्याङ्कन गरी अङ्क प्रदान गर्नुपर्नेछ

**प्रस्ताव मूल्याङ्कनका आधारहरू**: प्रस्ताव मूल्याङ्कन गर्दा मूल्याङ्कन समितिले देहायका आधारहरू लिनुपर्नेछ :-

- सदस्य केन्द्रीयता,
- सिर्जना हुने रोजगारी,
- सीमान्तीकृत समुदायको सहभागिता,

- महिला सहभागिता,
- भौगोलिक अवस्था
- सिर्जनात्मकता
- सदस्यहरूको व्यवसाय प्रवर्द्धनमा पर्ने प्रभाव,
- सहकारी सुशासनमा आउने सुधार,
- आयोजनाको लागत प्रभावकारिता,
- आयोजनामा लागत साझेदारी,
- अघिल्लोपल्ट प्राप्त गरेको अनुदानको प्रभावकारिता,
- आयोजनाको दिगोपन,
- साङ्गठनिक सक्षमताको अवस्था,
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्बन्धन ।

**आयोजना प्रस्तावको स्वीकृति :**

प्रस्ताव मूल्याङ्कन समितिबाट सिफारिस भएका प्रस्तावहरू स्वीकृतिका लागि निर्देशक समितिसमक्ष पेस गर्नुपर्नेछ । प्राप्त आयोजना प्रस्तावहरूमा विचार गरी निर्देशक समितिले स्वीकृति प्रदान गर्न सक्नेछ । स्वीकृतिका लागि प्राप्त आयोजना प्रस्तावहरू सहकारी संस्थालाई अनुदान सुविधा प्रदान गर्ने निर्देशिका, २०७३ बमोजिम भएको नदेखिएमा निर्देशन समितिले देहाय बमोजिम गर्न सक्नेछ :-

(क) तात्विक प्रकृयागत वा अन्य त्रुटि देखिएकोमा पुनःमूल्याङ्कनका लागि कुनै वा सबै प्रस्ताव मूल्याङ्कन समितिमा फिर्ता पठाउने वा

(ख) निर्देशन समितिबाट उप समिति बनाई पुनरावलोकन गराउने वा

(ग) उपयुक्त अन्य कुनै सर्त, बन्देज तोकी प्रस्ताव स्वीकृत गर्ने ।

सहकारी संस्थालाई अनुदान सुविधा प्रदान गर्ने निर्देशिका,२०७३ बमोजिम आयोजना प्रस्तावहरूको स्वीकृति गर्ने तथा तत्सम्बन्धमा आवश्यक निर्देशन एवं समन्वयका लागि भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयमा देहाय बमोजिमको निर्देशन समिति रहने व्यवस्था छः-

(क) सचिव, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय - संयोजक

(ख) सहसचिव, राष्ट्रिय योजना आयोग - सदस्य

(ग) सहसचिव, अर्थ मन्त्रालय - सदस्य

(घ) सहसचिव, कृषि विकास तथा पशुपन्छी मन्त्रालय - सदस्य

(ङ) सहसचिव, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय - सदस्य

(च) सहसचिव, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय - सदस्य

(छ) सदस्य-सचिव, राष्ट्रिय सहकारी विकास बोर्ड - सदस्य

(ज) अध्यक्ष वा निजले तोकेको उपाध्यक्ष, राष्ट्रिय सहकारी सङ्घ - सदस्य

(झ) रजिष्ट्रार, सहकारी विभाग - सदस्य-सचिव

**सम्झौता तथा भुक्तानी विधिः**

संस्थालाई अनुदान प्रदान गर्दा निर्देशन समितिले तोकेको ढाँचामा र स्वीकृत गरेको रकमको सीमाभन्दा बढी नहुने गरी विभागले सम्झौता गर्नुपर्ने व्यवस्था रहेको छ । सम्झौता भएपछि सहकारी आयोजनाको कूल लागतको अनुमानको साठी प्रतिशत मध्ये विभागबाट स्वीकृत रकम जुन घटी हुन्छ त्यसको पचास प्रतिशतसम्म र बाँकी रकम प्राप्त रकमको खर्चको फाँटबारी प्राप्त भएपछि दोस्रो तथा अन्तिम किस्ता बापतको पचास प्रतिशत रकम प्रदान गर्न सकिने व्यवस्था रहेको छ । निर्देशिकाको दफा १४ उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाले आयोजना सञ्चालन गर्दा आवश्यक पूर्व तयारी पूरा गर्नुपर्नेमा त्यस्तो पूर्व तयारी पूरा नगरेसम्म र निर्देशक समितिले कुनै सर्त बन्देज तोकेकोमा सो सर्त बन्देज पालना नगरेसम्म कुनै पनि रकम प्रदान गरिने छैन ।

**अनुगमन र मूल्याङ्कनः**

सहकारी संघसंस्थाले प्राप्त गर्ने/गरेको अनुदानको रकम सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली,२०६४ बमोजिमको प्रक्रिया पूरा भए नभएको, सहकारी संस्थाले वित्तीय अनुदानको रकम आफ्नो खातामा आम्दानी बाधी जुन प्रयोजनका लागि प्राप्त भएको हो सोही प्रयोजनमा खर्च गरे नगरेको विषयमा सहकारी विभागले अनुदान बापतको पहिलो किस्ताको रकम भुक्तानी दिनु अघि वा पछि अनुगमन गरी प्रतिवेदन दिन सक्ने र प्रतिवेदनमा निर्देशिका बमोजिमका व्यवस्था पालना नभएको पाइएमा अनुदान रकम रोक्का गर्ने, अनुदान रकम प्राप्त गरेको भए सरकारी

बाँकी सरह सम्बन्धित संस्थाका सदस्य तथा पदाधिकारीको घर घरानाबाट असुल उपर गर्ने व्यवस्था रहेको छ ।

**निष्कर्ष:**

सहकारी क्षेत्रको प्रवर्धन मार्फत राष्ट्रिय अर्थतन्त्रलाई सुदृढ गर्ने सरकारको प्रमुख लक्ष्य हो । राज्यले सहकारी सम्बन्धी कानूनी व्यवस्था, वार्षिक नीति तथा कार्यक्रमका आधारमा स्वीकृत बजेटको परिधिभित्र रही सिमान्तकृत वर्ग, महिला तथा पिछडिएको दुर्गम क्षेत्रमा सहकारी खेती, उद्योग लगाएतका परियोजनामा सरकारले अनुदान प्रदान गर्दै आएको छ । सहकारी संस्थालाई अनुदान सुविधा प्रदान गर्ने निर्देशिका, २०७३ का आधारमा बचत तथा ऋणको मूख्य कारोबार गर्ने सहकारी संस्था वाहेकका अन्य सहकारी संस्थाका परियोजनामा सहकारी विभागले अनुदान प्रदान गर्दे आएको छ । यस व्यवस्थाबाट सहकारी क्षेत्रको प्रवर्धन हुने लक्ष्य राज्यले लिएको छ ।

**सन्दर्भ सामग्री**


१. नेपालको संविधान, २०७२ ।

२. पन्ध्रौं योजनाको आधापत्र ।

३. सहकारी ऐन, २०७४ तथा नियमावली, २०७५ ।

४. सहकारी संघ संस्थाहरूलाई उपलब्ध गराईने अनुदान एवं भन्सार महशूलमा छुट सुबिधा सिफारिश सम्बन्धी कार्यविधि, २०६८ ।

५. सहकारी संस्थालाई अनुदान सुबिधा प्रदान गर्ने निर्देशिका, २०७३ ।

६. नेपाल सरकारको नीति तथा कार्यक्रम, २०७६ ।

७. आर्थिक वर्ष २०७६/७७ को वजेट वक्तव्य ।


***

# सहकारीमा सन्दर्भ ब्याजदर



✍ शोभा घिमिरे

## १. विषय प्रवेश

नेपालमा ग्रामीण तथा विपन्न वर्गसम्म आफ्नो सेवा विस्तार गरेर स-साना पुँजी संकलन गरी सदस्यहरूलाई वचतमा अभिप्रेरित गर्नुका साथै जीविकोपार्जनमा उल्लेख्य सुधार ल्याई आर्थिक समृद्धि हाँसिल गर्न सहयोग पुऱ्याएको कारणले सहकारी संस्थाहरूको सेवाबारे समय समयमा प्रशंसा हुनेगरेको छ । नेपालमा हालसम्म सहकारी विभाग, साविकका विभिन्न डिभिजन सहकारी कार्यालयहरूमा दर्ता भएका सहकारीहरू मध्ये बचत तथा ऋण सहकारी संस्थाहरू नै सबैभन्दा बढी संख्यामा रहेका पाइन्छन् । सहकारी विभागको तथ्यांक अनुसार ३४ हजार ७३७ प्रारम्भिक सहकारीहरू मध्ये बचत तथा ऋण सहकारीहरूको संख्या १५ हजारको संख्यामा रहेका छन् । यसैगरी, बहुउद्देश्यीय सहकारी समेतलाई समेट्दा ६० प्रतिशत भन्दा बढी सहकारीहरूले बचत तथा ऋणको कारोबारमै केन्द्रित भएर कार्य गरिरहेका देखिन्छन् ।

परिमाणात्मक रूपमा नेपालको वित्तीय बजारमा बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाहरूको संख्या बढी छ । 'क' वर्गका वाणिज्य बैंक पछि बढी वित्तीय कारोवार हुने क्षेत्र सहकारी हो । यद्यपि गुणात्मक रूपमा हेर्दा सहकारी संस्थामा संस्थागत सुशासनको अवस्था कमजोर रहेको, सहकारी संस्थाहरू व्यवस्थित रूपमा संचालन गरी सहकारीको कारोवारलाई सुरक्षित एवम विश्वासनीय वनाउन नसकिएको साथै सहकारी संस्थाहरू सेवामूलकभन्दा पनि नाफामूलक बन्दै गएको भन्ने व्यवहारगत गुनासाहरू हालका दिनमा बढिरहेको पाइन्छन् । सहकारीहरू स्वनियममा चल्ने भएतापनि नियामक निकायवाट सहकारी संस्थाहरूको ब्याजदरमा नियन्त्रण गरी एकरूपता कायम गर्न साथै सहकारी संस्थाहरूलाई बढी सेवामुलक बनाउन सन्दर्भ ब्याजदर तोक्ने अवधारणा अघि आएको हो ।

---

✍ शाखा अधिकृत, सहकारी विभाग ।

सन्दर्भ ब्याजदर भनेको विभिन्न ब्याजदरलाई एकरूपता कायम गर्नको लागि नियामक निकायले विभिन्न मानकका आधारमा तोक्ने औसत ब्याजदर हो । यो बचत रकम र कर्जा प्रवाहको ब्याजदरको अन्तरलाई व्यवस्थित गर्न तोक्ने गरिन्छ । सन्दर्भ ब्याजदर सहकारी क्षेत्रका लागि ब्याजदर तोक्ने आधार हुनेछ । यसैका आधारमा सहकारीले बचत तथा ऋणको ब्याजदर तोक्नेछन् । यसका कारण सहकारीको मर्म अनुरूप आर्थिक तथा वित्तीय कारोबार हुने अपेक्षा गरिएको छ । यसैलाई ध्यानमा राखेर देशभरिका सहकारीका लागि सन्दर्भ ब्याजदर तोकेर लागू गर्ने तयारीमा सहकारी विभाग रहेको छ ।

## २. सन्दर्भ ब्याजदर निर्धारणको आवश्यकता

नेपालमा दर्ता भएका अधिकांश सहकारी संस्थाहरूले बचत तथा ऋणको कारोवार गर्ने गरेका तर संस्थाका सदस्यहरूलाई निक्षेप जम्मा गर्दा र ऋण लगानी गर्दा सहकारी संस्था पिच्छे ब्याजदरमा अन्तर देखिएको पाइएको छ । त्यसैगरी सहकारी संस्थाहरूमा बचत र ऋण लगानीको ब्याजदरको अन्तर निकै बढी रहेको देखिन्छ । निम्न कारणहरूले गर्दा सन्दर्भ ब्याजदर निर्धारण गर्नुपर्ने आवश्यकता देखिन्छ ।

- बचत तथा ऋणको कारोवार गर्ने सहकारी संस्थाहरूको ब्याजदरमा एकरूपता कायम गर्न,
- बचत र कर्जाको ब्याजदरमा प्रदान गरिने अन्तर कम गर्न,
- सहकारी संस्थाहरूको कारोवारलाई विश्वसनीय र भरपर्दो बनाउन,
- सहकारी संस्थामा संस्थागत, आर्थिक सुशासन कायम गर्न,
- सहकारी संस्थालाई सेवामूलक बनाउँदै सहकारी सिद्धान्त अनुसार सञ्चालन गर्न,
- सहकारीका सदस्यहरूको बचतलाई सुरक्षा गर्न,
- ब्याजदर अन्तरलाई समयसापेक्ष र वैज्ञानिक बनाउन ।

## ३. सन्दर्भ ब्याजदर सम्वन्धी ऐन नियमावलीमा भएको व्यवस्थाहरू:

### ३.१ सहकारी ऐन, २०७४ मा भएको व्यवस्था

नेपालको सहकारी ऐन, २०७४ को दफा ५१ मा सहकारी विभागको रजिष्ट्रारको संयोजकत्वमा ऐनले तोकेका विभिन्न निकायका प्रतिनिधिहरू सम्मिलित तपशिल बमोजिमको समिति गठन हुने र सो समितिको सिफारिसमा

सहकारी संस्थाको प्रयोजनका लागि बचत तथा ऋणको सन्दर्भ ब्याजदर (रेफरेन्स इन्टेरेस्ट रेट) तोक्न सक्नेछ भन्ने व्यवस्था रहेको छ ।

**तपशिलः**

(क) रजिष्ट्रार -संयोजक

(ख) प्रतिनिधि, मन्त्रालय -सदस्य

(ग) प्रतिनिधि, अर्थ मन्त्रालय -सदस्य

(घ) प्रतिनिधि, नेपाल राष्ट्र बैङ्क -सदस्य

(ङ) प्रतिनिधि, राष्ट्रिय सहकारी विकास बोर्ड -सदस्य

(च) राष्ट्रिय सहकारी महासंघको अध्यक्ष वा निजले तोकेको सञ्चालक प्रतिनिधि -सदस्य

(छ) प्रतिनिधि, राष्ट्रिय सहकारी बैंङ्क -सदस्य

(ज) महासंघको अध्यक्ष वा निजले तोकेको सञ्चालक एक र महासंघले तोकेको केन्द्रीय विषयगत संघहरूबाट दुई जना -सदस्य

(झ) उप-रजिष्ट्रार, सहकारी विभाग -सदस्य-सचिव

उक्त समितिले ऐनको दफा ४१ को उपदफा (४) मा भएको व्यवस्था तत्कालीन बजारको अवस्था र मुद्रास्फितिलाई ध्यानमा राखी कारोबारको अधिकतम सीमा तोक्न सक्ने भन्ने कुरा उल्लेख छ । यसरी तोकिएको सन्दर्भ ब्याजदर सहकारी संस्थाका लागि निर्देशक ब्याजदरको रूपमा रहने सहकारी ऐन, २०७४ को दफा ५१ को उपदफा (२) मा उल्लेख छ ।

## ३.२ सहकारी नियमावली, २०७५ मा भएको व्यवस्था

सहकारी नियमावली, २०७५ को नियम २३ मा सन्दर्भ ब्याजदर निर्धारणको आधार र प्रक्रिया उल्लेख छ । सो नियमावलीको नियम २३ को उपनियम (१) मा सहकारी ऐन, २०७४ को दफा ५१ बमोजिमको समितिले सन्दर्भ ब्याजदर निर्धारण गर्दा देहायका आधार लिनुपर्नेछ :-

(क) बचत तथा ऋणको कारोबार गर्ने केन्द्रीय विषयगत सघंमा आबद्ध संस्था र संघहरूको औसत ब्याजदर,

(ख) सहकारी बैङ्कहरूको औसत ब्याजदर,

(ग) बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून बमोजिम "क" वर्गको इजाजतप्राप्त बैंकहरूको औसत ब्याजदर,

(घ) ब्याजदरका सम्बन्धमा नेपाल सरकारका मन्त्रालय, निकाय, नेपाल राष्ट्र

बैंकले गरेका अध्ययन प्रतिवेदनहरू,

(ङ) राष्ट्रिय सहकारी महासंघ, विषयगत केन्द्रीय सघंहरूबाट प्राप्त सुझाव,

(च) सन्दर्भ ब्याजदर निर्धारण समितिले उपयुक्त देखेका अन्य आधारहरू ।

साथै सहकारी नियमावलीको नियम २३ को उपनियम (२) मा उपनियम (१) बमोजिम सन्दर्भ ब्याजदर निर्धारण गर्दा सामान्यतया देहायका **सिद्धान्तहरू** अवलम्बन गर्नुपर्नेछ भन्ने उल्लेख छ :-

(क) बचतमा भारित औसत ब्याजदरभन्दा सामान्यतया बढी,

(ख) ऋणमा भारित औसत ब्याजदरभन्दा सामान्यतया घटी,

(ग) बचत र ऋणको ब्याजदरको अन्तर छ प्रतिशतभन्दा घटी ।

(३) यस नियम बमोजिम सन्दर्भ ब्याजदर निर्धारण गर्दा बचत तथा ऋणको किसिम एवम् प्रयोजन हेरी शहरी तथा ग्रामीण क्षेत्रका लागि छुट्टाछुट्टै दर कायम गर्न सकिनेछ ।

(४) यस नियम बमोजिम निर्धारण भएको सन्दर्भ ब्याजदर आवश्यकता अनुसार पुनरावलोकन गर्नु पर्नेछ ।

(५) ऐनको दफा ५१ बमोजिमको समितिको निर्णय बैठकमा उपस्थित सदस्यहरूको बहुमतबाट हुनेछ ।

(६) ऐनको दफा ५१ बमोजिमको समितिले वार्षिक रूपमा सन्दर्भ ब्याजदर परिपालना अवस्थाको मूल्याङ्कन गरी सन्दर्भ ब्याजदरको सम्बन्धमा मन्त्रालयमा आवश्यक सुझावसहितको प्रतिवेदन दिनुपर्नेछ ।

(७) यस नियम बमोजिम सन्दर्भ ब्याजदर निर्धारण गरिएको जानकारी मन्त्रालय तथा नेपाल राष्ट्र बैंकमा पठाउनुका साथै कुनै एक राष्ट्रिय दैनिक पत्रिकामा समेत प्रकाशन गर्नुपर्नेछ ।

(८) राष्ट्रिय सहकारी महासघं तथा केन्द्रीय विषयगत सहकारी सघंहरूले सन्दर्भ ब्याजदर निर्धारणको जानकारी आफ्ना सदस्यहरूलाई गराउनुका साथै पालनाको अवस्थाको समेत अनुगमन गर्नु पर्नेछ ।

## ४. सहकारी विभागको प्रयास

सहकारी ऐन २०७४ को दफा ५१ मा भएको व्यवस्था अनुसार सहकारी विभागका रजिष्ट्रारज्यूको संयोजकत्वमा गठित सन्दर्भ ब्याजदर निर्धारण समितिले सहकारी नियमावली, २०७५ को नियम २३ मा भएका व्यवस्थालाई

आधार मानी नेपाल राष्ट्र बैंक, तालुक मन्त्रालय, अर्थ मन्त्रालय, राष्ट्रिय सहकारी महासंघ, विषयगत केन्द्रीय संघहरू र राष्ट्रिय सहकारी बैंक लगायतका निकायसँग औसत ब्याजदर सम्वन्धी विवरण, सो सम्वन्धमा यस अघि भएका अध्ययन प्रतिवेदनहरू, सुझावहरू माग गरी प्राप्त विवरण तथा सुझावहरू एकीकृत गर्नाको साथै प्राविधिक उपसमिति गठन गरी तत् तत् निकायसँग अध्यावद्धिक थप विवरण तथा सुझाव माग्ने कार्य गरिसकेको छ ।

प्राविधिक उपसमितिले नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी सघ, नेपाल बहुउदेश्यीय केन्द्रीय सहकारी सघ लिमिटेड, राष्ट्रिय सहकारी बैंक र नेपाल राष्ट्र बैंकबाट प्राप्त क वर्गका बैंकहरूको तथा लघुवित्त वित्तीय संस्थाहरूको विवरणको आधारमा विभिन्न विकल्पसहित औसत ब्याजदर गणना गरी समितिसमक्ष आफ्नो प्रतिवेदन बुझाइसकेको छ । आगामी केही दिनभित्र सरोकारवाला निकायहरूसंग छलफल तथा गोष्ठी गरी सहकारी संघ संस्थाहरूको प्रयोजनका लागि बचत तथा ऋणको सन्दर्भ व्याजदर तोक्ने तयारीमा विभाग रहेको छ ।

## ५. निश्कर्ष

सहकारी संघ संस्थाहरूको प्रयोजनका लागि बचत तथा ऋणको सन्दर्भ ब्याजदर निर्धारण गर्ने अभ्यास नेपालको सहकारिताको इतिहासमा नयाँ विषय हो । सहकारी ऐन, २०७४ र सहकारी नियमावली, २०७५ मा भएको व्यवस्था बमोजिम विभिन्न मानकका आधारमा सहकारी संघ संस्थाहरूको लागि सन्दर्भ ब्याजदर तोकी संस्थाहरूको कारोवारमा एकरूपता कायम गरी सहकारीलाई सेवामूलक भावबाट सञ्चालन गर्न सन्दर्भ ब्याजदर निर्धारण एवं लागू गर्नु अति आवश्यक छ । यसवाट सहकारीको कारोवारलाई सुरक्षित एवम विश्वासनीय बनाउन सहयोग पुग्ने देखिन्छ । तसर्थ, सरोकारवाला निकायहरूलाई साथै लिएर सन्दर्भ ब्याजदर निर्धारण गरी लागू गर्ने विभागको प्रयासमा सारोकारवालहरूको अर्थपूर्ण सहभागिता एवं सहयोग हुनु आजको आवश्यकता हो ।

## सन्दर्भ सामग्री

सहकारी ऐन, २०७४ र सहकारी नियमावली, २०७५

***

## सहकारी संस्थामा बचत गर्दैछौँ ?

### छौँ भने पाँचोटा कुरा सम्झी सक्रिय रूपमा सहभागी बनौँ :

**सर्वसाधारणको संस्था :** सहकारी बचत संस्था आम उपभोक्ताले जोहो गरी नियमित रूपमा रकम राखेर अड्कोपड्को टार्ने अनि भविष्यमा ज्येथा जोड्ने भनेर खोलेको हो;

**सदस्यताको सर्त :** संस्थामा सेवा उपयोगकर्ता सदस्य बन्न चाहे कुनै भेदभाव नगरी बनाउनुपर्दछ; सदस्य नबनेसम्म कसैले बचत राख्न वा ऋण लिन मिल्दैन;

**समान अधिकार :** अघि दर्ता गर्ने र अब बन्ने सदस्यको कर्तव्य र अधिकार संस्थामा बराबरी हुन्छन्; कसैले आफूलाई संस्थापक मानी अर्कालाई ग्राहकजस्तो व्यवहार गर्न पाउँदैनन्; धेरै र थोरै पैसा राखेको भनेर पनि भेदभाव चल्दैन;

**स्वशासकीय बन्दोबस्त :** सदस्यहरूको सल्लाहले बचत, ऋण, व्याजदरलगायत संस्था सञ्चालनको सबै तहबह मिलाउनुपर्ने हुन्छ र

**स्वउत्तरदायित्व :** आफैँले आफ्ना लागि चलाउने भएकाले संस्थाको जस-अपजस पनि सदस्यहरूले नै लिनुपर्ने हुन्छ; आफूले वास्ता नगरे अर्काले मनलागी गर्न पनि सक्तछन् ।

# सहकारीमा स्थिरीकरण कोष



✍ **देवराज लुइटेल**

**विषय प्रवेश:**

सदस्यहरूको आर्थिक, सामाजिक र सांस्कृतिक हैसियत माथि उठाउन सँगसँगै मिलेर कार्य गर्ने मान्यतासहित विकास भएको सहकारीको अवधारणामा पछिल्लो समय विभिन्न समसामयिक विषयहरूलाई समेटिने गरेको छ। यस्ता विषयहरू सहकारी संस्थाहरूमा देखा पर्न सक्ने सम्भावित समस्या समाधानमा केन्द्रित भएको पाइन्छ । संस्थाहरूको नियमन र सञ्चालनलाई व्यवस्थित बनाई स्थायीत्व कायम गर्ने ध्येका साथ ल्याइएका विषयहरूलाई नेपालको सहकारी क्षेत्रमा समेत समेट्ने गरिएको छ ।

राम्रो अवस्थामा चलिरहेको सहकारी सस्था भविष्यमा कुनै पनि कारणले विफलता, विघटन एवं खारेजिको अवस्थामन नपुग्ला भन्न सकिन्न । यस्तो चुनौति बचत तथा ऋणको कारोबार गर्ने विषयगत सहकारी संस्थामा अझ बढी हुने गर्दछ । राम्रो अवस्थामा चलिरहेको संस्थामा कुनै पनि बेला वित्तीय संकट ननिम्तियोस् भन्ने उद्देश्यले विभिन्न वित्तीय निकायले विभिन्न किसिमका कोषहरूको व्यवस्था गरेका हुन्छन यस्ता कोषहरू मध्ये स्थिरीकरण कोष एक हो ।

यसर्थ, व्यवस्थित रूपमा सञ्चालन भइरहेको सहकारी संस्थाहरूलाई भविश्यमा आइपर्न सक्ने सम्भावित जटिलताबाट बचाउनका लागि संस्थाहरूकै सहभागितामा केन्द्रीय स्तरमा खडा गरिने कोष सहकारी क्षेत्रको स्थिरीकरण कोष हो । यस्तो कोष सहकारी क्षेत्र एवं सहकारी आन्दोलनप्रति सार्वजनिक विश्वासलाई कायम गर्नका लागि निर्माण गरिन्छ ।

सहकारी क्षेत्रमा स्थिरीकरण कोषको अभ्यासलाई हेर्दा विश्वमा सर्वप्रथम आइरिस लिग अफ क्रेडिट युनियनले सन् १९८० को दशकमा 'स्थिकिरण योजना' ल्याएको पाइन्छ । यस्तै किसिमका प्रयासहरू जमैका, संयुक्त राज्य अमेरिका, क्यानाडा लगायत अन्य देशका सहकारी क्षेत्रमा सुरू गरिएको पाइन्छ । नेपालमा बैंकिङ्ग क्षेत्रको अलवा नेपाल आयल निगमले इन्धनको नाफावाट प्रति लिटर पाँच रूपैयाँको दरले निगमको स्थिरीकरण कोषमा रकम

✍ शाखा अधिकृत, सहकारी विभाग ।

जम्मा गर्ने गरेको पाइन्छ ।

**कोषको आवश्यकता :**

- कोषमा सहभागी सहकारी संस्थालाई पर्न सक्ने कठिनाईमा प्राविधिक र वित्तीय सहयोग प्रदान गर्न,
- सहकारी संस्थाहरू एवं सहकारी आन्दोलन प्रतिको सार्वजनिक विश्वासलाई कायम गर्न,
- राम्रो अवस्थामा सञ्चालन भइरहेको वित्तीय सहकारी संस्थाहरूलाई भविष्यमा आइपर्न सक्ने संकटको समयमा सहयोग गरी पुनर्स्थापना गर्न,
- सहभागी संस्था समस्याग्रस्त भई त्यस्तो संस्थाको सञ्चालनको जिम्मेवारी लिएको निकायले संस्थाको दायित्व भुक्तानी लगायत पुनःसञ्चालनमा उपयोग गर्न,
- कानुन अनुसार गठन भएको स्थिरीकरण कोष सञ्चालक समितिको खर्च व्यहोर्न र तोकिए बमोजिम अन्य कार्यमा उपयोग गर्न,
- सहभागी सहकारी संस्था समस्याग्रस्त भएको अवस्थामा गठन भएको व्यवस्थापन समितिको खर्च व्यहोर्न ।

**कानुनी व्यवस्था :**

नेपालको सहकारी ऐन, २०७४ ले बचत तथा ऋण विषयगत संस्थाको सञ्चालनमा सम्भावित जोखिमबाट संरक्षण गर्न न्यूनतम दश करोड रूपैयाँको प्रारम्भिक योगदान रहने स्थिरीकरण कोष खडा गर्न सक्ने परिकल्पना गरेको छ । सहकारी ऐनको दफा १०३ (१) मा उक्त व्यवस्था रहेको छ । ऐनको दफा १०३ (२) मा स्थिरीकरण कोषमा योगदान अर्थात रकम जम्माको व्यवस्था छ ।

उक्त कोषमा इच्छुक सहकारी संस्था, बचत तथा ऋण विषयगत केन्द्रीय सहकारी सङ्घमा सदस्य रहेका सहकारी संस्था, राष्ट्रिय सहकारी महासङ्घ, राष्ट्रिय सहकारी बैङ्क, राष्ट्रिय सहकारी विकास बोर्ड, नेपाल राष्ट्र बैङ्क, मन्त्रालय, नेपाल सरकारका अन्य निकाय र अन्तर्राष्ट्रिय सहकारी सङ्घहरूको योगदान रहन सक्ने उल्लेख छ । कोषमा सहभागी संस्थाले वार्षिक बचतबाट दफा ६८ बमोजिम जगेडा कोषमा छुट्याई तोकिए बमोजिमको रकम जम्मा गर्न सक्ने व्यवस्था रहेको छ ।

बचत तथा ऋण विषयगत केन्द्रीय सङ्घमा स्थिरीकरण कोष रहने र

कोषको सञ्चालनका लागि बचत तथा ऋण केन्द्रीय सङ्घ, राष्ट्रिय सहकारी बैङ्क, राष्ट्रिय सहकारी महासङ्घ, राष्ट्रिय सहकारी विकास वोर्ड, नेपाल राष्ट्र बैङ्क, मन्त्रालय, अर्थ मन्त्रालय, र विभागको प्रतिनिधिसमेत रहने गरी तोकिए बमोजिमको सञ्चालन समिति रहने उल्लेख छ ।

उक्त व्यवस्थालाई सहकारी नियमावली, २०७५ को नियम ७४ मा नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी सङ्घबाट अध्यक्ष, भूमिव्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्रालय, अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैङ्क, सहकारी विभाग, राष्ट्रिय सहकारी विकास बोर्ड, राष्ट्रिय सहकारी महासङ्घ अध्यक्ष वा निजले तोकेको प्रतिनिधि, राष्ट्रिय सहकारी बैङ्क बाट एकएक जना प्रतिनिधि सदस्य रहने र स्थिरीकरण कोषमा सहभागी सहकारी संस्थाका अध्यक्षमध्येबाट कोष सञ्चालन समितिले मनोनयन गरेका कम्तीमा एक जना महिलासहित दुई जना सदस्य रहने र नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी सङ्घको कार्यकारी प्रमुख सदस्य-सचिव रहने गरी कोष सञ्चालनको लागि समिति को व्यवस्था गरेको छ ।

स्थिरीकरण कोष खडा गर्दा न्यूनतम दश करोड रूपैयाँको प्रारम्भिक योगदान आवश्यक हुने ऐनको दफा १०३ मा उल्लेख छ । स्थिरीकरण कोषको रकम उपयोग गर्दा उपनियम (४) मा उल्लेख भए बमोजिमको रकम न्यूनतम मौज्दात कोषमा कायम राख्ने गरी छ महिनाभित्र थप योगदान जुटाएर मात्र उपयोग गर्नु पर्ने, कोष खडा गर्दा वा कोषको रकम उपयोग भएका कारण ऐनको दफा १०३ को उपदफा (२) बमोजिम सहभागी सहकारी संस्थाका साथै अन्य निकायको योगदानबापतको रकमले मात्र उपनियम (५) बमोजिमको न्यूनतम आवश्यक मौज्दात रकम नपुग्ने भएमा नेपाल सरकारले नपुग भएजति रकम मन्त्रालयको तर्फबाट थप योगदान बापत दिन सक्ने उल्लेख छ ।

उपनियम (६) बमोजिम नेपाल सरकारले दिएको रकम कोषमा सहभागी सहकारी संस्थाका साथै अन्य निकायको योगदान बापतको रकम परिपूर्ति हुँदै जाँदा नेपाल सरकारलाई नै फिर्ता गर्नु पर्नेछ । ऐनको दफा १०३ को उपदफा (७) मा उल्लिखित प्रयोजनका अतिरिक्त स्थिरीकरण कोषको रकममध्येबाट कोषको आम्दानीको निश्चित प्रतिशत ननाघ्ने गरी कोष सञ्चालन समितिले तोकिदिएको सीमासम्म कोषको व्यवस्थापन खर्चको लागि उपयोग गर्न सकिनेछ । ऐनको दफा १०३ को उपदफा (७) को खण्ड (ख) र (ग) बमोजिम उपयोग गरिएको रकम दफा १०८ बमोजिम सम्बन्धित संस्थाको सम्पत्तिबाट

दायित्व भुक्तानी गरेपछि बचत भएमा वा त्यस्ता संस्था पुनः सञ्चालनमा आएपछि फिर्ता गर्न सक्ने अवस्था भएमा कोष सञ्चालन कार्यविधिमा व्यवस्था भएबमोजिम कोषमा फिर्ता गर्नुपर्ने उल्लेख छ ।

**समस्या एवं चुनौतिः**

नेपालमा रहेका सहकारीहरूका लागि स्थिरीकरण कोष नौलो विषय भएकाले कोष स्थापना तथा सञ्चालनमा विभिन्न समस्या एवं चुनौति रहने देखिन्छ । जसमध्ये ऐनको दफा १०३ (५)मा वार्षिक बचतबाट दफा (६८) बमोजिम जगेडा कोषमा रकम छुट्याएर कोषमा रकम जम्मा गर्ने व्यवस्था छ । यसको अर्थ नाफावाट मात्र स्थिरीकरण कोषमा रकम छुट्याउने भन्ने लाग्नाले कोषमा सम्पूर्ण सहकारी सहभागी हुन पर्ने हो वा हैन स्पस्टता छैन ।

ऐनको दफा १०३ (४) र नियमावलीको नियम ७४(२) बमोजिम गठन हुने स्थिरीकरण कोष सञ्चालक समितिको अध्यक्ष नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघवाट हुने साथै बचत तथा ऋण विषयगत केन्द्रीय सङ्घमा स्थिरीकरण कोष रहने व्यवस्थाले अन्य प्रकृतिका कारोवार गर्ने सहकारीहरू स्थिरीकरण कोषमा सहभागी हुनु पर्ने हो हैन स्पस्टता छैन ।

**अन्त्यमाः**

आदर्श रूपमा सञ्चालित सहकारी सस्थाहरूमा भविष्यमा आइपर्न सक्ने वित्तीय जोखिमलाई न्यूनीकरण गर्न स्थिरीकरण कोषको अवधारणा आएको हो । सहकारी सस्थाहरूमा देखिन सक्ने समस्या पहिचान गरी समाधान गर्नका लागि संस्थाबाट कोषमा रकम संकलन हुने व्यवस्थाले कोषमा सस्थाहरूको दायित्व एवं अपनत्व बढ्ने देखिन्छ । तर स्थिरीकरण कोषमा नेपालका कुन कुन सहकारी संस्थावाट कति रकम कुन तरिकाले जम्मा हुन सक्छ भन्नेबारे कुनै पनि अध्ययन भएको देखिदैन । यस्तो अवस्थामा गठन भएको स्थिरीकरण कोष सञ्चालक समितिले भविस्यमा गर्ने कार्यको योजनासहित स्वतन्त्र ढंगले अगाडि बढ्न सकेमा सहकारी ऐन र नियमावलीमा भएका उल्लिखित कोष सम्बन्धी व्यवस्थाले सार्थकता पाउने देखिन्छ ।

**सन्दर्भ सामग्री**


- सहकारी ऐन, २०७४ र सहकारी नियमावली, २०७५
- Technical Note: Stabilization, ILCU Foundation
- विभिन्न वेबसाइटहरू


***

# सहकारी तथा गरिबी सूचना प्रणालीको विवेचना



✍ राजाराम पनेरू

**परिचय :**

नेपाल सरकारको कार्य विभाजन नियमावली अनुसार मन्त्रालयको उद्देश्य हासिल गर्नका लागि उपलब्ध साधन श्रोतको प्रभावकारी व्यवस्थापन गरी संगठनको क्रियाकलापहरू परिणाममुखी तुल्याउन एक महत्वपूर्ण औजारको रूपमा विद्युतीय सूचना प्रणालीलाई लिन सकिन्छ । सूचना व्यवस्थापन प्रणाली संस्थागत विकासको एक महत्वपूर्ण औपचारिक तथा स्थापित पद्धति हो जसबाट संस्था विकासको लागि आवश्यक पर्ने सूचनाहरूको निरन्तर प्राप्ति वा संकलन गर्ने, त्यस्ता सूचनाहरूलाई एकीकृत गर्ने, वर्गीकरण गर्ने, तुलना गर्ने, विश्लेषण गर्ने तथा सोबाट प्राप्त नतिजाहरूलाई संस्थाको आन्तरिक तथा बाह्य वातावरणमा समयबद्ध, कुशलतापूर्वक एवं प्रभावकारी (Timely, Efficiently and Effectively) रूपले संप्रेषण गर्ने काम हुन्छ ।

संगठन वा व्यवस्थापनको महत्वपूर्ण क्रियाकलाप भनेकै निर्णय गर्नु हो । निर्णय गर्नका लागि पर्याप्त सूचना तथा जानकारीको आवश्यकता पर्दछ । सही सूचनाको आधारमा गरिएका निर्णयले वैधता तथा वैधातिकता हासिल गर्दछ । यसो भएमा संगठनले जीवन्तता प्राप्त गर्दछ । संगठनको यही आवश्यकता पूर्ति गर्न हरेक संगठनमा व्यवस्थापन सूचना प्रणालीको स्थापना गर्ने गरिन्छ ।

व्यवस्थापन सूचना प्रणाली भनेको निर्णयका लागि आवश्यक पर्ने सूचना तथा तथ्यांकको संकलन, प्रशोधन, भण्डारण, सम्प्रेषण र प्रयोगलाई व्यवस्थित गर्ने कम्प्युटरमा आधारित संयन्त्र हो ।

सूचनाको उपलब्धताको साथसाथै यसको शुद्धता, प्रयोग गर्ने विधि, तथ्याङ्कको प्रशोधन तथा पुनर्निर्माण, संकलन, भण्डारण गरी त्यसबाट प्राप्त जानकारी, निर्देशन, नियन्त्रणका आधारमा योजना बनाउने विधि व्यवस्थापन सूचना प्रणाली (Management Information System) हो । यसमा

✍ कम्प्युटर अधिकृत, सहकारी विभाग ।

विभिन्न स्थान र क्षेत्रमा छरिएर रहेका स्रोतबाट तथ्याङ्क संकलन गरी तिनको प्रशोधनबाट उपयोगी सूचनामा रूपान्तरण गरिन्छ । यसैबाट सबै तहका व्यवस्थापकलाई उनीहरूको कृयाकलापको योजना बनाउने, नियन्त्रण गर्ने, समन्वय गर्ने र निर्देशन दिने सम्बन्धमा समयमै प्रभावकारी निर्णय गर्न सक्षम तुल्याउनका लागि त्यस्ता सूचना उपयुक्त हुनेगरी व्यवस्था मिलाउनु यसको अभिप्राय हो ।

**कानूनी व्यवस्था :**

नेपालको संविधानको धारा ५०(३) मा सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत उपलब्ध साधन र स्रोतको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै दिगो आर्थिक विकास गर्ने तथा प्राप्त उपलब्धिहरूको न्यायोचित वितरण गरी आर्थिक असमानताको अन्त्य गर्दै शोषणरहित समाजको निर्माण गर्न राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतिशील बनाउँदै समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने राज्यको आर्थिक उद्देश्य हुने व्यवस्था गरिएको छ । संविधानको धारा ५१(घ)(१) मा सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकास मार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने एवं ५१(घ))(३) मा सहकारी क्षेत्रलाई प्रबर्धन गर्दै राष्ट्रिय विकासमा अत्यधिक परिचालन गर्ने नीति लिइने विषय समावेश भएको छ । यस अनुसार सहकारी क्षेत्र राज्यको राष्ट्रिय विकासको एउटा महत्वपूर्ण अंगको रूपमा रहेको छ । त्यस्तै सहकारी नियमावली, २०७५ को नियम ७२(२) बमोजिम बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाले रू. पाँच करोड रूपैयाँ वा सोभन्दा बढी रकमको बचत दायित्व भए यो नियमावली प्रारम्भ भएको मितिले एक वर्षभित्र र सोभन्दा घटी रकमको बचत दायित्व भए तीन वर्ष भित्र मन्त्रालयले स्वीकृत गरेको एकीकृत व्यवस्थापन सूचना प्रणालीमा आवद्ध भइसक्नुपर्ने व्यवस्था रहेको उल्लेख भएको छ भने सहकारी विभागबाट जारी गरिएको सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी सहकारी संघसंस्थाहरूलाई जारी गरिएको निर्देशन, २०७४ को बुँदा नं. २९(१) मा रू. ५ करोड वा सो भन्दा बढी रकमको जायजेथा भएको संस्थाले एक वर्षभित्र र अन्य संस्थाले तीन वर्षभित्र मन्त्रालयले स्वीकृत गरेको एकीकृत व्यवस्थापन प्रणालीमा आवद्ध भई सक्नुपर्नेछ भन्ने व्यवस्था उल्लेख भएको भएको छ ।

**COPOMIS को उद्देश्यहरू :**

- सहकारी क्षेत्रको सूचना, तथ्याकंहरूलाई नियमित, विश्वसनीय, वास्तविक बनाई व्यवस्थापन सूचना प्रणालीमा आधारित अनुगमन, नियमन पद्धति स्थापित गर्न आधुनिक सूचना प्रणालीको विकास गर्ने ।
- सहकारी संघ, संस्थाहरूको गठन, आर्थिक कारोवार, वित्तीय सूचना तथा सेवा प्राप्तिमा सम्बन्धित सबैको पहुँच अभिवृद्धि गर्ने ।
- मन्त्रालय र मातहतका निकायहरूमा विद्युतीय सूचना प्रणाली मार्फत सुशासन स्थापना गर्ने ।
- गरिबी निवारणसँग सम्बन्धित तथ्याङ्क, सूचनाहरूलाई यथार्थपरक, वास्तविक समयमा अन्था एवं सरल बनाई स्थानीय र राष्ट्रियस्तरमा प्रभावकारी समन्वय स्थापित गर्ने ।
- गरिबी निवारण सम्बन्धी कार्यमा संलग्न आयोजनाहरूको अध्ययन, अनुसन्धान तथा आयोजना विकासका लागि आवश्यक पर्ने तथ्याङ्कलाई नियमित र विश्वसनीय रूपमा एकीकृत रूपमा उपलब्ध गराउने ।
- सरकारी, सार्वजनिक निकाय तथा सहकारी संघ, संस्थाहरूको संचालन, ब्यवस्थापन, तथा कार्यक्षमतामा अभिवृद्धि गरी सहकारी संघ, संस्थाहरूको जोखिम न्युनीकरण गर्ने ।

**COPOMIS का विशेषताहरू :**

- COPOMIS इन्टरनेट मा आधारित प्रणाली हो । यसको संचालन इन्टरनेट सुविधा उपलब्ध हुने स्थानमा ईन्टरनेट (Internet) जडान गरिएको कुनै पनि कम्प्युटर प्रणाली वा स्क्रीन उपलब्ध हुने संयन्त्रबाट संचालन गर्न सकिने ।
- यस प्रणाली अन्तर्गत सहकारी तथा गरिबी निवारणसम्बन्धी सूचना प्रविष्टि गर्ने, जानकारी लिने तथा प्रतिवेदनहरू बुझाउने कार्य गर्न सकिने ।
- सहकारी तथा गरिबी निवारणसम्बन्धी सूचना तथा तथ्याङ्कहरू एकीकृत रूपमा संचालन तथा उपयोग गर्न सकिने ।
- सहकारी सम्बन्धी कानून, नीति, मापदण्ड, अभ्यास आदिको कार्यान्वयन र आवश्यक सूचना प्राप्त हुने ।
- सम्बन्धित सरोकारवाला निकायहरूले जुनसुकै समयमा पहुँच कायम

राख्न सक्ने गरी सूचना तथा तथ्याङ्कहरूमा एकरूपता कायम गर्न सकिने ।

- एकीकृत Database तयार भै वास्तविक समय (Real Time) मा आधारित सूचना, तथ्याङ्कहरू प्राप्त गर्न सकिने ।
- सूचना ब्यवस्थापन प्रणालीको कारण सरल, सहज तथा छिटो छरितो सेवा प्रवाह तथा प्रभावकारी योजना तर्जुमा गर्न सकिने ।

**COPOMIS का उपयोगिताहरू :**

- सहकारी संघ, संस्थाहरूको गठन स्थापना, कारोवार तथा वित्तीय अवस्था सम्बन्धी भरपर्दो एवं अद्यावधिक सूचना, आँकडा एवं तथ्याँकहरू वास्तविक समयमा प्राप्त हुने ।
- सहकारी क्षेत्रको वास्तविक स्थिति तथा प्रगति आँकलन एवं अनुमान गरी सरोकारवाला निकायहरूलाई सहकारीसम्बन्धी उपयुक्त निर्णय लिन सघाउ पुग्ने ।
- सहकारी संघ, संस्थाहरूको अनलाइन (Online) र अफलाइन (Offline) अनुगमन कार्य प्रभावकारी हुने, अनुगमनमा लाग्ने समय बचत एवं अनुगमन लागत कम गर्न सघाउ पुग्ने ।
- सहकारी संघ, संस्थाको आर्थिक कारोवारको वित्तीय र व्यवसायिक जोखिमको पहिचान यथा समयमा हासिल भै सम्भाव्य उपचारका उपायहरू उचित रूपमा अवलम्बन गर्न सकिने ।
- सहकारी संघ, संस्थाहरूको वर्गीकरण लगायत सहकारी क्षेत्रमा संचालन गर्न सकिने सम्भाव्य उद्योग, ब्यवसायहरूको लागि कार्यक्रम, योजना, आयोजना र बजेटको अनुमान गर्न सहयोग पुग्ने तथा पुँजी परिचालनको लागि सम्भाव्य क्षेत्र पहिचान गर्न सकिने ।
- सहकारी संघ, संस्थाको वित्तीय र गैरवित्तीय कारोवारहरूको सूचना लिई समग्र मूल्याङ्कन गर्न सकिने ।
- गरिबी निवारण तथा सामाजिक सुरक्षा सम्बन्धी कार्यहरूमा प्रभावकारी समन्वय स्थापित भै सरकारी तथा गैरसरकारी निकायहरू बीचको सहकार्यमा उपलब्ध साधन, श्रोतको उच्चतम सदुपयोग गर्न सकिने ।
- सहकारी संघ, संस्थाहरू लगायत गरिबी निवारण सम्बन्धी कार्य गर्ने निकायहरूलाई संस्थाको समग्रको अवस्थाको विश्लेषण एवं मूल्यांकन र भविष्यको लागि योजना तर्जुमा गर्न सहयोग पुग्ने ।

- आम नागरिकहरूले सहकारी दर्ता, अभिलेख र सहकारी तथा गरिबी सम्बन्धी सूचना, तथ्याङ्कको सेवा छिटो छरितो रूपमा प्राप्त गर्न सक्ने ।
- राष्ट्रिय, केन्द्रीय तथा जिल्लास्थित सहकारी संघ र सहकारी बैंकहरूले आफ्ना सदस्यहरूको वित्तीय तथा सस्थागत अवस्थाका सम्बन्धमा जानकारी हासिल गरी प्रवर्द्धनात्मक तथा क्षमता विकासका कार्यक्रमहरू संचालन गर्न मदत पुग्ने ।
- सहकारी संघ, संस्थाका सदस्यहरूले आफु सदस्य भएको संघ, संस्थाको वित्तीय, गैह्र वित्तीय तथा ब्यवस्थापकीय काम कारवाहीबारे सहज रूपमा जानकारी हासिल गर्न सक्ने ।
- सहकारी संघ, संस्थाका काम कारवाहीलाई पारदर्शी बनाई संस्थागत सुशासन अभिवृद्धि गर्न सघाउ पुग्ने ।

**COPOMIS प्रणाली प्रयोगका लागि आवश्यक पूर्वाधारहरू :**

यो प्रणाली सचालन गर्न विद्युत सुविधा उपलब्ध भएको स्थानमा Desktop वा Laptop, स्क्यानर, प्रिन्टर, तथा ईन्टरनेट सुविधाको पूर्वाधार आवश्यक पर्दछ, जसका लागि देहाय अनुसारको मापदण्ड भने पूरा गरेको हुनु पर्दछ ।

**क. आवश्यक हार्डवेयरहरू :** यो सूचना प्रणाली सचालन गर्नको लागि निम्न हार्डवेयर स्पेसिफिकेसन भएको कम्पयूटर आवश्यक पर्दछ :–

- Hard Disk : 200 GB वा सो भन्दा माथि
- RAM: 2 GB सो भन्दा माथि
- Processor: Core 2 Duo वा सो भन्दा माथि
- Printer: कुनै ब्राण्डको
- Scanner: JPEG, JPG, PNG, GIF Format मा स्क्यान हुने स्क्यानर
- **इन्टरनेट सुविधा :** प्रस्तुत सफ्टवेयर प्रणाली सचालन गर्न न्यूनतम 512 Kbps bandwidth इन्टरनेट आवश्यक हुन्छ ।

**ख. आवश्यक** Software:COPOMIS प्रणाली लागू गर्न विशेष Software को आवश्यक नभए पनि प्रयोग गर्ने Computer वा Laptop मा तपसिलका मापदण्ड पूरा गरेको हुनु पर्दछ :–


- Web Browser: Firefox, Google Chrome, Internet Explorer, Safari वा अन्य ।

- Image Editing Tool: Ms Paint, Adobe Photoshop वा अन्य कुनै ।
- **फन्ट** : COPOMIS प्रणालीमा नेपालीमा विवरण प्रविष्ट लागि कम्प्युटरमा अक्षर नेपाली यूनिकोड फन्टमा प्रविष्टि गर्नु पर्नेछ । नेपाली यूनिकोड प्रयोग गर्नको लागि आवश्यक जानकारी www.mpp.org.np बाट प्राप्त गर्न सकिनेछ ।
- **अङ्कको प्रविष्टी :** अंकहरू अंग्रेजीमा प्रविष्टि गर्नु पर्नेछ ।

**संचालन प्रकृया :**

- COPOMIS प्रणाली संचालन गर्नको लागि सहकारी संस्थामाआवश्यक भौतिक पूर्वाधारहरू हुन जरूरी हुन्छ । आवश्यक हार्डवेयर तथा सफ्टवेयरको पूर्वाधारहरू पूरा भईसकेपछि प्रयोगकर्ताको कम्पूटरमा भएको कुनै वेब ब्राउजरमा https://www.copomis.gov.np टाईप गरी सहकारी तथा गरिबी व्यवस्थापन सूचना प्रणाली (COPOMIS) सञ्चालन गर्न सकिन्छ। COPOMIS सञ्चालनको लागि तोकिए अनुसार User Name र Password सम्बन्धित नियमन निकायबाट प्राप्त गर्नु पर्दछ ।

**कोपोमिसको कार्य प्रणाली :**




**अबको बाटो :**

- सफ्टवेयरलाई आवश्यक मात्रामा अद्यावधिक एव परिमार्जन गर्दै लैजाने ।
- COPOMIS को प्रभावकारी कार्यान्वयनका लागि समसामयिक

कार्यक्रमहरू निर्माण तथा कार्यान्वयन गर्ने गराउने ।

- सम्बन्धित नियमकारी निकायहरूले आफ्नो क्षेत्राधिकार भित्रका सहकारी संघ, संस्थाहरूको तथ्याङ्क अद्यावधिक गरे नगरेको तथा COPOMIS लाई प्रभावकारी रूपमा कार्यान्वयन गरे नगरेको अनुगमन गर्ने, गराउने ।
- नियमकारी निकायहरूमा COPOMIS सञ्चालनमा कुनै कठिनाइ वा समस्या उत्पन्न भएमा आवश्यकता अनुसार सहयोग पुर्‍याउने ।
- COPOMIS सञ्चालनार्थ दक्ष जनशक्तिको व्यवस्था गर्ने, आवश्यकता अनुसार प्रशिक्षण, अभिमुखिकरणको कार्यक्रम संचालन गर्ने,गराउने ।
- विषयगत केन्द्रीय संघहरू, राष्ट्रिय सहकारी बैंक र राष्ट्रिय सहकारी संघको प्रगति प्रतिवेदन, साधारण सभा लगायतका विवरणहरू तथा तथ्याङ्क सङ्कलनका साथै विश्लेषण गरी प्रविष्ट गर्ने, गराउने र सो सम्बन्धमा आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउने ।
- नियमकारी निकायहरूबाट प्राप्त तथ्याङ्क तथा विवरणको अनुगमन तथा विश्लेषण गर्ने गराउने ।
- Online अनुगमन प्रणालीलाई अवलम्बन गर्ने, गराउने ।
- COPOMIS को आधारमा केन्द्रीय तथ्याङ्क प्रकाशित गर्ने ।
- सहकारी संघ, संस्थाहरूको वित्तीय अवस्था प्रणाली मार्फत मूल्याङ्कन गर्ने व्यवस्था मिलाउने ।
- विभाग तथा नियमकारी निकायहरूबाट प्रवाह गरिने सेवाहरू क्रमशः Online मार्फत प्रवाह गर्दै लैजाने ।

**सन्दर्भ सामग्रीहरू :**


- नेपालको संविधान, २०७२
- सहकारी ऐन, २०७४
- सहकारी नियमावली, २०७५,
- नेपाल सरकारको कार्य विभाजन नियमावली, २०६४
- सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी सहकारी संघसंस्थाहरूलाई जारी गरिएको निर्देशन, २०७४
- भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट कोपोमिस सम्बन्धी जारी गरिएका युजर म्यानुयलहरू ।


***

# सहकारिता

क. सहकारिता = स्वावलम्बन + पारस्परिकता

ख. स्वतन्त्रताका लागि स्वावलम्बन
समुन्नतिका लागि पारस्परिकता
दुवैका लागि सहकारिता ।

ग. उत्पादनदेखि उपभोगसम्म
शोषणविहीन आर्थिक सम्बन्ध
सहकारी मन्त्र ।

# के सहकारी व्यवसाय र सामाजिक व्यवसाय एकै हो ?



✍ विष्णु प्रसाद घिमिरे

## १. परिचयः

सर्वसाधारण मात्र नभएर कतिपय पढेलेखेका शिक्षित मानिस र सहकारीकर्मीहरू समेतमा सहकारी व्यवसाय र सामाजिक व्यवसाय एउटै हो भन्ने गलत बुझाई र भ्रम रहेको पाईन्छ । भ्रम हुनुका पछाडि केही कारण अवश्य रहेको छ । सहकारी व्यवसाय र सामाजिक व्यवसाय दुवैमा 'सामाजिकपन' हुन्छ । यही सामाजिकपनको आधारमा सहकारी र सामाजिक व्यवसायलाई एउटै मानेको हुनुपर्दछ । तर सहकारी आफैं सामाजिक व्यवसाय भने होइन । अर्काको समस्याको व्यावसायिक समाधान खोज्ने तर नाफा वितरण नगरेर सेवा निरन्तर राख्ने व्यवसाय सामाजिक व्यवसायमा पर्दछन् । सामाजिक व्यवसाय विशेष गरी धनी सम्पन्न र दानी व्यक्तिहरूले गरिव, असहाय र जोखिममा परेका नागरिकहरूको सेवाको लागि संचालन गरेका हुन्छन । सहकारी व्यवसाय आफ्नै समस्याको व्यावसायिक समाधान खोज्ने र सहभागिताका आधारमा लाभ वितरण गर्ने उद्यम हुन् । सहकारी सदस्य केन्द्रीत व्यवसाय हो तर सामाजिक व्यवसाय सदस्य केन्द्रीत हुदैन । सामाजिक व्यवसायले समाज विकासमा जोड दिन्छ भने सहकारीले मानव मूल्य सहितको समृद्ध र शोषण रहित समाजको निर्माणमा जोड दिन्छ ।

## २. सहकारी व्यवसायः

सहकारी व्यवसाय संस्थामा संलग्न सदस्यहरूको सामुहिक व्यवसाय हो । यो सदस्य केन्द्रित व्यवसाय हो । यो व्यवसायको उद्धेश्य सदस्यहरूको आर्थिक, सामाजिक र साँस्कृतिक आवश्यकता पूरा गर्नु हो । सहकारिता एउटा आर्थिक विकासको माध्यम पनि हो । यस व्यवसायमा साझा आवश्यकता र आकांक्षा भएका व्यक्तिहरू बीचको व्यावसायिक सहकार्य आवश्यक हुन्छ ।

---

✍ पूर्व वरिष्ठ कृषि अर्थ विज्ञ, सहकारी विभाग ।

वर्तमान मानव सभ्यताको विकास ब्यक्तिहरूवीचको सहकार्यवाट मात्र सम्भव भएको हो । मानिसले एक्लै पुरा गर्न नसक्ने आवश्यकताहरू समुह कार्यवाट पुरा गर्न सकिन्छ । समुहमा धेरै ब्यक्तिहरू मिलेर पूंजी, सीप र साधनश्रोत एककिकृत रूपमा परिचालन गरी उनीहरूका आवश्यकताहरू पुरा गर्न सकिने सामुहिक उत्पादन र वितरण पद्धतिको नाम सहकारी हो । सहकारी एउटा समुहिक स्वमित्वमा संचालित व्यवसाय हो । यसमा धेरै ब्यक्तिहरूको आर्थिक सहभागिता रहेको हुन्छ । सिमित साधन श्रोत भएका मानिसहरूले सहकारी व्यवसायको माध्यमवाट आफूसंग भएको थोरै साधनश्रोतको प्रयोग गरेर धेरै लाभ लिन सक्दछन । ब्यक्तिले एक्लै गर्न नसकिने व्यवसायिक कामहरू धेरै जना मिलेर सहकारी संस्थाको नाउमा संचालन गर्न सकिन्छ। सहकारी उद्यम एउटा खास सिद्धान्त तथा मूल्यमान्यतावाट निर्देशित र संचालित हुन्छ । यो समुदायमा आधारित हुनुको साथै यसको कारोवार सदस्यहरूवीच केन्द्रीत हुन्छ ।

सहकारी व्यवसायलाई यसको सिद्धान्त, मूल्यमान्यता, कार्यप्रकृति, संगठन संरचना, नीति, उद्धेश्य तथा कार्यक्रमको आधारमा निजी वा सार्वजनिक वा अरू कुनै पनि प्रकारको उद्यम व्यवसाय भन्दा फरक रूपमा बुझ्न र ब्याख्या गर्न सकिन्छ । यसको उद्देश्य भन्नु नै निजी व्यवसायवाट ब्यक्तिगत शोषणमा आधारित उत्पादन प्रणालीका विरूद्ध सामुहिक उत्पादन र वितरणमा आधारित आर्थिक सामाजिक पद्धतिको अभ्यासवाट सदस्यहरूको सेवा, सुरक्षा र सामुहिक हित हो । सहकारी एउटा व्यवसाय गर्ने माध्यम (Means) मात्रै नभएर मानव समाजमा विद्यमान गरिबी र आर्थिक सामाजिक विभेद तथा असमानताहरूको अन्त्य गर्ने एउटा महान उद्धेश्य (Ends) पनि हो । समाजमा एक ब्यक्ति वा समूहले अरू व्यक्तिहरू वा समुह माथि गर्ने शोषणवाट केही ब्यक्ति विशेषले मुनाफा कमाउने पद्धतिको अन्त्य गरी सवैले काम गर्ने र काम अनुसार माम पाउने समाजवादी समाजको निर्माण गर्नु यसको परिकल्पना (Vision) हो । सहकारी व्यवसायले अरू व्यवसायहरूले जस्तै बजारमा विद्यमान प्रतिस्पर्धाको सामना गर्नुको साथै सम्भावित ब्यावसायिक जोखिम समेत बहन गर्नु पर्दछ । सहकारी व्यवसाय स्वायत्त र स्वतन्त्र हुने हुदा राज्य नियन्त्रित र निर्देशित हुदैन । सहकारी व्यवसाय अविच्छिन्न उत्तराधिकारीवाला स्वायत्त र स्वतन्त्र संस्थाको रूपमा समुहिक स्वामित्वमा संचालित हुन्छ । सहकारी उद्यमको यहि विशिष्ट पहिचान भएकै कारण यो न नीजि क्षेत्र हो, न त सार्वजनिक क्षेत्र

नै हो । हाम्रो जस्तो अविकसित मुलुकमा सीमित श्रोतसाधन र पुँजी भएका व्यक्तिहरू एक आपसमा मिलेर सामुहिक रूपमा सहकारी व्यवसाय संचालन गरी आफ्ना आवश्यकता र आकांक्षाहरू पूरा गर्नु एक महत्वपूर्ण कदम हो । नेपालको वर्तमान सन्दर्भमा सर्वसाधारण जनतालाई गरिवीको चंगुलवाट मुक्त गर्ने सहकारीको मूल ध्येय (Mission) हो र हुनु पर्दछ ।

नेपालमा खासगरी भौगोलिक हिसावले दुर्गम दुरदराज र ग्रामीण क्षेत्रमा वसोवास गर्ने नागरिक, महिला, दलित, आदिवासी, मुक्तकमैया, हलिया, अपाङगता भएका नागरिक, कृषक, मजदुर, भूमिहीन, सुकुम्वासी र शहरीया सीमान्त श्रमिकवर्ग समेत चरम अभाव र गरिवीवाट पिडित रहेको अवस्था छ । देशमा विशेष गरी सिमान्त वर्ग तथा गरिबीवाट आक्रान्त समूहलाई सहकारी व्यवसायमा आवद्ध गरी यस मार्फत आयआर्जन र स्वरोजगारी सृजना गरी आत्मनिर्भर अर्थतन्त्रको विकास गर्नु पर्ने आवश्यकता छ । एउटा कृषि प्रधान देशको आर्थिक सामाजिक रूपान्तरण गर्ने परिप्रेक्ष्यमा सहकारी मार्फत कृषि क्षेत्रको ब्यावसायिकरण र यान्त्रिकरण गरी उत्पादन र उत्पादकत्व बृद्धि गर्ने तर्फ राज्यले सहकारी संस्थाहरूलाई प्रोत्साहन र सहजीकरण गर्नु पर्ने देखिन्छ । नेपालको सवै जिल्ला र स्थानीय तहमा उर्वर जमिन, खोलानाला, तालतलैया, पोखरी, बनजंगल, जडिबुटी, खानी, पहाडपर्वत, हिमाल, आदि रहेको पाईन्छ । स्थानीयस्तरमा उपलब्ध हावापानी तथा अन्य श्रोतसाधन वितरण अनुसार नेपालमा विभिन्न उद्योग, पेशा व्यवसाय संचालन गर्न सकिन्छ । आफ्नो नाउमा साधनश्रोत नभएका वा सिमित साधन श्रोत भएका कृषक, मजदूर, भूमिहीन, सुकुम्वासी र शहरीया सिमान्त श्रमिकवर्ग समेतले सहकारीको छाता मुनी गोलबन्द भई स्थानीय तहमा उपलब्ध साधनश्रोतको प्रयोग गरी स्वरोजगारी सृजना गर्न सक्नेछन ।

## ३. सहकारी व्यवसाय सम्बन्धी कानूनी प्रावधान :

सहकारी ऐन, २०७४ को प्रस्तावनामा "सहकारी मुल्य मान्यता र सिद्धान्त अनुरूप देशका कृषक, कालिगढ, श्रमिक, न्यूनआय समुह एवम् सिमान्तकृत समुदाय वा सर्वसाधारण उपभोक्ता माझ छरिएर रहेको पुँजी, प्रविधि र प्रतिभालाई स्वावलम्बन र पारस्पारिकताको आधारमा एकीकृत गर्दै सदस्यहरूको आर्थिक, सामाजिक र सांस्कृतिक उन्नयन गर्न समुदायमा आधारित, सदस्य केन्द्रीत, लोकतान्त्रिक, स्वायत्त र स्वशासित संगठनको रूपमा

सहकारी संस्थाहरूको प्रवर्द्धन, नियमन, सहकारी खेति, उद्योग, बस्तु तथा सेवा व्यवसायको माध्यमवाट आत्मनिर्भर, दिगो एवम् समाजवाद उन्मुख राष्ट्रिय अर्थतन्त्रको विकास गर्ने" ब्यहोरा उल्लेख भएकोछ । प्रस्तावनाले एकातर्फ लक्षित वर्ग पहिचान गरेकोछ भने अर्कोतर्फ स्वावलम्बन र पारस्पारिकताको आधारमा समुदाय वा सर्वसाधारण उपभोक्ता माझ छरिएर रहेको पुँजी, प्रविधि र प्रतिभाको उपयोग गरी सदस्यहरूको आर्थिक, सामाजिक र सांस्कृतिक विकासको लागि सहकारितामा आधारित खेति, उद्योग र बस्तु तथा सेवा व्यवसाय संचालन गरी आत्मनिर्भर, दिगो एवम् समाजवाद उन्मुख राष्ट्रिय अर्थतन्त्रको विकास गर्ने परिकल्पना गरेकोछ ।

समान्यतया सहकारी संस्था गठन गर्न कम्तिमा ३० जना प्राकृतिक ब्यक्तिहरू आपसमा संगठित भएको हुनु पर्ने व्यवस्था ऐनको दफा ३(१) ले गरेकोछ । तर सोही ऐनको दफा ३(२) मा श्रमिक, युवा लगायतले आफ्नो श्रम सीपमा आधारित भई व्यवसाय गर्ने सहकारी संस्थाको हकमा १५ जना नेपाली नागरिकहरूले संस्था गठन गर्न सक्ने ब्यवस्था गरेकोछ । यसवाट स्थानीय श्रम र सीपमा आधारित व्यवसायिक प्रकृतिको सहकारी गठन गर्न सकिने सम्भावना बढेर गएको देखिन्छ । पेशागत आधारमा कर्मचारीहरूवाट संगठित हुने संस्था र बचत तथा ऋणको काम गर्ने उद्धेश्यले गठित संस्थाको लागि न्यूनतम १०० जना सदस्य हुनु पर्ने ब्यवस्था छ ।

सहकारी ऐन, २०७४ को दफा २(न) मा सहकारी व्यवसाय भन्नाले सहकारी संस्थाको विनियममा ब्यवस्था भए बमोजिम संचालित व्यवसायिक कृयाकलाप सम्झनु पर्दछ भनिएको छ । व्यवसायिक कृयाकलाप मूलतः आर्थिक कृयाकलाप हुन् जहाँ वस्तु र सेवाको उत्पादन, खरिद बिक्री, विनिमय, मानवीय आवश्यकताको पुर्ति, रोजगारी सृजना, आयआर्जन, जोखिम र नाफा जस्ता तत्वहरू रहेका हुन्छन । व्यवसायको स्वरूप निजी, साझेदारी, सहकारी र संयुक्त पुँजी कम्पनी आदि हुन सक्दछन । व्यवसाय एउटा आर्थिक सामाजिक कृयाकलाप भएकोले यस भित्र उद्योग र व्यापार दुवै क्षेत्र समावेश भएका हुन्छन । उद्योग अन्तरगत प्रशोधन, खनिज, उत्पादनमूलक, सेवामूलक, रासायनिक, सामरिक, कृषिजन्य, मुद्रण आदि उद्योगहरू समावेश भएका हुन्छन । त्यसै गरी व्यापार भित्र आन्तरिक र बाह्य व्यापार समावेश हुन्छन । बाह्य व्यापार अन्तर्राष्ट्रियस्तरमा हुने हुँदा यसमा आयात र निर्यात व्यापार पर्दछन । माथि उल्लेख भए अनुसार व्यवसायको घेरा भित्र सहकारी समेत

समावेश भएकोले संसारका विभिन्न मुलुकहरूले आफ्नो आवश्यकता अनुसार सहकारी व्यवसायहरूको अभ्यास गर्दै आएका छन । सहकारीका प्रचलित सिद्धान्त, मूल्य मान्यता र सम्वन्धित देशको कानुन बमोजिम सहकारी उद्यम व्यवसायहरू संचालन भएका छन् । नेपालको संविधान र कानुनले सहकारी उद्यम व्यवसायको विकास र प्रवर्द्धनमा ढोका उघार्ने काम गरेको छ ।

**४ सामाजिक व्यवसायः**

मानव समाजको संरचना विचित्रको छ । खाज्दै गयौं भने संसारमा परोपकारी र कल्याणकारी प्रबृतिका मानिसहरू प्रशस्तै भेटिटन्छन । उदार दिल भएका धनीमानी ब्यक्तिहरूले सर्वसाधारण गरीव, रोगी, वालक, बृद्ध, महिला, दलित, पिछडा वर्ग, अपांग समेतका नागरिकरूको सेवा तथा सुखसुविधाको लागि आफूसंग रहेको श्रोतसाधन र पुँजी खर्च गरेर विभिन्न प्रकृतिको व्यवसायिक काम संचालन गर्दछन । सामाजिक व्यवसायवाट प्राप्त हुने मुनाफा लगानीकर्तावीच वितरण गरिदैन । यो व्यवसाय गैर नाफामुखी व्यवसाय हो । यो व्यवसाय खासगरी आर्थिक तथा सामाजिकरूपमा पछाडि परेको समाजको विकास र रूपान्तरणको लागि धनी, समाजसेवी र कल्याणकारी व्यक्तिहरूको आर्थिक सहयोगमा संचालन गरिन्छ । यो व्यवसाय संचालन गर्न सहयोग गरे वापत दाताले नाफा प्राप्त गरेका हुदैनन । तर नाफाको पुन लगानी गरी सेवा विस्तार गर्ने काम हुन्छ । सामाजिक व्यवसायले निशुल्क रूपमा सेवा वितरण गर्दछन । यो व्यवसाय संचालनमा एक वर्गको भूमिका रहेको हुन्छ भने सेवा अर्को वर्गले प्राप्त गर्दछ । अर्काको समस्याको व्यावसायिक समाधान खोज्ने तर नाफा वितरण नगरेर सेवा निरन्तर राख्ने व्यवसाय सामाजिक व्यवसायमा पर्दछन् ।

Prof. Mohammad Yunus को शब्दमा सामाजिक व्यवसायको परिभाषा यस प्रकार रहेकोछः "Social business can be defined as a non—dividend company that is created to address and to solve the social problem. In social business the investors/owners can gradually recoup the money invested but can't take any dividend beyond that point".

## ५. सहकारी व्यवसाय र सामाजिक व्यवसायवीच फरक छुट्टयाउने आधारः

सहकारी व्यवसाय र सामाजिक व्यवसायवीचको फरक छुट्टयाउने आधार हरूको सम्वन्धमा यस प्रकार अध्ययन गर्न सकिन्छः

### ५.१) संस्थापकीय प्रयोजनः

सहकारी व्यवसाय सदस्यहरूले आफ्नो लागि अर्थात आफ्नो हितको लागि आफूहरूद्धारा स्थापना गरेका हुन्छन भने सामाजिक व्यवसाय एउटा ब्यक्ति वा समूहले अरू ब्यक्तिहरूको हित वा जिवीकाको लागि स्थापना गरेका हुन्छन ।

### ५.२) व्यावसायिक लगानीकर्ताः

सहकारी व्यवसायमा व्यवसायिक लगानीकर्ता, उत्पादक र उपयोगकर्ता स्वयम् संस्थाका सदस्यहरू हुन्छन भने  सामाजिक व्यवसायमा कल्याणकारी ब्यक्तिहरूले पुँजी लगानी गर्दछन ।

### ५.३) पुँजीको उपयोगः

सहकारी व्यवसायमा प्रत्येक सदस्यले सदस्यता प्राप्त गर्न शेयर पुँजी लगानी गर्नु पर्दछ । उक्त शेयर पुँजी लगानीको अनुपातमा सदस्यहरूले लाभांश प्राप्त गर्दछन । जवकी सामाजिक व्यवसायमा लगानीकर्ताको पुँजी निशुल्क रूपमा उपयोग गरिन्छ ।

### ५.४) सहभागिताको आग्रहः

सहकारी व्यवसायमा सदस्य सहभागिता, स्वावलम्वन र पारस्पारिकताको लागि अपरिहार्य हुन्छ भने सामाजिक व्यवसायमा समाज सेवाको लागि व्यावसायिक सहभागिता गरिएको हुन्छ ।

### ५.५) मुनाफा वितरणः

सहकारी व्यवसाय संचालनबाट प्राप्त हुने खुद बचत अर्थात मुनाफा व्यवसायमा पुनःलगानी वा सामुदायिक काम वा संरक्षण पुँजी फिर्ताकोष मार्फत कारोवारको आधारमा सदस्यहरूलाई वितरण गरिन्छ । तर सामाजिक व्यवसायमा आर्थिक कारोवारबाट प्राप्त हुने मुनाफा व्यावसायिक बृद्धिको लागि पुनःलगानी गरिन्छ ।

### ५.६) सामाजिकपनः

सहकारी तथा सामाजिक दुवै व्यवसायमा सामाजिकपन हुन्छ । सहकारी व्यवसायमा समुदाय प्रतिको चासो जसमा वातावरणीय संरक्षण, समुदायिक स्वास्थ्य तथा सरसफाई, समुदायिक विकास निर्माण, वालवालिका, बृद्ध, अपांग

र असाहाय नागरिकहरूको सेवा आदिवाट सामाजिक कार्य संचालन गरिन्छ । जवकी सामाजिक व्यवसायमा गरीवी, भोकमरी, महामारी, असमानता, अशिक्षा, द्वन्द, दैविप्रकोप आदि कारणहरूको निदानको लागि सामाजिक हितको काम गरिन्छ ।

## ५.७) दार्शनिक पक्षः

सहकारी व्यवसायको दार्शनिक पक्ष भनेको मानव विकास र समृद्धिको लागि आत्मसम्मान, सहकार्य, आत्म सहयोग, स्बाबलम्वन, व्यवसायिक विकासमा लोकतन्त्रको अभ्यास र शोषणको अन्त्य हो भने सामाजिक व्यवसायको दार्शनिक पक्ष सामाजिक विकास हो ।

**सहकारी व्यवसाय र सामाजिक व्यवसायवीचको फरक**

| **फरक देखाउने आधार** | **सामाजिक व्यवसाय** | **सहकारी व्यवसाय** |
|---|---|---|
| संस्थापकीय प्रयोजन | अर्काको हित | आफ्नो हित |
| पुँजीको स्रोत | कल्याणकर्ता | उपयोगकर्ता |
| पुँजीको उपयोग | निःशुल्क | पर्ता भुक्तानी |
| सहभागिताको आग्रह | समाज सेवा | स्वाबलम्बन र पारस्परिकता |
| उबार (Surplus) को उपयोग | पुनः लगानी | पुनः लगानी, संरक्षण लाभांश सामूहिक वा सामुदायिक सेवा |
| सामाजिकपन | सामाजिक कारण (Social cause) | खुला सदस्यता, समुदायप्रतिको सरोकार |
| दार्शनिक परिप्रेक्ष्य | सामाजिक विकास | समृद्व मानवीय मर्यादाको सम्मान, लोकतन्त्रको अभ्यास, शोषणविहीन शोषणविहीन आर्थिक सम्बन्धहरूको निर्माण । |

**सन्दर्भ सामग्रीः**


१. **सहकारिता, २०७४** सहकारी विभाग

२. **सहकारी संस्था दर्ता दिग्दर्शन, २०७४** सहकारी विभाग

३. **सहकारी ऐन, २०७४,** सहकारी विभाग


***

# सहकारी संस्थाहरूलाई व्याज पुँजीकरण नगर्ने सम्बन्धमा सहकारी विभागको सूचना

सहकारी ऐन, २०७४ को दफा ५० को उपदफा (५) मा सहकारी संस्थाले प्रदान गरेको ऋणमा लाग्ने व्याजलाई मूल ऋणमा पुँजीकृत गरी सोको आधारमा व्याज लगाउन नपाइने व्यवस्था रहेको बेहोरा विदितै छ ।

तदनुसार सहकारी संस्था, सङ्घ वा बैङ्कले आफूले प्रदान गरेको ऋणमा लाग्ने व्याजलाई साउँ रकममा जोडी व्याज लगाउने कार्य नगर्नु, नगराउनु हुन सूचित गरिन्छ ।

अन्यथा कानुनबमोजिम कारबाई गरिने बेहोरासमेत जानकारी गराइन्छ ।



# सहकारी ऐन-नियमावली र नमूना परीक्षण पद्धति

✍ **बद्रीकुमार गुरागाई**

आर्थिक रुपले पछाडि परेका जनताको आर्थिक विपन्नताको अवस्थाबाट जीवन स्तरमा सुधारको प्रत्याभूति दिन वि।सं २०१० मा योजना विकास तथा कृषि मन्त्रालय अन्तर्गत सहकारी विभागको गठनबाट अगाडि बढेको नेपालको सहकारी अभियान २०१३ साल चैत्र २० गते चितवनको बखानपुरमा बखान सहकारीको स्थापनाबाट अघि बढ्यो । यस उद्देश्यलाई परिपूर्ति गर्ने उपयुक्त माध्यमको रुपमा स्थापित सहकारी संघ-संस्थाहरुलाई वित्तीय सुविधा उपलब्ध गराउन सहकारी बैंक ऐन २०१९ जारी भई २०२० सालमा सहकारी बैँकको स्थापना भएको थियो । तर सहकारी संघ संस्थाहरुको संख्या न्यून हुनु र सहकारी प्रवर्धन सम्बन्धी ठोस नीतिको अभावमा सहकारी बैँकले आफ्नो पहिचान कायम गर्न नसकेकोले वि. सं २०२४ सालमा सहकारी बैँक कृषि विकास बैँकमा परिणत हुन गयो । यद्यापि संचालित सहकारीको आवश्यकता तथा अपरिहार्यतालाई दृष्टिगत गरी सहकारी ऐन २०४८ जारी भयो र सहकारी अभियानले गति हासिल गर्न थाल्यो ।

**नेपालको अर्थतन्त्र र सहकारीको भूमिकाको परिकल्पना**

सरकारी र निजी क्षेत्र पुग्न नसकेका क्षेत्रको आर्थिक–सामाजिक विकासमा सहकारी क्षेत्रको योगदान रहन्छ । सहकारी क्षेत्रलाई लघुवित्त कारोबारसँगै उत्पादन, बजारीकरण र सेवा प्रवाहमा संलग्न गराई उत्पादनमूलक कार्यमा संलग्न गराउनुपर्ने आवश्यकता रहेको छ । यसले छरिएर रहेका श्रम, सीप, प्रविधि र पुँजीलाई एकत्रित गरी उत्पादन, उत्पादकत्व र रोजगारी वृद्धिबाट राष्ट्रिय अर्थतन्त्रमा योगदान दिन सक्दछ । खासगरी कृषि क्षेत्रमा सहकारीले गरेको योगदान प्रशंसनीय छ । सहकारी क्षेत्रले थप सम्भावित क्षेत्रहरूमा आफ्नो उपस्थिति नदेखाइसकेको हुनाले यसको विकास, विस्तार र प्रवर्धन आवश्यक रहेको छ । सहकारी/संस्थामा ६४ लाखभन्दा बढी सदस्यहरू आबद्ध रहेका छन् । सहकारी क्षेत्रमा महिला सदस्यको सहभागिता करिब ५१ प्रतिशत रहेको छ भने नेतृत्वमा महिलाको पहुँच ३४ प्रतिशत पुगेको छ । यस क्षेत्रले झन्डै ६१ हजार नागरिकहरूलाई

---

✍ प्रमुख कार्यकारी अधिकृत, राष्ट्रिय सहकारी बैंक लि. ।

प्रत्यक्ष र १० लाखभन्दा बढीलाई अप्रत्यक्ष रोजगारीको अवसर प्रदान गरेको अनुमान छ । आ.व. २०७३/७४ को अन्त्यमा सहकारी सङ्घ संस्थाहरूको सेयर पुँजी रु. ७५ अर्ब, बचत रु. ३२३ अर्ब र लगानी रु. ३०० अर्ब रहेको छ । सबै जिल्लामा सञ्जाल विस्तार भएको यस क्षेत्रले विपन्न वर्ग, दुर्गम क्षेत्र, आदिवासी जनजाति, मधेसी, दलित, अपाङ्गता भएका व्यक्ति, अल्पसङ्ख्यक सबै वर्ग, क्षेत्र र समुदायलाई समेट्न सफल भएको छ ।

## सहकारी ऐन, २०७४ र नियमावली, २०७५ का संस्थागत शुसाशन र आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी ब्यबस्था

### *सदस्य सहभागितामा बिशेष जोड*

सहकारी संघ/संस्थाका असली मालिक सदस्यहरु हुने सिद्धान्त लाई सहकरी ऐन २०७४ ले अत्मासाथ गरेको देखिन्छ | साधारण सभाको गण-पूरक संख्या ५१% हुनु पर्ने व्यवस्था, कार्यविधिहरु साधारण सभाबाट पारित गर्नुपर्ने प्रावधान | लामो लेखा परीक्षण फारम मा उल्लेख गर्नु पर्ने सदस्य केन्द्रीयता जस्ता ब्यबस्था बाट सहकारीका काम/करबाहिमा सदस्यको सहभागिता सुनिश्चित गर्ने प्रयाश गरिएको छ |

### *मर्जरलाई जोड*

नेपाल को जनसंख्या, भूगोल र सहकारी को संख्या हेर्दा साना साना तर धेरै सहकारी रहेका छन जसले गर्दा सदस्यहरुको सम्पूर्ण आवश्यकता पूरा गर्न कठिन भएको देखिन्छ | यही समस्यालाई ध्यान दिएर पुराना सहकारीहरुलाई मर्ज गर्ने र नयाँ बचत तथा ऋण सहकारीको स्वीकृति दिंदा जनसंख्याको आधारमा महा/उपमहा नगरमा ५०००, नगरपालिकामा २००० र गाऊ पालिकामा ५०० जनसंख्याको आधारमा मात्र स्थापना गर्ने प्रावधान रहेको छ |

### *करोबारको आधारमा हिस्स्मा बृद्धि*

सहकारीको मूल्य, मान्यता भनेको सबै सरोकारवालाले आफूले पुर्याएको योगदान को आधारमा लाभांश पाउने हो जसलाई यसपालीको सहकारी ऐन को संरक्षित पुँजी फिर्ता कोष सम्बन्धी व्यवस्थाले सम्बोधन गरेको छ |

### *अनुगमन (संयुक्त र स्थरीकरण कोष )*

सहकारी संख्या र करोबारको आकारले सहकारी अनुगमन को कार्य सहकारी विभाग मार्फत गर्न कठिन देखिएको परिप्रेक्ष्यमा अब सहकारी का संघहरू र सहकारी विभाग बाट संयुक्त अनुगमन गर्ने व्यवस्था रहेको छ | सहकारी ऐन, २०७४ मा व्यवस्था भएको स्थिरीकरण कोष समेत संस्थागत विकाससँग जोडिएको र अनुगमन प्रणाली व्यवस्थित

हुनु पर्ने बिषय संग जोडिएको छ |

***संस्थागत कोषमा विशेष जोड***

सहकारीको मूल उद्धेश्य नाफा कमाउनु नभई सदस्यहरुको आर्थिक तथा सामाजिक स्तर उकास्नुलाई जोड दिँदै ऐनले सहकारीले नाफाबाट छुट्याउनुपर्ने विभिन्न कोषको व्यवस्था गरेको छ। जसमा लाभांशको २५% जगेडा कोष छुट्याएपश्चात २५% रकम संरक्षित पूँजी फिर्ता कोषमा, ०.५% सहकारी प्रवर्धन कोषमा र त्यसपछि बाँकि रहने रकमको कम्तीमा ५% सदस्य तथा समुदायको हित हुने र संस्थाको स्थिरीकरण र जोखिम व्यवस्थापनमा टेवा पुर्याउने उद्धेश्यसहित ८ वटा विभिन्न कोषमा राख्नुपर्ने व्यवस्था रहेको छ।

***कर्जा असुली प्रभावकारी बनाउने प्रयास***

कर्जा असुलीको प्रक्रियालाई व्यवस्थित बनाउनका लागि सहकारी नियमावलीले ऋण तथा बाँकी बक्यौता असुलीको कार्यविधिको व्यवस्था गरेका छ जसमा सूचना टाँस गर्ने निकायको रुपमा तथा लिलाम बिक्री हुने ठाउँमा सरकारी निकायको समेत भूमिका उल्लेख गरिएको छ। यसबाहेक असुलउपर हुन नसकेको रकम अन्य जायजेथाबाट असुलउपर गर्ने नियम रहेको छ। सहकारी संस्थाको कर्जा प्रवाहको समयदेखि नै जोखिम न्यूनीकरण गर्ने उद्धेश्यले कर्जा सूचना केन्द्रको स्थापनासम्बन्धी व्यवस्था प्रष्ट्याइनुका साथै ऋण नतिर्ने व्यक्तिलाई कानुनको दायरामा ल्याउनका लागि कुनै पनि प्रकारका सहकारीहरु यसको सदस्य बन्ने सक्ने व्यवस्था गरिएको छ। यस्तो सूचना केन्द्रले ऋण लिई अपचलन गर्ने र भाखाभित्र चुक्ता नगर्ने व्यक्तिको नामनामेसीसहित कालो सूची प्रकाशन गर्न सक्नेछ। यसबाहेक, कर्जा असुली न्याधिकरणको व्यवस्थाले कर्जा प्रदान गर्ने संस्थालई थप सुरक्षा प्रदान गरेको छ।

***दण्ड र सजाय सम्बन्धी कठोर प्रावधान***

सहकारी ऐन तथा नियमावली अन्तर्गत बनेका निर्देशिका, मापदण्ड, कार्यविधि तथा विनियमबमोजिम कार्य नगर्ने संस्थाहरुलाई जरिवाना तथा अन्य कारवाही गर्ने प्रावधान रहेको छ। यसमा बैकिङ्ग कसुर अन्तर्गत नै पर्ने गम्भीर प्रकृतिकै गल्तीबाहेक सहकारी क्षेत्रमा केही हदसम्म सामान्य रहेका गलत कार्यहरु जस्तै संस्थाको वचत वा शेयर एकलौटी वा आफुखुशी परिचालन गर्ने, कर्जा लिएको प्रायोजनबाहेक अन्य प्रायोजनमा रकम प्रयोग गर्ने जस्ता कार्य गरेमा पनि सजाय तोकेको छ। यसबाहेक व्याजदरको अन्तर ६ प्रतिशतभन्दा बढी भएमा, कर्जाको व्याजलाई पुँजीकृत गरेमा, ३ महिना नपुगेका सदस्यलाई कर्जा लगानी गरेमा, १८ प्रतिशतभन्दा बढी लाभांश वितरण गर्ने जस्ता कार्यको प्रकृति र गाम्भिर्यताको आधारमा रजिष्ट्रारले रु ३ लाख र रु ५

लाखसम्म जरिवाना लगाउन, ३ महिनासम्म कारोवार रोक्का राख्न सक्नेछन् ।

लेखा सुपरिवेक्षण समितिले लेखापरीक्षण गर्नु अघि लेखापरीक्षण गरिने निकायको कानुनी अस्तित्व, संस्था संचालनको प्रकृया, संस्था संचालन गर्ने सम्बद्ध पक्षहरू, तिनीहरूको काम, कर्तब्य, अधिकार, आर्थिक कारोवारको कार्यविधि, लेखा प्रणाली, वित्तीय प्रतिवेदन तयार गर्ने र लेखापरीक्षण गराउने जस्ता बिषयको जानकारी लिएको हुनुपर्दछ।

**लेखा सुपरिवेक्षण समितिले सहकारीको आन्तरिक लेखापरीक्षण गर्दा निम्न ऐन, नियमलाई मध्यनजर गरी लेखापरीक्षण गर्नु पर्दछ।**

क) सहकारी ऐन, २०७४ र नियमावली, २०७५

ख) श्रम ऐन, २०७४ र नियमावली, २०७५

ग) आयकर ऐन,  २०५८ र नियमावली, २०५९

घ) बोनस ऐन, २०३०

ङ) सम्पत्ति सुद्दिकरण तथा निवारण सम्बन्धी कानुनहरु

च) **ICAN** ले जारी गरेको आचार संहिता

छ) सहकारी विभागले समय समयमा जारी गर्ने निर्देशनहरू

ज) अन्य प्रचलित कानुनहरू

लेखा सुपरिवेक्षण समितिले आफ्नो संस्थाको लेखा परीक्षण सम्बन्धी कार्य गर्दा ध्यान दिनु पर्ने मुख्य बुँदा र प्रक्रियाको केही नमूना तल तलिकामा प्रस्तुत गरिएको छ :

| विवरण | कानूनी व्यवस्था | लेखा परीक्षण प्रक्रिया |
|---|---|---|
| सहकारी संस्थाको कार्यक्षेत्र | यो ऐन प्रारम्भ हुँदाका बखत सञ्चालनमा रहेका संस्थाहरूको कार्यक्षेत्र यसै ऐन अनुसार कायम भएको मानिनेछ । तर यो ऐन प्रारम्भ भएपछि संस्थाहरूले **एक वर्षभित्र** देहायका विवरण खोली रजिष्ट्रार वा रजिस्ट्रारबाट अधिकारप्राप्त अधिकारी समक्ष यो ऐन प्रारम्भ हुँदाका बखतसम्मको कार्य सञ्चालन प्रतिवेदन पेश गर्नु पनेछ | लेखापरीक्षण का समयमा निम्न प्रक्रिया अपनाउन सकिन्छ :<br>● कार्यक्षेत्र अनुसार सदस्यको विवरण<br>● व्यवसाय संचालनको अवस्थाको जाँच<br>● विनियम संसोधन सम्बन्धी कार्य |
| आन्तरिक कार्यविधि बनाउन/संसोधन गर्न सक्ने | आन्तरीक कार्यविधि साधारण सभाले स्वीकृत गरेपछि लागू हुनेछ । | ● साधारण सभाको निर्णय<br>● कार्यबिधि लागु भएको मिति र साधारण सभा सम्पन्न भएको मिति |
| संस्थाको सदस्यता | नेपाली नागरिकहरु सदस्य हुन सक्छन् | नाफामूलक निकाय सदस्य हुन नपाउने | यदि भएमा ५ वर्षभित्र सदस्यता अन्त्य हुनुपर्ने | | ● सदस्यहरुको विवरण<br>● सदस्यता प्रदान गरेको मिति |
| सदस्यता समाप्ति | स्व-इच्छा ले वा लगातार ३ वटा साधारण सभामा अनुपस्थित भएमा आदि<br>(क) स्व-इच्छाले बाहेक को हकमा सम्बन्धित सदस्यको सदस्यता समाप्तिको आधारसहितको जानकारी संस्थामा प्राप्त भएको वा संस्थाको अभिलेखबाट देखिएको हुनुपर्ने, | ● सन्चालक समितिको निर्णय<br>● उपसमिति को निर्णय |

| | | |
|---|---|---|
| | (ख) सम्बन्धित सदस्यको सदस्यता समाप्तिका सम्बन्धमा सञ्चालक समितिले उपसमिति गठन गरी छानबिनको प्रतिवेदन लिएको हुनुपर्ने,<br>(ग) सदस्यता समाप्ति गरिने सम्बन्धित सदस्यलाई खण्ड (ख) बमोजिमको उपसमितिले आफ्नो सफाइ पेस गर्न मनासिव माफिकको मौका दिएको हुनुपर्ने,<br>(घ) सम्बन्धित सदस्यको सदस्यता समाप्त गर्ने सम्बन्धमा सञ्चालक समितिको निर्णय भएको हुनुपर्ने। | |
| सदस्यसंग मात्र कारोबार गर्नुपर्ने | • सहकारी संस्थाले आफ्ना सदस्यहरूको मात्र बचत स्वीकार गर्न , परिचालन गर्ने र कर्जा प्रदान गर्ने। | • साधारण सभाको सूचना प्रदान गरेको यकीन गर्ने<br>• साधारण सभाको उपस्थिति पुस्तिका जाँच<br>• लाभांस वितरण विवरण जाँच |
| सन्दर्भ ब्याजदर | • सहकारिहरुको लागी मार्ग दर्शक ब्याज | • सहकारी विभागको निर्देशन<br>• संस्थाले बचत र कर्जामा प्रदान गरेको व्याजदरसँग तुलना |
| बचत संकलनको सीमा | • सहकारी संस्थाले प्राथमिक पुँजी कोषको पन्ध्र गुणासम्म बचत संकलन गर्न सक्नेछ। | • प्राथमिक पुँजीकोष को गणना<br>• संस्थाले संकलन गरेको बचत र पुँजीकोष को अनुपात |

| | | |
|---|---|---|
| शेयर बिक्री तथा फिर्ती सम्बन्धी | • एकै सदस्यलाई आफ्नो कूल शेयर पुँजीको बीस प्रतिशत भन्दा बढी हुने गरी शेयर बिक्री गर्न सक्ने छैन।<br>• सहकारी संस्थाको शेयरको अंकित मूल्य प्रति शेयर एक सय रुपैया मात्र हुनेछ।<br>• सहकारी संस्थाको शेयर पुँजी विनियम मा उल्लेख भए बमोजीम हुनेछ। | • १०% भन्दा बढी शेयर खरीद गर्ने शेयर सदस्यको विवरण<br>• सहकारी संस्थाको विनियम र उल्लेखित प्रति शेयर अंकित रकम<br>• विनियम मा उल्लेखित चुक्ता पुँजी र वासलातमा रहेको शेयर पुँजी को तुलना |
| जगेडा कोष | कोषमा देहाय बमोजिमका रकम रहने छन् :–<br>(क) खुद बचत/नाफाको कम्तीमा २५% रकम,<br>(ख) कुनै संस्था, संघ वा निकायले प्रदान गरेको पुँजीगत अनुदान रकम,<br>(ग) स्थिर सम्पति बिक्री बाट प्राप्त रकम,<br>(घ) अन्य श्रोतबाट प्राप्त रकम। | • कोष बाँडफाँड को जाच<br>• स्थिर सम्पत्ति बिक्री रकम र लेखा प्रविस्टी<br>• पुजिगत अनुदान रकम को विवरण र लेखा प्रविस्टी |
| संरक्षित पुंजी फिर्ता कोष | जगेडा कोष पछि को रकम बाट २५% रकम<br>(१) संरक्षित पूँजी फिर्ता कोषबाट सदस्यलाई रकम वितरण गर्दा देहाय बमोजिम वार्षिक कारोबारको आधार लिनुपर्नेछ :-<br>(क) उत्पादक संस्थामा सदस्यले संस्थालाई बिक्री गरेको उपजको खरिद मूल्य,<br>(ख) वित्तीय संस्थामा सदस्यले जम्मा गरेको बचत र लिएको ऋण रकममा तिरेको व्याज,<br>(ग) उपभोक्ता सम्बन्धी संस्थामा सदस्यले संस्थासँग खरिद गरेको वस्तु वा सेवाको मूल्य, | • संरक्षित पुंजी फिर्ता कोष वितरण को निर्णय र गणना |

| | | |
|---|---|---|
| | (घ) श्रमिक सम्बन्धी संस्थामा सदस्यले संस्थाबाट प्राप्त गरेको ज्याला,<br>(ङ) बहुउद्देश्यीय संस्थामा खण्ड (क), (ख), (ग) र (घ) मा उल्लिखित आधार।<br><br>(२) उपनियम (१) को खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भए तापनि उत्पादक संस्थाले सदस्यलाई आवश्यक सामग्री बिक्री गरेकोमा त्यस्तो कारोबारलाई समेत गणना गर्न सकिनेछ।<br><br>(३) उपनियम (१) को खण्ड (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि ऋणको भाखा नघाएको सदस्यलाई त्यस्तो ऋणमा तिरेको व्याजको आधारमा संरक्षित पूँजी फिर्ता दिइनेछैन। | |
| सहकारी प्रबर्धन कोष | जगेडा कोष पछि को रकम बाट ०.५% रकम | ● गणना र रकम जम्मा गरेको निस्सा |
| अन्य कोष | सहकारी संस्थाको कुनै वर्षको खुद बचतको रकमबाट कम्तीमा पच्चीस प्रतिशत रकम ऐनको दफा ६८ बमोजिम जगेडा कोषमा जम्मा गरी बाँकी रहेको रकमलाई शत प्रतिशत मानी सोबाट कम्तीमा पच्चीस प्रतिशत रकम ऐनको दफा ६९ बमोजिम संरक्षित पुँजी फिर्ता कोष र शून्य दशमलव पाँच प्रतिशतले हुन आउने रकम ऐनको दफा ७० बमोजिम सहकारी प्रवर्द्धन कोषमा छुट्ट्याएर बाँकी रहेको रकमलाई शतप्रतिशत मानी देहाय बमोजिमका कोषहरूमा कम्तीमा पाँच प्रतिशत रकमको दरले छुट्याई वितरण गर्नुपर्नेछ :–<br>(क) सहकारी शिक्षा कोष, | ● कोष मा वितरण भएको रकम को गणना विधि<br>● कोष परिचालन सम्बन्धी कर्यविधि |

| | | |
|---|---|---|
| | (ख) शेयर लाभांश कोष,<br>(ग) कर्मचारी बोनस कोष,<br>(घ) सहकारी विकास कोष,<br>(ङ) घाटापूर्ति कोष,<br>(च) सामुदायिक विकास कोष,<br>(छ) ऐनको दफा १०३ को उपदफा (५) बमोजिम साधारण सभाले स्वीकृत गरेको स्थिरीकरण कोष,<br>(ज) अन्य जोखिम व्यवस्थापन कोष,<br>(झ) सदस्य हित कोष। | |
| विवरण बुझाउनु पर्ने | सहकारी संस्थाले प्रत्येक वर्ष देहायका विवरणहरू सहितको प्रतीवेदन तोकीएको समयभित्र पेश गर्नु पर्नेछ :–<br>(क) कारोबारको चौमासिक र वार्षिक प्रतिवेदन तथा लेखापरीक्षण प्रतिवेदन,<br>(ख) वार्षिक बजेट, नीति तथा योजना<br>(ग) खुद बचत सम्बन्धी नीति तथा योजना,<br>(घ) सञ्चालकको नाम तथा बाँकी कार्यअवधिको सूची,<br>(ङ) साधारण सभाको बैठक सम्बन्धी जानकारी,<br>(च) शेयर सदस्य संख्या र शेयरपुँजी,<br>(छ) सञ्चालक वा सदस्यले लिएको ऋण र तिर्न बाँकी रहेको रकम, | • विवरण पेश गरेको निस्सा |
| लेखा परीक्षण | प्रत्येक आर्थिक वर्ष समाप्त भएको ३ महिना भित्र | • लेखा परीक्षण प्रतिवेदन मा उल्लेख भएको मिति को जाँच |

| | | |
|---|---|---|
| जायजेथा फिर्ता दिनुपर्ने | संस्थाको नाममा कायम हुन आएको जायजेथा छ महिनाभित्र सम्बन्धित ऋणी सदस्यले आफूले तिर्नु बुझाउनुपर्ने सावाँ र अघिल्लो दिनसम्मको व्याज, हर्जाना र लिलाम प्रक्रियासँग सम्बन्धित खर्चसमेत चुक्ता गरी फिर्ता लिन चाहेमा सम्बन्धित संस्थाले आवश्यक प्रकृया पुऱ्याई फिर्ता दिनुपर्नेछ। | ● जायजेथा फिर्ता गरेको भए सो सम्बन्धी कागजात |
| जरिवाना | सहकारी संस्थाको निरीक्षण अनुगमन वा हिसाव जाँच गर्दा देहायको काम गरेको पाइएमा कार्यको प्रकृति र गम्भिरताको आधारमा त्यस्तो कार्यगर्ने व्यक्तिलाई रजिष्ट्रार वा निजबाट अधिकार प्राप्त अधिकारीले रु ५ लाख सम्म जरिवाना गर्ने छ। यस्तो कसुर दोहोयाएमा प्रत्येक पटकको लागि रजिष्ट्रार वा निजबाट अधिकार प्राप्त अधिकारीले दोव्वर जरिवाना गर्नेछ।<br>● नियम विपरित सदस्य संग व्याज लिएमा,<br>● ६ प्रतिशत भन्दा बढी स्प्रेड कायम गरेमा,<br>● उठ्न बाँकी व्याज पुँजीकृत गरी सो को आधारमा व्याज लगाएमा,<br>● पुँजीकोषको तोकिए बमोजिमको प्रतिशत भन्दा वढी हुने गरी ऋण प्रदान गरेमा,<br>● संस्थाको सदस्यता प्राप्त गरेको ३ महिना नपुगी ऋण प्रदान गरेमा,<br>● प्राथमिक पुँजीकोषको १५ गुणा भन्दा बढी बचत संकलन गरेमा,<br>● वार्षिक १८ प्रतिशत भन्दा वढ शेयर लाभांश वितरण गरेमा,<br>● कार्य क्षेत्र वाहिर गैर सदस्य संग कारोवार गरेमा, | ● व्याज लिएको जाँच<br>● स्प्रेड दर को जाँच<br>● उठन बाकी व्याज – खराब कर्जा – खराब कर्जाको लागी कोषको व्यवस्थाको परीक्षण<br>● लाभांस बितरण को विवरण |

| | | |
|---|---|---|
| | ● यो ऐन विपरित कृत्रिम व्यक्तिलाई सदस्य वनाएमा ।<br><br>देहायको कुनै काम गरेमा रजिष्ट्रार वा निजबाट अधिकार प्राप्त अधिकारीले रु ३ लाख सम्म जरिवाना गर्न सक्नेछ ।<br>● नियम बमोजिम दिएको निर्देशन वा तोकिएको मापदण्ड पालना नगरेमा,<br>● नियम अनुसार दिनु पर्ने विवरण , प्रतिवेदन, सूचना वा जानकारी नदिएमा,<br>● निर्वाचन नगरी समिति वा लेखा सुपरिवेक्षण समितिका सदस्य हेरफेर गरेमा,<br>● सहकारी संस्था दर्ता गर्दा तोकिएको शर्त तथा वन्देज उल्लघंन गरेमा । | |
| कर सम्बन्धी विशेष व्यवस्था | बचत तथा ऋण – १०% (महा/उपमहानगर) ५% (नगरपालिका )<br>अन्य – २०% (आयकर ऐनको पछिल्लो व्यवस्था अनुसार आ.व. २०७५/७६ बाट लागु हुने)<br>कर छुट हुने पुरानो प्रावधान यथावत | ● कर गणना र दाखिलाको विवरण |
| निरीक्षण तथा अनुगमन सम्बन्धी विशेष व्यवस्था | बचत तथा ऋणको मुख्य कारोबार गर्ने देहायका सहकारी संस्थाको हकमा देहायबमोजिम मन्त्रालय, नेपाल राष्ट्र बैङ्क, विभाग, प्रदेश सरकार र स्थानीय तहको संयुक्त टोली बनाई सघन अनुगमन गर्ने व्यवस्था मिलाइनेछ :-<br>(क) स्थानीय तहको नियमन क्षेत्राधिकारभित्रका पाँच करोड रुपैयाँभन्दा बढी बचत दायित्व भएका सहकारी संस्थाको स्थानीय तह र प्रदेश सरकारको सहकारी नियामक निकायको तर्फबाट, | |

| | | |
|---|---|---|
| | (ख) स्थानीय तह वा प्रदेश सरकारको नियमन क्षेत्राधिकारभित्रका पच्चीस करोड रुपैयाँभन्दा बढी बचत दायित्व भएका सहकारी संस्थाको स्थानीय तह वा प्रदेश सरकारको सहकारी नियामक निकाय र विभागको तर्फबाट,<br>(ग) पचास करोड रुपैयाँभन्दा बढी बचत दायित्व भएका सहकारी संस्थाको स्थानीय तह वा प्रदेश सरकारको सहकारी नियामक निकाय, विभाग र नेपाल राष्ट्र बैङ्कका तर्फबाट।<br>तर पचास करोड रुपैयाँभन्दा बढी बचत दायित्व भएका जुनसुकै सहकारी संस्थाको विभागबाट सघन अनुगमन गर्न बाधा पर्ने छैन।<br>(२) बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाले पाँच करोड रुपैयाँ वा सोभन्दा बढी रकमको बचत दायित्व भए यो नियमावली प्रारम्भ भएको मितिले एक वर्षभित्र र सोभन्दा घटी रकमको बचत दायित्व भए तीन वर्षभित्र मन्त्रालयले स्वीकृत गरेको एकीकृत व्यवस्थापन सूचना प्रणालीमा आबद्ध भइसक्नुपर्नेछ।<br>(३) सहकारी संस्थाहरूले सुरक्षण, वित्तीय संरचना, सम्पत्तिको स्तर, तरलता, लगानीका क्षेत्रलगायतमा विभागले तोकेका मानकहरूको पालना गर्नुपर्नेछ।<br>(४) उपनियम (२) बमोजिमको सूचना प्रणालीसमेतका आधारमा विभागले उपनियम (३) बमोजिम तोकिएका मानकहरूको पालनाको अवस्थाको नियमित अनुगमन गरी पालना नभएको पाइएमा तत्काल निर्देशन दिन सक्नेछ।<br>(५) यस नियमबमोजिम हुने निरीक्षण तथा अनुगमनसम्बन्धी अन्य व्यवस्था मन्त्रालयबाट स्वीकृत कार्यविधि बमोजिम हुनेछ। | |

| | | |
|---|---|---|
| | (६) उपनियम (५) बमोजिम कार्यविधि स्वीकृत गर्दा मन्त्रालयले नेपाल राष्ट्र बैङ्कको परामर्श लिन सक्नेछ। | |
| अन्तरसहकारी कारोबार | (१) ऐनको दफा १४० बमोजिम अन्तरसहकारी कारोबार गर्दा संलग्न संस्थाहरूको विनियममा निर्धारित सदस्यहरूको आवश्यकताको आधार लिएको हुनुपर्नेछ।<br>(२) सङ्घले सदस्यस्तरका स्थानीय उत्पादनको मूल्य शृङ्खला विकाससँग सम्बन्धित अन्तरसहकारी कारोबारलाई बढवा दिने गरी संयोजन गर्न सक्नेछ।<br>(३) अन्तरसहकारी कारोबारमा संलग्न विभिन्न संस्थाहरूले आफ्ना सदस्यहरूबाट उत्पादित उपज अग्रणी संस्था (लिड को-अपरेटिभ) को अवधारणाबाट कुनै एक संस्थामार्फत सङ्कलन, प्रशोधन एवं बजारीकरण गर्ने व्यवस्था मिलाउने गरी एकीकृत योजना सञ्चालन गर्न सक्नेछन्।<br>(४) सहकारी संस्थाले विनियममा व्यवस्था गरी विद्युतीय प्रणाली मार्फत् आफ्ना सदस्यले नेपाल भरको कुनै सहकारी संस्थाबाट आफ्नो खातामा रकम जम्मा गर्न र झिक्न सक्ने गरी अन्तर सहकारी कारोबार गर्न सक्नेछ।<br>(५) बचत तथा ऋणसम्बन्धी अन्तरसहकारी कारोबारको हकमा सम्बद्ध सहकारी संस्थाहरूले मन्त्रालयले सम्बन्धित विषयगत सङ्घ वा सहकारी बैङ्कको भूमिकासमेत निर्दिष्ट गरी तोकेको मानदण्ड पालना गर्नुपर्नेछ।<br>(६) अन्तरसहकारी कारोबार सम्बन्धी अन्य व्यवस्था मन्त्रालयले स्वीकृत गरेको कार्यविधिबमोजिम हुनेछ। | |

**अन्त्यमा,**

लेखा सुपरिवेक्षण समितिले माथि उल्लेखित ऐन, नियम तथा बुँदाहरुको ख्याल गरेमा सहकारीको लेखा परीक्षण प्रभावकारी हुने देखिन्छ।

# सहकारीमा कानुनी व्यवस्था र कार्यान्वयनको पाटो



✍ खिलानाथ दाहाल

कानुन अर्थात अनुशासन । कानुन, अनुशासनको पाटो हो । परिपालन गर्नेले समस्या भोग्नु पर्दैन र प्रतिफल पनि राम्रो पाउँछ भने पालना नगर्ने वा उलङ्घन गर्नेले सजाय भोग्नु पर्छ, सजायको भागीदार हुन्छ । सजाय कसुरको आधारमा तय गर्ने विषय हो । विषय प्रकृति अनुसारका कसुर र त्यसै अनुसारका राज्यद्धारा बनाइएका दण्ड जरिवानाको भागीदार हुनु पर्छ । जहाँ कसुर हुन्छन् वा हुने सम्भावना हुन्छ, जहाँ ऐन नियम कानुनको बर्खिलाफ काम हुन्छ वा हुने सम्भावना हुन्छ, त्यहाँ दण्ड जरिवाना सजायको मापदण्डहरूको निर्क्योल पनि राज्यको मूल कानुनले गरिरहेको हुन्छ । अनि विषयपरक कसुर र दण्ड जरिवानाको परिकल्पना पनि गरिएको हुन्छ ।

यसका लागि सम्बन्धित आधिकारिक निकाय पनि राज्यले तोकेको हुन्छ । त्यसैले हिजोको शताब्दीमा कानूनलाई पाप र धर्मसँग जोडिएको थियो । जसले अनुशासनको पालना गर्दैन उसलाई पाप लाग्ने मनोवैज्ञानिक दण्ड दिइन्थ्यो । अनुशासन पालनकर्तालाई धर्मको पुरस्कार पनि दिइन्थ्यो । त्यसैले वर्तमान कानुनका दस्तावेजहरू हिजोको धर्म र पापको परिस्कृत रूप हुन भन्नुमा अतिशयोक्ति नहोला ।

**प्रसङ्ग सहकारी संघ संस्थाले पालना गर्नुपर्ने कानुनी व्यवस्था**

विश्व सहकारीको उत्पत्तिलाई हेर्ने हो भने, श्रम शोषणमा परेका मजदुर हरूको जीवनसँग जोडिएर आएको छ । उनीहरूको कष्टपूर्ण दैनिकीको दिगो समाधान खोज्ने क्रममा सहकारीको उत्पत्ती भएको पाइन्छ । विश्व सहकारी इतिहासले पौने दुई सय वर्ष पार गरिसकेको अवस्था छ । बेलायतको रोचडेल शहरबाट सुरू भएको सहकारी पद्धति नेपालमा ६३ वर्षको भएको छ ।

रोचडेलका केही मजदुरहरूबाट सुरू भएको सहकारी अभियानले आज विश्वको आधा जनसङ्ख्या सहकारीमा आवद्ध गराइसकेको छ । अझ सहकारी अभियानमा महिला र यूवालाई बढी आकर्षित गराएको छ । अधिकांश

---

✍ अध्यक्ष, नेपाल सहकारी पत्रकार समाज ।

मुलुकको कूल ग्राहस्थ उत्पादनमा सहकारीले प्रमुख भूमिका खेलेका छन् । अन्य देशमा प्रशस्तमात्रमा सहकारीहरू उत्पादन क्षेत्रमा लागेका छन् । शिक्षा, स्वास्थ्य, रोजगार, सचार, कृषिमा सहकारीहरूको उपस्थिति बाक्लो छ ।

बाहिरी मुलुकमा सहकारीको माध्यामबाट सदस्यहरूले दैनिक उपभोग्य सामग्री देखि सबै सेवा तथा सुविधा पाएका छन् । विश्वमा रहेको सहकारी अभियान एउटै मूल्य मान्यता र सिद्धान्तबाट निर्द्धिष्ट भएका हुन्छन् । चाहे त्यो बचत तथा ऋृण सहकारी होस् चाहे त्यो बहुउद्धेश्यीय सहकारी । उत्पादन क्षेत्रका सहकारी हुन् वा सेवामुलक सहकारीहरू । सहकारीका सात सिद्धान्त पूर्णरूपमा पालना गर्नु नै सहकारी कानुन पालना गर्नु हो । आफू आवद्ध विषयको मूल्य, मान्यता, र सिद्धान्तको पूर्ण रूपमा बिना छलकपट आत्मसाथ गर्नु त्यसलाई अंगिकार गर्नु र त्यसको पालना गर्नु गराउनु अनुशासनमा रहनुनै कानुननको पालना गर्नु हो ।

हरेक देशका छुट्टै सहकारी ऐन नियम भए पनि अर्न्तराष्ट्रिय सहकारी महासंघले सहकारीहरूको लागि प्रतिपादित गरेको सात सिद्धान्तले नै विश्वका सहकारी अभियानलाई हेरिरहेको हुन्छ ।

सहकारी सेवासहितको व्यवसाय हो भन्ने गरिन्छ । सहकारीले आर्थिक, सामाजिक र सांस्कृतिक क्षेत्रमा काम गर्नु पर्छ, यही सहकारीको विश्वव्यापी मूल्य मान्यता हो ।

नेपालको सहकारी अभियान र कानुन कार्यान्वयनको पाटोको कुरा गर्नु भन्दा पहिला यसको सुरूवात र आवश्यकता अनि वर्तमान प्रयासहरूका बारेमा जान्नु आवश्यक छ । प्राकृतिक प्रकोपको चपेटामा परेका गोरखा र तनहुँका केही व्यक्ति तथा तिनका परिवारलाई पुनर्स्थापित गर्न २०१३ सालमा चितवनको बखानपुर (हालको शारदानगर) मा बसोबास गराई उनीहरूलाई आवश्यक पर्ने कृषि औजार मल विउ बीजन लगायतका सामग्री खरिद गर्न मासिक दश रूपैंया संकलन गर्ने गरी समाजसेवी बखानसिंह गुरूङ्गले सुरू गरेको बखान सहकारी ऋृण समिति नै आजको आधुनिक सहकारी अभियानको प्रारम्भिक रूप हो ।

यसले के प्रष्ट पारेको छ भने जहाँ सामाजिक समस्या आएको छ, त्यसको दिगो समाधानको रूपमा सहकारी पद्धतिको सुरूवात भएको छ । यसको अर्थ हाम्रो जस्तो भौगोलिक जटिलता भएका देशदेखि युरोप, अमेरिकाजस्ता विकसित मुलुकहरूमा पनि सहकारी पद्धती अत्यावश्यक छ । समाजका हरेक

पाटाहरूमा सहकारी पद्धतिको अपरिहार्यता छ ।

सहकार्य गर्ने गर्जो टार्ने, समुदायका विभिन्न समस्या हल गर्न सहकारी पद्धति अपनाइएको छ । अर्मपर्म, पैंचो, सापटी तथा सामूहिक समस्याको सामूहिक हल, भविष्यमा जोहो गर्ने कुरामा समेत सहकारी पद्धति सँगै आएको छ । त्यसैले अहिले आएर सहकारीको संस्थागत रूपमा परिवर्तन भई वर्तमानको आधुनिक सहकारी अभियानकै रूपमा अघि बढिरहेको छ ।

आजको दिनमा आइपुग्दा मुलुकभर ३५ हजार ७ सय ३७ वटा विभिन्न प्रकृतिका सहकारी संघसंस्थाहरू स्थापनामा देखिन्छन् । बचत तथा ऋण सहकारीका अलवा कृषि, बहुउद्धेश्यीय लगायत, उत्पादन क्षेत्रका सहकारी, सेवा क्षेत्रका सहकारीहरूका साथै तिनीहरूका विषयगत केन्द्रीय संघहरू, जिल्ला संघ, सहकारी बैंक र सहकारी महासंघ अभियानमा सरोकारवालको रूपमा रहेका छन् । नियामक निकायका रूपमा संघीय संरचना अनुसारका स्थानीय तहसँगै प्रदेश र संघले सहकारीको नियमनकारी भूमिका निभाएका छन् । सहकारी ऐन २०४८ पछि संख्यात्मक रूपमा फस्टाएको सहकारी अभियानले पुन ०७५ सालमा सहकारी ऐन पाएको छ । संगसंगै सहकारी नियामावली २०७६ पनि सहकारीको विकास प्रवर्द्धनका लागि आइसकेको छ ।

## राज्य तहबाट सहकारीको सम्वोधन

नेपालको संविधानले सहकारीलाई देशको अर्थतन्त्रको एउटा महत्वपूर्ण आधार स्तम्भको रूपमा लिएको छ । निजी र सार्वजनिक सरह सहकारीलाई तेश्रो खम्बाको रूपमा अंगिकार गरेको छ । सहकारीको उत्पादन क्षेत्रको पाटो कमजोर भए पनि सहकारी ऐन तथा नियामावलीले त्यो पाटोको अभावलाई परिपूर्ती गर्ने अवसर प्रदान गरेको छ । सहकारीलाई आफ्नो हैसियत बनाउन आर्थिक वर्ष २०७६/०७७ को बजेटले अवसर प्रदान गरेको छ । कूल ग्राहस्थ उत्पादनमा सहकारीको योगदान ४ प्रतिशतबाट वृद्धि गरी आफ्नो उपस्थितिलाई मजवुत वनाउने अबसर पनि दिएको छ ।

सहकारी ऐन २०७५ ले सहकारीलाई बचत तथा ऋणको कारोवारको अलवा उत्पादन क्षेत्रमा पुँजी लगानी गरी व्यवसाय, परियोजना, उद्योग संचालन गर्न सक्ने गरिदिएको छ । उत्पादन क्षेत्रमा काम गर्ने सहकारीहरूलाई सहुलियत तथा अनुदानको समेत व्यवस्था गरी यो क्षेत्रमा लाग्न प्रेरित गरेको छ ।

सहकारी क्षेत्रलाई अर्थतन्त्रको महत्वपूर्ण स्तम्भको रूपमा विकास गरी सबै सामाजिक तथा आर्थिक क्षेत्रमा सहकारीताको भावना विकास गरिने बजेटले बताएको छ । सहकारी संस्थाको नेतृत्वमा कृषिको आधुनिकीकरण, यान्त्रीकरण, बजारीकरण र गरिवी निवारण कार्यक्रम समेत सञ्चालन गरिने साथै सहकारीको माध्यमबाट कृषि प्रविधि, कृषि प्रसार र कर्जामा सहज पहुँच सुनिश्चित गर्ने जनाएको छ भने उद्योग, पर्यटन, उर्जा, आवास, शिक्षा तथा स्वास्थ्य क्षेत्रमा सहकारीको उपस्थिति बढाउने मौकासँगै अवसर पनि दिएको छ ।

जडिवुटीजन्य पदार्थको प्रशोधन गर्ने लगायत साना र मझौला उद्यमका साथै दुग्ध प्रशोधन, उपभोक्ता सुपथ मूल्य पसल, आवास विकास र नवीकरणीय उर्जा विकासमा सहकारी ढाँचालाई प्रोत्साहन गरिने राज्यको निती छ ।

सहकारीमा जोखिम न्यूनीकरणका लागि सहकारी कर्जा सूचना केन्द्र र सहकारी बचत तथा कर्जा सुरक्षण कोषको स्थापना गरिने बजेटले बोलेको छ। दीगो र उच्च आर्थिक वृद्धि हासिल गर्न सरकारी, निजी, र सामुदायिक क्षेत्रँगै सहकारीलाई पनि अवसर आएको छ। राज्यले राष्ट्रिय पुँजी निर्माण, रोजगारीमा सहकारीको पनि साथ खोजेको छ । सहकारी मार्फत कृषि उपजहरूको थोक बजार व्यवस्थापनको लागि प्रदेश तथा स्थानीय तहको समेत सहकार्यमा अत्याधुनिक कृषि बजार पूर्वाधारहरूको निर्माण तथा सञ्चालन गर्न अनुदान दिने व्यवस्था बजेटले गरेको छ ।

कृषिमा आधारित सहकारी उद्योगले पैठारी गर्ने ढुवानी साधनमा ५० प्रतिशत छुट दिने व्यवस्थाका साथै वित्तीय कारोबार गर्ने सहकारीहरूलाई नगरपालिका क्षेत्रभित्र पाँच प्रतिशत र उपमहानगरपालिका र महानगरपालिका क्षेत्रभित्रका सहकारीलाई दश प्रतिशत मात्र कर लाग्ने उल्लेख छ ।

संविधान, सहकारी ऐन, नियामावली, सम्पत्ति सुद्धीकरण निवारण ऐन, आर्थिक विधेयक, राष्ट्र बैंक ऐन, स्थानिय सहकारी ऐन लगायत सहकारीले सम्वोधन गर्ने विविध पक्ष र सरोकार निकायहरूको ऐन तथा नियामावलीमा सहकारीलाई सम्वोधन गरिएको पाइन्छ । सहकारी संघसंस्था संचालन गर्दा सहकारी कानुन पालना नगर्दा एक वर्ष र एक लाखदेखि दश वर्ष र दश लाख र त्यो भन्दा माथि कसूरका आधारमा दण्ड जरिवाना, कालो सूचीमा नाम राख्नेदेखि संस्था खारेजी लगायतका दण्ड जरिवाना सहकारीको कानुनले बोलेको छ । मूल कानुनले तोके र बोलेको ऐन कानुन मान्नु र पालना गर्नु

गराउनु सबैको दायित्व हुन्छ । राज्यले अवलम्बन गरेका नितीहरूको पालना गर्नु नागरिकको कर्तव्य हो ।

## के गर्ने सहकारीको साख जोगाउन

तर वर्तमान अवस्थामा सहकारीहरू एउटै मात्र उद्धेश्य बचत तथा ऋणमा सीमित हुनु, सम्भावना भएर पनि सहकारीहरू उत्पादनमा जान नचाहनु नियामक निकायको पनि कमजोरी हो भन्न सकिन्छ । सहकारी क्षेत्र विशुद्ध सामाजिक क्षेत्र भए पनि राजनीतिसँग जोडिँदा सहकारीको मूल मर्म मर्दै गएको छ । प्रवर्द्धन, विकास र दण्ड जरिवानाका लागि सहकारी कानुन बलियो भए पनि सहकारी क्षेत्रका समस्या र विकृतिमा कमी नआउनुमा नियामक निकाय भन्दा अभियान शक्तिशाली देखिएको छ। सहकारी अभियानमा राजनिति हावी भएकाकारण पनि सहकारी अभियानले प्रगतिको सास फेर्न कठिन भएको महसुस गर्न सकिन्छ । सहकारी अभियानले स्व-नियमन, स्व-सुशासनका पक्षमा सदस्यलाई जागरूक नगराउँदा कमजोर हुन गएको हो । यसले गर्दा सहकारीमा सीमित ब्यक्तिहरूले हालीमुहाली गर्न पाएका छन् । आफू पायक सहकारी कानून नआउदा विरोध गर्नेहरू अभियानमै एकरूपताको कमी देखिन्छ । सहकारी कानुनका दण्ड जरिवाना, कार्यकारी, दोहोरो सदस्यता, संख्यात्मक वृद्धि, केन्द्रीय संघको राजनीति, ऐन नीति नियम पालना गराउन नसक्नु नियामक निकायको कमजोरी रहेको छ । सहकारीमा राजनीतिक हस्तक्षेप, सहकारी अपरिहार्य हुँदा हुँदै पनि यसको महत्व आम सर्वसाधारणलाई बुझाउन नसक्नु, स्वार्थ वाझिने कार्य गर्ने र आफु हुँदो सहकारीको परिभाषा गर्ने परिपाटीअभियानले त्याग्नुपर्छ । सहकारीको पुँजी उत्पादनमा लगाउनुको विकल्प छैन ।

***

# सहकारी पत्रकारिता :
# हिजो, आज र भोली



✍ **यादव हुमागाइ**

नेपालमा वि.सं २०१० सालमा सहकारी विभागको स्थापना र २०१३ सालबाट सहकारी संस्था दर्ता भएको इतिहास छ। तर, लामो समय तत्कालीन राजनीतिक घटनाक्रमसँगै सहकारी क्षेत्र फस्टाउने अवसर भने पाएन्। लामो समयसम्म सरकार नियन्त्रित संस्थाका रूपमा सहकारी संस्थालाई अघि बढाइयो। जव २०४६ सालमा प्रजातन्त्र उदय भयो। जसपश्चात सरकारले अवलम्बन गरेको उदारवादी अर्थनीतिका कारण सहकारी क्षेत्रले पनि स्वतन्त्रताको अवसर पायो। सहकारी ऐन, २०४८ र सहकारी नियमावली, २०४९ का व्यवस्थाका कारण आम सर्वसाधारणले सहकारी संस्थाको छातामुनि समूहमा रही आफ्ना आर्थिक सामाजिक आवश्यकता परिपूर्तिका गर्ने वातावरण सिर्जना भयो। यही कारण सहकारी एउटा आन्दोलनका रूपमा स–सानो पुँजी, श्रम, सीप एकीकृत गर्दै गरिबी निवारण, आर्थिक तथा सामाजिक विकासका लागि एक महत्वपूर्ण क्षेत्रका रूपमा विकसित हुदै गयो। २०७६ सालसम्म आइपुग्दा राष्ट्रिय अर्थतन्त्रमा सहकारीले एउटा दरिलो उपस्थिति जनाइसकेको छ। सहकारी अभियानलाई व्यवस्थित रूपमा अघि बढाउनका लागि आम संचारमाध्यमको भूमिका यस लेखमार्फत उजारग गर्न खोजिएको छ। यसमा सहकारी ऐन, कानुन तथा सिद्धान्तको व्याख्या भन्दा पनि छुट्टै विटका रूपमा सहकारी पत्रकारिता गर्दाका अनुभवहरूलाई यहाँसामु प्रस्तुत गरेको छु।

प्रजातन्त्रको उदयसँगै संचार माध्यम पनि स्वतन्त्र भए। जसका कारण संचारमाध्यमको पनि विकास हुन थाल्यो। अझ २०६२/०६३ को जनआन्दोलनको सफलता पछि त संचारमाध्यमको तीव्र विकास भइरहेको छ। देशमा संघीय व्यवस्थाको कार्यान्वयसँगै राजनीतिक स्थायीत्व संकेतले पनि लगानीकर्ताको आकर्षण दिनप्रतिदिन बढ्दो क्रममा छ। फलस्वरूप संचारमाध्यममा पनि नयाँ नयाँ लगानी थपिने क्रम तीव्र छ। संघीय राजधानीका साथै प्रदेश राजधानी र स्थानीय तहसम्म केन्द्रित भई आमसंचारमाध्यम संचालन हुन थालेका छन्।

---

✍ संस्थापक अध्यक्ष, नेपाल सहकारी पत्रकार समाज।

राष्ट्रियस्तरदेखि स्थानीयस्तरसम्म पत्रपत्रिकाका साथै टेलिभिजन, एफ. एम. रेडियो र अनलाइन संचारमाध्यमहरू बढिरहेका छन् । आमसंचारमाध्ययमा नयाँ नयाँ प्रविधिको प्रयोग समेत भइरहेको छ । संचारमाध्यम र पत्रकारिताको व्यवसायिक विकाससँगै यसमा देखिएको अर्को सकारात्मक पाटो भनेको विशिष्टकृत संचारमाध्यम र विशिष्टकृत पत्रकारिता हो । राष्ट्रियस्तरदेखि स्थानीयस्तरसम्म विशिष्टकृत संचारमाध्यममा विट रिपोर्टिङका रूपमा कुनै विषयमा मात्र केन्द्रित रही विशिष्टकृत पत्रकारिताको प्रचलन पनि बढिरहेको छ । यही क्रममा सहकारीलाई क्षेत्रलाई केन्द्रीत गर्दै संचारमाध्यम संचालन गर्ने तथा सहकारी विटमा पत्रकारिता गर्ने क्रम विकास हुन थालेको छ । सहकारी क्षेत्रमा मात्र केन्द्रित रही संचारमाध्यम स्थापना गर्ने र सहकारी विषयलाई बिट बनाएर पत्रकारितातर्फ समेत आकर्षण बढिरहेको छ ।

नेपालमा कृषकलाई मल, बिउ र पुँजी पुऱ्याउनका लागि सुरू गरिएको सहकारी क्षेत्रको दायरा वृद्धि भइरहेकै छ । आम सर्वसाधारणहरू स्वस्फूर्त रूपमा आवद्ध भई सहकारी संस्थामार्फत बचत ऋणका साथसाथै कृषि, उपभोक्ता, स्वास्थ्य, शिक्षा, स्वास्थ्य, संचार, यातायातलगायतका क्षेत्रमा समेत सहकारीमार्फत काम भइरहेको छ । संविधानमा सहकारीलाई सार्वजनिक र निजीसँगै आर्थिक आधारको रूपमा स्वीकार गरिएको छ । यसैगरी सहकारी दर्ता र नियमनको अधिकार स्थानीय सरकारसम्म प्रदान गरिएकाले प्रत्येक तहमा सहकारी संस्था आर्थिक तथा सामाजिक विकासका बलियो आधार बन्ने सम्भावना देखिएको छ । बलियो कानुनी र नीतिगत प्राथमिकताका कारण पछिल्लो समय सहकारीप्रति आकर्षण दिनप्रतिदिन बढ्दो क्रममा छ ।

सहकारी विभागकै तथ्याङ्क हेर्ने हो भने करिब ३५ हजार सहकारीमा ६३ लाख सर्वसाधारण आवद्ध छन् । सहकारीले देशको कुल ग्राहस्थ उत्पादनमा ४ प्रतिशत र वित्तीय पहुँचमा २० प्रतिशत भन्दा बढी योगदान पुऱ्याएको तथ्याङ्क छ । यसैगरी सहकारीमार्फत अरबौं आर्थिक कारोबारसमेत भइरहेको छ । सरकारले सहकारीलाई दिएको प्राथमिकता, राष्ट्रिय अर्थतन्त्रमा यसको योगदान र अभियानमा सर्वसाधारणको सहभागिताका कारण सहकारी क्षेत्रका संचारमाध्यमका लागि एक सशक्त विट बनेको छ । सहकारीका समाचार आम सर्वसाधारणदेखि नीति निर्मातासम्म चासोको क्षेत्र बन्न थालेको छ । सहकारीका ऐन कानुनी व्यवस्थादेखि सहकारी अभियानका संघसंस्थाका गतिविधिहरू संचारमाध्यमका हेडलाइनमा समेटिन थालेका छन् । जसका

कारण सहकारी क्षेत्रका कमी कमजोरीलाई चिरफार गर्दै यसका सकारात्मक योगदान सरोकारवाला माझ पुऱ्याउन र सहकारी क्षेत्रको विकासमा सहयोग पुगेको अनुभव गर्न सकिन्छ ।

## वर्तमान अवस्था

अधिकांश सर्वसाधारण सहकारीसँगै कुनै न कुनै रूपमा जोडिएको र सहकारी आम चासोको विषय भएकाले सचारमाध्यमले समाचार तथा कार्यक्रममा सहकारीलाई प्राथमिकता दिन थालेका छन् । सबैभन्दा बढी प्राथमिकता छापा पत्रकारितामा पाएको देखिन्छ । राष्ट्रियस्तरमा आधा दर्जन सहकारी क्षेत्रका मासिक पत्रिका संचालनमा छन् । यसैगरी सहकारीलाई प्राथमिकता दिएका केही पाक्षिक र साप्ताहिक र आर्थिक दैनिक छन् । तरु ठूला मूलधारका दैनिकमा भने न्यून मात्र सहकारी समाचार आउने गरेका छन् । यस्तै सरकारले संचालन गरिरहेको रेडियो नेपालसहित अधिकांश एफएम रेडियोहरूले सातामा एक पटक भए पनि सहकारी कार्यक्रमहरू संचालन गरिरहेका छन् । छुट्टै कार्यक्रम बाहेक रेडियोका मुख्य समाचार बुलेटिनहरूमा भने सहकारी समाचारले कम प्राथमिकता नपाएको देखिन्छ । यसैगरी टेलिभिजनमा सहकारीसम्बन्धी एकाध कार्यक्रम छन् । पैसा लिएर प्रशारण हुने एडभोंटेरियल प्रकारको कार्यक्रममा सहकारी बारे प्रशारण भए पनि समाचार बुलेटिनहरूमा भने प्राथमिकता कम पाएको अवस्था छ । यसैगरी पछिल्लो समयमा विकास भएको अनलाइन संचार माध्यममा भने तुलनात्मक रूपमा सहकारी विषयले प्राथमिकता पाएको छ । सहकारी विषयलाई नै प्राथमिता दिएर केही अनलाइनहरू पनि संचालनमा छन् ।

समग्रमा भन्ने हो भने सहकारी विषयमा संचार माध्यममा प्राथमिकता पाउने क्रम बढ्दो छ । तर, केही आर्थिक पत्रपत्रिकाबाहेक अझै अधिकांश संचार माध्यममा सहकारीको रिपोर्टिङका लागि छुट्टै पत्रकार राखेको अवस्था छैन । आर्थिक क्षेत्रकै बैकिङ, कृषि या अन्य विट गरिरहेको पत्रकारलाई सहकारीको जिम्मेवारी दिएको अवस्था छ । सहकारीका समाचार प्रकाशन/प्रसारणमा कम प्राथमिकता भएकाले पनि पत्रकारहरू सहकारीका समाचार रिपोर्टिङमा त्यति उत्साहित नभएको यर्थाथता हामीसामु छ । संचारमाध्यममा पनि सहकारीका सकारात्मक काम भन्दा पनि नकारात्मक घटनाले बढी प्राथमिकता पाउने गरेको अवस्था छ ।

**अबको बाटो ?**

नेपालमा अहिलेसम्म सहकारीको संख्यात्मक वृद्धि उच्च भएको पाइन्छ । विशेष गरी आम सर्वसाधारसम्म सहकारीको बारेमा बुझाउन, सहकारीबारे जागरण गराउनमै संचारमाध्यम समेत उपयोग भएको देखिन्छ । सहकारीको संख्यात्मक विकाससँगै यस क्षेत्रमा विकृति विसंगतिसमेत देखिन थालेका छन् । अब सहकारीका विकृति विसंगतिलाई हटाउदै यसको गुणात्मक विकास अबको आवश्यक्ता हो । यही आवश्यकतालाई राज्यले पनि स्वीकार गरेर नयाँ सहकारी ऐन तथा नियमावली जारी गरेको छ । अब नयाँ ऐन र नियमावली अनुसार सहकारीलाई व्यवस्थित गर्न तथा सहकारीका विकृतिमा आम सर्वसाधारण तथा सरोकारवालाहरूलाई सचेत गराउनमा संचारमाध्यमले भूमिका निर्वाह गर्नुपर्ने आवश्यकता देखिन्छ ।

संचारमाध्यम तथा संचारकर्मीको भूमिका नै गलत कामको खवरदारी र सकारात्मक कामको प्रचारप्रसार नै हो । तर, सहकारी क्षेत्रका विकृतिबारे लेख्दा संचारमाध्मप्रति गलत आक्षेप पनि लगाउने प्रवृति बढिरहेको छ । संचारमाध्यमको धर्मलाई निर्वाह गर्दै गलत काम गर्ने सहकारी र तिनका सचालक विरूद्ध लेख्दा अभियानका नेताहरूको टाउको दुखाइ किन ? के सहकारी नेताहरू सुधार चाहदैनन् ? उनीहरू संचारमाध्यमको आलोचनात्मक सुझाव सुनेर सुध्रन आवश्यक छैन र

सहकारीले गरेका राम्रा कामको बारेमा किन समाचार बन्दैन त ? संचारकर्मीको आँखाले हेर्दा सहकारीले गरेका राम्रा कामको पनि धेरै समाचार आएका छन् । तर, जुन रूपमा सहकारीकर्मीले चाहेका छन्, राम्रा कामको बारेमा पनि ब्यानर न्यूज बनोस् भनेर सो स्थान पाउने स्केलमा सहकारीको काम देखिएको छैन । फेरि सहकारी संस्थाले आफू कत्तिको पारदर्शी भएका छन त ? आफ्ना गतिविधि आमसंचारमाध्यममा पुऱ्याउन कत्तिको पहल गरेको छन् ? यसले पनि महत्वपूर्ण भूमिका खेल्दछ । हो, सकारात्मक कामको पनि समाचार बन्नुपर्छ । जसको कारण राम्रो काम गर्ने सहकारीलाई प्रोत्साहन मिलोस् । तर संचारकर्मी आफै जादुको छडी त होइन, जसले सबै किसिमका सूचनाहरू थाहा पाओस्, उसले त जनताका सुचना आमसंचारमाध्यममा पुऱ्याउने मात्र हो । त्यसैले लुकेका समाचार बाहिर ल्याउनका लागि सम्बन्धित पक्षले पनि पहल गर्नु आवश्यक छ । सहकारीमार्फत भएका सकारात्मक

कामको बजारीकरण गर्न सकेमा अहिलेको सहकारीहरूले अन्तर्राष्ट्रिय छवि बनाउन सक्छन् । यसका लागि प्रारम्भिक संस्थादेखि राष्ट्रिय संघसम्मले व्यवस्थित र योजनाबद्ध तरिकाबाट अघि बढ्न जरूरी रहेको छ ।

संघीयतामा प्रवेश गरेसँगै सहकारीको दर्ता र प्रवर्द्धनकारी निकाय फेरिएको छ । समुदायमा आधारित हुने सहकारी संस्थाहरू अब स्थानीय सरकारकै मातहतमा रहने स्थानीय आर्थिक तथा सामाजिक विकासका सहकारीको भूमिका अझै महत्वपूर्ण रहन्छ । सहकारीले गरेका सकारात्मक कामको प्रचार र सहकारीमार्फत उत्पादित वस्तुहरूको प्रवर्द्धन गर्न सके सहकारीताको विकास र उद्यमशीलताको विकासमा समेत थप बल पुग्दछ । यस काममा सहकारी संस्थाका विषयगत जिल्ला संघ, केन्द्रीय संघ र राष्ट्रिय सहकारी महासंघका साथै नियमनकारी निकायले पनि भूमिका निर्वाह गर्न आवश्यक छ ।

सहकारी बिटलाई सशक्त र प्रभावकारी बनाउनका लागि सहकारीको नियामक तथा प्रवर्द्धन गर्ने निकाय, सहकारीका संघहरू र नेपाल सहकारी पत्रकार समाजलगायत सरोकारवालाको भूमिका सशक्ति बनाउन जरूरी छ । यसैगरी सहकारी क्षेत्रको प्रवर्द्धनका लागि संचारकर्मीको पहुँच हुनेगरी सहकारीको व्यवस्थित तथ्याङ्क राख्नुपर्ने अवस्था छ । अहिलेसम्म नेपालका सहकारीले कहाँ के गरेका छन् भन्ने विषय स्पष्ट रूपमा आउन सकेको छैन । सहकारीको दर्ता तथा अनुगमन गर्ने निकाय विभागले सहकारी क्षेत्रको योगदानको तथ्याङ्क बाहिर ल्याउन सकेको छैन । सहकारी बारे अध्ययन, अनुसन्धान, विश्लेषणलगायत प्राज्ञिक कार्य आवश्यक छ भने व्यवस्थित सूचना प्रणाली पनि आवश्यक रहेको देखिन्छ । यसैगरी संचारकर्मीलाई सहकारी विषययमा दक्षता अभिवृद्धि गर्नका लागि राष्ट्रिय तथा स्थानीय स्तरका तालिम कार्यक्रम पनि आवश्यक छ ।

***

# नेपालमा श्रमिक सहकारीका सम्भावना



✍ **कृष्णप्रसाद पाठक**

श्रमिक सहकारीको विकास कार्यस्थलमा प्रजातान्त्रिक अभ्यासको आकांक्षा राख्ने श्रमिकहरूको अगुवाईबाट भएको हो । श्रमिकहरूले कार्यस्थलमा आफ्नो स्वामित्व स्थापित गर्दा उनीहरूको लागि संस्थामा विशिष्ट खालका अवसररूको सिर्जना हुन जान्छ । ज्यालामा अतिरिक्त मूल्यको सिद्धान्तले काम गर्दैन । रोजगारदाताको मातहतमा काम गर्नुको सट्टा श्रमिकहरू आँफै रोजगारका सर्जक बन्दछन् । हरेक श्रमिकले आफ्नो अभिलाषा अनुसारको सीप विकाश गर्ने अवसरको सिर्जना गर्ने वातावरण तयार गर्न प्रजातान्त्रिक तरिकाले प्रयास गर्न सक्दछ । श्रम सहकारीले आफु श्रमिकको अवस्थामानै नरहने गरी व्यावसायिक क्रियाकलाप संचालन गर्न सक्दछन् । पुँजी बजारबाट पुँजी प्राप्त गर्न, ऋण लिन तथा कुनै पनि व्यावसायिक क्रियाकलाप संचालन गर्न सक्दछन् । श्रमिक सहकारीहरूले आफ्नो सदस्य-आधारमा नभएका व्यवस्थापक, लेखापाल, इन्जिनियर आदि सीपयुक्त जनशक्तिलाई कर्मचारीकोरूपमा नियुक्त गर्न सक्दछन् । कार्यस्थलको कुल कामदारहरूको बाहुल्यतामा यस्ता कर्मचारीको बाहुल्यता हुनु हुँदैन । निश्चित समय परीक्षणकालमा राखे पछि यस्ता कर्मचारीलाई संस्थाको सदस्यता दिन सक्दछन् । नयाँ सदस्य थप गर्दा ८०% सदस्यले स्वीकृति दिनु पर्दछ ।

अमेरिका र युरोपमा श्रम सहकारीहरूको प्रादुर्भाव चली राखेका साना तथा मझौला उद्योग तथा व्यवसायहरू बाट भएको पाईन्छ । व्यवसायको मालिकले पहल गरेर वा श्रमिकहरूले पहल गरेर शुरू गरेको पाईन्छ । जापानमा दोश्रो विश्वयुद्धमा भाग लिएका रिटायर्ड आर्मीहरूले आफु बेरोजगार भए पछि सन् १९७९ मा शुरू गरेका थिए । भारतमा सन् १९३३ तिर श्रम सहकारीको स्थापना भएको पाईन्छ । सन् १९९५ देखि यता शुरू भएको श्रम सहकारीले अमेरिका र युरोपमा वर्तमानमा एक लहरको रूप लिएको छ । श्रम सहकारीलाई रोजगारीको संरक्षण गर्ने संगठनात्मक आर्थिक उपकरणको

---

✍ सहकारी अभियन्ता ।

रूपमा लिइएको छ ।

नेपालको सन्दर्भमा नेपालको विशिष्ट अवस्थालाई संबोधन गर्ने गरी श्रम सहकारीहरूको प्रबर्धन गर्नु उपयुक्त हुन सक्छ । सार्वभौम नागरिकहरूले सामान्य सहकारी खोले झै श्रम सहकारी खोलेर व्यावसायिक क्रियाकलाप संचालन गर्न श्रम सहकारीको स्थापना गर्न १५ जना वा सो भन्दा बढी व्यक्ति संगठित हुन सक्दछन् । सामान्यीकरण गर्दा नेपालमा जुनसुकै उमेरका बालिगहरू मिलेर श्रमिक सहकारी खोल्न सक्दछन् । नेपालका गाउँहरूमा युवाहरूको नितान्त कमी छ । हाम्रो खेती प्रणालीले स्थानीय युवाहरूको श्रमलाई आकर्षित गर्न न्यूनतम रूपमा अरबका देशहरू तथा मलेसियासँग प्रतिस्पर्धा गर्नुपर्ने अवस्थाको विकास भएको छ । यस अवस्थामा परम्परागत रूपमा पारिवारिक व्यवस्थापनमा कृषिको व्यावसायिकीकरण गर्ने वातावरण छैन । पहाडी क्षेत्रमा रहेका स-साना टुक्राहरूमा बाँडिएको भु-स्वामित्वको वर्तमान अवस्थामा ठुला व्यावसायिक संस्थालाई आकर्षित गर्न सकिने सम्भावना पनि छैन । पहाडी क्षेत्रमा श्रम सहकारीहरूले संस्थागत पूर्वाधारको रूपमा देहायका कदमहरू चाल्ने उपयुक्त संगठनात्मक माध्यम बन्न सक्दछन् । ती अपेक्षित कदमहरू निम्नानुसार छन् ।

**१. कृषिका यान्त्रीकीकरण गर्ने**

गाँउमा श्रम शक्तिको अभाव, अदक्ष जनशक्ति र अरबसँग प्रतिस्पर्धा गर्ने ज्याला दरको कारण कृषिमा यान्त्रीकीकरण गर्नुपर्ने भएको छ ।

**२. व्यावसायिक कृषि व्यवस्थापन क्षमताको विकास**

गाँउमा रहेका खाली जग्गाहरूलाई ब्यवस्थापन गर्न सक्ने र पारिबारिक खेति प्रणाली भन्दा उच्च उत्पादकत्व साथ प्रतिफल दिन सक्ने खेति ब्यवस्थापन क्षमता भएका ब्यावशायिक खेति ब्यवस्थापन गर्न सक्ने व्यावसायिक संस्थाको विकास गरी जग्गा धनीहरूलाई जग्गा आफ्नो व्यवस्थापनमा राख्नु भन्दा राम्रो विकल्प दिएर कृषिमा १०५ भन्दा कम जनसंख्यालाई आश्रित भए पुग्ने र बाँकी जनसंख्यालाई खेतीबाट स्वेच्छिक फुर्सद दिन सकिने अवस्थाको विकास गर्ने ।

**३. सुनिश्चित र पारदर्शी मुल्य श्रृंखलाको निर्माण गर्ने**

नेपालको कृषि उपज बजारीकरणमा विगतमा सचेत भएर लाग्दाको अनुभवले देखाएको र विकसित देशको मूल्य श्रृखलाका अवलोकन गर्दाको निस्कर्ष निस्कन्छ कि वर्तमान नेपालको कृषिउपज बजारीकरण प्रणालीमा कृषिलाई व्यवसायिकीकरण गर्न लगानी गरेर सफलता पाउन सम्भव छैन ।

उत्पादकको पहिचानमा न्युनतम थोक बजारसम्म कृषि उपज लान सक्ने र विशेष मूल्य अभिबृद्धि गरेर खुद्रा बजारसम्म उत्पादकको पहिचानमा लान सक्ने अवस्थाको सिर्जना गर्ने, post harvest loss को परिभाषाले उपभोग अगाडि हुने मूल्य ह्रासलाई समेट्ने र पूर्वाधार सेवाको विस्तार गर्ने ।

यी तीन कदमकरू चाल्न सरकार, सहकारी, निजी क्षेत्रबीच सहकार्य हुनु आवश्यक छ। यस कार्यमा श्रम सहकारीहरूले कृषिको व्यावसायिकीकरण गर्न नेतृत्वदायी भूमिका खेल्न सक्ने गरी श्रमिक सहकारी संस्थाहरूको प्रबर्द्धन गर्न सकिन्छ । श्रमिक सहकारीका अन्य प्रयोगहरूमा सफ्टवेयर डेभलपर्स श्रमिक सहकारी, बेबी केयर आदि । समुदायका युवाहरूलाई निर्माण, सेवा व्यवसायमा संलग्न गराउन श्रमिक सहकारीहरू उपयुक्त संस्थागत माध्यम हुन सक्दछन् । नेपालमा सवै पेशाहरूलाई समान रूपमा मर्यादित बनाउन श्रमिक सहकारीहरू उपयुक्त माध्यम हुन सक्दछन् ।

श्रमिक सहकारी संस्थाले अन्तरराष्ट्रिय सहारिताका सिद्धान्तहरू, मूल्यमान्यताहरूलाई अक्षरशः पालना गर्दछन् । २००५ सितम्बर २३ मा कार्टाहेनामा श्रमिक सहकारीको विषयमा अन्तरराष्ट्रिय घोषणालाई अन्तर ाष्ट्रिय सहकारी संगठन (ICA -International cooperative Alliance) ले अनुमोदन गर्यो । यस घोषणाले श्रम सहकारीका बिषयमा आधारभूत सिद्धान्तहरू प्रतिपादन गरेको छ ।

**सामान्य समझदारीहरू:**

मानवताले सम्मानजनक श्रम सम्वन्ध हासिल गर्न चाहन्छ । वर्तमान समयमा मान्छेले तीन तरिकाले काम गर्ने अवसर पाएको हुन्छ: (१) स्वरोजगार, (२) ज्यालादारी र (३) श्रमिकको स्वामित्वमा सञ्चालित व्यावसायिक तथा करारका कामहरू । कामदारको स्वामित्वका विभिन्न विधाहरूमध्ये सहकारीको विधालाई अन्तरराष्ट्रिय सहकारी संगठन (ICA) ले सहकारिताका पहिचानको विवरण (Statement on the Cooperative Identity-Manchester 1995) मा बयान गरेको छ। अन्तरराष्ट्रिय स्तरमा श्रमिक सहकारिताको विकास गर्न र यसका सम्भावित दुरूपयोग रोक्न श्रम सहकारीका आधारभूत विशेषताहरू र आन्तरिक संचालन नियमहरूको लागि विश्वव्यापी रूपमा परिभाषित गर्नुपर्ने आवश्यकतालाई यो घोषणाले सम्बोधन गरेको छ । विश्वव्यापी घोषणाले आपसमा सहकार्य गर्ने

श्रमिकहरूको स्वामित्वको महत्वमा प्रकाश पारेको छ, श्रमिक सहकारीको प्रवर्द्धन र सहकारीहरूको अन्य विधाका व्यवशायहरू, राज्य तथा अन्तरराष्ट्रिय संस्थाहरूसँगको सम्बन्धको व्याख्या गरेको छ । अन्तरराष्ट्रिय औद्योगिक तथा सेवाक्षेत्रका सहकारीहरूको संगठन ऋक्षऋइएब ले श्रमिक सहकारीहरू, सामाजिक सहकारीहरू तथा उत्पादन सहकारीहरूको प्रवर्द्धन गर्दछ । यसले अन्य प्रकारका सहकारिताका विधाहरू जसले श्रमिकको स्वामित्व, श्रमिकको प्रतिनिधित्व तथा हितलाई प्रबर्द्धन गर्दछन् लाई प्रवर्धन गर्दछ । यस अनुसार श्रम सहकारीका आधारभुत बिशेषताहरू निम्नानुसार छन् ।

**श्रम सहकारीका आधारभुत विशेषताहरू**

१. श्रमिक सहकारीहरूले सदस्यहरूको जीवनस्तर विकास गर्न रोजगारीको सिर्जना गर्दछन्, सम्पत्तिको सिर्जना गर्दछन् र आफ्ना सदस्यहरूलाई प्रजातान्त्रिक स्व-व्यवस्थापन गर्ने अवसर दिन्छ र सामुदायिक तथा सामाजिक विकाशलाई प्रवर्द्धन गर्दछ ।
२. सदस्यहरूको श्रम र श्रोतहरूबाट योगदान गर्न स्वतन्त्र र स्वेच्छिक प्रवेशको अवस्थालाई कार्यस्थलको आवश्यकताले निर्धारण गर्दछ ।
३. कार्यस्थलमा सदस्यहरूको बाहुल्यता रहनु पर्छ ।
४. सहकारी र श्रमिक सदस्यबीचको सम्बन्ध परम्परागत ज्यालादारी सम्बन्ध भन्दा फरक भै व्यक्तिगत कामको स्वायत्तता तर्फ निर्देशित हुन्छ ।
५. आन्तरिक नियमहरू औपचारिक रूपमा परिभाषित गरिएका हुन्छन्, प्रजातान्त्रिक तरिकाले सहमति भै श्रमिक सदस्यहरूले स्वीकार गरिएका हुन्छन् ।
६. श्रम सम्बन्ध निर्धारण गर्न र व्यवस्थापन गर्न, उत्पादनका साधनहरूको प्रयोग तथा व्यवस्थापन गर्न श्रमिक सहकारीहरू राज्य तथा तेश्रो पक्षसँग स्वायत्त र स्वतन्त्र हुन्छन् ।

**आन्तरिक कार्य बिधीहरू:**

श्रमिक सहकारीहरूले निम्नानुसारका कार्यविधिहरू अनिवार्य रूपमा पालना गर्नु पर्दछ ।

१. सदस्यहरूको कामको पारिश्रमिक न्यायोचित रूपमा दिने । अधिकतम र न्युनतम ज्याला दरको अन्तर कम गर्ने ।
२. पुँजी बृद्धि तथा वितरित नहुने कोष तथा सुरक्षणहरूको विकासमा

योगदान गर्ने ।

३. राम्रो कार्य वातावरण विकास गर्न तथा राम्रो संगठनात्मक वातावरण तयार गर्न आवश्यक सुविधाहरू उपलब्ध गराउने ।

४. श्रमिक सदस्यहरूलाई कल्याणकारी योजना, सामाजिक सुरक्षा, पेशागत स्वास्थ्य सुरक्षा जस्ता सेवा प्रदान गर्ने र सुत्केरी बिदा, शिशु स्याहार तथा नावालिग श्रम निवारण जस्ता नियमहरू अक्षरश पालना गर्ने।

५. संस्थाको व्यवस्थापनका सबै तहमा र संस्थाका हरेक निर्णायक मोड तथा घटनाहरूमा प्रजातान्त्रिक अभ्यास गर्ने ।

६. स्थायी रूपमा श्रमिक सदस्यहरूलाई शिक्षा, तालिम र सुचना प्रवाहको सुनिश्चितता गरी श्रमिक सहकारीहरूको पेशागत ज्ञानको स्तर तथा श्रमिक सहकारिताका नमुना विकास गर्न र नव प्रबर्तन तथा राम्रो व्यवस्थापन (Innovation and good management) लाई उत्प्रेरित (Stimulate) गर्ने ।

७. सदस्यहरूको पारिवारिक तथा सामुदायिक विकासमा योगदान गर्ने ।

८. श्रमजीविहरूको अवस्था अनिश्चित बनाउने काममा श्रमिकलाई नै हतियार बनाउने तथा परम्परागत रूपमा रोजगारीको मध्यस्थता गर्ने कार्यहरू बिरूद्ध संघर्ष गर्ने ।

यसरी श्रमिक सहकारीको लागि विश्वव्यापी घोषणाले आन्तरिक कार्यविधिहरूमा यी उपरोक्त सिद्धान्तहरूको प्रतिपादन गरेको छ । यसका साथै सहकारिताको अभियानसँगको सम्बन्धको विषयमा सम्बोधन गरेको छ । श्रमिक सहकारीको रूपमा आएको विश्वव्यापी अभियानले रोजजारीको सुरक्षा गरेको र कार्यस्थलमा प्रजातान्त्रिक अभ्यास गर्न पाउँदा विकसित देशहरूमा परम्परागत श्रम बजारमा काम गरेर व्यवस्थापन सीप तथा संस्थागत संस्कृतिबाट खारिएका कामदारहरू श्रमिक सहकारीमा संगठित हुँदा धेरै उत्प्रेरित भएको पाइएको छ । चलिराखेको व्यवसाय र सोही व्यवसायमा काम गर्ने व्यवस्थापकहरू, तथा प्राविधिक तथा सहायक कर्मचारीहरूबाट श्रमिक सहकारीमा परिवर्तन हुने परिस्थिति भन्दा नेपालको परिवेश फरक छ । नेपालको सन्दर्भमा समुदायमा रहेका युवा तथा सबै काम गर्न सक्ने व्यक्तिहरूलाई निश्चित प्रकृयाबाट समेटेर श्रमिक सहकारीहरूले समुदायमा कृषिको व्यवसायिकीकरण, सेवा, निर्माण, वैज्ञानिक वन व्यवस्थापन, पशुपालन, फलफुल खेती जस्ता क्षेत्रमा नयाँ आयाम ल्याउन

श्रमिक सहकारी संस्थाले उपयुक्त आर्थिक ऊपकरणको भर्समिका निर्वाह गर्ने विश्वास लिन सकिन्छ । सबै खाले पेशाहरूलाई मर्यादित र व्यवसायिक बनाउन श्रम सहकारीहरू उपयुक्त उपकरण हुन सक्छन् । एउटा युवाले रोजगारी शुरू गर्न गर्नुपर्ने संघर्षको तीव्रता कम गर्न (अरनिकोलाई चीनले र गोर्खाली बहादुरीलाई ब्रिटिशले चम्काएको विपरित) आफ्ना स्थानीय प्रतिभाहरूलाई आफ्नै समुदायमा चम्काउने संस्थागत पूर्वाधारको रूपमा श्रम सहकारीको प्रवर्द्धन गर्ने सपना कुनै दिन साकार भए राम्रो हुन्थ्यो । तथास्तु ।

**सन्दर्भ सामग्रीः**

World Declaration on Worker Cooperatives - CICOPA
www.cicopa.coop/cicopa_old/World-Declaration-on-Worker 1947. html

***

# सहकारीको प्रवर्द्धन / नियमनमा संघ, प्रदेश र स्थानीय तहको भूमिका :



✍ सूर्यकुमार श्रेष्ठ

**ऐतिहासिक पृष्ठभूमिः**

परनिर्भरतावाट उन्मुक्ति लिई आत्मनिर्भर बन्न सहकार्यात्मक व्यवसाय गर्न चाहने नागरिकहरू मिलि सहकारीको गठन, दर्ता, स्थापना र संचालन गरी स्वरोजगारमुलक कार्य पद्धति अपनाउँछन् । स्वरोजगारमूलक कार्यपद्धतिलाई जीवन्त राख्ने थलो सहकारी संस्था भएकोले सो को विकास र विस्तार गरी सदस्य केन्द्रिय सहकारी व्यवसाय गरी व्यवसायको माध्यमले आर्थिक उपार्जन गर्ने साधनको रूपमा लिनुपर्छ । सहकारी पद्धति अपनाउने राष्ट्रले आफ्नो राष्ट्रको मूल कानूनमा सहकारीलाई समावेश गर्नु पर्दछ । सहकारीलाई वढावा दिई व्यवस्थित र मर्यादित गर्न नेपालको संविधान को २०७२ को धारा ५० को उपधारा ३ मा सार्वजनिक, नीजि र सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्र विकास गर्ने आर्थिक उद्देश्य भएको तथ्यता खुलाएको छ । धारा ५१ को उपधारा (घ१) मा सार्वजनिक, नीजि र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकास मार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने उद्धेश्य लिएको पाइन्छ। त्यस्तै धारा ५७ मा राज्यका तहहरू (संघ, प्रदेश र स्थानीय) को व्यवस्था गरिएकोछ। धारा ५७ र अनुसूची ५ मा सहकारी सम्वन्धी संघको एकल अधिकार, अनुसूची ६ मा प्रदेशको एकल अधिकार र अनुसूची ८ मा स्थानीय तहको एकल अधिकार, अनुसूची ७ मा संघ र प्रदेशको साझा अधिकार र अनुसूची ९ मा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको व्यवस्था गरिए अनुसार नेपाल सरकार ( मन्त्रीपरिषद ) को मिति ०७३/१०/१८ को निर्णयानुसार कार्य विस्तृतिकरण प्रतिवेदनलाई स्वीकृत गरि कार्यान्वयनको चरणमा पुऱ्याइएकोछ । जस अनुसार संघिय सहकारी सम्वन्धी राष्ट्रिय नीति, कानुन, मापदण्ड प्रादेशिक नीति, कानुन, मापदण्ड, स्थानीय नीति, कानुन, मापदण्ड तयार गरी कार्यान्वयन गराउने र दर्ता, अनुमती,खारेजी, एकिकरण र विघटनका साथै नियमन गरि सहकारी

✍ पूर्व कर्मचारी, सहकारी तथा गरिवी निवारण मन्त्रालय ।

क्षेत्रको प्रवर्द्धन परिचालन र विकास गर्न अभिप्रेरितगर्न गराउन अग्रगामी मार्ग निर्देश गराउनु हो । जसलाई कार्यरूप दिन मिति ०७४/०७/०१ मा सहकारी ऐन, २०७४ पारित गरिएको छ । तसर्थ सहकारीको प्रवर्द्धन गर्नु सहकारी मार्फत गरिने साझा व्यवसायिक क्रियाकलापको प्रवर्द्धन गर्नु हो । सहकारी व्यवसाय गर्ने क्रममा सहकारी संस्थाहरूले व्यवस्थापन कार्य संस्थाको विनियम, सहकारी ऐन, २०७४ र सहकारी नियमावली, २०७५ मा व्यवस्था गरिएका प्रावधान अनुसार गरेका छन् , छैनन् ? सो को अनुगमन र मुल्याङ्कन गरी सुधार गर्नु पर्ने भए सुधार गर्न निर्देशन दिने पद्धतिलाई नियमन भनिन्छ । नियमनको शाब्दिक अर्थ नियम संगत रूपा संचालन भएको छ, छैन ? सो को जाँचपडताल गर्नु हो ।

सहकारी ऐन, २०७४ र सहकारी नियमावली, २०७५ संघिय संरचनामा आधारित ऐन र नियमावलीको  दस्तावेज हो । अत प्रदेश र स्थानीय तहले सहकारी ऐन र नियमावली बनाई कार्यान्वयन गराउनु पर्छ । प्रदेश र स्थानीय तहको सहकारी ऐन र सहकारी नियमवली बनाई लागु नगरेसम्म सहकारी ऐन, २०७४ को दफा १५० मा व्यवस्था गरिएको अन्तरीम व्यवस्था अनुसार दफा १५० को उपदफा (३) अनुसार सहकारी ऐन, २०७४ को परिच्छेद १७ र सहकारी नियमावली, २०७५ को परिच्छेद १३ मा निरीक्षण तथा अनुगमनको व्यवस्था गरिएको छ । सोही अनुसार नियमन गर्ने आधार प्रष्टिएको छ । जस्को संक्षेपमा निम्नानुसार उल्लेख गरिएको छ ।

**सहकारीको प्रवर्द्धन :**

नेपाल सरकारको तर्फवाट सहकारीको प्रवर्द्धनका लागि संघ, प्रदेश र स्थानीय तहमा सहकारी हेर्ने सरकारी निकायवाट संस्थाका संचालक, व्यवस्थापक र कर्मचारीलाई सहकारी सम्वन्धी अभिमुखीकरण प्रशिक्षणको प्रवन्ध गरी क्षमता अधिवृद्धिमा जोड दिनु पर्छ । जस्ले सहकारीका मूल्य, मान्यता र सिद्धान्तका साथै सहकारी दर्शन, सहकारी आदर्श, सहकारी भावना र मर्मको विकास गराई सहकारीको प्रवर्द्धनमा टेवा पुर्‍याउनु पर्छ । सहकारी संस्थाको तर्फवाट नियमित रूपा संचालक समितिको बैठक प्रत्येक महिनामा बस्ने, लेखा तथा सुपरीवेक्षण समिति र उप-समितिहरूको वैठक विनियममा उल्लेख गरिएको समयमा बस्ने, आर्थिक वर्ष समाप्त भएको मितिले ३ महिना भित्र इजाजत प्राप्त लेखापरीक्षकद्धारा संस्थाको लेखापरीक्षण (वार्षिक हिसाब

जाँच)गराउने, वार्षिक साधारण सभा गर्ने, संचालक समिति र लेखा तथा सुपरीवेक्षण समितिका पदाधिकारीहरूको निर्वाचन गराउनु पर्ने भए गराउने, सहकारी संस्थाहरूले आफ्नो संस्थाको स्वीकृत विनियममा व्यवस्था गरिए अनुसारको उद्देश्यमा केन्द्रित गरी कार्य गर्न सहकारी ऐन, २०७४ र सहकारी नियमावली, २०७५ लाई आत्मसात गरी वार्षिक साधारण सभाको प्रथम सत्रमा प्रस्ताव राखी द्वितीय सत्रमा उक्त प्रस्तावमा सभामा हस्ताक्षर सहित उपस्थित सदस्यहरूलाई सरिक गराई निर्णय प्रक्रिया पुऱ्याई आन्तरीक व्यवसायिक संरचना तर्जुमा गरि व्यवसायिक क्रियाकलाप संचालन गर्दै जाने परिपाटीलाई सहकारीको प्रवर्द्धन भनिन्छ । सहकारीको प्रवर्द्धनवाट सदस्यहरूको आर्थिक उन्नति, संस्थाको आर्थिक विकास र देशको अर्थतन्त्रमा सघाउ पुऱ्याउँछ । देशको अर्थतन्त्र मजबुत पार्न सक्रिय भूमिका खेल्ने एउटा खम्बा सहकारी भएकोले यसको प्रवर्द्धन / नियमन नियमित रूपा हुनु अति जरूरी छ। तसर्थ सहकारीको नियमनमा संघ, प्रदेश र स्थानीय तहको भूमिका अपरिहार्य छ । जस्ले सहकारीको प्रवर्द्धनमा सधाउ पुऱ्याउनुका साथै सहकारीको गरिमालाई उच्च राख्दछ ।

**नियमनमा संघ/प्रदेश र स्थानीय तहको भूमिका :**

सहकारी ऐन, २०७४ को दफा ९५ मा निरीक्षण तथा हिसाव किताव जाँच गर्ने व्यवस्था गरिएकोछ । दफा ९५ (१) मा रजिष्ट्रार वा रजिष्ट्रारवाट अधिकार प्राप्त अधिकारीले सहकारी संस्थाको जुनसुकै वखत निरीक्षण तथा हिसाब जाँच गर्न, गराउन सकिन्छ। दफा ९५(२) मा नेपाल राष्ट्रबैंकले जुनसुकै बखत सहकारी बैंकमा तोकिएको भन्दा बढी आर्थिक कारोवार गर्ने सहकारी संस्थाको हिसाब किताब वा बित्तीय कारोवारको निरीक्षण वा जाँच गर्न, गराउन सक्नेछ । दफा ९५(३) मा उपदफा (२) को प्रयोजनको लागि नेपाल राष्ट्र बैंकले आफ्नो कुनै अधिकारी वा विशेषज्ञ खटाई आवश्यक विवरण वा सूचनाहरू सहकारी बैंकवाट झिकाई निरीक्षण तथा सुपरीवेक्षण गर्न सकिन्छ। दफा ९५(४) मा उपदफा (१) वा (२) वमोजिम निरीक्षण वा हिसाब जाँच गर्दा नेपाल राष्ट्र बैंक, रजिष्ट्रार वा रजिष्ट्रारवाट अधिकार प्राप्त अधिकारीले माग गरेका जानकारी सम्वन्धित सहकारी संस्थाले उपलव्ध गराउनुपर्नेछ । दफा ९५(५) मा उपदफा (१) वा (२) बमोजिम निरीक्षण वा हिसाब किताब जाँच गर्दा कुनै सहकारी संस्थाको कारवाही यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम,

निर्देशिका, मापदण्ड वा कार्यविधि बमोजिम भएको नपाईएमा नेपाल राष्ट्र बैंक  रजिष्ट्रार, रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले सम्वन्धित सहकारी संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु त्यस्तो सहकारी संस्थाको कर्तव्य हुन्छ भन्ने व्यवस्था गरिएको छ। सहकारी नियमावली, २०७५को नियम ७१ मा नेपाल राष्ट्रबैंकले निरीक्षण तथा हिसाव किताव जाँच गर्न सक्ने व्यवस्था गरिएको छ। नियम ७१ को उपनियम (१) मा ऐनको दफा ९५ को उपदफा (२) बमोजिम नेपाल राष्ट्र बैंकले सहकारी बैंकका अतिरिक्त पचास करोड रूपैंया भन्दा वढिको वचत तथा ऋणको कारोवार गर्ने सहकारी संस्थाको निरीक्षण तथा हिसाव किताव जाँच गर्न, गराउन सक्नेछ। नियम ७१ को उपनियम (२) मा रजिष्ट्रारले उपनियम (१) बमोजिम नेपाल राष्ट्र बैंक वाट भएको निरीक्षण वा हिसाव जाँच प्रतिवेदन सिफारिसहरूको कार्यान्वयनको व्यवस्था मिलाइने छ भन्ने प्रावधान रहेको छ।

सहकारी ऐन, २०७४ को दफा ९७ मा वचत तथा ऋणको कारोवार गर्ने संस्था वा संघको निरीक्षण तथा अनुगमन सम्वन्धि विशेष व्यवस्था गरेकोछ। जस अनुसार दफा ९७(१) मा वचत तथा ऋणको मुख्य कारोवार गर्ने संस्था वा संघले तोकिए वमोजिम अनुगमन प्रणाली अवलम्वन गर्नु पर्नेछ। दफा ९७ (२) रजिष्ट्रार वा रजिष्ट्रारवाट अधिकार प्राप्त अधिकारीले वचत तथा ऋणको कारोवार गर्ने संस्था वा संघको तोकिए बमोजिमको अनुगमन प्रणालीमा आधारित भै निरीक्षण तथा अनुगमन गर्नेछ। दफा ९७ (३) उपदफा (२) बमोजिम संस्था वा संघको निरीक्षण तथा अनुगमन गर्दा रजिष्ट्रार वा रजिष्ट्रारवाट अधिकार प्राप्त अधिकारीले आवश्यकता अनुसार नेपाल राष्ट्र बैंक लगायतका अन्य निकायको सहयोग लिन सक्नेछ। दफा ९७ (४) वचत तथा ऋणको कारोवार गर्ने संस्था वा संघको निरीक्षण तथा अनुगमन सम्वन्धी उक्त तोकिए वमोजिम हुनेछ भन्ने व्यवस्था गरेको पाईन्छ भने सहकारी नियमावली, २०७५ को नियम ७२ मा निरीक्षण तथा अनुगमन सम्वन्धी विशेष व्यवस्था गरिएकोछ। जस अनुसार नियम ७२ (१) ऐनको दफा ९७ को उपदफा (४) वमोजिम वचत तथा ऋणको मुख्य कारोवार गर्ने देहायको सहकारी संस्थाको हकमा देहाय वमोजिम मन्त्रालय, नेपाल राष्ट्र बैंक, विभाग, प्रदेश सरकार र स्थानीय तहको संयुक्त टोली वनाई सघन अनुगमन गर्ने व्यवस्था मिलाईने छ  भन्ने प्रावधान राखिएको छ ।

क) स्थानीय तहको नियमन क्षेत्राधिकार भित्रका पाँच करोड रूपैंया भन्दा

बढी वचत दायित्व भएका सहकारी संस्थाको स्थानीय तह र प्रदेश सरकारको सहकारी नियामक निकायको तर्फवाट,

ख) स्थानीय तह वा प्रदेश सरकारको नियमन क्षेत्राधिकार भित्रका पच्चीस करोड रूपैंया भन्दा बढी वचत दायित्व भएका सहकारी संस्थाको स्थानीय तह वा प्रदेश सरकारको सहकारी नियामक निकाय र विभागको तर्फवाट,

ग) पचास करोड रूपैंया भन्दा बढी वचत दायित्व भएका सहकारी संस्थाको स्थानीय तह वा प्रदेश सरकारको सहकारी नियामक निकाय, विभाग र नेपाल राष्ट्र बैंकको तर्फवाट गराउने र पचास करोड रूपैंया भन्दा बढी कारोवार भएका जुनसुकै सहकारी संस्था को विभागवाट अनुगमन गर्न बाध्य पार्ने छैन भन्ने व्यवस्था गरिएको छ। तसर्थ सोही बमोजिम सघं, प्रदेश र स्थानीय तहले आ-आफ्नो क्षेत्राधिकार भित्रमा सहकारी संस्थाको नियमनगरी प्रवर्द्धन गर्न सक्रिय योगदान पुऱ्याउने छन । यसका अतिरिक्त नेपाल राष्ट्र बैंकले निरीक्षण गरिएको जानकारी विभागलाई दिनु पर्ने प्रावधान छ भने मन्त्रालयले समेत सहकारी संस्थाहरूको सघन अनुगमन गर्ने व्यवस्था गरिएको छ ।

**निष्कर्ष**

सहकारी संस्थाहरूले स्वीकृत विनियम, सहकारी ऐन, सहकारी नियमावली र समय समयमा मन्त्रालय र विभागले जारी गरेका निर्देशन र आदेशलाई अक्षरशः पालना गरी सहकारी व्यवसायमा अभिप्रेरित हुने र संघ, प्रदेश र स्थानीय तहका सहकारी निकायले सहकारी संस्थाको नियमित अनुगमन र निरीक्षण गरी व्यवस्थापनमा सहज परिस्थिती कायम राख्न निर्देशन दिंदै सहकारीको प्रवर्द्धन, नियमनमा संघ, प्रदेश र स्थानीय तहको भूमिका निर्वाह गर्नु पर्दछ । जसले सहकारीको विकास, विस्तार, संरक्षण र प्रवर्द्धनमा सक्रिय भूमिका खेल्दछ ।

***




COPOMIS अभिमुखिकरण शुभारम्भ, प्रदेश–१, झापा




९७ औं अन्तर्राष्ट्रिय सहकारी दिवस, जुलाई ६, सहकारी विभाग परिसर



सहकारी विभाग भ्रमणमा बङ्गलादेशका सहकारीकर्मीहरू

# सहकारिताका मूल्य, मान्यता तथा सिद्धान्तहरू

सदस्यहरूको संयुक्त स्वामित्व र प्रजातान्त्रिक नियन्त्रणबाट संचालित व्यवसाय मार्फत आफ्ना साझा आर्थिक, सामाजिक र सांस्कृतिक आवश्यकता एवं आकांक्षाहरू पुरा गर्न स्वेच्छिक रूपमा एकजुट हुने व्यक्तिहरूको स्वायत्त संगठन सहकारी हो ।

## सहकारी मूल्यहरू

आधार मूल्यहरू : स्वाबलम्बन, स्वउत्तरदायित्व, लोकतन्त्र, समानता, समता र ऐक्यवद्धता ।

नैतिक मूलयहरू : इमान, खुलापन, सामाजिक उत्तरदायित्व र अर्काको ख्याल ।

## मान्यताहरू

(क) नाफामा सहभागी नहुने : अर्काको श्रम वा अर्काले तिरेको उपरि मूल्य मा लाभ नलिने ।

(ख) उपकारको भर नपर्ने : अरुको कल्याणको आस नगर्ने ।

(ग) गैर सदस्यसँग कारोबार नगर्ने : सहकारी संस्थाले व्यावसायिक सेवा सदस्यमा सीमित राख्दछन् ।

(घ) गैर सदस्यलाई सेवा दिने : सदस्यको आर्थिक फाइदासँग असम्बन्धित सेवाहरू अर्थात गैर व्यावसायिक सेवा गैर सदस्यलाई दिने ।

(ङ) सकरात्मक कार्य गर्ने : लैङ्गिक रूपमा पक्षपात नगरी समान सहभागिताको आदर्शमा काम गर्ने । सामाजिक सीमान्तीकरण मा परेका सदस्यहरूलाई अगाडि ल्याउन सकारात्मक पहल गर्ने ।

## सिद्धान्तहरू

### पहिलो सिद्धान्त : ऐच्छिक तथा खुला सदस्यता

सहकारी संस्थाहरू स्वेच्छिक सङ्गठन हुन् । यी संस्थाहरूबाट प्राप्त हुने सेवा उपयोग गर्न सक्ने र सदस्यताको जिम्मेवारी वहन गर्न चाहने सबै व्यत्तिहरूको लागि सदस्यता खुला रहन्छ । यी संस्थाहरूमा आवद्ध सदस्यहरू बीच लिङ्ग, वर्ग, जातजाती, धर्मवर्ण र राजनीतिक आधारमा भेदभाव रहँदैन । कुनैपनि व्यक्ति अरुको करकापमा सदस्यता लिन बाध्य हुँदैन । सदस्यता लिने र त्याग गर्ने स्वतन्त्रता सबै सदस्यहरूलाई उपलब्ध हुन्छ । सेवा उपयोग गर्ने हैसियतमा रहेको ब्यक्तिहरूलाई सदस्यता प्राप्त गर्न कुनै कृत्तिम छेकबार लगाउन मिल्दैन ।

### दोस्रो सिद्धान्त : सदस्यको लोकतान्त्रिक नियन्त्रण

सहकारी संस्थाहरू आफ्ना सदस्यहरूद्वारा नियन्त्रित लोकतान्त्रिक संगठन हुन् । सहकारी संघ/संस्थाहरूका सदस्यहरू आफ्नो संस्थाको नीति तय गर्न र निर्णय गर्नमा सक्रिय रूपमा सहभागी हुन्छन् । निर्वाचित प्रतिनिधिका रूपमा चयन हुने जुनसकै महिला तथा पुरुषसदस्यप्रति उत्तरदायी हुन्छन् । प्रारम्भिक संस्थाहरूमा एक व्यक्ति एक मतको आधारमा सदस्यहरूको समान मताधिकार हुन्छ । सहकारी संस्थाहरू प्रजातान्त्रिक आधारमा गठन गरिएका हुन्छन् ।

### तेस्रो सिद्धान्त : सदस्यको आर्थिक सहभागिता

सहकारी संघसंस्थाको सदस्यता प्राप्त गर्न चाहने हरेक व्यक्तिले संस्थावाट जारी हुने शेयर अनिवार्य रूपमा खरिद गर्नुपर्दछ । सदस्यहरू आफ्नो संस्थाको आर्थिक क्रियाकलापमा न्यायिक रूपमा सहभागी हुनुपर्दछ । संस्थाको पूँजी माथि सदस्यहरूले नियन्त्रण राख्छन् । सहकारी संघसंस्थामा बचत (नाफा) भएमा सदस्यहरूले चुक्ता गरेको शेयर पूँजीको आधारमा सीमित बचत फिर्ता पाँउछन् । संस्थाले आर्जन गर्ने बचत/(नाफा) बाट जगेडाकोष, संरक्षित पुँजी फिर्ता कोष, बोनस कोष, विकास कोष, शिक्षा कोष, घाटापूर्ति कोष खडा गरी संस्थागत विकास र सदस्यहरूको सेवा तथा सुविधा सुनिश्चत गरिएको हुन्छ ।

### चौथो सिद्धान्त : स्वायत्तता तथा स्वतन्त्रता

सहकारी संघसंस्थाहरू आफ्ना सदस्यहरूद्वारा नियन्त्रित स्वायत्त तथा स्वावलम्बी संगठनहरू हुन् । संस्थाको संचालन तथा कामकारवाहीमा सरकार तथा अन्य बाह्य निकायको हस्तक्षेप हुँदैन । संघसंस्थाहरूले आफ्ना सदस्यहरूबाट बचत तथा पँजी सङ्कलन र बाह्य स्रोतबाट सम्झौता गरी ऋण प्राप्त गर्न सक्दछन् । संघसंस्थाहरू सदस्यहरूद्वारा लोकतान्त्रिक नियन्त्रणमा बाधिएका हुन्छन् । संघसंस्थाले स्वायत्तता कायम राख्ने हिसावले काम गर्नु पर्दछ ।

### पाँचौ सिद्धान्त : शिक्षा, तालिम र सूचना

सहकारी सघसंस्थाहरूले सदस्यहरूको चौतर्फी विकासका लागि अनवरत रूपमा शिक्षा र तालिमको व्यवस्था गर्नुपर्दछ । संचालक, व्यवस्थापक र सदस्यहरूले संस्थामा प्रभावकारी रूपमा योगदान दिन सकोस् भनी उनीहरूलाई शिक्षा तथा तालिम उपलब्ध गराउनु पर्दछ । सहकारी संघसंस्थाहरूले सङ्गठनको प्रकृति तथा लाभबारे समुदायभित्रका सामान्य जनताहरूलाई सुसूचित गराउँदछन् ।

### छैठौं सिद्धान्त : सहकारी संस्थाहरूका बीच सहयोग

सहकारी संस्थाहरूले प्रभावकारी रूपमा आफ्ना सदस्यहरूलाई सेवा पुऱ्याउने उद्देश्यका साथ स्थानीय, क्षेत्रीय, राष्ट्रिय र अर्न्तराष्ट्रिय संरचनाहरूका माध्धमबाट आपसमा मिलेर सहकारी व्यवसायलाई प्रवर्द्धन गर्दछन् र गुणात्मक सेवा प्रवाह गरी सहकारी आन्दोलनलाई सुदृढ पार्दछन् ।

### सातौं सिद्धान्त : समुदायप्रतिको सरोकार

सहकारी संस्थाहरूले निर्धारित नीतिको आधारमा समुदायको दिगो विकासको लागि कार्य गर्छन् । सहकारी संघसंस्थाहरू समुदायमा आधारित भई स्थापित र सञ्चालित हुन्छन् । समुदाय प्रतिको जिम्मेवारी हरेक सहकारी संघसंस्थाको दायित्व भित्र रहेको हुन्छ ।